# g]kfndf cflbjf;L dlxnfsf]cj:yf

# The Situation of Indigenous Women in Nepal

**(असोज २०७२ देखि पुष २०७६ सम्म)**

**(September 2015 to December 2019)**


FIMI
International Indigenous Women's Forum

**International Indigenous Women's Forum (IIWF)**
**Foro Internacional de Mujeres Indigenas (FIMI)**

राष्ट्रिय आदिवासी–जनजाति महिला महासंघ
NIWF

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ)
**National Indigenous Women's Federation (NIWF)**

# राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ)

## कार्यकारिणी समितिका पदाधिकारीहरू

| पद | नाम |
|---|---|
| अध्यक्ष | श्री चिनी माया माझी |
| वरिष्ठ उपाध्यक्ष | श्री पासाङ ल्हामु घले |
| उपाध्यक्ष (हिमाल) | श्री छिङ चिप्पा ल्होमी |
| उपाध्यक्ष (पहाड) | श्री सृजना प्रधान |
| उपाध्यक्ष (तराई) | श्री लखि गणेश |
| महासचिव | श्री जुनिता राई (शान्ती) |
| कोषाध्यक्ष | श्री निर्मला भुजेल |
| सचिव (अनुसन्धान तथा सूचना र सञ्चार) | श्री सावित्रा चेपाङ |
| सचिव (बिदेश तथा परियोजना) | श्री मन्जु धिमाल |
| सचिव (जनसम्पर्क तथा संगठन विस्तार) | श्री नानु थामी |
| सचिव (भाषा तथा संस्कृति) | श्री ल्याटिन डोल्मा लामा |


**नेपालमा आदिवासी महिलाको अवस्था**
**The Situation of Indigenous Women in Nepal**
**(सेप्टेम्बर २०१५ देखि डिसेम्बर २०१९)**
**(September 2015 to December 2019)**

प्रकाशक : राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ)
सहयोगी संस्था : International Indigenous Women's Forum (IIWF)
Foro Internacional de Mujeres Indigenas (FIMI)
प्रकाशन वर्ष : वि.सं. २०७७ (ई.सं. २०२०)
आवरण पृष्ठको फोटो सौजन्य : निफ
लेआउट डिजाईन, मुद्रक : सर्वदा प्रिन्टिङ सोलुसन प्रा.लि.
ज्वागल-१०, ललितपुर
ISBN : 978-9937-0-8943-2

# कृतज्ञता

नेपालमा आदिवासी महिलाहरू नेपाल राज्य पक्षरहेको युएनड्रिप, आइएलओ महासन्धि नं. १६९, सिड, सर्ड लगायका अन्तर्राष्ट्रिय मानव अधिकारका महासन्धि, घोषणपत्र र कानुनले प्रत्याभूत गरेको अधिकारहरू निर्वाधरूपमा उपभोग गर्नबाट वञ्चितिकरणमा पारिएका छन् । सरकारबाट केही सुधारको पहल गरेभैं लागेतापनि राज्य पक्ष, निजी व्यापारिक कम्पनी र अन्यबाट आदिवासी महिलाको मानव अधिकारको उल्लङ्घनका घटनाहरूले निरन्तरता पाइरहेको छ। त्यसैले राष्ट्रिय आदिवासी जनजाति महिला महासंघले आदिवासी महिलाहरूको अधिकारको अवस्था र प्रगतिको सम्बन्धमा सत्य तथ्य सङ्कलन गरी प्रकाशन गर्नु पर्ने आवश्यकताको बोध धैरै अघि देखि गरिएको थियो । कोभिड- १९ को सङ्क्रमण विश्वव्यापी फैलिएसँगै नेपाल सरकारले लकडाउनको आह्वान गरिएको थियो। लकडाउनको असर महिला महासंघले कार्यान्वयन गरेको कार्यक्रममा पनि पर्न गएकोले सुरुआतको योजनालाई परिवर्तन गरियो । यस महासंघले International Indigenous Women's Forum (IIWF) / Foro Internacional de Mujeres Indigenas (FIMI) को सहयोगमा सञ्चालन गरेको क्रियाकलापलाई परिवर्तन गरी ३ असोज २०७२ (२० सेप्टेम्बर २०१५) मा नश्लीय, जातिवादी संविधान जारी भए देखि १५ पुष २०७६ (३१ डिसेम्बर २०१९) सम्म विकसित प्रमुख घटना तथा सत्यतथ्य विवरण सहितको पहिलो प्रकाशन गर्ने निर्णय गरियो । महासंघसँग आवद्ध आदिवासी महिलाको ४३ वटा संस्थाहरूलाई आ-आफ्नो अधिकारको अवस्थाबारे लेख्न अनुरोध गरे अनुसार ३१ वटा सदस्य संस्थाहरूले समयमा नै लेख रचना बुझाउन सफल भएकोमा ती संस्थाहरू र लेखकहरू सबैलाई महिला महासंघको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछौं । "नेपालमा आदिवासी महिलाको अवस्था" "The Situation of Indigenous Women in Nepal" शीर्षकको यस पुस्तक आदिवासी महिला सम्बन्धी प्राप्त लेखहरूको सङ्कलन हो । यस महासंघले आगामी दिनमा सत्य सूचना तथा घटना विवरणहरू सङ्कलन गरी हरेक वर्ष वर्ष पुस्तक प्रकाशन गर्ने योजना राखेको छ ।

आदिवासी महिलाको अधिकारको उल्लङ्घनका घटनाहरू रोक्न, भएका घटनाहरूको सत्य तथ्य तथ्याङ्क तथा जानकारी सङ्कलन गर्न र तथ्यमा आधारित जनवकालत गर्न महिला महासंघको सदस्य संस्थाहरूको क्षमता अभिवृद्धिको खाँचो सङ्कलित यी लेख रचनाहरूबाट पनि प्रष्ट हुन्छ । सत्यतथ्य तथ्याङ्क र जानकारीहरू राज्य पक्ष लगायतलाई आदिवासी महिलाको मानव अधिकारको सम्मान गर्न आवश्यक दबाब दिन, आदिवासी महिलाहरूलाई सचेत बनाउन, संयुक्त राष्ट्र संघको संयन्त्रमा छाँया प्रतिवेदन तयार गर्न, उजुरी गर्न तथा अधिकार उल्लङ्घनकर्ताहरूलाई उत्तरदायी बनाउन मदत गर्ने छ भन्ने विश्वास राखिएको छ ।

महिला, पुरुष, लैङ्गिक (जेण्डर), नारीवाद आदि शब्द तथा अवधारणाहरू उपनिवेशी तथा बाहुनवादी पितृसत्ता अन्तर्गतका हुन् । हामी मध्ये उपनिवेशीकरणमा पारिएका आदिवासीहरूले यी शब्द तथा अवधारणाहरू प्रयोग गर्दै आएका छौं । यसलाई बेउपनिवेशीकरण गर्न आवश्यक छ । आदिवासीहरूको आधारभूत मूल्यमान्यता र प्रथा परम्पराको आधारबाट हेर्दा आदिवासीहरूको महिला, बुहारी, सासू, ससुरा, सम्धी, सम्धीनी आदिको अवधारणा हुंदैन । हाम्रो भूमि, भू-भाग तथा स्रोतमा आधारित सामूहिक जीवन पद्धति र प्रथाजनित स्वःशासन पद्धतिको अभिन्न अङ्ग नातासम्बन्ध भएकोले छोरी, आमा, माइज्यू, फूपू, भाञ्जी, भदैनी आदिको सेरोफेरोमा घुम्छ । आदिवासी

महिलाहरू अधिकार सम्पन्न हुन्छन् । आदिवासीको भाषामा पनि महिला र पुरुषलाई विभेद गर्ने शब्द र वाक्यहरू हुँदैन । आदिवासीहरूको सामाजिक संरचना समानतामा आधारित हुने भएकोले यस्तो भएको हो । आजकलको भाषामा यसलाई आदिवासी नारीवाद भन्ने गरिन्छ । तर उपनिवेशी पितृसत्ता र बाहुनवादी पितृसत्ताको प्रभावमा आदिवासी महिलाहरूले विभेदलाई बढी भोल्नु परेको स्थिति छ । आदिवासीको लागि महिला, पुरुष, लैङ्गिक, नारीवाद, पितृसत्ता आदि बाह्य कुराहरू हुन् । हामीले आफुलाई आदिवासी महिलाको रूपमा पहिचान गर्नु भनेको उपनिवेशवादी पितृसत्ता र बाहुनवादी पितृसत्ताको जालमा पर्नु हो । आदिवासी महिलाको मौलिक नामहरू छन् । जस्तैः कुसुण्डा महिलाको मौलिक नाम कुसुण्डा न्याङडी, गन्गाई महिलाको गन्गाई जननी, चेपाङ महिलाको चेपाङ मोम्चो, छन्त्याल महिलाको (मिच्याङ), तमु (गुरुङ) महिलाको तमूस्यो, थकाली महिलाको तम्हाङस्या, थामी महिलाको थाङ्मी चामइचा), दनुवार महिलाको (दनुवार मइला), दरै/दराई महिलाको दरैनी बेटी, धिमाल महिलाको धेमाल वेवाल, नेवार महिलाको नेवा मिसा, डोल्पो महिलाको डोल्पो भूईमेड, पहरी महिलाको (पिहि म म), बराम महिलाको बालवाङ्ग उमै, बाह्रगुँ महिलाको बाह्रगुँ बोमू, बोटे महिलाको बोटे बेटी, भुजेल महिलाको (प्हुगाल आमालम), माझी महिलाको माझी दायिक, मगर महिलाको मास्टो (१२), मेमा (१८), चिम्चा (काइके), मेचे महिलाको बोडो हिन्जाउ, याक्खा महिलाको याक्खामा, योल्मो महिलाको योल्मो भोमा, राई महिलाको (किरावा मेछाछा), ब्याँसी शौका महिलाको ह्राङ्ग खुतिस्या, सुनुवार महिलाको कोइँच मिस्या, ल्होमी महिलाको मेन्ज्युङ भुमु र शेर्पा महिलाको श्यार्वी पूमपेज हो । अबदेखि हामीले आफ्नो मौलिक शब्दहरू प्रयोग गर्न थाल्नु पर्दछ भन्ने राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको कार्यकारिणी समितिको सुझाव अनुसार यस पुस्तकमा सके सम्म आदिवासी महिलाको मौलिक नाम प्रयोग गर्नुपर्छ भन्नेमा हामी सबै एकमत छौं । तर तत्काल प्रयोग गरिहाल्न केही आदिवासीको महिला शब्द खोज्नु पर्ने र राईको विभिन्न भाषिक समूह भएकोले विभिन्न शब्दहरू भएकोले आउँदो दिनमा विस्तारै मौलिक शब्द प्रयोग गर्ने सोचाइ राखेका छौं ।

"नेपालमा आदिवासी महिलाको अवस्था" नामक वर्ष पुस्तकको बारेमा आवश्यक सल्लाहका साथै सम्पादनको समेत सहयोग गर्नु भएकोमा डा. कृष्ण भट्टचनलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछौं । खस नेपाली भाषा सम्पादनको लागि कृष्ण कुमारी वाइबाज्यूलाई धन्यवाद दिन चाहन्छौं । साथै यस पुस्तकका लागि आवश्यक लेख रचना सङ्कलनको कार्य सुरुगर्नु भएकोमा तात्कालीन कार्यकारी निर्देशक श्री कमला थापा मगर तथा लेख रचनाहरू सङ्कलन कार्यमा सहयोग गर्नु भएकोमा महिला महासंघका जनसम्पर्क सचिव श्री नानु थामी, स्थानीय संयोजक श्री हिरा कुमारी तामाङ तथा लेखा तथा प्रशासन अधिकृत श्री मीना कुमारी लामालाई विशेष धन्यवाद छ । यस पुस्तकका लागि लेख रचना उपलब्ध गरिदिनु भएकोमा लेखकहरू तथा सम्बन्धित संस्थाहरूलाई हार्दिक धन्यवाद छ । साथै, यस पुस्तकका लागि लेख रचना सङ्कलन तथा प्रकाशन लगायतका कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नु भएका महिला महासंघका सबै कार्यकारिणी समितिको सदस्यहरू, कर्मचारी तथा शुभचिन्तकहरूमा आभार व्यक्त गर्दछौं ।

**चिनी माया माझी**

अध्यक्ष

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ)

# विषयवस्तु


| | | |
|---|---|---|
| परिचय | | १ |
| १. | कुसुण्डा महिला (कुसुण्डा न्याङडी) | १० |
| २. | गन्गाई महिला (गन्गाई जननी) | १७ |
| ३. | चेपाङ महिला (चेपाङ मोम्चो) | २१ |
| ४. | छन्त्याल महिला (मिच्याङ) | २६ |
| ५. | तमु (गुरुङ) महिला (तमूस्यो) | ३६ |
| ६. | तामाङ महिला (तामाङस्या) | ४२ |
| ७. | थकाली महिला (तम्हाङस्या) | ५० |
| ८. | थामी महिला (थाङ्मी चामइचा) | ५६ |
| ९. | थारु महिला (थारु जन्नि) | ६४ |
| १०. | दनुवार महिला (दनुवार मइला) | ७१ |
| ११. | दरै/दराई महिला (दरैनी बेटी) | ७८ |
| १२. | दुरा महिला (दुरा मिसानिमेह्रे) | ८२ |
| १३. | धिमाल महिला (धेमाल वेवाल) | ८८ |
| १४. | नेवा महिला (नेवा मिसा) | ९५ |
| १५. | डोल्पो महिला (डोल्पो भूईमेड) | १०९ |
| १६. | पहरी महिला (पिहि म म) | ११४ |
| १७. | बनकरीया महिला | ११७ |
| १८. | बराम महिला (बालवाङ्ग उमै) | १२२ |
| १९. | बाह्रगुँ महिला (बाह्रगुँ बोमू) | १३० |
| २०. | बोटे महिला (बोटे बेटी) | १३७ |
| २१. | भुजेल महिला (प्हुगाल आमालम) | १४२ |
| २२. | मगर महिला मास्टो (१२), मेमा (१८), चिम्चा (काइके) | १४८ |
| २३. | माझी महिला (माझी दायिक) | १५३ |
| २४. | मेचे महिला (बोडो हिन्जाउ) | १६० |
| २५. | याक्खा महिला (याक्खामा) | १६४ |
| २६. | योल्मो महिला (योल्मो भोमा) | १७१ |
| २७. | राई महिला (किरावा मेछाछा) | १७६ |

| | | |
|---|---|---|
| २८. | ल्होमी महिला (मेन्ज्युङ भुमु) | १८१ |
| २९. | ब्याँसी शौका महिला (ह्राङ्ग खुतीस्या) | १८४ |
| ३०. | सुनुवार महिला (कोइँच मिस्य) | १८८ |
| ३१. | शेर्पा महिला (श्यार्वी पूमपेज) | १९३ |

# परिचय

नेपाल सरकारले औपचारिक रूपमा मान्यता दिएको ५९ आदिवासी र मान्यता पाउन बाँकी आदिवासीहरू विरुद्ध गोर्खा सम्राज्यवाद, आन्तरिक उपनिवेशवाद, बाहुनवाद र बाहुनवादी पितृसत्ता र केही दशक यता पूँजीवाद, भूमण्डलिकरण, मार्क्सवाद, निजी व्यावसायिक कम्पनी लगायतले आदिवासीहरूको सामूहिक अधिकारको उल्लङ्घन, हस्तक्षेप, इन्कार, दुरुपयोग तथा वेवास्ताका घटनाहरू हुने गरेका छन् । पञ्चायतकालमै सन् १९७१ मा सबै किसिमको जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, सन् १९९० को जनआन्दोलन पछि सन् १९९१ मा महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रहरू अनुमोदन गरेको थियो । सन् २००७ मा नेपालले आदिवासीहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ को अनुमोदन र आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणा पत्रलाई पारित गरेको थियो । नेपालले यी र अन्य गरी दर्जनौं अन्तर्राष्ट्रिय मानव अधिकारको दस्तावेजहरूमा हस्ताक्षर गरिसकेकोले यी सबै के कति प्रभावकारीरूपमा कार्यान्वयन भइरहेको छ तथा आदिवासी महिला लगायतका आदिवासीहरूले के कति हक अधिकारको उपभोग गर्न पाएको छ वा छैन, के कति प्रगति भएको छ वा छैन भनेर वर्षभरी नै अनुगमन गर्न आवश्यक भएको छ ।

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ) ले वर्षभरी महासंघसँग आबद्ध आदिवासी महिलाको जनवरी १ देखि डिसेम्बर ३१ सम्म अर्थात वर्षभरीका सत्य तथ्य घटनाहरू समेटेर **नेपालमा आदिवासी महिलाको अवस्था (The Situation of Indigenous Women in Nepal)** प्रकाशित गर्ने सोच राखेको छ । ३ असोज २०७२ (२० सेप्टेम्बर २०१५) मा नश्लीय, जातिवादी संविधान जारी भए देखि विकसित घटना आदिवासी महिलाको लागि वर्तमान र भविष्यको लागि महत्वपूर्ण भएकोले उक्त मितिदेखि १५ पुष २०७६ (३१ डिसेम्बर २०१९) सम्म भएका प्रमुख घटना तथा सत्यतथ्य विवरण सहितको पहिलो प्रकाशन गर्ने निर्णय भयो । यस पर्यन्त १ जनवरी २०२० देखि ३१ डिसेम्बर २०२० सम्मको वार्षिक प्रकाशन गरी हरेक वर्ष नियमितरूपमा प्रकाशन गर्ने लक्ष्य राखिएको छ । यस प्रकाशन आदिवासी महिलाको अधिकारको अवस्थाको बारेमा ऐतिहासिक दस्तावेजीकरण हुनेछ ।

महासंघको ४३ वटा सदस्य संस्थाहरूलाई देहायको विषयमा आफ्नो आदिवासी महिला समुदायको सत्य तथ्य घटना, मानव अधिकारको उल्लङ्घन तथा उजुरी एवम् मुद्दाहरू, नीतिगत तथा कानुनी परिवर्तन, प्रथाजनित स्वायत्त संस्था तथा कानुनको अवस्था र महिला विरुद्ध हुने भेदभाव उन्मूलन

समिति (सिड) एवम् सिआरपिडि लगायतका सुझावको कार्यान्वयका अवस्थाका सम्बन्धमा तलको प्रश्नहरूको उत्तर खोजिएको छ ।

**सङ्क्षिप्त परिचय अन्तर्गत** नामहरू, जनसंख्या, ऐतिहासिक थातथलो, मातृभाषा, धर्म, प्रथाजनित संस्थाहरू ।

**सिडको सुझावहरूको कार्यान्वयनको अवस्था**

- बुँदा ११ 'ख' मा उल्लेख भएको सुझाव अनुसार राज्यले प्रतिच्छेदित र बहुल विभेद भोगिरहेका आदिवासी महिला, मधेसी र थारु महिला समेत धार्मिक अल्पसङ्ख्यक महिला, अपाङ्गता भएका महिला, दुर्गम क्षेत्रका महिला, समलिङ्गी महिला, द्विलिङ्गी, पारालिङ्गी, अन्तरलिङ्गी महिला, विस्थापित र आप्रवासी महिलाका लागि लक्षित वित्तीय सहयोग र सामान्यतया बोलिने भाषाहरूमा बुँदा १९ 'क' मा उल्लेख भएको सुझाव अनुसार राज्यले सबै प्रकारका हानिकारक परम्परागत व्यवहारहरू निषेध गर्ने, यस्ता व्यवहार गर्ने उत्पीडकहरूलाई अनुसन्धान र कारबाही गर्ने, पर्याप्त दण्ड दिने र उत्पीडितलाई क्षतिपूर्ति दिने विधेयकको अनुग्रहण छिटो गरेको नगरेको अवस्था के कस्तो छ ?
- विशेषगरी आदिवासी महिला विरुद्ध र २०७२ को भूकम्पपछि अस्थायी शिविरहरूमा रहेकाहरूमा महिला विरुद्धको हिंसाको दर बढ्दो भएको सन्दर्भमा बुँदा २१ 'क' मा उल्लेखित सुझाव (क) अनुसार राज्यले आदिवासी महिला विशेषगरी महिला विरुद्ध लैङ्गिक आधारमा हुने हिंसाबाट असर परेकालाई लैङ्गिक आधारमा हुने हिंसा अन्त्य गर्ने कोष (फण्ड) मा उनीहरूलाई पहुँच दिन र प्रहरी सेवामा आदिवासी महिलाको सहभागिता प्रवर्द्धन गर्न लक्षित सचेतना जागरण विकास गरे नगरेको अवस्था के कस्तो छ ?
- बुँदा २५ 'क' मा उल्लेख भएको सुझाव अनुसार राज्यबाट महिला कामदारलाई वैदेशीक रोजगारी खोज्न लागेको प्रतिबन्ध हटाउने र ग्रामीण, विस्थापित, आदिवासी र दलित महिला तथा किशोरीहरूलाई बेचबिखनको खतराबारे र अपराधिक प्रकृतिको बारेमा सचेतना जगाउने कार्य भएनभएको अवस्था के कस्तो छ ?
- बुँदा २९ 'घ' मा उल्लेख भएको सुझाव अनुसार राज्यले आदिवासी महिलालगायत समाजका सबै समूहका महिलाहरूको निर्णायक-प्रक्रियामा पूर्ण र समान सहभागिताको महत्वबारे सार्वजनिक पदाधिकारीहरू र समग्र समाजको चेतना जागरण गरे नगरेको अवस्था के कस्तो छ ?
- बुँदा ३३ 'क' मा उल्लेख भएको सुझाव अनुसार राज्यले आदिवासी महिलाहरू (गरीब घर परिवार, दुर्गम क्षेत्रमा बसोवास गर्ने, धार्मिक तथा भाषिक अल्पसङ्ख्यक, अपाङ्गता भएका

आदिवासी किशोरी समेत) लाई प्रगति गर्न प्रेरणा जगाउने, समावेशी विद्यालयमा शिक्षकहरूलाई प्रशिक्षण दिने र विद्यालय क्षेत्र सुधार योजनाको खाका अनुसार ती उपायहरूको कार्यान्वयनको अनुगमनद्वारा शिक्षामा समानता र समावेशीतालाई प्रवर्द्धन गर्ने कार्यलाई अझ बलियो बनाएको नबनाएको अवस्था के कस्तो छ ?

- बुँदा ३८ 'घ' मा उल्लेख भएको सुझाव अनुसार राज्यले ग्रामीण र दुर्गम क्षेत्र समेतका सबै महिला र किशोरीहरूको अधिकार र उजुरी गर्न प्रोत्साहन गर्ने सम्बन्धमा महिला सामुदायिक स्वास्थ्य स्वयं सेवकहरूको सहयोगमा सेवा प्रदायकहरूको चेतना जागरण गरे नगरेको तथा आदिवासी महिला (अपाङ्गता भएका महिलाहरू, समलिङ्गी महिला, द्वि लिङ्गी र पारा लिङ्गी महिला, (अपाङ्गता भएका यौन पेसा कर्मी, तथा दुर्गम क्षेत्रका आदिवासी महिला समेत) का विरुद्ध स्वास्थ्य-सेवा प्रदायकहरूले गर्ने भेदभावको अन्त्य गरे नगरेको अवस्था के कस्तो छ ?

- बुँदा ४१ 'क' मा उल्लेख भएको सुझाव अनुसार राज्यले आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्र सघंको घोषणापत्र अनुरूप आदिवासी महिलाको अधिकार, विशेषगरी उनीहरूको आत्मनिर्णयको अधिकार स्पष्ट रूपमा पहिचान गर्न संविधान संशोधन गरे नगरेको अवस्था के कस्तो छ ?

- बुँदा ४१ 'ग' मा उल्लेख भएको सुझाव अनुसार राज्यले स्वास्थ्य सेवाहरू, शिक्षा, स्वच्छ पिउने पानी र सरसफाइ सेवाहरू, खाद्यान्न, खेतीयोग्य जमिन, प्राकृतिक स्रोत साधनहरू, आवास, ऋण र आय-आर्जनका अवसरहरू, महिला उत्थानका लागि राष्ट्रपति कार्यक्रममा आदिवासी महिला (ग्रामीण, अपाङ्गता भएका व्यक्ति, एकल, द्वन्द्व र प्राकृतिक प्रकोपले असर पुगेका प्रतिच्छेदित र बहुल स्वरूपका भेदभाव भोगिरहेका आदिवासी महिलालगायत) को पहुँच अभिवृद्धि गर्न अस्थायी विशेष उपायहरूलाई 'विशेष अवसरहरू' सम्बन्धी संवैधानिक प्रावधान अनुसार स्पष्ट समय सीमा सहित अनुग्रहण गरे नगरेको अवस्था के कस्तो छ ?

**संयुक्त राष्ट्र संघको जातीय भेदभाव उन्मूलन गर्ने समिति (सर्ड) ले नेपालको १७ औं देखि २३ औं आवधिक प्रतिवेदनका सम्बन्धमा २९ मे २०१८ मा दिएको निष्कर्ष सुझावको कार्यान्वयनको अवस्था**

- बुँदा २३ 'ख' मा संविधानको धारा ४२ अन्तर्गत सरकारी निकायहरूमा आदिवासीहरू सहभागी हुन पाउने अधिकारलाई प्रभावकारी सम्मान गर्ने र आदिवासीहरूले स्वतन्त्ररूपमा आफ्नो प्रतिनिधि छान्ने अधिकार सुनिश्चित गर्ने भन्ने सुझावको कार्यान्वयनको अवस्था के कस्तो छ ?

- बुँदा २३ 'ग' आदिवासीको परम्परागत भूमि तथा प्राकृतिक स्रोतमा भएको अधिकार सम्बन्धी विवाद समाधान गर्न आइएलओ महासन्धि नं. १६९ लाई ध्यानमा राखी कानुन संशोधन गर्न

समेतका पर्याप्त सहमतिको समाधान फेला पार्न दिएको सुझावको कार्यान्वयनको अवस्था के कस्तो छ ?

- बुँदा २३ 'घ' मा आदिवासीको परम्परागत भूमि तथा स्रोतको प्रयोग र विकासमा असर पार्ने कुनै पनि परियोजना स्वीकृति गर्नु पूर्व आदिवासीको स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी प्राप्त गर्नु भनेकोमा त्यस्तो मञ्जुरी नलिइ कार्यान्वयन गरिएका परियोजनाहरू के के हुन ?

- बुँदा २३ 'ङ' मा विस्थापनका कार्य अन्तर्राष्ट्रिय मापदण्ड अनुसार ग्यारेण्टी गर्ने सम्बन्धमा कानुनी लगायतका आवश्यक सबै उपायहरू लिने र प्रभावित विस्थापनमा पारिएकालाई उपचार र पर्याप्त वैकल्पिक बासस्थान दिने सम्बन्धमा के कस्तो अवस्था छ ?

- बुँदा २३ 'च' मा आदिवासी जसलाई सरकारी एजेण्टहरू र/वा व्यक्तिगत व्यक्तिहरूबाट धम्की, दुर्व्यवहार र अन्य मनपरी र हिंसात्मक कार्य भोग्न परेका छन् उनीहरूको सुरक्षा सुनिश्चित गर्ने र यस्ता कार्यहरू रोक्ने तथा अनुसन्धान गर्ने र पीडकहरूलाई सजाय दिने सम्बन्धमा दिएको सुझावका सम्बन्धमा के कस्तो अवस्था छ ?

- बुँदा २४ मा समितिले राज्य पक्षलाई आदिवासी जनजातिहरूले आफ्नो साँस्कृतिक तथा धार्मिक अधिकारहरू स्वतन्त्ररूपमा उपभोग गर्नका लागि आदिवासी संस्कृतिहरूलाई अपराधीकरण गर्ने कानुनहरू फिर्ता लिन आमन्त्रण गर्दछ भन्ने सुझावको कार्यान्वयनको अवस्था के कस्तो छ ?

- बुँदा २६ 'क' मा आदिवासी बालकहरूलाई पूर्ण समावेशीकरण प्राप्त गर्न र विशेषगरी आदिवासी महिलालाई शिक्षक पदलगायत शिक्षाका सबै तहहरूमा आवश्यक मानव, प्राविधिक र वित्तीय सहयोग गर्न दिएको सुझावको कार्यान्वयनको अवस्था के कस्तो छ ?

**अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समितिले नेपालको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा निष्कर्ष सुझावको कार्यान्वयनको अवस्था**

- सुझाव ८ अनुसार राज्य पक्षले ग्रामीण क्षेत्रका र आदिवासी पृष्ठभूमिका अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गता परिचय पत्रमा पहुँचका सम्बन्धमा भोग्न परेका सबै अवरोधहरू हटाउन उपयुक्त उपायहरू अवलम्बन गरे नगरेको ।

- सुझाव १४ अनुसार राज्य पक्षले चाल्ने कदमले अपाङ्गता भएका महिला र किशोरीहरूको प्रतिनिधिमूलक संस्थाहरूसँग परामर्श गर्न र सान्दर्भिक जातिय अल्पसङ्ख्यक र आदिवासी समूहहरूलाई समावेश गर्न, प्राथमिक विद्यालय शिक्षामा अपाङ्गता भएका बालबालिकाको भर्ना समग्रमा वृद्धि गर्न, समावेशी प्रारम्भिक बाल्यकाल शिक्षाको कार्यान्वयनमा सुधार गर्न, अपाङ्गता

भएका युवाहरूलाई पेसा गत प्रशिक्षणका निम्ति अवसरमा वृद्धि गर्न र अपाङ्गता भएका बालबालिकाहरू विरुद्ध हुने हिंसा, दुर्व्यवहार, शोषण र बेवारिसेलाई रोक्ने उपायहरू बलियो बनाए नबनाएको । राज्य पक्षले आदिवासी महिला (ग्रामीण र हिमाली क्षेत्रका सीमान्तकृत समूहका अपाङ्गता भएका बालिबालिका, विशेषगरी बौद्धिक र/वा मनोसामाजिक अपाङ्गता भएका बालबालिकाहरू, र समुदायका अपाङ्गता भएका) बालबालिकाहरूमा ध्यान दिए नदिएको ।

- सुझाव ४०.१४ अनुसार राज्य पक्षले अपाङ्गता भएका आदिवासी महिलाहरूलाई निजामती सेवाका पदहरूमा ५ प्रतिशत आरक्षण मध्येबाट पूर्ति गर्नका लागि तथ्याङ्क सङ्कलन गर्न र मापदण्ड विकास गर्नका साथै ती सेवा/जागिरेहरूको गुणस्तर र खास गरेर आदिवासी महिलाको पृष्ठभूमिबाट आएकाहरू समेतका बौद्धिक र/वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई बेरोजगार भएकाहरूको तुलनामा फाइदा पाए भन्ने सम्बन्धमा बृहत् मूल्याङ्कन गर्न उपयुक्त उपायहरू लिए नलिएको ।

**भूमि, भू-भाग तथा स्रोत**

भूमि, भू-भाग तथा स्रोतहरूमा आदिवासी महिलाको स्वामित्व, नियन्त्रण, पहुँच तथा उपयोगको स्थिति ।

- राष्ट्रिय गौरवको आयोजना, सडक निर्माण, बाँध, जलविद्युत परियोजना, विद्युत प्रसारण लाइन लगायतका विकास निर्माण कार्यले भूमि, भू-भाग तथा स्रोतमा आदिवासी महिलामा पारेको असर ।
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण केन्द्र, सिकार आरक्षण केन्द्र, संरक्षण क्षेत्र, सामुदायिक वन, मध्यवर्ती क्षेत्र आदिले प्रथाजन्य ज्ञान, प्रविधि, अभ्यास तथा पेसा व्यवसाय, संस्कृति, धर्म आदिमा आदिवासी महिलामा पारेको असर ।
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण केन्द्र, सिकार आरक्षण केन्द्र, संरक्षण क्षेत्र, सामुदायिक वन, मध्यवर्ती क्षेत्र आदिले आदिवासी महिला विरुद्ध भएका हिंसाका घटनाहरू ।

**आदिवासी किशोरी र महिला विरुद्ध भएका दुर्व्यवहार र हिंसाका घटना**

- आदिवासी किशोरी र महिला विरुद्ध भएका यौन दुर्व्यवहार र हिंसाका घटना ।
- आदिवासी किशोरी र महिला विरुद्ध कार्यस्थलमा भएका यौन दुर्व्यवहार र हिंसाका घटना ।
- आदिवासी चेलीबेटीको बेचबिखनको घटना ।

- आदिवासी महिला विरुद्ध भएका नश्लीय (Racial) दुर्व्यवहार र हिंसाका घटना ।
- आदिवासी महिला विरुद्ध भएका आध्यात्मिक वा धार्मिक दुर्व्यवहार र हिंसाका घटना ।
- आदिवासी महिला विरुद्ध सेना, सशस्त्र प्रहरी, प्रहरी लगायतका सुरक्षा बलबाट दुर्व्यवहार र हिंसाका घटना ।
- आदिवासी महिला विरुद्ध भएका भाषिक दुर्व्यवहार र हिंसाका घटना ।
- आदिवासी किशोरी विद्यार्थी विरुद्ध विद्यालयमा भएका दुर्व्यवहार र हिंसाका घटना ।
- आदिवासी महिला विरुद्ध भएका साँस्कृतिक दुर्व्यवहार र हिंसाका घटना ।
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण केन्द्र, सिकार आरक्षण केन्द्र, संरक्षण क्षेत्र, सामुदायिक वन, मध्यवर्ती क्षेत्रमा आदिवासी किशोरी र महिला विरुद्ध भएका यौन दुर्व्यवहार र हिंसाका घटना ।

**आरोप, उजुरी र मुद्दाहरू**

- आदिवासी किशोरी र महिला विरुद्ध लगाइएका झुठा आरोप वा झुठा मुद्दा ।
- आदिवासी महिला वा आदिवासी महिलाका संस्था वा आदिवासी संस्थाले आदिवासी महिलाको हक अधिकारका सम्बन्धमा अदालत वा प्रशासनमा दर्ता गरेको मुद्दा, उजुरी र त्यसको प्रगति र फैसलाको अवस्था ।
- न्यायिक निकाय (स्थानीय निकाय, जिल्ला प्रशासन र अदालत) बाट आदिवासी किशोरी र आदिवासी महिलाका सम्बन्धमा गरेका फैसला र फैसलाको कार्यान्वयनको अवस्था ।

**प्रथाजनित कानुन र प्रथाजनित संस्था**

- प्रथाजनित संस्थाको अवस्था र यदि लोप भइसकेको भए वा लोपोन्मुख भए पुनर्जीवित गर्न भएका प्रयत्न ।
- प्रथाजनित संस्थामा आदिवासी महिलाको सहभागिता, प्रतिनिधित्व, नीति निर्णयको अवस्था ।

**स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी** (एफपिक)

- स्थानीय निकाय (वडा, गाउँपालिका, नगरपालिका र अन्य सरकारी निकाय) प्रदेश सरकार र संघीय सरकार), निजी व्यापारी कम्पनी, गैरसरकारी संस्था, विकास साझेदार संस्थाको सहयोगमा सञ्चालित विकास परियोजना आदिले आदिवासी महिलाको स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (एफपिक) लिने गरेको वा नगरेको र गरेको भए के कसरी गरेको ।

**सहभागिता र प्रतिनिधित्व**

- स्थानीय निकाय (वडा, गाउँपालिका, नगरपालिका र अन्य सरकारी निकाय) प्रदेश सरकार र संघीय सरकार), निजी व्यापारी कम्पनी, गैरसरकारी संस्था, विकास साझेदार संस्थाको सहयोगमा सञ्चालित विकास परियोजना आदिमा आदिवासी महिलाको सहभागिता र प्रतिनिधित्वको अवस्था ।
- आदिवासीको प्रथाजनित र आधुनिक संघ संस्थामा आदिवासी महिलाको सहभागिता र प्रतिनिधित्वको अवस्था ।

**आदिवासी महिलाको आर्थिक सशक्तिकरण**

- आदिवासी महिलाको प्रथाजनित ज्ञान, सीप, प्रविधि र अभ्यासमा आधारित आर्थिक सशक्तिकरणको अवस्था ।
- आदिवासी महिलाको प्रथाजनित ज्ञान, सीप, प्रविधि र अभ्यासमा आधारित आर्थिक क्रियाकलापलाई अपराधीकरण गरेको अवस्था । जस्तैः जाँड रक्सी बनाउन नदिने, घ्याम्पा फोड्ने, रक्सी फाली दिने । प्रहरीले धरपकड गर्ने, थुन्ने आदि । निकुञ्ज वा संरक्षित क्षेत्रमा जङ्गली तरकारी, घाँसदाउरा बटुल्दा, माछा मार्दा धरपकड गर्ने, तर्साउने, थुन्ने, दण्ड तिराउने, दुर्व्यवहार गर्ने आदि ।

**मातृभाषा**

- आदिवासी बालिका तथा किशोरीलाई मातृभाषामा शिक्षाको अवस्था, विद्यालय, पाठ्यपुस्तक आदिको उपलब्धता, राज्यले आदिवासी बालिका, किशोरीका लागि मातृभाषामा शिक्षाका लागि गरेका प्रयासको अवस्था ।
- मातृभाषाको कारणले पारिएको विभेद्को घटना ।

**संस्कृति र साँस्कृतिक सम्पदा**

- संस्कृति र साँस्कृतिक सम्पदाको अवस्था ।
- मूर्त एवम् अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण सम्बर्द्धन वा विनासको अवस्था ।

**अन्तरदेशीय सम्बन्ध**

- भारत र तिब्बत (चीन) सँगको अन्तरदेशीय सम्बन्धको अवस्था र समस्या ।

**जलवायु परिवर्तन**

- जलवायु परिवर्तनले आदिवासी महिलाहरूमा देहायका क्षेत्रमा पारेको सकारात्मक र नकारात्मक असरः
    - ○ खाद्य सुरक्षा
    - ○ बिउ बिजन र खेतीपाती
    - ○ रोजगारी
    - ○ बसाइँ सराइ
    - ○ लैङ्गिक र जातीय भेदभाव
    - ○ अनुकूलन र न्यूनिकरणका लागि भएका प्रथाजन्य र आधुनिक प्रयासहरू

**प्राकृतिक विपद**

२०७२ सालमा गएको महाभूकम्प पछिको पुनस्थापन, पुननिर्माण कार्यमा राज्य, गैरसरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय संस्थाहरूबाट भएगरेको सहयोग र भेदभाव तथा अन्यायका घटनाहरू ।

- बाढी पहिरो लगायतका अन्य प्राकृतिक प्रकोपका बेला राज्य, गैरसरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय संस्थाहरूबाट भएगरेको सहयोग र भेदभाव तथा अन्यायका घटनाहरू ।

**आदिवासी महिलाको सशक्तिकरण**

- बेइजिङ कार्ययोजना, दिगो विकास लक्ष्यहरू, पञ्च वर्षीय लगायतका आवधिक योजना र संघीय, प्रदेश स्थानीय सरकार, सभासद, विदेशी सहयोगी निकाय, गैसस आदिले आदिवासी महिलाका लागि गरेका उल्लेखनीय राम्रा वा नराम्रा काम ।

**महिला आन्दोलन**

- महिला आन्दोलनले उठाएका आदिवासी महिलाको सवाल, सहयोग, ऐक्यबद्धता वा विरोध आदि ।

**आदिवासी महिला आन्दोलन**

- आदिवासी महिला आन्दोलनले उठाएको राष्ट्रिय (संघीय), प्रदेश र स्थानीय तथा अन्तर्राष्ट्रिय तहहरूमा उठाएका सम्बन्धित आदिवासी महिलाका सवालहरू, उपलब्धि र भोगेका समस्याहरू ।

यस वर्ष पुस्तकमा कुसुण्डा, गन्गाई, चेपाङ, तमु (गुरुङ), तामाङ, थकाली, थामी, थारु, दनुवार, दरै/दराई, दुरा, धिमाल, नेवा, बनकरीया, डोल्पो, पहरी, बराम, बाह्रगुँ, बोटे, भुजेल, मगर, माझी, मेचे, याक्खा, योल्मो, ल्होमी, ब्याँसी शौका, सुनुवार र शेर्पा गरी जम्मा ३१ आदिवासी महिलाको संस्थाहरूबाट प्राप्त लेखहरू समेटिएको छ। आगामी अङ्क देखि क्रमशः बाँकी आदिवासी महिला समुदायलाई समेटेर प्रकाशन गर्ने प्रयत्न गरिनेछ।

आदिवासी महिलाको संस्थाहरूमा मानव अधिकारको उल्लङ्घन र आदिवासी महिलाको अधिकारका सम्बन्धमा संविधान, ऐन कानुन, नीति, नियम, योजना, निर्देशिका, कार्यक्रम, कार्यान्वयन लगायतमा भएका प्रगति वा दुर्गतिको अवस्थाका सम्बन्धमा दस्तावेजीकरण गर्नमा संस्थागत पद्धति र क्षमतामा भएको कमी कमजोरी र स्रोतहरूको अभाव भएकोले लेखहरूमा आवश्यक तथ्य तथ्याङ्क तथा घटनाहरू छुटेको हुन सक्छ। आशा गर्दछौं, यो पहिलो प्रयासबाट सिकेका पाठले आउने दिनहरूमा दस्तावेजीकरण गर्ने कार्यमा गर्नु पर्ने सुधारका बारेमा पनि दिशा बोध हुनेछ। साथै आदिवासी महिलाका संस्थाहरूलाई दस्तावेजीकरण सम्बन्धी प्रशिक्षण सञ्चालन गर्नु पर्ने आवश्यकता देखिएको छ।

यस वर्ष पुस्तकमा प्रकाशित विवरणहरू राज्य, संघीय, प्रदेश र स्थानीय सरकार, गैरसरकारी संस्था, मानव अधिकारवादी संस्था, सञ्चार क्षेत्र, लेखक, अनुसन्धानकर्ता, अन्तर्राष्ट्रिय विकास साझेदार निकायहरूका साथै आदिवासीका प्रथाजन्य अन्य संघसंस्था, अधिकारवाला एवम् सरोकारवाला सबैको लागि उपयोगी हुनेछ। यस अङ्कमा सङ्कलित सत्य तथ्यहरू संयुक्त राष्ट्र संघको संयन्त्रहरू खासगरी सिड, सर्ड, सिआरपिडि, युपीआर लगायतका आदिवासी महिलाको तर्फबाट राज्य पक्षले बुझाएको प्रतिवेदनका सम्बन्धमा प्रतिवेदन र छाँया प्रतिवेदन लेख्न पनि सघाउ पुग्नेछ।

**सम्पादकः** *डा.कृष्ण भट्टचन, समाजशास्त्री तथा आदिवासी विज्ञ हुनुहुन्छ।*

# कुसुण्डा महिला (कुसुण्डा न्याङडी)

**परिचय**

नेपालमा बसोबास गर्ने विभिन्न जात जातिहरू मध्ये कुसुण्डा आदिवासी लोपोन्मुख पूर्व फिरन्ते आदिवासी हो । मौलिक संस्कृति र परम्परा अपनाउन छाडिसकेका कुसुण्डा आदिवासीको जीवन पद्धति तथा जीवन दर्शनमा परिवर्तन आएको स्पष्ट देख्न सकिन्छ। फिरन्ते (घुमन्ते) जीवन पद्धति अङ्गाल्ने कुसुण्डाहरू स्थायी रूपमा बसोबास गर्न थालेका छन् । खेती र पशुपालन नगर्ने कुसुण्डाहरूले खेती र पशुपालनमा सक्रिय हुन थालेका छन् । लामो अवधिसम्म जङ्गलमा बसेकाले कुसुण्डाहरूको ऐतिहासिक विवरण प्राप्त गर्न त्यति सजिलो छैन । लोपोन्मुख जाति कुसुण्डाको अध्ययन गर्न जति रुचिकर छ। त्यति नै चुनौती पनि देखिन्छ। कुसुण्डा जातिको सामान्य चिनारी, जीवन पद्धति, भाषा संस्कृति, बसोबास क्षेत्र, सामाजिक सम्बन्धको उजागर गर्न आवश्यक रहेको छ ।

सामान्यतया सरदर नेपाली भन्दा अलिक होचा कदका कुसण्डाहरू आफुलाई बन राजा भन्दछन् । कुसुण्डाहरूले पुरुषलाई बनराजा, कुसुण्डाको श्रीमतीलाई बनरानी र कुसुण्डाको छोरीलाई बन मैयाँ भन्ने गर्दछन् । कुसुण्डा भाषामा कुसुण्डा जातिलाई म्याहक (बनको राजा) भन्दछन् । कुसुण्डा पुरुषलाई गिम्याहक र महिलालाई गिम्याहकनी पनि भन्दछन् । त्यसैगरी पुरुषलाई बेगै र महिलालाई बैगैनी भन्दछन् । आफुलाई बनको राजा ठान्ने कुसुण्डाले राउटेलाई आफ्नो प्रजा (जनता) ठान्दथे । राउटेले कुसुण्डालाई तिरो तिर्ने गर्दथे ।

कुसुण्डा जातिलाई नेपालको एक अनौठो आदिवासी जनजातिको रूपमा हेर्ने गरिन्छ । यिनीहरूको भाषा, परम्परागत, बसोबास, खानपान, पहिरन लगायतका जीवन पद्धति अन्य जातिभन्दा फरक छ । कुनै पनि सीप नभएका र रोजगारीका अवसर नपाएका कारण कुसुण्डा जाति गरीबीमै बाँच्न बाध्य छन् । धेरैजसो कुसुण्डाहरू सरकारी ऐलानी जग्गामा बसेका छन् । उनीहरूको आर्थिक अवस्था कमजोर छ । ज्याला मजदुरी गरेर जीवन निर्वाह गरिरहेका छन् । कुसुण्डा भन्नु नै खेती नगर्ने र पशु नपाल्ने जाति भन्ने बुझिन्छ ।

**सिड, सर्ड, सिआरपिडीका सुझावहरूको कार्यान्वयनको अवस्था**

*सिडको सुझावको कार्यान्वियनको अवस्था*

बुँदा ११ 'ख' मा उल्लेख भएको सुझाव अनुसार राज्यले प्रतिच्छेदित र बहुल विभेद भोगिरहेका कुसुण्डा आदिवासी महिलाका लागि लक्षित वित्तीय सहयोग र कुसुण्डा भाषामा कानुनी सहायता

प्रदान नगरेको अवस्था छ। बुँदा १९ 'क' मा उल्लेख भएको सुझाव अनुसार राज्यले सबै प्रकारका हानिकारक परम्परागत व्यवहारहरू निषेध गर्ने, यस्ता व्यवहार गर्ने उत्पीडकहरूलाई अनुसन्धान र कारवाही गर्ने, पर्याप्त दण्ड दिने र उत्पीडितलाई क्षतिपूर्ति दिने विधेयकको अनुग्रहण नगरेको अवस्था छ। लैङ्गिक आधारमा हुने हिंसा अन्त्य गर्ने कोषमा कुसुण्डा महिलाको पहुँच नभएको र प्रहरी सेवामा कुसुण्डा महिलाको सहभागिता प्रवर्द्धन गर्न लक्षित सचेतना जागरण विकास सरकारले नगरेको अवस्था छ।

बुँदा २५ 'क' मा उल्लेख भएको सुझाव अनुसार राज्यबाट महिला कामदारलाई वैदेशीक रोजगारी खोज्न लागेको प्रतिबन्ध हटाउने र ग्रामीण, विस्थापित, आदिवासी र दलित महिला तथा किशोरीहरूलाई बेचबिखनको खतराबारे र अपराधिक गतिविधि र प्रकृतिको बारेमा सचेतना जगाउने कार्य नभएको अवस्था छ। बुँदा २९ 'घ' मा उल्लेख भएको सुझाव अनुसार राज्यले कुसुण्डा महिलाहरूको निर्णायक-प्रक्रियामा पूर्ण र समान सहभागिताको महत्वबारे सार्वजनिक पदाधिकारीहरू र समग्र समाजको चेतना जागरण नगरेको अवस्था छ। बुँदा ३३ (क) मा उल्लेख भएको सुझाव अनुसार राज्यले कुसुण्डा महिलाहरूलाई प्रगति गर्न प्रेरणा जगाउने, समावेशी विद्यालयमा शिक्षकहरूलाई प्रशिक्षण दिने र विद्यालय क्षेत्र सुधार योजनाको खाका अनुसार ती उपायहरूको कार्यान्वयनको अनुगमनद्वारा शिक्षामा समानता र समावेशीतालाई प्रवर्द्धन गर्ने कार्यलाई अझ बलियो नबनाएको अवस्था छ। बुँदा ३८ (घ) मा उल्लेख भएको सुझाव अनुसार राज्यले ग्रामीण र दुर्गम क्षेत्र समेतका सबै महिला र किशोरीहरूको अधिकार र उजुरी गर्न प्रोत्साहन गर्ने सम्बन्धमा महिला सामुदायिक स्वास्थ्य स्वयं सेवकहरूको सहयोगमा सेवा प्रदायकहरूको चेतना जागरण नगरेको तथा कुसुण्डा महिलाका विरुद्ध स्वास्थ्य-सेवा प्रदायकहरूले गर्ने भेदभावको अन्त्य नगरेको अवस्था छ।

त्यसैगरी बुँदा ४१ (क) मा उल्लेख भएको सुझाव अनुसार राज्यले आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्र अनुरूप हामी आदिवासी महिलाको अधिकार, विशेषगरी हामी आदिवासीहरूको आत्मनिर्णयको अधिकार स्पष्ट रूपमा पहिचान गर्न संविधान संशोधन नगरेको अवस्था छ। बुँदा ४१ (ग) मा उल्लेख भएको सुझाव अनुसार राज्यले स्वास्थ्य सेवाहरू, शिक्षा, स्वच्छ पिउने पानी र सरसफाइ सेवाहरू, खाद्यान्न, खेतीयोग्य जमिन, प्राकृतिक स्रोतहरू, आवास, ऋण र आय-आर्जनका अवसरहरू, महिला उत्थानका लागि राष्ट्रपति कार्यक्रममा कुसुण्डा महिलाको पहुँच अभिवृद्धि गर्न अस्थायी विशेष उपायहरूलाई 'विशेष अवसरहरू सम्बन्धी संवैधानिक प्रावधान अनुसार स्पष्ट समय सीमा सहित अनुग्रहण नगरेको अवस्था छ।

*संयुक्त राष्ट्र संघको जातीय भेदभाव उन्मूलन गर्ने समिति (CERD) ले नेपालको १७ औं देखि २३*

*औं आवधिक प्रतिवेदनका सम्बन्धमा २९ मे २०१८ मा दिएको निष्कर्ष सुझावको कार्यान्वयनको अवस्था* बुँदा २३ (ख) मा संविधानको धारा ४२ अन्तर्गत सरकारी निकायहरूमा कुसुण्डाहरू सहभागी हुन पाउने अधिकारलाई प्रभावकारी सम्मान गर्ने र कुसुण्डाहरूले स्वतन्त्ररूपमा आफ्नो प्रतिनिधि छान्ने अधिकार सुनिश्चित गर्ने भन्ने सुझावको कार्यान्वयन नभएको अवस्था छ। बुँदा २३ (ग) मा कुसुण्डाको परम्परागत भूमि तथा प्राकृतिक स्रोतमा भएको अधिकार राज्यले खोसेको अवस्था छ र आइएलओ महासन्धि नं. १६९ लाई ध्यानमा राखी कानुन संशोधन गरी कुसुण्डाको भूमि, भू-भाग तथा स्रोतहरू को स्वामित्व तथा नियन्त्रणका लागि केही नगरेको अवस्था छ। बुँदा २३ (घ) मा कुसुण्डाको परम्परागत भूमि तथा स्रोतको प्रयोग र विकासमा असर पार्ने कुनै पनि परियोजना स्वीकृति गर्नु पूर्व कुसुण्डा आदिवासीको स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी प्राप्त गर्नु भनेकोमा त्यस्तो मञ्जुरी नलिएको अवस्था छ।

बुँदा २३ (ङ) मा विस्थापनका कार्य अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सुनिश्चित गर्ने सम्बन्धमा कानुनी लगायतका आवश्यक सबै उपायहरू लिने र प्रभावित विस्थापनमा पारिएकालाई उपचार र पर्याप्त वैकल्पिक बासस्थान दिने सम्बन्धमा सबै कुसुण्डाहरू विस्थापनमा पारिएको भए पनि पुनस्थापना गर्न केही काम नभएको अवस्था छ। बुँदा २३ (च) मा उल्लेख भए अनुसारको कुसुण्डा आदिवासीलाई सरकारी एजेण्टहरू र/वा व्यक्तिगत व्यक्तिहरूबाट धम्की, दुर्व्यवहार र अन्य मनपरी र हिंसात्मक कार्य भोग्न परेको अवस्था भने जानकारीमा छैन। बुँदा २४ मा समितिले राज्य पक्षलाई कुसुण्डाहरूले आफ्नो साँस्कृतिक तथा धार्मिक अधिकारहरू स्वतन्त्ररूपमा उपभोग गर्नका लागि कुसुण्डाको संस्कृतिहरूलाई अपराधीकरण गर्ने कानुनहरू फिर्ता लिन आमन्त्रण गर्दछ भन्ने सुझावको कार्यान्वयन नभएको अवस्था छ। बुँदा २६  (क) मा आदिवासी बालकहरूलाई पूर्ण समावेशीकरण प्राप्त गर्न र विशेषगरी आदिवासी महिलालाई शिक्षक पदलगायत शिक्षाका सबै तहहरूमा आवश्यक मानव, प्राविधिक र वित्तीय सहयोग गर्न दिएको सुझावको कार्यान्वयन नभएको अवस्था छ।

*अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समितिले नेपालको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा निष्कर्ष सुझावको कार्यान्वयनको अवस्था*

सुझाव ८ अनुसार राज्य पक्षले ग्रामीण क्षेत्रका र कुसुण्डा आदिवासी पृष्ठभूमिका अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गता परिचय पत्रहरूमा पहुँचका सम्बन्धमा भोग्न परेका सबै अवरोधहरू हटाउन उपयुक्त उपायहरू अवलम्बन नगरेको अवस्था छ। सुझाव १४ अनुसार राज्य पक्षले चाल्ने कदमले अपाङ्गता भएका कुसुण्डा महिला र किशोरीहरूको प्रतिनिधिमूलक संस्थाहरूसँग परामर्श गर्ने र समावेश गर्ने, प्राथमिक विद्यालय शिक्षामा अपाङ्गता भएका बालबालिकाको भर्ना समग्रमा वृद्धि गर्ने,

समावेशी प्रारम्भिक बाल्यकाल शिक्षाको कार्यान्वयनमा सुधार गर्न, अपाङ्गता भएका युवाहरूलाई पेसा गत प्रशिक्षणका निम्ति अवसरमा वृद्धि गर्न र अपाङ्गता भएका बालबालिकाहरू विरुद्ध हुने हिंसा, दुर्व्यवहार, शोषण र बेवारिसेलाई रोक्ने उपायहरू बलियो नबनाएको अवस्था छ। राज्य पक्षले आदिवासी महिला तथा बालबालिकाहरूमा ध्यान नदिएको अवस्था छ। सुझाव ४०.१४ अनुसार राज्य पक्षले अपाङ्गता भएका कुसुण्डा महिलाहरूलाई निजामती सेवाका पदहरूमा ५ प्रतिशत आरक्षण मध्येबाट पूर्ति गर्नका लागि तथ्याङ्क सङ्कलन गर्न र मापदण्ड विकास गर्नका साथै ती जागिरेहरूको गुणस्तर र खास गरेर कुसुण्डा महिलाको पृष्ठभूमिबाट आएकाहरू समेतका बौद्धिक र/वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई बेरोजगार भएकाहरूको तुलनामा फाइदा पाए भन्ने सम्बन्धमा बृहत् मूल्याङ्कन गर्न उपयुक्त उपायहरू नलिएको अवस्था छ।

**भूमि, भू-भाग तथा स्रोत**

कुसुण्डाहरू नेपालको पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चल विकास क्षेत्रको गोर्खा, तनहुँ, पाल्पा, अर्घाखाँची, कपिलवस्तु, प्युठान, रोल्पा, दाङ, सल्यान र सुर्खेत जिल्लामा छरिएर बसोबास गरिरहेका छन्। वनवासी कुसुण्डाको स्थायी घर हुदैनथ्यो। वनमा बस्दा कुनै एक निश्चित स्थानमा नबसी बस्ने ठाउँहरू परिवर्तन गरिरहन्थे। मौसस अनुसार स्याउलाको छाप्रो, ओढार वा गुफामा बस्ने गर्दथे।

कुसुण्डाहरू एक ठाउँमा एक सातादेखि १५/२० दिनसम्म बस्ने गर्दथे र खानेकुरा र सिकारमा निर्भर हुन्थे। बसेको ठाउँमा खानेकुरा पाउन छोडेपछि अर्को वनमा बसाइँ सर्दथे। बस्नको लागि स्याउलाको छाना भएको एक पाखे गोलाकार वा चारपाटे घर बनाउथे। ढोका विनाको छाप्रोभित्र पस्नको लागि केही भाग प्वाल जस्तो खाली राखिएको हुन्थ्यो। स्याउलालाई ढुङ्गा वा काठले चेप्ने गर्दथे। छाप्रोलाई डोरीले बाधिएको हुदैनथ्यो।

स-साना छाप्रामा बस्ने कुसुण्डाहरूको एकल परिवार सानो हुन्थ्यो। त्यसमा एउटा परिवारको लोग्ने स्वास्नी र केटाकेटी सुत्ने र खाना पकाउने गर्दथ्यो। सुकेका ठूला पात गाँसेर बिछ्याउने र ओढ्ने गर्दथे। बेग्ला/बेग्लै परिवारका लागि अलग/अलग छाप्रो बनाइएको हुन्थ्यो। वनमा बस्दा ठूलाठूला काठका मुढा जोडेर आगो बाल्ने गर्दथे। एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्दा बस्न जाने ठाउको माटो पातमा राखेर जोखना हेर्ने गर्दथे। उक्त ठाउँ उपयुक्त र राम्रो भएमा मात्र बस्थे। सकभर बस्ने ठाउँ मुलको पानीलाई पायक पारिएको हुन्थ्यो। बस्ने छाप्रो बनाइ सकेपछि वन्य जन्तु र भुत प्रेतले दुःख नदिउन भनेर सुरक्षित रहनका लागि मन्त्र गरेर सीमा बाध्ने गर्दथे।

सन् २०११ को जनगणना अनुसार नेपालमा १२६ जातजातिका र १२३ र अन्य गरी १२४ भाषाहरू

उल्लेख गरिएको छ । उक्त जनगणना कुसुण्डा जातिको कुल संख्या २७३ जना छ । नेपालमा बसोबास गर्ने विभिन्न जातजातिको सूचीमा आदिवासी जनजाति समूहभित्र ५९ जातिलाई समावेश गरिएको छ। त्यसमध्ये आदिवासी जनजातिलाई ५ समूहमा वर्गीकरण गरिएको छ, जसमध्ये कुसुण्डा लोपोन्मुख समूहमा पर्दछ ।

**मातृभाषा**

कुसुण्डा भाषा प्राचीन भाषा हो । यतिबेला कुसुण्डा भाषा मृतअवस्थामा पुग्न थालेको छ । नगन्य संख्यामा मात्र कुसुण्डा भाषा बोल्न र बुझ्न सक्ने प्रयोक्ताहरू छन् । २०५८ को जनगणना अनुसार कुल वक्ता संख्या ८७ रहेकोमा २०६८ को जनगणना अनुसार कुल वक्ता संख्या २८ देखाएको छ। तर हाल कुसुण्डा भाषा बोल्न सक्ने २ जना भन्दा बढी छैनन् । ज्ञानी मैया सेन कुसुण्डा (देउखुरी) र कमला खत्री (रोल्पा) कुसुण्डा भाषाका पूर्ण वक्ता हुन भने प्रेमबहादुर शाही (दाङ) पूर्ण वक्ता होइनन् । ज्ञानी मैया सेन कुसुण्डाको निधन भइसकेको छ । कमला खत्रीले अन्तरजातीय विवाह गरेका कारण उनीहरूको परिवारमा मातृभाषा बोलिदैन । यस्तै कारणहरूले गर्दा कुसुण्डाहरूको दैनिक जीवनमा नेपाली भाषा नै प्रयोग गर्दैनन् ।

नेपालमा बोलिने भाषाहरूलाई भारोपेली चिनियाँ तिब्बती आग्नेसियाली र द्रविड गरी चार भाषा परिवारमा बाँडिएको छ । भाषाशास्त्रीहरूले कुसुण्डा भाषालाई विश्वमा अरू कुनै भाषा वा भाषा परिवारसँग सम्बन्धित नरहेको बताएका छन् । कुसुण्डा भाषाले अहिलेसम्म अन्य भाषासँग पारिवारिक सम्बन्ध नराखिएकाले यस भाषालाई एकल भाषा (**language isolate**) मानिन्छ । कुसुण्डा भाषा एउटा अलग्गै भाषा परिवारको प्रतिनिधि भाषा हो । कुसुण्डा भाषा ६ स्वर र ३१ व्यञ्जन छन् । कुसुण्डा भाषाको स्तरीय शब्दकोश, व्याकरण, साहित्यिक कृति लेखन र प्रकाशन गरी भाषिक विकासमा अग्रसर हुन आवश्यक छ । लोपोन्मुख भाषा संरक्षण र विकास गर्ने काम राज्यको दायित्व हो तर यो दायित्व वहन गर्न राज्य चुकेको छ ।

**संस्कृति र साँस्कृतिक सम्पदा**

नेपालमा बसोवास गर्ने अन्य जातजाति जस्तै कुसुण्डाको आफ्नो छुट्टै संस्कार परम्परा र संस्कृति रहेको कुसुण्डाहरूले जन्म विवाह र मृत्यु संस्कारलाई महत्व दिएको पाइन्छ । कुसुण्डाहरूले भेटेसम्म कुसुण्डा (वनराजा वा वन ठकुरी) नभेटे (घर राजा वा घर ठकुरी) सँग विवाह गर्दथे र केटी माग्न जादा गोहोरा वा कालिजको मासु र रक्सी लगेर केटीको घरमा जाने गर्दथे । मासु र रक्सी केटी पक्षलाई दिइसकेपछि विवाहका लागि छलफल गरी जिति गरिन्थ्यो । तोकिएको समयमा दुलही

ल्याउन जाँदा गोहोराको मासु रक्सी दुलहीका लागि नयाँ कपडा र गहना लैजानुका साथै दुलहीका बाबुलाई केही पैसा दिनु पर्दथ्यो । जसलाई साई दिने (साई येङ्गु यगु) भनिन्छ । लगेको कपडा र गहना दुलहीलाई लगाउन लगाएर दुलाहाको घरमा ल्याउने गरिन्थ्यो । विवाहमा दुलाहा पक्षका आफन्त र साथीभाईहरू जन्ती जाने गर्दथे । विवाहमा गोहोराको मासु अनिवार्य हुनुपर्थ्यो । गोहोरा तथा कालिज मार्ने प्रथाजनित कार्यलाई राज्यले अपराधीकरण गरकोले कुसुण्डाको विवाहका प्रथाजनित संस्कार लोप हुने अवस्थामा पुगेको गएको छ ।

त्यसैगरी कुसुण्डाको मृत्युसम्बन्धी प्रथाजनित संस्कार मृतकको शवलाई नदी वा वनको छेउमा खाडल खनेर गाड्ने चलन छ । मृतकले प्रयोग गरेका धनुकाँड, जावी, पासो, कोदालो आदि सामाग्री कसैले चिहान माथि राखिदिन्छन् भने कसैले भान्जालाई दिने गर्दछन् । चोखिने दिन जाँड, रक्सी, मासु खाने चलन रहेको छ । तर आजकाल वनमा गाड्न र जाँड रक्सीको उत्पादनलाई अपराधीकरण गरिएकोले कुसुण्डाहरूले समस्या भोग्न बाध्य छन् ।

धामीले वन बाध्ने र फुकाउने गर्दथे । रोग अनुसार बिरामीलाई वनकै जडीबुटी खुवाउने गरिन्थ्यो । सर्प, बिच्छीले टोकेमा र बिरामी परेमा धामी/झाँक्रीले झारफुक र जडीबुटी/जरीबुटीको प्रयोग गर्दथे । आजकल जडीबुटी सङ्कलन गर्न पनि सरकारले प्रतिबन्ध लगाएको अवस्था छ ।

कुसुण्डाहरूले पूजागर्दा रुखका हाँगा र छेस्का काटेर देवीको पूजा गर्दथे । कुखुरा काटेर चलाउने गर्दथे । पूजागर्दा धामी बस्दथे । धामीले देउता बोलाउथे र बिरामीको उपचार गर्थे । तर आजकाल वनको रुख काट्न राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रहरू, सामुदायिक वनलगायतले आवश्यक जडीबुटी सङ्कलन गर्न प्रतिबन्ध लागाएको अवस्था छ ।

**प्रथाजनित कानुन र प्रथाजनित संस्था**

जङ्गलमा बस्ने भए पनि समाज व्यवस्थित र संगठीत हुने गर्दथ्यो । समाजमा सबैलाई अनुशासन र नियन्त्रण राख्ने काम मुङ (मुखिया) को हुन्थ्यो । समूहको एक जना मुङ (मुखिया) हुन्थे र मुङ (मुखिया) ले टाउकोमा सेतो फेटा गुथेको हुन्थे । एकापसमा हुने झैझगडा मुङले मिलाउने गर्दथे । कसैले गल्ती गऱ्यो भने यस्तो किन गरेको ? गलत काम गर्नु हुँदैन भनेर सम्झाउने काम गर्दथे । उनले नै न्याय निसाफ दिने गर्दथे । अहिले सामाजिक रूपमा बसोबास गर्न थालेपछि नेपाल कुसुण्डा विकास समाज र कुसुण्डा महिला विकास समाज गठन तथा जिल्ला प्रशासन कार्यालय दाङमा दर्ता गरेर सक्रिय रहेका छन् ।

**आदिवासी महिलाको सशक्तिकरण**

आदिवासी त्यसमा पनि कुसुण्डा महिलाहरूले जीवन सञ्चालनका लागि जति संघर्ष गरेका छन् । त्यसमा स्थानीय रूपमा सामाजिक विकासको लागि गरेका छन् । उनीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धी, सम्झौता, कार्यायोजना, दिगो विकास लक्ष्यहरू, पञ्च वर्षीय योजना अनुसारका काममा सहभागी हुन सकेका छैनन् । आम महिलाले सबै क्षेत्रमा सहभागिता जनाउने प्रसङ्ग चलिरहदा समाजमा रहेका अति विपन्न तथा आवाजविहिन बनेका महिलाहरूले सशक्तिकरणको बाटोमा हिड्न पाएका छैनन् ।

**सन्दर्भ स्रोत** : कुसुण्डा शब्दकोष २०७३/आले उदय, लोपोन्मुख अवस्थामा कुसुण्डा जाति, पहिलो पेज डटकम २०७३ जेष्ठ २९ गते ।

**लेखकः** *प्रेमबहादुर राम्जा मगर, सामुदायिक रेडियो हापुरे ८९.४ मेगाहर्जको स्टेसनम्यानेजर, बबई गाउँपालिकाको प्रेस सल्लाहकार, रेडियो नेपालको समाचारदाता र फोनिज दाङको अध्यक्ष हुनुहुन्छ ।*

# गन्गाई महिला (गन्गाई जननी)

**परिचय**

नेपालमा बसोबास गर्ने ५९ आदिवासीहरूलाई नेपाल सरकारले विधिवत रूपमा आदिवासी जनजाति भनेर औपचारिक रूपमा सूचीकृत गरेको छ। जसमध्ये गन्गाई पनि एक अत्यन्त कम जनसंख्या भएका आदिवासीहरू मध्ये एक हो । गन्गाई आदिवासीको ऐतिहासिक थातथलो तराईको वर्तमान झापा, मोरङ सुनसरी, सप्तरी, सिरहा, धनुषा, रौतहट हुन भने केही गन्गाईहरू नवलपरासी र रूपन्देही गरी नौ वटा जिल्लामा बसोबास गरिहेका छन् । यी जिल्लाहरू मध्ये मोरङ जिल्लामा धेरै गन्गाईहरूको बाक्लो बसोबास रहेको छ । गन्गाईहरूको मण्डल, गणेश, चौधरी, सरदार, करदार, गच्छदार, खाँ, सिंह, मडर आदि थरहरू छन् ।

२०६८ सालको जनगणना अनुसार गन्गाईहरूको कुल जनसंख्या ३६,९८८ जना रहेको छ । जसमध्ये १८,३८५ पुरुष र १८,६०३ महिला छन् । यो जातिका मुख्य कुल देवताहरूमा ठाकुर, ब्रहमाणि हुन । यिनीहरू आफुलाई “काश्यव” गोत्रको मान्दछ । यिनीहरूले बोल्ने भााषालाई “अंगिका” भनिन्छ । गन्गाईहरू तराईमा बसोबास गर्ने अन्य जनजातिहरू सत्तार, राजवंशी, धिमाल, थारु, धानुकसँगै बसेको पाइन्छ । गन्गाई आदिवासीको आफ्नै पृथक भाषा, संस्कृति, चाडपर्व, भेषभूषा र रीतिरिवाज रहेको छ । गन्गाईको धर्म प्रकृति पुजक भएतापनि हिन्दूकरणमा पारिएका गन्गाईहरूले हिन्दु धर्मलाई पनि मानेको देखिन्छ । गन्गाई जातिको उत्थान तथा विकासको लागि नेपाल गन्गाई कल्याण परिषद र नेपाल गन्गाई महिला कल्याण परिषद प्रतिनिधिमूलक संस्थाको रूपमा कार्यरत रहेको छ ।

**सिड, सर्ड, सिआरपिडीका सुझावहरूको कार्यान्वयनको अवस्था**

सिडको सुझाव, संयुक्त राष्ट्र संघको जातीय भेदभाव उन्मूलन गर्ने समिति (सर्ड) ले नेपालको १७ औं देखि २३ औं आवधिक प्रतिवेदनका सम्बन्धमा २९ मे २०१८ मा दिएको निष्कर्ष सुझाव तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समितिले नेपालको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा निष्कर्ष सुझावको कार्यान्वयनको अवस्थाका सम्बन्धमा गन्गाई महिलाको सन्दर्भमा ती कुनै पनि सुझावहरू कार्यान्वयन नभएको अवस्था छ ।

**भूमि, भू–भाग तथा स्रोत**

गन्गाई महिला र पुरुषको सामाजिक हैसियत एकदमै असमान रहेको छ। महिला भन्दा पुरुष शारीरिक

हिसाबले बलियो, बुद्धिमान र शिक्षित हुन्छ भन्ने मान्यताले महिलाहरू जन्मदेखि बुढेसकालसम्म कुनै न कुनै हिसाबले पुरुष कै अधिनमा बस्नुपर्ने बाध्यता छ। छोरा वंश बढाउने उपयुक्त पात्र भएकोले अंशको हकदार पनि छोरालाई नै मान्दछ। सोझा, सिधा, र अशिक्षित महिलाहरू दिनभरी घरभित्र र खेतमा काम गर्दा पनि आफ्नो नाममा जग्गा जमिन राख्न पाउँने अधिकार र स्वतन्त्र रूपमा सम्पतिको किनबेच गर्ने अधिकार छैन् । यही सामाजिक विभेदपूर्ण सोचाइले गर्दा राज्यले सञ्चालन गरेका भौतिक निमार्णको आयोजनाहरूमा गन्गाई महिलाहरूको सहभागिता न्यून रहेको छ। विडम्बनाको कुरा के छ भने केही जागरूक महिलाहरू स्थानीय तहमा छुट्याइएको बजेट आदिवासीहरूको उत्थान तथा विकासमा खर्च गर्नुको सट्टा विकास निमार्णका काममा लगाउछन्। स्थानीय सरकारसँग गन्गाई महिलाहरूले कार्यक्रमको बजेट माग्न जाँदा यो सडक, पुल, बिजुलीबत्ती, विद्यालय बनाउनु धेरै आवश्यक छ। के आदिवासीहरू सुविधाहरू चाहिँदैन ? भन्दै आदिवासीको संस्कृति जर्गेना खालका परियोजनाको लागि छुट्याइएको बजेट पनि उपयोग गर्न सकेको छैन। विभिन्न कार्य सम्पन्न गर्नको लागि गठन हुने उपभोक्ता समूहहरूमा पनि नाम मात्रको महिलाको सहभागिता गराइन्छ।

**मातृभाषा**

गन्गाईहरूको मातृभाषा जिल्ला र क्षेत्र अनुसार एकै किसिमको छैन। मोरङका गन्गाईहरूले अंगिका र झापाका गन्गाईहरूले सुरजापुरी भाषा बोल्दछन्। घरमा मातृभाषामा कुराकानी गर्ने बालबालिकाहरू विद्यालयमा गएपछि नयाँ भाषा नेपालीमा पढने र बोल्ने गर्नुपर्दा उनीहरूलाई निकै कठिन हुन्छ। प्रदेश नं. १ को जहदा गाउँपालिका र धनपालथान गाउँपालिकामा गन्गाईहरूको जनसंख्या अन्य जाति भन्दा धेरै छ। यी दुवै गाउँपालिकामा गन्गाई जातिकै मेयर हुनुहुन्छ। मातृभाषाको विकासको लागि मातृभाषामा शिक्षाको कुरा निकै परको कुरा छ। अझैसम्म शब्दकोश निर्माण समेत भएको छैन्। नेपालको संविधान, २०७२ अनुसार गठित भाषा आयोगले पनि गन्गाईको शब्दकोश, पाठ्यक्रम निर्माण सम्बन्धी प्रस्ताव पेश गर्दा पनि हामीसँग पर्याप्त बजेट छैन । अन्य निकायसँग सहयोग माग्नु भनेर सुझाव दिन्छन् । विडम्बना नै भन्नुपर्छ केन्द्रीय सरकारले स्थानीय सरकारसँग सहकार्य गर्न सुझाव दिन्छ भने स्थानीय सरकारले केन्द्रीय निकायसँग सहयोग लिन्छ भने स्थानीय सरकारले केन्द्रीय निकायसँग सहयोग माग्न सुझाव दिन्छ । यसरी शिक्षा, स्वास्थ्य, रोजगारी र राजनीतिक पहुँचमा निकै पछाडि पारिएको समुदायको उत्थानका निमित्त राज्यले विशेष पहल गर्न आवश्यक छ।

**संस्कृति र साँस्कृतिक सम्पदा**

प्रत्येक गाउँमा गन्गाईहरूको धार्मिक आस्थाको स्थल ग्रामथान रहेको हुन्छ। ग्रामथान अर्थात गाउँले सबैले मान्ने सामूहिक देवताको थान हो। ग्रामथानमा पुजिने देवताहरूले सम्पूर्ण गाउँवासीलाई आपत

विपत्बाट जोगाउने धार्मिक विश्वास छ । गाउँलेहरू मिलेर वर्षमा दुईपटक ग्राम देवताको पूजा गर्ने परम्परा छ । तर वर्तमान समयमा ग्रामथानको लागि छुट्याइएको जग्गा अतिक्रमण गर्दै व्यक्तिले उपभोग गरिरहेका छन् । जसले गर्दा धार्मिक आस्थाको केन्द्रहरूको क्षेत्रफल साँघुरिदै गइरहेको छ । यस कार्यलाई कडाइका साथ रोक्न नसकेको खण्डमा ग्राम थानमा नयाँ वर्ष अर्थात बैशाख १ गते लाग्ने मेलाको लागि समेत खाली जग्गा उपलब्ध हुन सक्दैन । त्यसैगरी राज्यले नै राजा धनपालथान, कदमहालाई संरक्षण गर्ने सूचीमा राखेको छ । मोरङको धनपालथान गाउँपालिकामा पर्ने ऐतिहासिक महत्वको ठाउँको जर्गेना गर्ने कामले तीव्रता पाएको छैन् । यस थानसँग गन्गाई जातिको इतिहास, धर्मकर्म र आस्था जोडिएको छ ।

बुढापाकाहरूको भनाइ अनुसार-पोखरीमा एउटा सीसाको इनार रहेको थियो । त्यो इनार राजगढ देवताको थियो । त्यहाँ गएर गन्नगाईहरूले चाहिएको सामान माग्ने गर्दथे । पोखरीको छेउमा पूजा गरी मान्ने गर्दथ्यो । मागेको भाँडाकुँडाहरू भोजभतेर, विवाहमा प्रयोग गर्थे । मागेको भोलिपल्ट बिहान भाँडाकुँडाहरू पाइन्थ्यो । ती सबै सामानहरू समय तोकेर ल्याउने र फिर्ता गर्नु पर्दथ्यो । एक पटक हलुवाइ जातिको व्यक्तिले विवाह भोजको लागि मागेर ल्याएको सामान मध्ये एउटा सानो बाटी लुकाएर पुरानो घरका बाटी फिर्ता दियो । त्यसपछि त्यस पोखरीबाट कहिल्यै पनि भाँडावर्तन बाहिर आएन, लोप भएर गयो । तर त्यो पुरानो बाटी पोखरीको माथि नाचिरह्यो । बाटी साटेको व्यक्ति बिरामी भए । गाउँका मानिस त्यो व्यक्तिसँग सोधखोज गरेपछि बाटी साटेको थाहा पाए । साटेको बाटी पोखरीमा लगेर दिएपछि लोप भएर गयो । बाटी साटेको व्यक्तिको वंश नै विनाश भएको भनाइ रहेको छ । यो घटना आजभन्दा करिब २०० वर्ष अगाडिको कुरा हो । यही समयदेखि भाँडावर्तन दिने चलन समेत लोप भएर गयो । राजगढ देवताको मुल घर, खण्डहर मोरङको अमाही गाविस-४ मा रहेको छ । यस ठाउँमा अहिले पनि पूजा गर्ने तथा मेला लाग्ने गर्दछ । यदि पूजा नगरिएको खण्डमा राजागढ देवताले ग्रामीत गहिदारलाई बोलाएर पूजा नगर्नुको कारण सोधी पूजा गर्न लगाउँछन् । राजागढ देवताले रातीको बेलामा हात्तीमा चढेर हिँडिरहेको अवस्थामा देखेको कुरा गाउँलेहरूले हिजोआज पनि बताउछन् । यो कुरा स्थानीय धामी झाँक्रीहरूले समेत बताउछन् ।

### आदिवासी महिलाको आर्थिक सशक्तिकरणको अवस्था

गन्गाई महिलाहरू सधै पुरुषको अधिनमा बस्नुपर्ने बाध्यताले गर्दा शिक्षा, स्वास्थ्य, रोजगारी र राजनीतिकको दृष्टिकोणले निकै पछाडि परेका छन् । यिनीहरूलाई सशक्तिकरण गर्नका लागि सर्वप्रथम आर्थिक आय आर्जनका अवसरहरू प्रदान गर्नुपर्छ । परम्परागत ज्ञानलाई युवापुस्तामा हस्तान्तरण गर्नको लागि सामुदायिक चेतना जगाउन आवश्यक छ । किनभने शिक्षित युवायुवतीहरूले

पुराना ज्ञान सीप सिक्न त्यति रुचाउँदैन । उनीहरूको मान्यता आधुनिक समयमा नयाँ कुराहरू सिक्दा धेरै कमाइ हुन्छ । पितापुर्खाहरूले जसरी जीवन गुजारा गर्नुभयो त्यसरी हामी बाँच्न सक्दैनौं । वर्तमान समयमा आफ्नो चालचलन प्रतिको उदासिनताले गर्दा स्थानीय स्तरमा स्रोतको उपयोग गरेर ढक्की, गुन्द्री, सिकिया, चटाइ र खाट बुन्न जान्दैनन्, जान्ने व्यक्तिहरू नगन्य मात्रमा पाइन्छन् । त्यसैगरी आर्थिक उपार्जनको लागि भुजाको व्यापार गर्ने महिलाहरूले आफ्ना छोराछोरीलाई उक्त सीप सिकाउन सकिरहेका छैनन् । गन्गाई महिलाहरूले भुजा भुट्ने र विराटनगर महानगरपालिकामा घर-घरमा बेचेर राम्रो आम्दानी कमाएको थुप्रै उदाहरण छ । तर वर्तमान अवस्थामा यस समुदायकै मानिसहरू घरमा भुजा भुट्न छोडेर मिलको भुजा प्रयोग गरिरहेका छन् । यसर्थ राज्यले बेरोजगारी समस्या अन्त्य गर्ने विभिन्न प्रयास गरिरहेको बेला गन्गाईहरूको समुदायमा विद्यमान ज्ञान सीपको पहिचान र जर्गेना गर्न सकेको खण्डमा रोजगारीको अवसरको सिर्जना हुनुका साथै परम्परागत ज्ञान सीपको संरक्षणमा समेत मदत पुग्नेछ ।

**लेखकः** *सरिका मण्डल, नेपाल गन्गाई महिला परिषदको कोषाध्यक्ष हुनुहुन्छ ।*

# चेपाङ महिला (चेपाङ मोम्चो)

**परिचय**

चेपाङहरू नेपाल सरकारले औपचारिक रूपमा मान्यता दिएका ५९ आदिवासीमध्ये एकमा पर्दछन् । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार अति सीमान्तकृत समुदायमा पर्ने प्रकृतिपूजक चेपाङहरूको आफ्नै भाषा, संस्कृति, थातथलो, भेषभूषा र बसोबास क्षेत्र छन् । २०६८ सालको जनगणना अनुसार ६८३९९ जनसंख्या भएका चेपाङ जातिहरू धादिङ, गोर्खा, मकवानपुर, तनहुँ, लमजुङ र चितवनमा छरिएर बसोबास गरेका छन् । उल्लेखित जिल्लाहरूमा बाँडिएर बसोबास गरेतापनि यिनीहरूको बसोबासको केन्द्रविन्दु राप्ती नदी उत्तर, मर्स्याङ्दी र दरौदी पूर्व, त्रिशुली पूर्व दक्षिण क्षेत्रको महाभारत शृङ्खला क्षेत्रभित्र पर्दछ । यो जाति विकट पहाडी भिरालो भू-भागहरूमा अझ वन जङ्गलको छेउछाउमा एकतले ढुङ्गा र माटोले बनेको खरले छाएको र कसै कसैले काठ र सेउलाले बारेको घरमा बसोबास गर्ने गर्छन् । समुदायसँग घुलमिल गर्न लजाउने स्वभावका चेपाङहरूको पुख्र्यौली पेसा खोरिया खेती गर्ने, सिकार, जङ्गली कन्दमुलहरू (तरुल, भ्याकुर, भार्लाङ, गिट्ठा, सिस्नो र जङ्गली वनस्पतिहरूको भरमा चेपाङहरू आश्रित छन् भने उनीहरूको चिउरी र चमेरासँग अन्योन्याश्रित सम्बन्ध रहेको भनाइ छ । जम्मा जनसंख्याको १५ प्रतिशतलाई मात्र ३ महिना खान पुग्ने चेपाङ समुदायमा बढी बालविवाह हुने हुँदा महिला र बालबालिकामा कुपोषण र प्रजनन स्वास्थ्य सम्बन्धी समस्याहरू बढ्दो छ । त्यस्तै गरीबी, अभिभावकमा चेतनाको कमी र विद्यालय टाढा भएकोले चेपाङ बाहुल्यता भएका क्षेत्रका बालबालिकाहरू विद्यालय जानबाट वञ्चित भएको अवस्था छ । जसले गर्दा हालसम्म राज्यको कुनै पनि निकायमा चेपाङ जातिको प्रतिनिधित्व शून्य देखिएको छ ।

**सिड, सर्ड, सिपिआरडिका सुझावहरूको कार्यान्वयनको अवस्था**

शिक्षा र चेतनाको कमीले गर्दा आफनो अधिकार भनेको नै थाहा नभएको अवस्था छ। चेपाङ जातिको बाहुल्यता भएको ठाउँहरू भौगोलिक विकटता भएकोले त्यस्ता दुरदराजमा सरोकारवालाहरूको पनि चासो कम र संघसंस्थाहरू पनि नजाने हुँदा माथि उल्लेखित विषयमा समुदायका महिलाहरूसम्म कुनै पनि सचेतना कार्यक्रमहरू पुग्न सकेको अवस्था छैन । स्थानीय निकायबाट पनि यो जातिको ज्येष्ठ नागरिक असक्त महिला, अपाङ्गता भएका महिलाहरूले सरकारी कागजपत्रको अभावमा चासो नदिएको अवस्था छ । दुर्गम ग्रामीण क्षेत्रका चेपाङ महिलाहरूलाई बहुविवाह, महिला हिंसा भएतापनि उजुरी गर्न पाइन्छ भन्ने पनि थाहा नभएको र यसबारे सचेतना र कानुनी परामर्शको लागि

कसैले पहल गरेको देखिदैन । स्थानीय निकायले स्वास्थ्यको विषयमा कार्यक्रमहरू ल्याएको तर महिला अधिकारबारे कार्यक्रमहरू नभएको पाइएको छ ।

**भूमि, भू-भाग तथा स्रोत**

आफैले भोगचलन गरी आएको खोरीयाहरू खोसिएर अन्यत्रै बसाइँ सर्नु परेको छ भने घर छेउकै परापूर्वकाल देखि संरक्षण र उपभोग गर्रिदै आएको वनको समूहमा प्रतिनिधित्व हुन पाएका छैनन् । वनमा आश्रित समुदाय भएकोले वनमा जान प्रतिबन्ध लगाएपछि रोजीरोटीको लागि अन्यत्रै जानु पर्ने बाध्यताले गर्दा यो समुदायको भूमिमाथिको स्वामित्व खोसिदै गएको छ । जग्गा जमिन कम परिवार धेरै आम्दानी गर्ने अरू माध्यम नहुदा जङ्गलको घाँस दाउरा बेच्ने, कन्दमुल, साग सिस्नुको भरमा ६ महिना बिताउनु पर्ने अवस्थामा प्राकृतिक स्रोत सङ्कलनको लागि जङ्गलमा जान नपाउने र चेपाङहरूको भूमिपूजा गर्ने भुमेथानहरू पनि अतिक्रमणमा परेको अवस्था छ ।

सरकारी वन, सामुदायिक वन र कबुलियत वनको नितिनियमले चेपाङहरू विस्थापित भइ उनीहरूको भाषा, धर्म, संस्कारमा प्रत्यक्ष असर पर्नुको एउटा कारण यो पनि मान्न सकिन्छ । धेरैजसो चेपाङहरूको आफु बसेको जग्गाको लालपूर्जा नै छैन त्यसमा पनि लालपूर्जा नभएका महिलाहरू शून्य नै छन् । त्यसले उनीहरू सरकारी तथा गैरसरकारी सेवासुविधा उपभोग गर्नबाट वञ्चित भएको देखिन्छ । जस्तैः २०७२ सालको भूकम्पमा घर भत्किएका चेपाङहरूले पीडित भए पनि लालपूर्जा नभएको कारण सरकारी राहत स्वरूप घर बनाउन पाएनन् भने त्यस्तै बैंकले ऋण पनि रोक्का गरिदियो ।

चेपाङहरूले परापूर्व देखि नै जङ्गली जनावर, चराचुरूङ्गीहरूको सिकार गरेर वनमा चिउरीको फलबाट घिउ निकालेर तेलको रूपमा प्रयोग गर्ने, चिउरी फुल्दा र फल्दा चमेरा आउने बेलामा चमेरालाई जालहानेर पासोमा पारी खाने चलनमा पनि धेरै कमी आउनुको कारण पनि सरकारको नियम र अरू समुदायको हस्तक्षेप रहेको पाइन्छ ।

धेरै चेपाङहरूको बसोबास क्षेत्र भनेको वनको छेउछाउ हुन्छ र खोरीया खेती गर्दछन तर पछिल्लो समयमा वनको नीतिमा आएको परिवर्तनले वनका कर्मचारीहरूले सबै खोरीयामा पनि रुख बिरुवा लगाउनु पर्छ यसबाट माटो बलियो हुन्छ भनेर सबै चेपाङहरूलाई बाध्यकारी नियम बनाएर लगाएको थियो । तीनै कर्मचारीहरूले रुखबढेर जङ्गल देखिन थालेपछि यो त वन क्षेत्रको जग्गा हो तिमीहरूले यो जग्गा उपभोग गर्न पाउँदैनौं भनेर चेपाङहरूले भोगचलन गर्दैआएका खोरीयाहरू खोसिएको उदाहरणहरू रहेको पाइन्छ । विषेश गरेर चितवन र मकवानपुरका विकट पहाडी भू-भागमा यस्ता घटनाहरू भएको छ ।

**स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी**

चेपाङ समुदायमा घरभित्रको कामकाजको बाँडफाँडमा महिला पुरुषमा विभेद भएको पाइदैन । महिलालाई सोधेर, महिलाको सल्लाह र सहयोगमा कामहरू गर्ने चलन छ । नेपाल सरकारको होस् या सामाजिक विकासका संस्थाहरूको कार्यक्रमहरू होस् त्यहाँ चेपाङ पुरुषहरूको सहभागिता न्यून रहेको छ भने निर्णय गर्ने अधिकार दिएको पाइदैन । यस अवस्थामा चेपाङ महिलाहरूको सहभागिता परबाट हेर्ने र सुन्ने मात्र भएको छ ।

चेपाङको बाहुल्यता भएको ठाउँहरूमा विकासे कार्यक्रम ल्याउनलाई उनीहरूलाई थाहानै नदिइ योजना गर्दछन । जब कार्यान्वयनको समय आउँछ त्यसबेला एक्कासी ! चेपाङहरूले थाहा पाउछन र अन्योलमा पर्दछन । बाटो-घाटो, धारा, वन जङ्गलहरूमा नयाँ योजना ल्याउने समयमा उनीहरूको मञ्जुरी विना काम गरिन्छ । धेरै जसो चेपाङहरूको ऐलानी जग्गा हुन्छ । त्यसैले उनीहरू जहाँ जान्छ त्यही उनीहरूको जग्गा हुन्छ । तर उनीहरूले सरकारी कर्मचारीहरूलाई आफ्नो जग्गाकोको बारेमा केही बोल्यो भने तिमीहरूको नम्बरी जग्गा होइन चुपलागेर बस् भनी थर्काउने गरेका धेरै उदाहरणहरू छन् । यसको उदाहरण मलेखु देखि भण्डारा सम्मको चेपाङ राजमार्गमा, इच्छाकामना गाउँपालिकाको कुरीनटार देखि इच्छाकामना सम्मको कच्ची बाटो थोरै भएको जग्गाहरू पनि क्षतिपूर्ति विना अतिक्रमण गरिएको छ ।

**सहभागिता र प्रतिनिधित्व**

नेपाल चेपाङ संघको केन्द्रीय, जिल्ला, गाउँपालिकाहरूको संरचनामा उपाध्यक्ष र सदस्यमा महिलाहरूलाई नेपाल सरकारले ३३ प्रतिशतले प्रतिनिधित्व गराएकोमा यस समुदायबाट अध्यक्ष हुने अवसरबाट वञ्चित हुन परेको छ । आगामी निर्वाचनमा महिलाहरूले अध्यक्ष पदको लागि दाबी गरिरहेका छन् । नेपालको निजामति सेवा अन्तर्गत कृषिक्षेत्रमा अधिकृत तहमा १ जना महिला छन् । विगत ५ वर्षमा नेपाल सरकार र विभिन्न संघसंस्थाको सहयोगमा केही चेपाङ महिलाहरूले स्वास्थ्य क्षेत्रमा नर्सिङ सेवामा प्रवेश गर्ने अवसर पाएका छन् । तर उनीहरूले रोजेको ठाउँमा सेवा गर्न पाइरहेका छैनन् । स्थानीय स्तरमा स्वास्थ्य स्वयम् सेविकामा संलग्न हुने अवसर केही चेपाङ महिलाहरूले प्राप्त गरेका छन् ।

चेपाङको बाहुल्यता भएको क्षेत्रहरूमा पढेलेखेका चेपाङ महिलाहरूले अस्थायी शिक्षकमा काम गर्न थालेका छन् । स्थायी शिक्षकको दरबन्दीमा अन्य समुदायकालाई नियुक्ति गरिनुले उनीहरूको रोजगारी खोसिएको अवस्था छ । स्थानीय स्तरका विभिन्न विकासका समितिहरूमा चेपाङ महिलाहरूलाई राखिएको पाइँदैन तर वन उपभोक्ता समितिमा भने सदस्यमा राखिएको पाइएता पनि उनीहरूले

राखेको विचार र सुझावको कुनै सुनुवाइ नै हुँदैन । सन् २००८ को संविधान सभाको निर्वाचनमा समानुपातिकबाट १ जना महिला सभासद बन्ने अवसर रहेको थियो । त्यसपछिका निर्वाचनमा महिलाको सहभागिता स्थानीय, प्रदेश र संघीय सरकारमा शून्य रहेको अवस्था छ ।

**आदिवासी महिलाको आर्थिक सशक्तिकरणको अवस्था**

चेपाङ महिलाहरूमा शिक्षा र चेतनाको कमीले गर्दा रोजगारीमा पहुँच छैन । परम्परागत रूपमा प्रयोग गरिने सामानको बजार छैन भने आधुनिक सीपको लागि सूचनाको पहुँच नहुँदा तालिम लिनसक्ने अवस्था न्यून रहेको छ । त्यसैले यस समुदाय परम्परागत कृषि, तरकारी, घाँसदाउरामा सीमित रहन परेका कारण जीवन यापन गर्न धेरैनै कठिनाइको सामना गर्नु परिरहेका छन् । व्यवसायिक र दीगो रूपमा कुनै पनि पेसामा यस समुदायको पहुँच नहुँदा चेपाङ महिलाहरूको आर्थिक अवस्था अत्यन्तै कमजोर रहेको पाइन्छ । आर्थिक कमजोरी लगायत यस समुदायको महिलाहरूको सामाजिक प्रतिनिधित्व र राजनैतिक प्रतिनिधित्व शून्य हुन पुगेको देखिन्छ ।

**मातृभाषा**

चेपाङहरूको मातृभाषाको अवस्थाबारे चर्चागर्दा यस जातिले आफ्नो समुदायभित्र मातृभाषामा मात्र कुराकानी गर्ने हुदा अन्य भाषा जस्तै नेपाली भाषा बोल्नेहरूसँग सम्वाद गर्न सक्ने स्थिति रहेको थियो । तर जीविकोपार्जनका लागि रोजगारी खोज्न सहर पस्नुपर्ने बाध्यता र अन्तरजातीय विवाहले गर्दा नयाँपुस्ताले मातृभाषा बोल्न छोड्दै गएको अवस्था छ । विद्यायलहरूमा पनि मातृभाषामा अध्यापन गर्ने गराउने सरकारको शिक्षाको नीति नहुनु र अध्यापनमा गैर आदिवासी शिक्षक हुनुले मातृभाषा बोल्नेको संख्यामा कमी आउन थालेको छ ।

**जलवायु परिवर्तन**

जलवायुको परिवर्तनले गर्दा चेपाङ महिलाहरूलाई निकै असर परेको छ । उनीहरूको दैनिकी र जीविकोपार्जनमा नकारात्मक प्रभाव पर्नुले चेपाङ महिलाहरूले ६ (छ महिना) जङ्गली कन्दमुल र साग सिस्नुमा आश्रित हुनु पर्ने हुँदा खोरीयामा सिँचाई गर्न नमिल्ने हुँदा समयमा पानी नहुने पानी नचाहिने समयमा बढी वर्षात हुने हुँदा उत्पादमा कमी आउनाले महिलाहरू र बालबालिकाहरूलाई उचित आहारको अभाव हुँदा विभिन्न स्वास्थ्य समस्या देखापरेका छन् । यसका साथै अव्यवस्थित बसाइँ सराइका कारण बालबालिकाहरूले बालश्रमिक हुनुपर्ने बाध्यता सिर्जना हुन थालेको छ ।

**अनुकूलन र न्यूनिकरणका लागि भएका प्रथाजन्य र आधुनिक प्रयासहरू**

सबै चेपाङ महिलाहरूलाई जलवायु परिवर्तनले पारेको असर भनेर थाहा नभएको अवस्था रहेको छ। थोरैले मात्र संघसंस्थाहरूको पहलमा यस बारेमा बुझेको हुँदा आधुनिक कृषि खेती प्रणालीमा पनि विषादीको प्रयोग कम गर्ने विधि र कम्पोष्टमल, मल मूत्र र झारपातबाट बनाएको विषादीको प्रयोग गर्न थालेर जलवायु परिवर्तनमा न्यूनिकरण गर्न सुरुआत भएको छ। वनको विभिन्न नीति र कार्यक्रमहरूले रुख विरुवा लगाउने व्यवस्था साथै वन कटानी फडानी, आगलागी र खोरीयामा डढेलो लगाउन रोक्नका लागि दण्डसजाय तोक्नाले कानुनी व्यवस्थाबारे जनचेतना कार्यक्रमहरूको प्रभाव पर्न थालेको छ।

**प्राकृतिक विपद**

धेरैजसो चेपाङहरू विकट पहाडको खोँच र भिरालो पाखाहरूमा बसोबास गर्ने हुदा पहिरो र खडेरीको चपेटामा परिरहन्छन्। रोजगारीको सिलसिलामा धेरै चेपाङहरू सहरमा दैनिक ज्यालादारी र घरेलु कामदारको रूपमा रहेको पाइन्छ।

**सन्दर्भ सामग्रीः**


१. चेपाङ जातिको चिनारी (आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, उद्धव राई, जितेन्द्र चेपाङ, दिल चेपाङ)

२. चेपाङ जीवनशैल ज्ञानकोष, २०७६ (नेपाल चेपाङ संघ)



**लेखकः** *सीता चेपाङ, नेपाल चेपाङ महिला संघको कोषाध्यक्ष हुनुहुन्छ।*

# छन्त्याल महिला (मिच्याङ)

**परिचय**

नेपाल जातिय, भाषिक, साँस्कृतिक धार्मिक र लैङ्गिक विभेद भएको देश हो । गोर्खा राज्यको विस्तारदेखि शासन व्यवस्था एक जाति/नश्ल, भाषा, संस्कृति, धर्मको पक्षपोषणमा आधारित हुँदै आएको छ । बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक समाजको यथार्थता हुँदाहुँदै राज्यको कानुन, नीति 'एकल' खस आर्य समुदायको वर्चस्व कायम हुने गरी निर्माण हुँदै आयो । मनुस्मृतिको जगमा बनेको सन् १८५४ को मुलुकी ऐनले तथाकथित पवित्र-अपवित्र, उच-निच, ठूलो-सानो, माथिल्लो-तल्लो, सभ्य-असभ्यको ठाडो श्रेणी निर्माण गऱ्यो । तथाकथित तागाधारी उपल्लो जात भनिनेहरूले गर्ने हरेक कुकर्महरू उच्चकोटीका ठहरिने तर श्रम, पसिना बगाउने गैर तागाधारीले गर्ने हरेक सुकर्महरू पनि निम्नकोटीका ठहरिने भाष्य निर्माण हुँदै आइरहेको छ । त्यसको मारमा छन्त्याल पनि पर्दै आए । विभेद, अपमानका विरुद्ध र आफ्नोपन/परिचयको खोजीको लामो संघर्षमय यात्रा छन्त्यालहरूले पनि पार गर्दै आए ।

नेपाल सरकार, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार ५९ आदिवासी जनजातिहरूमध्ये छन्त्याल पनि एक जाति (राष्ट्र) हो । धौलागिरी हिमालको दक्षिण भू-भागका गाउँ/ठाउँहरू छन्त्यालका ऐतिहासिक थातथलो हुन् । छन्त्यालहरूको आदिम थातथलो पश्चिम नेपालको धौलागिरी हिमालको पूर्व-दक्षिण-पश्चिम र काली गण्डकी नदी उपत्यकाको भू-भाग भएको देखिन्छ । बागलुङको लाम्मेलाखानी, खुङ्खानी, नर्जाखानी, बोङ्खानी/बोङ्गाखानी, कटेरी, हिजा, लुकुरवन, घोसाखानी, घैयाखानी-हाँडीखानी, पुछरा, सिल्खुङ, काडाँखानी-बानगाउँ, दर्लिङ, भुस्काटखानी, धम्जाखानी, लेखानी, देउरालीखानी, कालापातल, नौला, बाराकोट आदि गाउँ/ठाउँहरूमा छन्त्यालको बसोबास रहेको छ भने म्याग्दीको खानीगाउँ, ठाडाखानी, मङ्गलेखानी, घ्याँसीखर्क, पात्लेखर्क, द्वाँडी-ढाँर, चौरखानी, कुइनेखानी, मल्कबाङखानी, मलम्पार, मच्छिमखानी, छापखानी, गुर्जाखानी आदिमा बसोबास छ । गुल्मीको मालारानी, बडागाउँ, दुबीचौर, भूर्तुङ र भार्सेमा छन्त्यालहरू छन् भने पर्वतको भूक, मुस्ताङको घाँस, प्यूठानको खबाङ र खारखोलमा छन् । रुकुमको फल्नैखानी र विर्गुमखानी, दाङको तोरीगाउँ र शान्तिनगर, सुर्खेतको कुइनेपानी, गर्पन, लामिदार र साटाखानीमा समेत छन्त्यालहरूको बसोबास रहेको छ । पछिल्लो समयमा काठमाडौं उपत्यका, पोखरा, बुटवल, तुल्सीपुर, बेनीबजार, बागलुङ बजार लगायत सहर/बजारमा समेत बसाइँ सराई गरेका छन् ।

छन्त्याल जाति र तामा लगायतका अन्य खानीबीच ऐतिहासिक सम्बन्ध रहेको छ । यस सम्बन्धमा खोजी गर्दा छन्त्यालहरूको इतिहास तामा खानीसँग जोडिएको पाएको छ । नेपालको खानीको इतिहासमा पश्चिम नेपालको 'उपल्लो बाइसखानी' छन्त्यालहरूले सञ्चालन गर्दथे । छन्त्यालहरूको बस्तीहरूमा तामाखानी खनेका/चलाएका सुरुङ (**खानीको दुलो/प्वाल**) का अवशेषहरू अहिले पनि भेटाइन्छ । साथै अधिकांश छन्त्याल गाउँ र बस्तीहरूको नामको पछाडि 'खानी' शब्द जोडिएको छ ।

छन्त्याल जातिको आफ्नो छुट्टै मौलिक संस्कृति, भाषा, धर्म, परम्परा, चालचलन, रीतिरिवाज, जीवन पद्धति र प्रथाजनित कानुन रहेका छन् । जसले यस जातिको इतिहास, पहिचान, सामाजिक, साँस्कृतिक, आर्थिक, राजनीतिक विषयवस्तुमाथि गहिराइमा पुग्न आधार तयार पारेको छ । छन्त्याल जातिमा १२ थरहरू रहेका छन्ः खड्का, घर्ती, घरब्जा, घ्याप्चन, झिङ्राजा, डाँडामारे, तथप्जा, पुराने, पोत्लाङ्गे, बुढाथोकी, भलञ्जा र सिङ्गे ।

छन्त्याल भाषा भोट-बर्मेली परिवारमा पर्दछ । बागलुङ र म्याग्दी जिल्लाका क्षेत्र/इलाकाहरू मूल थातथलो भए पनि सन् २०११ को जनगणना अनुसार छन्त्यालहरू ४३ जिल्लाहरूमा बसोबास गर्दै आएको पाइन्छ । छन्त्यालको जनसंख्या ६,५६५ महिला र ५,२४५ पुरुष गरी कुल ११,८१० रहेका छन् । जसमध्ये बागलुङमा ३,९७८ (३५.४१) र म्याग्दीमा ३,८८९ (३४.६१) गरी कुल ७,८६७ (७०.०२) को संख्यामा दुईवटा जिल्लामा मात्र बसोबास गर्दछन् । छन्त्याल भाषा बोल्ने वक्ताको संख्या महिला २,४५८ र पुरुष १,८२५ गरी ४,२८३ (३६.२७) रहेका छन् । सन् २०११ को तथ्याङ्क अनुसार, नेपालको साक्षरता प्रतिशत ६५.९ रहको छ भने यस जातिको साक्षरता प्रतिशत ७२.६३ रहेको छ । जसमा कुल जनसंख्याको महिला ६४.७८ प्रतिशत साक्षर छन् भने पुरुष ८२.८१ प्रतिशत छन् ।

यस लेखमा छन्त्याल महिलाबारे सिड, सर्ड र सिपिआरडिको सुझावहरूको सम्बन्धमा छन्त्याल आदिवासी र मूलतः छन्त्याल महिलाको अवस्थालाई ससर्ती केलाउन खोजिएको छ । नेपाल सरकारले सिड, सर्ड र सिपिआरडिले दिएको सुझावहरूको कार्यान्वयनको अवस्था सन्तोषजनक छैन । ती सुझावहरूको कार्यान्वयनलाई नेपाल सरकार, वैदेशिक विकास साझेदार संस्थाहरू, कम्पनी, सम्बन्धित संयन्त्र आदिबाट बारम्बार बेवास्ता गरेको अवस्था छ । कार्यान्वयनका लागि अधिकारवाला आदिवासीहरूले पनि सशक्त रूपमा दबाब सिर्जना गर्न गराउन नसकिरहेको अवस्था देखिएको छैन भने अर्कोतिर सरोकारवाला निकाय र संयन्त्रहरूले समग्रतामा थाहा नपाएझैं बेवास्ता गरिरहेका छन् । यस लेखको तयारी सिड, सर्ड र सिपिआरडिको सुझावहरूको कार्यान्वयनको अवस्था र आदिवासीको मूलभूत सवालहरूको कार्यान्वयनको अवस्थाको आधार अध्ययन अनुसन्धान नभइ

छन्त्याल महिलाको स्थानीय स्तरमा देखिएको र भोगेको अनुभवको आधारमा प्रस्तुत गरिएको हो ।

**सिड, सर्ड र सिपिआरडिका सुझावहरूको कार्यान्वयनको अवस्था**

सिड, सर्ड र सिपिआरडिका सुझावहरूको कार्यान्वयनको अवस्था छन्त्याल समाजमा नाजुक अवस्था रहेको छ । यसबारे छन्त्याल महिलामा पनि छलफलको विषय समेत बन्न सकिरहेको छैन । आदिवासी जनजातीय संगठनहरूले आयोजना गर्ने विभिन्न कार्यक्रमहरूमा सहभागी भएवापत मात्र छन्त्याल महिलाका केही प्रतिनिधिहरूले यसबारे जानकारी प्राप्त गरिरहेका छन् ।

राज्यले छन्त्याल महिला विरुद्ध लैङ्गिक आधारमा हुने हिंसाबाट परेको असरबारे विस्तृत अनुसन्धानात्मक विवरण छैन । अर्को, लैङ्गिक आधारमा हुने हिंसा अन्त्य गर्ने कोषमा छन्त्याल महिलाहरूको पहुँच पुगेको अवस्था छैन । प्रहरी सेवामा छन्त्याल महिलाको सहभागिता प्रवर्द्धन गर्न लक्षित सचेतना जागरण समेत हुन सकेको छैन ।

छन्त्याल महिला लगायत समाजका सबै समूहका महिलाहरूको नीति, निर्णय प्रक्रियामा पूर्ण र समान सहभागिताको महत्वबारे सचेतना जागरणको समेत गतिविधि हुन सकेको छैन । राज्यले आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्र अनुरूप आदिवासी महिलाको सामूहिक अधिकार, विशेषगरी उनीहरूको आत्मनिर्णयको अधिकार स्पष्ट रूपमा पहिचान गर्न संविधान संशोधन गर्नुपर्नेमा सरकार आँखामा पट्टी बाँधेर बसेको अवस्था छ । आदिवासी आन्दोलनले संविधान संशोधनका लागि सशक्त र दबाबमूलक आन्दोलन पनि उठाउन सकिरहेको छैन, केवल संशोधनको मुद्दा उठाइरहेको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समितिले नेपालको प्रारम्भिक प्रतिवेदनको सुझावलाई कार्यान्वयनमा कुनै पहलकदमी देखिदैन ।

तसर्थ, स्पष्ट रूपमा भन्न सकिन्छ, सिड, सर्ड र सिपिआरडिका सुझावहरूको मूल मर्म, भावना बमोजिम छन्त्याल महिलामा कुनै पनि कार्यहरू हुन सकिरहेको छैन ।

**भूमि, भू-भाग तथा स्रोत**

भूमि, भू-भागसँगको सबन्ध विनाको आदिवासी हुन सक्दैन । छन्त्यालहरूको पुर्खादेखि अहिलेसम्म जीवन निर्वाह (खानी, ऐरा, कृषि, पशुपालन) गर्न भोगचलन गरेको, संस्कृति र आध्यात्मिक आस्था एवम् मूल्यको अवस्थाअनुसार ओगटेको भूमि र पर्यावरणको निरन्तरतालाई भूमि र भू-भागलाई बुझाउँछ । छन्त्यालको निम्ति जमिनमुनिको खनिज, जमिनको सूक्ष्म जीवाणु, प्रकृति, प्राणविहीन थान, विसौना, जमिनमाथिको हावा यी सबै भूमि हुन् । छन्त्यालको भूमि धौलागिरी हिमालको दक्षिणपूर्वदेखि पश्चिमसम्मको दक्षिणी मोहडा क्षेत्रलाई जनाउँछ । हालको प्रशासनिक दृष्टिले गण्डकी

प्रदेश (प्रदेश नं. ४) अन्तर्गत बागलुङ र म्याग्दी जिल्ला, प्रदेश नं. ५ को गुल्मी र प्यूठान जिल्ला तथा कर्णाली प्रदेश (प्रदेश नं. ६) को सुर्खेत जिल्लाको विभिन्न गाउँहरू हुन् । नदी प्रवाहको दृष्टिले पूर्व कालीगण्डकी नदी र पश्चिम भेरी नदीबिचको भू-भाग छन्त्याल भूमि हो । सोही भूमि छन्त्यालको मूलथलो पनि हो । । पुर्ख्यौली पेसाको दृष्टिले छन्त्याल मूलतः तामाखानी खन्ने आदिवासी समुदाय हुन् । मूलथलोमा खानी खन्न बन्द भएपछि कृषि, पशुपालन र घरेलु उत्पादनको आधारमा निर्वाहमुखी आर्थिक पद्धतिमा आबद्ध भएका थिए । मूलथलोको वातावरण र उपलब्ध स्रोत र साधनका आधारमा विभिन्न ज्ञान, सिप र प्रविधिको विकास गरेका छन् । जमिनलाई उपयोग र व्यवस्थापन आफ्नै तरिकाले गरेका छन् । वनजङ्गल र नदीहरूको व्यवस्थापन र संरक्षण गरेका छन् । यी सबै स्रोतहरू मूलथलो (भूगोल) सँग आएको हुन्छ । त्यसैले भूगोल केवल उजाड, रुख विरुवा र पानी, जमिन नभएको हुँदैन । छन्त्यालको भूगोल भन्नाले त्यहाँको माटो, ढुङ्गा, बोट विरुवा, हावा, पानी, जीव जनावर र किराफट्याङ्ग्रा, जमिनमुनि एवम् जमिनमाथि बस्ने आदि सजिव तथा निर्जिव सबैलाई बुझाएको हुन्छ । त्यसैको आधारमा पहिचान बनेको छ । छन्त्यालको पहिचान जोडिएका भूमिमा प्रशस्त प्राकृतिक छन् । वनजङ्गल र नदी, खोलाहरू रहेका छन् । खानीका अवशेषहरू छन् । विभिन्न प्रजातिका वनस्पति, जङ्गली जनावरहरू, जडीबुटीहरू पाइन्छन् ।

संयुक्त राष्ट्र संघको जातीय भेदभाव उन्मूलन गर्ने समिति (सर्ड) को बुँदा २३ (ग) आदिवासीको परम्परागत भूमि तथा प्राकृतिक स्रोतमा भएको अधिकारसम्बन्धी विवाद समाधान गर्न आइएलओ महासन्धि नं. १६९ लाई ध्यानमा राखी कानुन संशोधन गर्ने समेतका पर्याप्त सहमतिको समाधान फेला पार्न दिएको सुझावको कार्यान्वयन हुन सकेको अवस्था छैन । तर, भूमि, भू-भाग र स्रोत माथि आफ्नो थातथलोमा छन्त्यालहरूले संरक्षण, प्रवर्द्धन गरिरहेका छन् । तर, छन्त्यालको स्वामित्व, नियन्त्रण भने छैन । आधुनिक राज्यले क्रमशः खोसिरहेको मात्र हैन विभिन्न बहानामा छन्त्यालको भूमि र भू-भागलाई अतिक्रमण गरिरहेको छ । भूमि र स्रोत माथिको स्वामित्व र नियन्त्रण छन्त्याल महिलाको अवस्था झन कमजोर रहेको छ । आधुनिक राज्यले स्थापित गरेको ऐन-कानुन बमोजिम व्यक्तिको नीजि सम्पतिमा छन्त्याल महिलाहरूको नाममा केही दर्ता भएको भएतापनि सामूहिक भूमि र स्रोत माथि समग्र छन्त्यालहरूको स्वामित्व क्रमशः गुम्दै गइरहेको छ । छन्त्यालको भूमि र स्रोत माथिको स्वामित्व र नियन्त्रणको निरन्तरता रहेको देखिए पनि कानुनी वैधता र भू-क्षेत्रको निक्यौल भएको अवस्था भने छैन । छन्त्याल महिलाहरूले भूमि र प्राकृतिक स्रोतमा पहुँच र उपयोग समेत खुम्चदै गएको छ ।

ढोरपाटन सिकार आरक्षणको कारण त्यस क्षेत्र वरिपरि रहेका छन्त्यालहरूको जनजीवन र जनजीविकामा नकारात्मक प्रभाव बढी पारेको छ । सदिऔंदेखि भोगचलन र सदुपयोग गर्दै आएका

छन्त्यालहरूले आरक्षणको स्थापना विभिन्न स्वरूपमा बन्देजलाई खेप्नु परेको छ । विकासको नाममा विना योजना अनियन्त्रित रूपमा सडक निर्माणले गर्दा छन्त्यालहरूको साँस्कृतिक, धार्मिक, चिहान क्षेत्र र पूजाथानहरू लगायतका ऐतिहासिक महत्वका स्थानहरू विध्वंस भइरहेका छन् ।

**स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (एफपिक)**

आदिवासीका लागि स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी मानवअधिकार हो । छन्त्यालको थातथलोका क्षेत्रमा हुने कुनै पनि कार्यक्रम, परियोजना गर्दा प्रभावकारी रूपले एफपिक गर्ने अभ्यास अझै विकास हुन सकेको छैन । एकातिर छन्त्याल आदिवासी समुदाय स्वयम्ले पनि सशक्त रूपमा उठाउन सकेको देखिदैन भने अर्कोतिर निजी कम्पनी, गैरसरकारी संस्था, विकास साझेदार संस्थाले गर्ने जुनसुकै परियोजना सञ्चालन पूर्व एफपिक लिने गरिएको छैन छिटपुट रूपमा समग्रतामा परामर्शसम्म लिने प्रचलन देखिन्छ । सर्डको बुँदा २३ (घ) मा आदिवासीको परम्परागत भूमि तथा स्रोतको प्रयोग र विकासमा असर पार्ने कुनै पनि परियोजना स्वीकृति गर्नु पूर्व आदिवासीको स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (एफपिक) प्राप्त गर्नु भन्ने व्यवस्था हुँदाहुँदै त्यस्तो मञ्जुरी नलिइ कार्यान्वयन गरिएका साना ठूला परियोजनाहरू छन् ।

**प्रथाजनित कानुन र प्रथाजनित संस्था**

छन्त्यालहरूको प्रथाजनित संस्था छन्त्याल थैब (मुखिया) प्रणाली भनिन्थ्यो । जसमा थैब (मुखिया), जिम्माल, सुब्बा, चौतरे र पाँडे हुन्थे । छन्त्याल थैब प्रणाली बमोजिम राजनीतिक, न्यायिक, सामाजिक, साँस्कृतिक र आर्थिक प्रणालीको सञ्चालन हुन्थ्यो । तर, यसको जीवन्त निरन्तरता प्रक्रिया अहिलेसम्म हुन सकेन । सामाजिक, साँस्कृतिक, धार्मिक, आर्थिक लगायतका कार्य प्रक्रियामा भने छिटपुट चलनचली रहेको देखिन्छ । राजनीतिक र न्यायिक प्रक्रियामा भने तथाकथित आधुनिक राज्य सरकारको अतिक्रमणले गर्दा क्रमशः लोप हुँदै गएको देखिन्छ । पुनर्जिवित बनाउन सकिने सम्भावना भने छ । छन्त्यालहरूको प्रतिनिधिमूलक संस्था नेपाल छन्त्याल संघको अगुवाइमा छन्त्यालको प्रथाजनित थैब प्रणालीलाई पुनर्जिवित गर्न गराउनका लागि छलफलहरू चलिरहेको अवस्था भने छ । प्रथाजनित संस्थाका नीति निर्णायक ठाउँमा छन्त्याल महिलाको सहभागिता र प्रतिनिधित्व के कस्तो थियो भन्नेबारे विस्तृत अध्ययन नहुँदा यसै भन्न सकिने अवस्था छैन । छन्त्यालको थैब प्रथामा जिम्वाल, सुब्बा, चौतरे र पाँरै पुरुष नै बढी हुने गरेको इतिहासले देखाउँछ ।

**छन्त्याल महिलाको सहभागिता र प्रतिनिधित्व**

छन्त्याल महिलाको संघीय संसद र स्थानीय तहको सरकारमा दलको माध्यमबाट न्यून सहभागिता

भएको देखिन्छ । दोस्रो संविधानसभाको निर्वाचनमा बागलुङ-३ बाट प्रत्यक्ष निर्वाचित ज्ञानकुमारी छन्त्याल भएका थिए भने सन् २०१६ को संघीय निर्वाचनमा समानुपातिक तर्फबाट ज्ञानकुमारी छन्त्याल संघीय संसद थिए । सुर्खेत जिल्लाको एक नगरपालिकामा उपमेयर शान्ति छन्त्याल छन् । वडा सदस्यहरू १/२ जना मात्रै छन् । सन् २००० को दशकदेखि शिक्षण पेसामा छन्त्याल महिलाहरू स्थायीय र अस्थायी रूपमा कार्यरत देखिन्छन् । जिल्ला स्तरमा कार्यरत गैरसरकारी संस्थाहरूमा केही मात्रमा छन्त्याल महिलाहरू देखिन्छन् । छन्त्यालहरूको प्रतिनिधिमूलक संस्था नेपाल छन्त्याल संघको केन्द्रीय समिति, प्रदेश, जिल्ला र स्थानीय समितिहरूमा महिलाहरूको सहभागिता रहेको पाइन्छ । तथापि, अध्यक्ष, महासचिव/सचिवजस्ता कार्यकारी निर्णायक पदहरूमा भने जनसंख्याको हिसाबले महिलाको प्रतिनिधित्व देखिँदैन । छन्त्याल समुदायमा विभिन्न कार्य गर्दा छन्त्याल महिला र पुरुष फरक भूमिकामा भए पनि विभेदको खाडल धेरै देखिदैन । छन्त्याल समुदायमा हुने विभिन्न कार्यमा महिलाको भूमिका भएतापनि पुरुषको नै उच्च बोलबाल देखिन्छ । महिला र पुरुषबिचको शक्ति सम्बन्धमा समानता रहेको पाइदैन ।

मूलतः सर्डको बुँदा २३ (ख) मा संविधानको धारा ४२ अन्तर्गत सरकारी निकायहरूमा आदिवासीहरू सहभागी हुन पाउने अधिकारलाई प्रभावकारी सम्मान गर्ने र आदिवासीहरूले स्वतन्त्र रूपमा आफ्नो प्रतिनिधि छान्ने अधिकार सुनिश्चित गर्ने भन्ने सुझावको कार्यान्वयनको अवस्था शुन्य छ ।

**छन्त्याल महिलाको आर्थिक सशक्तिकरणको अवस्था**

राज्यको तर्फबाट छन्त्याल महिलाको ज्ञान, सीप, कला र अभ्यासमा आधारित आर्थिक सशक्तिकरणका कुनै पनि कार्यक्रमहरू सञ्चालित छैनन् । छन्त्याल महिलामा भएको प्रथाजनित ज्ञान, कला, सीप क्रमशः लोप हुँदै गइरहेको छ । छन्त्याल महिलाहरूले आफ्नो परम्परागत ज्ञान, सीप, कलाको आधारमा राडी पाखी, भाङ्ग्रा, अदुला, घुम, काम्लो, गुन्द्री, चकटी बुन्ने गरिरहेका छन् । तर त्यसलाई आर्थिक सशक्तिकरणको प्रभावकारी योजना बन्न सकिरहेको अवस्था छैन केवल घरपरिवारमा प्रयोगका लागि मात्रै बनाउने गरिएका छन् ।

सामाजिक, साँस्कृतिक र धार्मिक अनुष्ठानका लागि छन्त्याल महिलाहरूले आफ्नो ज्ञान, सीप, कलामा आधारित सिर्जनाहरू निरन्तर गरिरहेका छन् । छन्त्यालको व्यक्ति जन्मदेखि मृत्युपर्यन्तसम्म र जन्मनु पूर्वदेखि मृत्युपश्चात्सम्म आवश्यक पर्ने जाँड रक्सी चढाउनु पर्ने हुन्छ । धार्मिक, साँस्कृतिक अनुष्ठानहरू, पितृ, कुललाई सम्झँदा रक्सी नभइ हुँदैन । घरमा पाहुना, इस्टमित्र आउँदा सत्कारको रूपमा रक्सी अनिवार्य हुन्छ । तर सुरक्षा निकायबाट रक्सी बनाउने भाँडाकुँडा घ्याम्पो, घैंटो, ढोल, ग्यालेन आदि फुटाइदिने फालिदिने गरेर साँस्कृतिक अधिकार, स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकारको

हनन् भइरहेको छ । वन जङ्गलबाट सङ्कलन गरेर ल्याउनु पर्ने मर्चाको कच्चा पदार्थ (जडीबुटी) समेत ल्याउन बन्देज लगाउन थालेर स्वतन्त्रपूर्वक हिँडडुल गर्ने अधिकार लगायत आदिवासीको जल, जमिन र जङ्गलमाथिको अधिकारको ठाडो उल्लङ्घन भएको छ ।

**छन्त्याल भाषा**

खस नेपाली भाषा बाहेक नेपालका राष्ट्रभाषाहरूले चरम विभेद र उत्पीडन भोगिरहेका छन् । छन्त्याल भाषा पनि राज्य सरकारले पूर्ण रूपमा बेवास्ता गरेको एक भाषा हो । जटिल परिस्थितिमा पनि छन्त्याल समुदाय स्वयम्ले जर्गेना गरेर बचाएको भाषा छन्त्याल भाषा हो । सन् २०११ को तथ्याङ्क अनुसार, छन्त्यालको कुल जनसंख्या ११,८१० मध्ये भाषा बोल्ने वक्ताको संख्या महिला २,४५८ र पुरुष १,८२५ गरी ४,२८३ रहेका छन् । जुन कुल जनसंख्याको ३६.२७ प्रतिशत हो । भाषा बोल्ने सहरी क्षेत्रमा २०.४३ प्रतिशत र ग्रामीण क्षेत्रमा बस्ने ७९.७५ प्रतिशत छन् ।

छन्त्याल बालबालिका तथा किशोरकिशोरीहरूले आफ्नो भाषामा शिक्षा प्राप्त गर्नबाट वञ्चित छन् । सरकारको तहबाट छन्त्याल भाषाको उत्थानमा कुनै ठोस नीति र कार्यक्रम ल्याएको अवस्था छैन । छन्त्याल संघले छन्त्याल भाषा वक्ताहरूको बाहुल्य भएको विद्यालयहरूमा माध्यमको रूपमा र छन्त्याल बालबालिकाहरू रहेका विद्यालयहरूमा विषयको रूपमा पठनपाठन गर्न गराउन स्थानीय सरकार, भाषा आयोग र समुदायसँग आवश्यक छलफलसहित प्रयास अगाडि बढाइरहेको छ ।

**संस्कृति र साँस्कृतिक सम्पदा**

छन्त्याल भाषा, संस्कार, विश्वास, मूल्य, मान्यता, देवी, देवता, परम्परा, पुर्ख्यौली खेली-सोरठी नाच आदि अभौतिक अमूर्त संस्कृति हुन् । छन्त्यालहरूको परम्परागत पेसा, खानीको सुरुङ, गोठ, घर, थान, विसौना, घरमा प्रयोग गरिएका कला, हतियार, बाजा, कपडा, गहना र खाना आदि भौतिक मूर्त संस्कृति हुन् । यसलाई यस समुदायले सक्दो बचाएर राखिरहेको अवस्था छ । नयाँपुस्ताले अन्य संस्कृतिको अनुशरण र देखासिकी गर्न थालेका छन् । भाषामा नेपालीकरण (खस), संस्कृति, परम्परा, संस्कारमा परसंस्कृतिकरण, धर्म, देवीदेवता, पूजामा हिन्दूकरण र लवाइखवाइ, चालचलनमा पश्चिमीकरणको प्रभाव दिनानुदिन बढीरहेको छ । यसले गर्दा जातीय मौलिकता र पहिचानमा आँच पुग्दै गएको छ । कतिपयले समय, परिस्थिति र समयअनुसार भएको परिवर्तनको रूप ठान्छन् । तथापि, आफ्नो मौलिकता र विशिष्टतालाई संरक्षण र सम्बर्द्धन गर्नका लागि पुरानो पुस्तादेखि नयाँपुस्ता सबैले कार्य गर्नुपर्ने देखिन्छ । छन्त्यालको भाषा, विश्वास, संस्कार, चाडपर्व र पहिरन आदि विशिष्ट कुरालाई जोगाउने प्रयत्नको आश्यकता रहेको छ । कतिपय अमूर्त साँस्कृतिक सम्पदाहरूको

विनाश भइसकेको अवस्था छ । राज्य सरकारको कुनै पनि संयन्त्र र निकायहरुको तर्फबाट छन्त्याल समुदायको संस्कृति र सांस्कृति र सांस्कृतिक सम्पदा संरक्षणको लागि कुनै सहयोग भएको पाइँदैन ।

**जलवायु परिवर्तन**

जलवायु परिवर्तनले आदिवासी समुदायमा सबभन्दा बढी असर पारिरहेको छ । छन्त्याल आदिवासी समुदाय पनि अछुतो रहने कुरा भएन । जलवायु परिवर्तनले गर्दा आलु, मकै, धान, गहुँ आदिको पुरानो बिउ बीजन लोप हुँदै गएको छ । अझ विकासे धान, मकै, गहुँ, आलु आदिको नाममा सदिऔं देखि लगाउँदै फलाउँदै आएको परम्परागत बिउ बिजन विस्थापित भइरहेका छन् । जसले उत्पादनमा समेत फेरबदल आएको छ । परम्परागत बिउ बिजन लोप हुँदै गएका छन् । उत्पादनमा समेत फेरबदल हुँदा खाद्य सुरक्षामा समेत सङ्कट देखिने गरेको छ । छन्त्याल समुदायमा जलवायु परिवर्तन न्यूनिकरणका लागि प्रभावकारी प्रयासहरू भएका छैनन् ।

जलवायु परिवर्तनले बालीनाली लगाउने, हुर्काउने, फलाउने वार्षिक क्यालेन्डरमा समेत असर पुऱ्याइरहेको छ । वनजङ्गल र प्राकृतिक स्रोतको संरक्षण, व्यवस्थापन, सदुपयोगमा छन्त्याल महिलाहरूले परम्परागत रूपमा अवलम्बन गर्दै आएको ज्ञान, कला, सीप र अभ्यासको प्रयोग गरिरहेका छन् । सन् १९९० पश्चात् सामुदायिक वनको निर्धारणले ती परम्परागत अभ्यासहरू क्रमशः विस्थापित हुँदै आएको छ ।

**प्राकृतिक विपद**

प्राकृतिक विपद् र महामारी अनपेक्षित घट्ना हुन् । जसले मानव जीवनमा महासङ्कट उत्पन्न गराउँछ । सन् २०१५ मा बारपाक केन्द्रबिन्दु भएर गएको महाभूकम्प एक पछिल्लो महाविपद् हो । भूकम्पबाट प्रभावित भएका छन्त्यालहरूको क्षति अनुसार सरकारी, गैरसरकारी संस्थाहरू र अन्तर्राष्ट्रिय विकास सहयोगी संस्थाहरूबाट कुनै पनि सहयोग भएको थिएन । प्रभावित छन्त्याल घरधुरीहरूलाई छन्त्याल संघको पहलमा त्रिपाल, पिउनेपानी, इञ्जिनियर सहित चर्केका निजी घरहरूको निरीक्षण आदि कार्य भएको थियो । राज्य संयन्त्रसँग पहुँच नभएकोले कुनै पनि भूकम्पबाट क्षति पुगेकाहरूले सेवा सुविधा प्राप्त गर्न सकेका थिएनन् ।

**छन्त्याल समुदायमा आरोप, उजुरी र मुद्दा**

छन्त्याल समुदायमा जुनसुकै मुद्दा, उजुरी सम्बन्धमा अदालतमा जानेको संख्या अत्यन्तै न्यून हुन्छ । अदालतप्रतिको अविश्वास, झन्झटिलो प्रक्रिया आदि कारणले यसो हुन गएको हो । प्रथा परम्परागत

रूपमा हुँदै आएको न्याय सम्पादनको अभ्यास र तथाकथित आधुनिक कानुनी प्रक्रियाबिचको सम्बन्ध न्याय सम्पादनको प्रक्रिया उल्टो-पाल्टो हुने गर्दछ । जसले गर्दा भरसक अदालती प्रक्रियामा छन्त्याल समुदायमा महिला, किशोरीहरू सहभागी हुन चाहँदैनन् । यसो भन्नुको अर्थ छन्त्याल समुदायमा महिला, बालबालिकामाथि हिंसा हुँदैन भन्न खोजिएको होइन । उदाहरणको रूपमा पति-पत्नीबीच झै-झगडा तथा मतभिन्नता हुँदा छन्त्याल संघ, छन्याल महिला संघमा उजुरी आउने गर्दछ ।

छन्त्याल महिला संघ, छन्त्याल संघलाई छन्त्यालको हक, हित, अधिकार, पहिचानको सवाल उठाउँदा झुठा आरोप, लाञ्छना लगाउने कार्य निरन्तर हुँदै आएको छ । उदाहरणको रूपमा छन्त्याल स्वायत्त क्षेत्रको सवाल उठाउँदा सामाजिक सद्भाव खल्बलाउने, जातीय द्वन्द्व निम्त्याउने जस्ता आरोपहरू लाग्दै आएको छ भने छन्त्याल महिलाको अधिकारको सवाल उठाउँदा छन्त्याल महिला अभियन्ताहरू माथि समय समयमा परिवार र समाज भाँड्ने सम्मको टीका-टिप्पणी हुने गर्दछ ।

### महिला आन्दोलन र छन्त्याल महिला

नेपालको महिला आन्दोलन प्रभावकारी रूपमा सन् १९५० को सेरोफेरोबाट सुरु भएको मानिन्छ । नेपालको महिला आन्दोलनले लामो समय महिलाको विविधतालाई उठाउन सकेन । अझै पनि तथाकथित मूलधारे भनिएको महिला आन्दोलनले आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम महिलाको सवाललाई उठाइरहेको देखिँदैन । आदिवासी महिलाको सवालप्रति महिला आन्दोलन अनुदार छ । महिला भित्रको विविधतालाई सम्बोधन गर्नुको सट्टा कतिपय सन्दर्भमा महिला आन्दोलनले विरोध र निस्तेज पार्न समेत उद्यत देखिन्छ ।

### आदिवासी महिला आन्दोलन र छन्त्याल महिला

नेपालको आदिवासी महिला आन्दोलन जातीय, भाषिक, धार्मिक, साँस्कृतिक, राजनीतिक, आर्थिक, लैङ्गिक विभेदको अन्त्यका लागि संगठित अभियान हो । अन्तर्राष्ट्रिय स्तरमा समेत आदिवासी महिला आन्दोलनले आफ्ना सवालहरूलाई निरन्तर उठाइरहेको छ । नेपालमा पनि राष्ट्रिय, प्रादेशिक र स्थानीय तहहरूमा आदिवासी महिलाका सवालहरू निरन्तर उठाइएको छ । जातीय, भाषिक, धार्मिक, साँस्कृतिक, राजनीतिक, आर्थिकसँग सम्बन्धित सामूहिक अधिकार नै आदिवासी महिला आन्दोलनको प्रमुख सवाल हो । आत्मनिर्णयको अधिकार, पहिचान, प्रतिनिधित्व, स्वायत्त शासन आदिवासी महिला आन्दोलनको सवाल हुन् । छन्त्याल महिलाहरूले संस्थागत र व्यक्तिगत रूपले नेपाल आदिवासी जनजाति महिला आन्दोलनमा सन् २००० दशकदेखि प्रत्यक्ष-अप्रत्यक्ष निरन्तर सहभागिता जनाउँदै आएको छ । छन्त्याल महिला संघको स्थापनासँगै छन्त्याल समुदायमा क्रियाशील विभिन्न संगठन/संरचनाहरूमा छन्त्याल महिलाको सवाल र प्रतिनिधित्वको विषय उठाइरहेको छ ।

महिलाको सवालहरू उठाउँदा चुनौतिहरू अवश्य छन् । यसो हुनु पितृसत्तात्मक सोच, चिन्तन र व्यवहारको निरन्तरता हो ।

**लेखकः** *मनमाया छन्त्याल, नेपाल छन्त्याल महिला संघको अध्यक्ष तथा नेपाल छन्त्याल संघको उपाध्यक्ष हुनुहुन्छ र गोविन्द छन्त्याल, आदिवासी जनजाति आन्दोलन र सवालबारे राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा दुई दशकदेखि निरन्तर वकालत गर्दै आएका छन् । उनी नेपाल छन्त्याल संघको सल्लाहकार समेत छन् ।*

# तमु (गुरुङ) महिला (तमूस्यो)

**परिचय**

नेपालमा बसोबास गर्ने विभिन्न आदिवासीहरू मध्ये तमू (गुरुङ) पनि एक हो। नेपालको जनगणना सन् २०११ अनुसार तमू (गुरुङ) हरूको कुल जनसंख्या ५ लाख २२ हजार ६४१ रहेको छ भने महिला २ लाख ८३ हजार ७८० र पुरुष २ लाख ३८ हजार ८६१ रहेको छ। नेपालको कुल जनसंख्याका अनुपातमा १.९७ प्रतिशत रहेको छ।

तमू (गुरुङ) हरूको ऐतिहासिक थातथलो हालको गण्डकी प्रदेश अन्तर्गत पर्ने कास्की जिल्लाको क्होल सोंथर हाल भग्नावशेषको रूपमा मात्र रहेको अवस्था छ। यद्यपि, तमूहरूको ऐतिहासिक थलो गण्डकी प्रसवण क्षेत्र हो भने हाल राजधानी विशेष गरेर काठमाडौं लगायत पूर्वका केही जिल्लाहरूमा समेत बसोबास रहेको तथ्याङ्क पाइन्छ।

नेपालमा वि.सं. १८७१ सम्म नै गुरुङहरूको स्वतन्त्र स्वयत्त गणराज्य कायम थियो भन्ने इतिहास पाइन्छ। जस अन्तर्गत तमूहरूको सान्थागार (सांसद) लाई नालसभा पनि भनिन्थ्यो।

गुरुङहरूको आफ्नै मातृभाषा छ। आफ्नो भाषामा गुरुङलाई तमू भन्दछन्। गुरुङहरू आफ्नो मौखिक शास्त्र प्ये ता ल्हुँता अनुसार लौकिक परम्परालाई पनि मान्दछन्। रोधी, घाटु आदि परम्परागत सामाजिक, साँस्कृतिक चलनहरू हुन्। भेंडापालन परम्परागत पेसा हो भने राडीपाखी बुन्नु महिलाहरूको परम्परागत सीप हो।१

**सिड, सर्ड, सिआरपिडीका सुझावहरूको कार्यान्वयनको अवस्था**

गुरुङ महिलाहरूको सन्दर्भमा हालसम्म अर्थात विगत २०७२ देखि २०७६ पुस सम्मको अवधिमा सिड, सर्ड, सिपिआरडिका सुझाव अन्तर्गत पर्ने विभिन्न बुँदाहरू मध्ये राज्यपक्षबाट कुनै पनि विषयमा अपेक्षित रूपमा कार्यान्वयन भएको पाइएको छैन। राज्यको हरेक संयन्त्रबाट सूचना प्रवाह नै प्रभावकारी नभएको कारण सम्बन्धित वर्ग वा समुदायमा जनचेतनाको अभाव देखिन्छ।

बुँदा ११ (ख) मा उल्लेख भएको सुझाव अनुसार पूर्णरूपमा लागू भएको छैन। बुँदा १९ (क) अनुसार व्यावहारिक रूपमा देखिएको छैन। २०७२ को भूकम्पपछि अस्थायी शिविरहरूमा रहेका गुरुङ महिलाहरूले गैरसरकारी संस्थाहरूबाट केही मानोसामाजिक परामर्श पाएको तर राज्यले आदिवासी महिला विशेषगरी महिला विरुद्ध लैङ्गिक आधारमा हुने हिंसाबाट असर परेकालाई लैङ्गिक आधारमा हुने हिंसा अन्त्य गर्ने कोष (फण्ड) मा उनीहरूको पहुँचको लागि कुनै सचेतना जागरण

विकास गरेको अवस्था देखिदैन र कुनै सेवा लिएको पाइएको छैन । बुँदा २५ (क) मा उल्लेख भएको सुझाव अनुसार पर्याप्त कार्यान्वयन भएको छैन । बुँदा २९ (घ) मा उल्लेख भएको सुझाव अनुसार निर्वाचनको समयमा मात्र आंशिक रूपमा चेतना जागरण गरेको अवस्था छ। बुँदा ३३ (क) मा उल्लेख भएको सुझाव अनुसार शिक्षामा समानता र समावेशीतालाई प्रवर्द्धन गर्ने कार्यलाई पूर्णता दिइएको छैन र अनुगमन पनि भएको देखिदैन । बुँदा ३८ (घ) मा उल्लेख भएको सुझाव अनुसार आंशिक सुधार भएको अवस्था छ। बुँदा ४१ (क) मा उल्लेख भएको सुझाव अनुसार छैन । बुँदा ४१ (ग) मा उल्लेख भएको सुझाव अनुसार प्रक्रिया झन्झटिलो छ । अनुगमन समिति स्थानीय तहका जनप्रतिनिधि लगायत राजनैतिक दलका व्यक्तिहरू राखिएका हुन्छन् । पहुँच नै छैन ।

संयुक्त राष्ट्र संघका जातीय भेदभाव उन्मूलन गर्ने समिति (सर्ड) ले नेपालको १७ औं देखि २३ औं आवधिक प्रतिवेदनका सम्बन्धमा २९ मे २०१८ मा दिएको निष्कर्ष सुझाव अर्न्तगत कुनै पनि विषयमा प्रभावकारी कार्यान्वयनका लागि पहल भएको पाइएको छैन ।

**अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समितिले नेपालको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा निष्कर्ष सुझावको कार्यान्वयनको अवस्था**

सुझाव ८ अनुसार राज्य पक्षले न्यून रूपमा अवलम्बन गरेको पाइन्छ । सुझाव १४ अनुसार उपलब्ध उपायहरू नै प्रभावकारी नभएको र कार्यान्वयन कमजोर छ । सुझाव ४०.१४ अनुसार तथ्याङ्क सङ्कलन गर्न र मापदण्ड विकास गर्नका साथै ती जागिरेहरूको गुणस्तर र खास गरेर आदिवासी महिलाको पृष्ठभूमिबाट आएकाहरू समेतका बौद्धिक र/वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई बेरोजगार भएकाहरूको तुलनामा फाइदा पाए भन्ने सम्बन्धमा बृहत् मूल्याङ्कन गर्न उपयुक्त उपायहरू लिएको देखिदैन । भूमि, भू-भाग तथा स्रोतहरूमा महिलाको स्वामित्व, नियन्त्रण, पहुँच तथा उपयोगको स्थिति पर्याप्त छैन । किशोरी र महिला विरुद्ध भएका दुर्व्यवहार र हिंसाका घटना औपचारिक रूपमा आएको देखिएको छैन । आरोप, उजुरी र मुद्दाहरूः सार्वजनिक रूपमा देखिएका छैनन् ।

**प्रथाजनित कानुन र प्रथाजनित संस्था**

गुरुङहरूको पुरानो प्रथा जनित संस्था नालसभा अन्तर्गत राज्य व्यवस्था सञ्चालन जनवादको आधारमा हुन्थ्यो । उक्त राज्यव्यवस्थाको अभ्यासका बारेमा छलफल, अन्तर्क्रिया आदि गर्ने गरिएको छ, त्यस्तै साँस्कृति परम्परामा रोधी बस्ने जस्ता चलनहरू प्रायः लोप हुदै गइरहेको अवस्था छ । यद्यपि, राम्रा पक्षहरूको अभिलेखीकरण, खोज अनुसन्धान गर्दै आइरहेको छ ।

२०७२ सालको भूकम्पले गुरुङहरूको पुरानो साँस्कृतिक महत्व भएका घरहरू भत्किए । साँस्कृतिक तथा जातीय पहिचान झल्काउन सक्ने संरचनाहरू ध्वस्त हुँदा तमू समुदायको साँस्कृतिक पहिचान माथि ठूलो धक्का पुगेको छ । कुनै समुदायको वा ठाउँको पहिचान भनेको नै त्यहाँ यथावत रहेको परम्परा, संस्कार वा संस्कृति हो जुन विशेष किसिमको हुन्छ । भविष्यमा ती पुस्तौं पुराना भौतिक संरचना नवनिर्माणका लागि आर्थिक अभाव हुन सक्छ । स्रोत, साधन र सीप पनि त्यही अवस्थाको पाउन असम्भव हुन सक्छ । एक सन्दर्भः ७०० घरधुरी गुरुङ (तमू) हरू रहेको गोरखा जिल्लाको लाप्राक गाउँमा भूकम्पले १४७० घरधुरी ध्वस्त र ७२ जनाको ज्यान गएको थियो । त्यहाँ गैर आवासीय संघ (एनआरएन) ले एकै किसिमको ७५३ नमूनाघर बनाइदिएको थियो तर स्थानीय बासिन्दाहरू उक्त बस्तीले पुरानो सौन्दर्यता र आदिवासीको परम्परागत संस्कार, संस्कृति, मूल्य, मान्यतालाई जोड्न नसकेको बताएका छन् । यसले यो पुष्टि हुन्छ, आदिवासीहरूको परम्परागत थातथलो र बस्तीसँग गाँसिएको अन्योन्याश्रित सम्बन्धको महत्व र प्रगाढता ।

भूकम्प पीडितहरूका लागि भनेर सरकारी तथा अन्य बहुपक्षिय तथा द्विपक्षिय सहयोगी संस्थाहरूले जसरी सहयोग गरे । अन्तर्राष्ट्रिय सहयोग जुट्यो तर सरकारको अव्यवहारिक नीति र कार्यान्वयनमा विभिन्न कमजोरीका कारण भूकम्प पीडितहरू वर्षात र जाडोको समयमा कष्टकर जीवन विताउन बाध्य भइरहेका छन् । महिला र बालबालिकामा परेको मनोसामाजिक असरका कारण उनीहरूलाई सामान्य अवस्थामा फर्किन अझै समय लागिरहेको अवस्था छ भने हाल सम्म पनि पुनर्निर्माणको कार्य सम्पन्न भइनसकेको र अपर्याप्त आर्थिक सहयोगले गर्दा ऋण लिएर घर निर्माण गर्दा विपन्न, एकल, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू झनै कठिनाइमा परेको गुनासो रहेको छ । यसरी हेर्दा उचित अनुगमन, मूल्याङ्कन र निर्माणका योजना सही नभएको देखिन्छ ।

**स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (एफपिक)**

स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुर सम्बन्धमा लमजुङको खासुरमा वन परियोजनाले समेटेको छ तर आँशिक रूपमा मात्रा ।२

**सहभागिता र प्रतिनिधित्व**

स्थानीय निकाय (वडा, गाउँपालिका, नगरपालिका र अन्य सरकारी निकाय) प्रदेश सरकार र संघीय सरकार), निजी व्यापारी कम्पनी, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय सहयोगी संस्थाको विकासे परियोजना आदिमा आदिवासी महिलाको सहभागिता र प्रतिनिधित्वको अवस्था न्यून मात्रामा छ । आदिवासीको प्रथाजनित र आधुनिक संघ संस्थामा आदिवासी महिलाको सहभागिता र प्रतिनिधित्वको अवस्था न्यून छ ।

### गुरुङ महिलाको आर्थिक सशक्तिकरणको अवस्था

गुरुङ महिलाहरूको आय आर्जनको लागि परम्परागत सीप राडीपाखी बुन्ने, भाङ्ग्रा बुन्ने थियो । तर हाल धेरैसंख्यामा ग्रामीण भेगमा बस्ने गुरुङ महिलाहरू आफ्नो पुर्ख्यौली सीप राडीपाखी बुनेर आय आर्जन गर्नबाट वञ्चित हुँदै आएका छन् । यसका कारण गुरुङहरूको भेडापालन व्यवसाय पनि सङ्कटमा पर्दै गएको छ । लामो समयदेखि प्रयोग गर्दै आएको चरीचरन (खर्क) सामुदायिक वनले हस्तक्षेप गरेपछि चरणको अभाव हुने साथै राज्यले ती पुराना खर्कहरूमा धेरै कर तिराउने आदि समस्याले गर्दा कतिपय भेडी गोठालोहरूले आफ्नो पेसा छोडेको अवस्था छ । त्यस्तै भेडी गोठालाहरूले आफ्नो चरन क्षेत्र नै परिवतर्न गर्नु परेको अवस्था पनि छ । युवाहरू पनि भेडापालन पेसा छाडेर गोरखा भर्ती र वैदेशिक रोजगारीमा जाने क्रम बढेको छ ।३

### मातृभाषा

मातृभाषालाई प्राथमिकता दिएर राज्यले गुरुङ बालिका, किशोरीलाई मात्र केन्द्रित गरेर मातृभाषाको शिक्षाका लागि प्रयास गरिएको अवस्था छैन । मातृभाषाको कारणले पारिएको विभेदका घटना । खासै छैन । प्राथमिक तहमा कक्षा तीन सम्मको पाठ्यपुस्तक तयार पारिएको भएपनि सबै ठाउँहरूमा सञ्चालनमा ल्याइएको अवस्था छैन ।

### संस्कृति र साँस्कृतिक सम्पदा

भग्नावशेषको रूपमा रहेको ऐतिहासिक थातथलो संरक्षण र प्ये ताँ ल्हु ताको अभिलेखीकरणका लागि विभिन्न प्रयासहरू भइरहेका छन् । करिब लोप भइसकेको रोधी, घाँटु नाच आदि बारे अध्ययन अनुसन्धानको प्रयास जारी छ ।

### अन्तरदेशीय सम्बन्ध

अन्तरदेशीय सम्बन्ध छैन ।

### जलवायु परिवर्तन

प्रायः कृषिमा नै संलग्न हुने भएकाले असमान्य रूपमा मौसम परिवर्तन हुँदा खडेरी, सुख्खा बढ्ने, रोगकिरा लाग्ने आदि कारणले उत्पादनमा कमी भइ अनिकाल, भोकमरी आदि समस्याहरू बढ्दै गएको छ । पुराना, रैथाने जातका बिउबिजनहरू लोप हुदै गएका छन् । पहाडी गाँउहरूमा हुने सुख्खा धान (घैया) प्रायः लोप नै भइसकेको अवस्था छ । अन्न उत्पादन नभएपछि रोजगारीका लागि बसाइँसराइ बढिरहेको अवस्था छ । पानीका मुहान, स्रोतहरू सुक्दै गएका छन् । महिलाहरूलाई

खानेपानीको लागि पहिलेको भन्दा टाढा-टाढा रहेको मुहानसम्म जानु पर्दा समय बढी लाग्ने स्थिति आएको छ । अर्कोतर्फ पहिले पहिले धेरै जाडो हुन्थ्यो भने जलवायु परिवतर्नको कारण गर्मी बढ्दै जाँदा हिमाली तथा पहाडी बस्तीहरूमा जीवन केही सहज पनि भएको बताइन्छ । पहिले नपाइने फलफुलहरू, सागपातहरू पनि पाइन थालेको भन्ने भनाइ छ । यस्ता कुराहरू जलवायु परिवतर्नको सकारात्मक असरभित्र पर्दछन् । बाली फेरेर लगाउने, पानीको मुहान वरिपरिभएका रुख बिरुवा जोगाउने जस्ता क्रियाकलापहरू गरिँदै आएको देखिन्छ ।

**प्राकृतिक विपद**

सन् २०१५ मा गएको महाभूकम्पमा गुरुङ समुदायमा ४१५ जना गुरुङहरूले ज्यान गुमाए ती मध्ये १२१ जना १६ वर्ष मुनिका बालबालिका १५२ जना ६० वर्ष माथिका जेष्ठ नागरिकहरू र १४० जना वयस्क परेका थिए । सबैभन्दा बढी गोरखामा २६५ जना धादिङमा ४८, रसुवामा ४४ र काठमाडौंमा २८ जना गुरुङहरूले भूकम्पमा ज्यान गुमाए । सिन्धुपाल्चोकमा ११, नुवाकोटमा ७, दोलखामा ४, ललितपुरमा २, लमजुङमा २, काभ्रेपलाञ्चोकमा २ चितवनमा १, रामेछापमा १ जना । (महिला र पुरुषको छुट्टै संख्या उपलब्ध नभएको)४ । बाढी पहिरो लगायतका अन्य प्राकृतिक प्रकोपका बेला राज्य, गैरसरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय सहयोगी संस्थाहरूबाट भए गरेका सहयोग र भेदभाव तथा अन्यायका घटनाहरू छैनन् ।

**गुरुङ महिलाको सशक्तिकरण**

विभिन्न विदेशी सहयोगी निकाय, स्थानीय निकाय, सरकार आदिको तर्फबाट भएका राम्रा कामहरू मध्ये गुरुङ महिलाहरूलाई आफ्नो संस्थाको पञ्च वर्षीय आवधिक योजना बनाएर सोही अनुसार कार्यक्रम गर्न सजिलो भएको छ । उल्लेखित विषयहरू जस्तैः बेइजिङ कार्ययोजना, दीगो विकास लक्ष्यहरू, पञ्च वर्षीय लगायतका आवधिक योजना, र संघीय, प्रदेश स्थानीय सरकार आदिबारे सचेतना जागृत भएको छ ।

**महिला आन्दोलन**

महिला आन्दोलनले उठाएका आदिवासी महिलाको सवाल, सहयोगमा ऐक्यबद्धता रहेको छ ।

**आदिवासी महिला आन्दोलन**

आदिवासी महिला आन्दोले उठाएको राष्ट्रिय (संघीय), प्रदेश र स्थानीय तथा अन्तर्राष्ट्रिय तहहरूमा उठाएका सवालहरू सम्पूर्ण आदिवासी महिलाहरू कै सवाल भएकाले छुट्टै विशेष देखिएको छैन ।

**स्रोतः**

१. अधिवक्ता भविश्वर गुरुङ, (रिमै कए) नयाँ संविधान निर्माणमा गुरुङ (तमू) हरूको भूमिका, २०७२

२. (मौखिक सूचनामा आधारित)

३. कास्की, घान्द्रुक भेडीगोठालो सान बहादुर गुरुङसँगको अन्तर्वार्ता, २०७३ साल

४. गुरुङ न्युज डटकम, २०७२ र तमू सन्देश, २०७२

अन्य : जुम बैठक २०७७, कार्तिक २०

**लेखकः** *डा. चेत कुमारी गुरुङ, नेपाल गुरुङ (तमू) महिला संघ, केन्द्रीय समिति काठमाडौं, नेपालको महासचिव हुनुहुन्छ ।*

# तामाङ महिला (तामाङस्या)

**परिचय**

नेपाली समाजमा आदिवासी जनजाति महिलाको अवस्थाको बारेमा बृहत् अध्ययन अनुसन्धान हुने क्रम सुरु भएको छ। आम नेपाली महिलाहरूभन्दा आदिवासी जनजाति महिला फरक समाज, भाषा, संस्कृतिमा हुर्किएको हुनाले उनीहरूको समाजलाई बुझ्ने, हेर्ने दृष्टिकोण समेत फरक रहेको छ। नेपाली हिन्दु समाजमा महिलालाई हेर्ने दृष्टिकोणभन्दा आदिवासी जनजाति समाजमा महिलालाई हेर्ने दृष्टिकोण र गरिने व्यवहार समेत फरक रहेको पाइन्छ। हिन्दु महिलाको तुलनामा आदिवासी जनजाति महिला सामाजिक, साँस्कृतिक एवं आर्थिक रूपमा स्वतन्त्र रहेको छ भनेर भन्ने पनि गरिन्छ। यद्यपि, आदिवासी जनजाति महिलाको बारेमा गहन अध्ययन प्रारम्भिक चरणमा मात्र रहेकोले यहि हो भनेर भन्न सकिने अवस्था देखिँदैन। जसले गर्दा आदिवासी जनजाति महिलाको वास्तविक अवस्था आम रूपमा उजागर हुन सकेको छैन। आम आदिवासी जनजाति महिलाको बारेमा समेत बृहत् छलफल, बहससँगै अध्ययन अनुसन्धानको अभाव रहेको अवस्थामा पनि तामाङ महिला कै बारेमा झनै निकै कम मात्रामा बहस भएको अवस्थामा आम आदिवासी जनजाति महिलाहरूको अवस्था र तामाङ महिलाको अवस्थामा कुनै भिन्नता देखिदैन।

जनघनत्व अनुसार तामाङ जाति काठमाडौं उपत्यका र त्यस आसपासका जिल्लाहरू मकवानपुर, रसुवा, धादिङ, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुली, सिन्धुपाल्चोक, रामेछाप, दोलखा लगायतका जिल्लाहरूमा बसोबास रहेको छ। त्यसैगरी धादिङ, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुली, सिन्धुपाल्चोक, रामेछाप, दोलखा लगायतका जिल्लाहरूमा बसोबास रहेको छ भने सर्लाही, महोत्तरी, धनुषा, रौतहट, बारा, पर्सा, चितवन, उदयपुर, सिराह, सुनसरी, मोरङ, इलाम जिल्लामा समेत उल्लेख्य बसोबास रहेको पाइन्छ। तथापि, आर्थिक, सामाजिक राजनीतिक क्षेत्रमा सिङ्गो तामाङ जातिलाई नै पछाडि पारिएको अवस्था रहेको छ भने तामाङ महिलाको अवस्था सकारात्मक छ भनेर भन्न सकिने स्थिति नै छैन। जनगणना २०६८ को अनुसार तामाङ जातिको जनसंख्या १५ लाख ३९ हजार ८ सय ३० रहेको छ। आदिवासी जनजातिहरूमध्ये थारु र मगरपछिको धेरै जनसंख्या रहेको तामाङ जातिले कुल जनसंख्याको ५.८ प्रतिशत ओगटेका छन्। जसमा तामाङ महिलाको संख्या ७ लाख ९४ हजार ९ सय २२ रहेका छन्। तामाङहरूको ऐतिहासिक थातथलो अर्थात भूगोल भनेको ताम्सालिङ/तामाङसालिङ हो। तामाङहरूको ऐतिहासिक ताम्सालिङ/तामाङसालिङको भू-भाग अर्थात दुधकोशी र लिखु नदिको पश्चिमदेखि बुढीगण्डकी पूर्वमा अवस्थित भूमि रहेको दाबी

तामाङहरूको छ । तामाङ जाति याम्बु (काठमाडौं) र यसको आसपासको क्षेत्रको आदिम आदिवासी हो भन्ने सबुत विभिन्न तथ्याङ्कहरूले प्रमाणित गरिसकेका छन् ।

**सिड, सर्ड, सिपिआरडीका सुझावहरूको कार्यान्वयनको अवस्था**

स्थानीय स्तरमा राज्य तहबाट र अन्य संघसंस्थाहरूले स्थानीय तामाङ महिला र आप्रवासी तामाङ महिलालाई नै लक्षित गरेर खासै वित्तीय सहयोग गरेको पाइदैन । स्थानीय निकायमा कानुनी सहायता केन्द्र र जिल्लास्तरमा जिल्ला अदालतमा निशुल्क कानुनी सहायता केन्द्र भएतापनि त्यहाँसम्म पहुँच नभएको अवस्था छ र व्यवहारिक रूपमा सामान्यतया बोलिने भाषामा कानुनी सहायता प्रदान गरेको पाएको छैन । तामाङ जातिको भाषाको उच्चारणमा आकार (..ा) को बढी प्रयोग हुनेहुँदा भाषाकै कारणले गर्दा अदालतमा बयान दिने क्रममा **गाईमरेको भन्नु पर्नेमा गाईमारेको** भन्दा तामाङहरूले कैद सजाय भोग्नुपरेको अवस्था रहेको छ । राज्य स्तरबाट सूचना प्रवाहमा कमी भएको छैन र जनसंख्याको आधारमा आदिवासी महिलामुखी बजेटहरू विनियोजन गरिएको देखिदैन ।

राज्यस्तरबाट ग्रामीणस्तरमा मानव बेचबिखन तथा ओसारपसार र सुरक्षित वैदेशिक रोजगार सम्बन्धी जागरण तथा सचेतनाका कार्यक्रमहरू जति गर्नुपर्ने थियो त्यति गर्न नसक्नुले तामाङ महिलाहरू बेचबिखनमा पर्ने क्रम रोकिएको छैन । बेचबिखनको सञ्जाल बिस्तार हाल आएर खाडीका विभिन्न मुलुक हुँदै युरोप र अमेरिकासम्म फैलिएका छन् जहाँ विभिन्न वहानामा तामाङ महिलाहरू बेचबिखनमा परिरहेका छन् । अपराधिक घटनाहरूलाई रोक्नको निमित्त केही स्थानहरूमा नेपाल प्रहरीले **प्रहरी मेरो साथी** कार्यक्रम मार्फत सचेतना कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ ।

तामाङ महिलाहरूलाई निर्णायक प्रक्रियामा पूर्ण र समान सहभागिताको महत्वबारे सार्वजनिक पदाधिकारीहरू र समग्र समाजको चेतनामा जति जागरण गराउनु पर्दथ्यो तर त्यो गर्न नसकिएको अवस्था छ । सामुदायिक स्वास्थ्य संस्थाको भौगोलिक बनावट असक्त र अपाङ्गतामैत्री नभएको कारण शारीरिक रूपमा असक्त व्यक्तिहरूले स्वास्थ्य सेवा सहज रूपमा लिन सकेका छैनन् ।

महिला स्वास्थ्य स्वयंसेवकहरूको सहयोगमा राज्यले ग्रामीण र दुर्गम क्षेत्रका सबै महिला र किशोरीहरूको  अधिकार र उजुरी गर्न प्रोत्साहन नगरेको अवस्था छ । समलिङ्गी महिला, द्वि लिङ्गी, पारालिङ्गी, यौन पेसामा रहेको र दुर्गम क्षेत्रका महिलाहरूलाई अपहेलन गर्ने, भेदभाव गर्ने र होच्याउने प्रवृत्ति अझैपनि तीव्र रहेको छ । जसका कारण उनीहरू समाजमा खुलेर अन्य व्यक्ति सरह निश्चिन्तका साथ जीवनयापन गर्न सकिरहेको अवस्था छैन ।

### भूमि, भू-भाग तथा स्रोत

भूमि, भू-भाग तथा स्रोतहरूमा तामाङ महिलाहरूको स्वामित्व, नियन्त्रण, पहुँच र उपयोगको अवस्था एकदमै न्यून रहेको छ । शिवपुरी राष्ट्रिय निकुञ्ज विस्तार गर्दा काठमाडौं भोरका तामाङ समुदायको प्रथाजन्य ज्ञान, सीप, पेसा, संस्कार संस्कृति र धर्ममा ठूलो असर परेको छ । वन्यजन्तुकै कारण उनीहरूले आफ्नो जमिनमा खेती गर्न नपाएर विस्थापित हुनु परेको छ भने काठमाडौंको नागर्जुन नगरपालिकामा रहेको तामाङ बस्तिमध्ये झण्डै ५ सय घरधुरीलाई आफ्नो थातथलोबाट अन्य स्थानमा स्थान्तरण गर्ने योजना सरकारले अगाडि ल्याएतापनि त्यसले मूर्तरूप लिन सकेको छैन तरपनि तामाङहरूले पुर्खौंदेखि भोगचलन गर्दै आएको आफ्नो थातथलोलाई छोड्नुपर्ने सरकारको योजनाले उनीहरूलाई वर्षौंदेखि मानसिक र सामाजिक रूपमा समेत त्रसित बनाइ रहेको छ ।

काठमाडौं उपत्यकाको तामाङहरू अहिले पनि भूमिहीन अवस्थामा नै रहेका छन् । जसमा काठमाडौंको साँखुको जहरसिङपौवाका हजारौं तामाङहरूले लामो समयदेखि भोगचलन गर्दै आएको जमिन उनीहरूको नाममा अहिलेसम्म प्राप्त गर्न सकेका छैनन् । उनीहरूले भोगचलन गर्दै आएको जग्गा जमिन एकजना राणाको नाममा रहेको र त्यो जग्गा उनीहरूको नाममा प्राप्त गर्न नसक्दा भूकम्पले क्षति पुऱ्याएको घरको पुनर्निर्माणका लागि समेत समस्या भोग्नु परेको शङ्खरापुर नगरपालिका वडा नं. २ अध्यक्ष श्री सन्त वहादुर वाइबाको भनाइ थियो ।

### तामाङ महिलाहरूमा देखा परेका हिंसाका घटनाहरू

तामाङ समाजमा तामाङ महिलालाई हेर्ने दृष्टिकोण अहिले पनि सकारात्मक पाइदैन । तामाङ महिलाहरू विशेषगरी सिन्धुपाल्चोक र नुवाकोटको महिला तथा किशोरीहरू मानव बेचबिखनमा परी यौन व्यवसायमा संलग्न भएको कारण त्यस समाजका तामाङ समुदायप्रति नकरात्मक धारणा राखिएको पाइन्छ । राणाहरूको दरबारमा तामाङ महिलालाई जसरी दुरुपयोग गरे त्यसको निरन्तरता उनीहरू जहाँ पुगे तामाङ महिलालाई त्यही सम्म पुऱ्याउने काम गरे । त्यसको फलस्वरूपः कालान्तरमा तामाङ महिलाहरू भारत सम्म बेचिन पुगे । त्यसको निरन्तरतामा संख्यात्मक रूपमा भारतमा तामाङ महिलाहरू बेचबिखनमा परिरहेको पाइन्छ । वर्तमानमा आएर भारतमा मात्र नभइ खाडी लगायत अन्य मुलुकहरूमा समेत तामाङ महिलाहरू बेचविखनमा परेको दर बढिरहेको तथ्याङ्कहरूले देखाएको छ । महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन) को २०६५ साल भित्र विभिन्न सञ्चार माध्यममा प्रकाशित बेचबिखन सम्बन्धी समाचार सामाग्रीको अध्ययन प्रतिवेदन अनुसार बेचबिखनमा परेकाहरूमध्ये सबैभन्दाबढी तामाङ समुदायका महिला तथा किशोरीहरू रहेको

छ । आवरणमा वैदेशिक रोजगारीको रूपमा देखिए तापनि वास्तवमा मानव बेचबिखनको नयाँ रूपमा परिणत हुँदै गएको पाइन्छ ।

अन्तरजातीय विवाह गरेका तामाङ महिलाहरूमा आर्थिक, सामाजिक, मानसिक तथा शारीरिक हिंसा धेरै रहेको छ । जसको ज्वलन्त उदाहरण ललितपुर ढोलाहिटीमा आफ्नै जेठाज्यू उज्वल महतले आफनै भाईबुहारी अन्जना लामाको हत्या गरेको घटनालाई लिन सकिन्छ ।

**आरोप, उजुरी र मुद्दाहरू**

अदालहरूमा मातृभाषामा सुनुवाइको व्यवस्था नहुँदा **मरेको** गाई खाएको भन्न नजानेर **मारेको** गाई खाएको भनी बयान दिएकै आधारमा विना कसुर सजाय अझै भोगिरहेका छन् ।

**प्रथाजनित कानुन तथा प्रथाजनित संस्था**

तामाङ समाज बहुलनायकीय प्रणालीमा आधारित रहेको छ । तामाङ समाजमा चार वटा परम्परागत संस्थाहरू रहेका छन् । तिनमा बोन्बो, लामा, ताम्बा र चोहो पर्दछन् ।

**बोन्बो/बोम्बो**: बोन्बो एउटा उपचारक हुन् । बोन्बोले कुनै अमुकको आत्मावरण गरेर भूत र भविष्य वताउने गर्दछन् र देवी देवता, भूत प्रेत र मसान सहित प्राकृतिक तत्वहरूको पूजा गरी विरामीको उपचार गर्दछन् । बोन्बो महिला वा पुरुष दुवै हुन सक्छन् ।

**लामा**: लामा बुद्ध धर्मद्वारा दीक्षित पुरोहित हो । तामाङ समाजमा लामाले गर्ने कार्य न्वारण, छेवार र मृत्यु संस्कार हुन । उल्लेखितमध्ये लामाको महत्वपूर्ण भूमिका मृत्युसंस्कारसँग जोडिएका कार्यसम्पन्न गर्नुरहेको हुन्छ । तामाङ जातिको धार्मिक परम्परा र पदसोपनमा लामा अत्यन्तै सम्मानित पद मानिन्छ । तामाङहरू लामालाई अत्यन्तै आदरार्थी शब्दहरू प्रयोग गरेर सम्बोधन गर्ने गर्दछन ।

**ताम्बा**: तामाङ समाजको सामाजिक व्यवस्थापनको ऐतिहासिक मूल्य मान्यता र संस्कारहरूलाई जोगाउने कार्य ताम्बाले गर्दछ । ताम्बा तामाङ समाजको मर्मज्ञ, प्रतिपालक, इतिहासकार, धार्मिक र सामाजिक कार्यको अगुवा, तामाङ विश्व दृष्टिकोणको व्याख्याकार र प्रवक्ता हुन । ताम्बाद्वारा गरिने सबै कर्मकाण्डलाई अभिव्यक्त गर्ने माध्यम गीत वा कैरन हुन । ताम्बाले जीवन र जगतको इतिहासलाई गीत (ताम्बाला ह्वाइ) मार्फत बताउँदछन् ।

**चोहो**: राजनीतिक निर्णय प्रणालीमा चोहो एउटा क्षेत्र वा गाउँको प्रमुख निर्णयकर्ता, प्रमुख नेतृत्व र अगुवा गर्ने व्यक्ति हो । चोहोले समाजमा मेलमिलाप तथा न्याय सम्पादन, सामाजिक र सामुदायिक सन्तुलन कायम गर्ने र प्राकृतिक सन्तुलन कायम गर्ने कार्यहरू गर्दछन । इतिहासलाई पल्टाएर हेर्दा

चोहो प्रणालीमा महिला चोहो भएको पाइएको छैन । हाल आएर यो चोहो प्रणाली हराउँदै गएको अवस्था छ । –तामाङ संस्कार (परशुराम तामाङ)

**स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (एफपिक)**

तामाङ समुदायमा विकासका कुनै योजना आयोजनाहरू सञ्चालन गर्दा पुरुषहरूलाई मात्र सामेल गराउनुले तामाङ महिलाहरू यस महत्वपूर्ण कार्यमा वञ्चित हुनुपरेको छ । यस कार्यमा महिलाको सहभागिता र नेतृत्वलाई प्राथमिकता दिएको पाइँदैन ।

**सहभागिता र प्रतिनिधित्व**

स्थानीय निर्वाचनमा तामाङ महिलाको सहभागिता केही मात्रमा देखिए तापनि संघ र प्रदेश स्तरमा सहभागिता र प्रतिनिधित्व न्यून रहेको छ ।

तामाङको प्रथाजनित संस्थाहरूमा पनि अन्य समुदायमा जस्तैगरेर पुरुषहरूको नै वर्चस्व रहेकोले प्रथाजनित संस्थामा महिला प्रमुख अहिलेसम्म भएको छैन । अन्य संघ संस्थामा केही मात्रमा प्रतिनिधित्व गराएको देखिन्छ ।

**तामाङ महिलाको आर्थिक सशक्तिकरणको अवस्था**

तामाङ समाजमा छोरीचेलीले (भ्मो/जो) पेवा बनाउने र पेवा राख्न पाउने परम्परा छ । भ्मो/जो अर्थात पेवा तामाङ छोरीचेलीको निजी सम्पतिको रूपमा स्थापित छ । जसले आर्जन गर्छ, पेवामा उसैको हक हुन्छ । पेवा माथि आमाबुबा, दाजुभाई, माइती, लोग्ने, छोरा नाति र परिवारका अन्य कुनैपनि सदस्यको हक लाग्दैन । तामाङ समाज र संस्कृतिले छोरीचेलीको पेवा माथि अन्य कसैको पनि हक स्थापित गरेको छैन अर्थात तामाङ समाजले तामाङ महिलालाई पेवा मार्फत आर्थिक हक स्थापित गरिदिएको छ । यो सामाजिक परम्पराको रूपमा स्थापित तामाङ संस्कृति हो, मूल्यमान्यता पनि हो । पेवा पराम्पराले गर्दा नै तामाङ महिलाहरू आर्थिक रूपमा सबल र सक्षम छन् । पेवा भनेको पेवा नै हो दाइजो होइन । दाइजोमा आफ्नो श्रम हुदैन, दानदक्षिणा वा दयामाया मात्र हुन्छ । पेवा सानै देखि श्रममूलक, स्वआर्जित र सञ्चित छोरीचेलीको निजी सम्पति हो । यो निरन्तर श्रम तथा व्यवहारले जोहो/संरक्षित गरेर राखेको हुन्छ । पेवाले तामाङ महिलालाई अधिकार सम्पन्न बनाएको छ र आर्थिक रूपमा पनि सक्षम तुल्याएको छ । सामाजिक तथा साँस्कृतिक रूपले पनि उनीहरूलाई मानसम्मान, इज्जत प्रदान गरेको छ । –अमृत योञ्जन तामाङ (उज्यालो यात्रामा तामाङ महिला)

**मातृभाषा**

सन् २०११ को जनगणना अनुसार तामाङ भाषा बोल्ने वक्ताको संख्या १३ लाख ५३ हजार ३ सय ११ रहेका छन् । लामो समयसम्मको भाषिक दमन र उत्पीडनको बीचमा पनि तामाङहरूले आफ्नो भाषालाई जोगाउन सफल भएका छन् । नेपालको संविधानको भाग ३ अन्तर्गत दफा ३१ (५) ले मातृभाषामा शिक्षा लिन पाउने आधिकारलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ । जस अनुरूपमा मातृभाषामा शिक्षा लागू गर्ने अधिकार स्थानीय तहलाई दिएको छ । मातृभाषामा शिक्षा लागू गराउन सम्बन्धित जातीय संस्था लागि परेतापनि स्थानीय निकायहरूको ध्यान पूर्णरूपमा जान सकेको छैन । मातृभाषामा शिक्षा लिन नपाएकै कारण स्थानीय स्तरका तामाङ समुदायका बालबालिकाहरूले विद्यालय छोड्ने क्रम जारी नै रहेको छ ।

**संस्कृति र साँस्कृतिक सम्पदा**

नेपालको संविधानमा धर्म निरपेक्षतालाई स्थान दिए पनि राज्यले अघोषित रूपमा हिन्दु धर्मलाई नै प्रोत्साहन गरेका कारण तामाङ संस्कृतिमा हिन्दु संस्कृतिको हाबी हुदै आइरहेको छ । पछिल्लो समयमा गरीवीका कारण तामाङहरू क्रिश्चियन धर्ममा लागिरहेको छ ।

धार्मिक रूपमा संरक्षण गर्नुपर्ने गुम्बा, चैत्य र म्हानेहरू संरक्षण गर्न सकिएको छैन । ती सम्पदाहरूको सही संरक्षण नहुँदा त्यसबाट विकास हुनुपर्ने धार्मिक क्रियाकलापहरूमा प्रभावकारी विकास हुन सकेको छैन ।

**अन्तरदेशीय सम्बन्ध**

तामाङहरू नेपालमा मात्र होइन विश्वका विभिन्न मुलुकमा छरिएर रहेका छन् । परापूर्वकाल देखि भारतको दार्जलिङ, सिक्किम, मेघालय, आसम लगायत विभिन्न राज्यमा बसोबास गरिरहेका छन् । भारतमा मात्र तामाङहरूको जनसंख्या झण्डै २० लाखको हाराहारीमा रहेका छन् । चीनका केही भू-भागमा समेत तामाङहरूको बसोबास रहँदै आएको छ । भूगोलको हिसावले टाढा रहेपनि संस्कार र सांस्कृतिक रूपमा भारत र चीनसँगको सम्बन्ध राम्रो नै रहेको छ । जहाँ जस्तो अवस्थामा रहेपनि आफ्नो संस्कार संस्कृति भूलेका र छोडेका छैनन ।

यी दुई देशबीच समस्याको कुरा गर्नुपर्दा भारतमा धेरै तामाङ महिलाहरू राणाकालिन समय देखि हाल सम्म पनि बेचबिखनमा परेका छन र हाल आएर चीनको विभिन्न सहरका डान्सबारहरूमा नाच्ने वहनामा तामाङ महिलाहरू बेचबिखनमा परिनै रहेका छन् ।

## जलवायु परिवर्तन

जलवायु परिवर्तनका कारण असन्तुलित तापक्रम हुदा माटोको उर्वरतामा ह्रासआएर अन्नबालीको उत्पादनमा कमी हुनुले वर्षभरीलाई पुग्ने उब्जनी नहुदा खाद्यान्नको सङ्कट सृजना भएको छ। पुख्र्यौली तथा परम्परागत बिउबिजनहरू समेत नास हुदै गइरहेको अवस्था छ । जसका कारण आदिवासीको परम्परागत पुर्खौली अन्न र खानाका प्रकारहरू दिनानुदिन लोप हुदै गइरेहेको छ । वर्षभरी दुःख गर्दा पनि खान नपुग्दा स्थानीय व्यक्तिहरू कामको खोजीमा सहर बजार हुदै अहिले वैदेशिक रोजगारीमा जानेक्रम तीव्र गतिमा बढेको छ । असुरक्षित रूपमा गराइने र गरिने वसाइँ सराइका कारण मेनपावर कम्पनी र दलालहरू (एजेन्टहरू) को फन्दामा परी कतिपय व्यक्तिहरू झन समस्यामा परेका छन । नयाँ ठाउँमा र नयाँ समुदायमा भन्ने वित्तिकै काम नपाउने, भाषिक तथा समाजिक समस्याहरू खेप्नु पर्दा झनै समस्यामा यो समुदाय पर्न थालेको स्थिति रहेको छ ।

## प्राकृतिक विपद

तामाङहरू भौगोलिक रूपमा पहाडी भूभागहरूमा बसोबास गर्ने भएकाले उनीहरूले विभिन्न प्राकृतिक विपद्हरूसँग दैनिक जस्तै सामाना गर्न बाध्य हुनु परेको अवस्था छ । पटकपटक हुने आगोलागी, बाढी, पहिरो, भूकम्प, महामारी जस्ता अनेकौं प्रकारका प्राकृतिक विपद्का कारण यस जाति आर्थिक, सामाजिक, शैक्षिक रूपमा झनै पछि पर्न बाध्य हुनुपरेको छ । त्यसभित्र पनि तामाङ महिला र बालबालिकाले यस प्रकारका प्राकृतिक विपद्बाट पुरुषहरूको तुलनामा बढी प्रताडित हुनु परेको धेरै उदाहरणहरू पाइन्छन् । यस्ता अनेका खालका विपद् झेल्न बाध्य तामाङ र तामाङ महिलाहरूको उद्वार, पुर्नस्थापना गराउने कुरामा सम्बन्धित निकायको खासै ध्यान जान सकेका छैनन् । उदाहरणका लागि सन् २०१५ को महाभूकम्प पछि विभिन्न संघसंस्था दिने सहयोग भौगोलिक सुगमता भएका स्थानहरूलाई मात्र प्राथमिकतामा वितरण गर्दा विकट तामाङ वस्तीहरूमा आवश्यक मात्रमा सहयोग उपलब्ध हुन सकेको छैन ।

## तामाङ महिलाको सशक्तिकरण

नेपालमा महिलाको सरोकारलाई लिएर विभिन्न प्रकारका सरकारी तथा गैरसरकारी संघसंस्था स्थापना भएका छन् । महिला र त्यसमा पनि तामाङ महिलालाई नै लक्षित गरेर बृहत् परियोजनाहरू तयार गरी सञ्चालन गरेको पाइदैंन । संघस्तरमा महिलाका लागि सञ्चालित गैरसरकरी संघसंस्थाहरूले आदिवासी महिला, तामाङ महिलाहरू लक्षित योजना तथा कार्यक्रम सञ्चालित गर्ने नभइ समग्र महिलाको सवालमा वकालत गरेको देखिन्छ । स्थानीयस्तरमा स्थानीय तहले महिला, दलित,

आदिवासी जनजातिको लागि कार्यक्रम तर्जुमा गरेतापनि त्यसको प्रभावकारी कार्यान्वयनको अभावमा परिणाममुखी उपलब्धि हासिल हुन सकेको छैन ।

**आदिवासी महिला आन्दोलन**


आदिवासी महिलाका संघसंस्थाहरू बाहेक मूलधारका महिला आन्दोलनले आदिवासी महिलाका मुद्दाका विषयहरू उठान गरेको पाइदैन । स्थानीय तह, संघ, प्रदेश तथा अन्तर्राष्ट्रिय स्तरमा नै तामाङ महिला भएकै कारण भाषिक, साँस्कृतिक, आर्थिक र राजनितिक विभेद खेप्नु परिरहेको छ ।

**लेखकः** *मायालु तामाङ, नेपाल तामाङ महिला घेदुङको सचिव हुनुहुन्छ ।*

# थकाली महिला (तम्हाङ्स्या)

**परिचय**

थकाली आदिवासीको ऐतिहासिक थातथलो थासाङ नेपालको हिमालपारीको क्षेत्र मैताङ (मुस्ताङ) हो । सन २०११ को नेपालको राष्ट्रिय जनगणना अनुसार थकालीको कुल जनसंख्या १३,२१५[1] मा ७,०५८ महिलाको जनसंख्या रहेको छ ।[2] थकाली सेवा समिति केन्द्रद्वारा लिएको थकाली जनगणना २०७२ अनुसार १०,४१६ (५,२८८ पुरुष र ५,१२८ महिलाको) जनसंख्या रहेको छ ।[3] थकालीको परम्परागत धर्म बोन अर्थात ट्होम (झाक्री) प्रथा[4] र घम्प (तेह्रमुखिया) प्रणालीबाट प्रथाजनित शासनमा[5] आधारित छ । थकाली महिला संघ केन्द्र, थकाली महिलाहरूको सामाजिक, साँस्कृतिक, आर्थिक र राजनीतिक हक र अधिकारलाई सम्बर्द्धन र प्रवर्धन गर्ने प्रतिबद्धताका साथ वि.सं २०५६ सालमा स्थापना भइ जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएको मुनाफा रहित संस्था हो ।




**सिड, सर्ड, सिआरपिडीका सुझावहरूको कार्यान्वयनको अवस्था**

राज्यबाट समग्रमा सिड, सर्ड, सिआरपिडीका सुझावहरूको कार्यान्वयनको अवस्था अर्थपूर्ण रूपमा भएको छैन ।

स्थानीय तहमा वित्तीय सस्थाको स्थापना भएतापनि ढिकुरी (प्रथाजनीत संस्था) ले गर्दा वित्तीय सहयोगको आवश्यकता नभएको अवस्था छ । २०२१ सालमा भूमि सुधार लागू हुनु पुर्व मैताङ क्षेत्रमा व्यक्तिगत लालपूर्जा लिने चलन नभएकाले भूमि, भू-भाग र स्रोतमा थकालीको सामूहिक अधिकार रहेको थियो तर बैंकबाट ऋण लिन लालपूर्जाको आवश्यकता हुन थालेपछि सामूहिक भूमि राज्य र व्यक्तिगत जमिन गैर थकालीलाई बेच्ने प्रवृत्ति बढेको छ । महिला सामुदायिक स्वास्थ्य स्वयं सेवकहरूको सहयोगमा राज्यले ग्रामीण र दुर्गम क्षेत्रका सबै महिला र किशोरीहरूको अधिकार र उजुरी गर्न प्रोत्साहन गरेको अवस्था छैन । सामुदायिक स्वास्थ्य संस्थाको भौतिक बनावट पनि अपाङ्गमैत्री छैन ह्वीलचियरका लागि र्याम्प, अपाङ्गतामैत्री शौचालयको अभाव देखिन्छ । नेपालको कुनैपनि सरकारी निकायहरूमा आदिवासीहरूको सहभागिता हुन पाउने अधिकारको कार्यान्वयन भएको छैन । स्थानीय तहको निर्वाचनमा आदिवासीहरूको समान सहभागिताको लागि कुनैपनि व्यवस्था गरिएको छैन ।[6] स्थानीय तहको चुनावमा आदिवासीहरूको प्रतिनिधि भन्दापनि राजनितिक दलको स्वार्थपूर्तिका लागि आदिवासी समुदायका व्यक्तिहरूले उम्मेदवारी दिएका छन् ।

नेपालको संविधान २०७२ ले आदिवासी जनजाति महिलाको अधिकार, विशेषगरी आत्मनिर्णयको अधिकार,[7] सामूहिक अधिकार र पहिचानको आधारमा संघीयतालाई बेवास्ता गर्दै आएको छ । संयुक्त राष्ट्र संघको घोषणापत्र अनुरूप नेपाल सरकारलाई संविधान संशोधन गर्न सुझाव नोभेम्बर १४, २०१८ मा दिएको भएतापनि कुनैपनि अधिकारलाई संशोधन गर्ने लगायत अन्य कुनै प्रयास भएको देखिदैन ।[8] नेपाल सरकारले पारित गरेको संशोधन तथा विधेयकहरूले आइएलओ १६९ वा युएनड्रिपलाई आत्मसात् गरेको छैन ।[9]

**भूमि, भू-भाग तथा स्रोत**

नेपाल सरकारले आदिवासीहरूको स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी प्राप्त नगरी सन् १९८६ देखि लादेको अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना (ACAP) को स्थापना पश्चात थकालीको भूमि, भू-भाग र स्रोतहरूमा भएको सामूहिक नियन्त्रण, प्रयोग र व्यवस्थापन राज्यले गरेकाले प्रथाजनित घम्पको कार्य र जिम्मेवारीलाई सिमित गरेकोले घम्प प्रणाली कमजोर हुँदै गएको छ । मैताङ ("मुस्ताङ") र मनाङका आदिवासीहरूको विरोधको वावजुद पनि सरकारले एक्यापको अवधी सकिए पछि २० फेब्रुअरी २०२० मा फेरी एक वर्षको लागि थप गरेको छ ।

थकाली महिलाको नाममा जग्गाको लालपूर्जा पुरुषको तुलनामा न्यून भएतापनि घरपरिवारको नीति निर्णयमा महिलाको भूमिका निर्णायक हुने भएकोले भूमिको स्वामित्व र नियन्त्रणमा खासै फरक परेको देखिदैन ।

पदमार्गमा रमाउने र मुस्ताङमा लामो समय बिताउन चाहनेहरूका लागि गाडीको आवाज र बढ्दो प्रदुषणका कारणले समस्या उत्पन्न गराएको छ। हिमालमा भएका हिउँ बिस्तारै पग्लने क्रममा छ। यसकारण थकाली महिला, परिवार र समुदायको स्वास्थ्यमा नकारात्मक असर परेको छ। [10]

सडक सञ्जाल जोडेपछि, स्थानीय उत्पादनहरू स्याउ, स्याउका सुकुटी, खुर्पानी, छुर्पी, सिबक्थोन जुस, प्रुमो (टिमुरको छोप), ररि छोप आदिको विक्रि वितरणमा वृद्धि भएको छ ।

जन्मदेखि मृत्युसम्मका संस्कारमा आवश्यक पर्ने वन जङ्गलमा आधारित कच्चा पदार्थ जस्तैः साङ (धुपीको धुलो), धुपीको हाँगा, धोर्छे (धार्मिक झण्डा) का लागि सुकेको रुखको थामो, क्युलफ (रक्सी) उत्पादनका लागि मर्चाको जडीबुटी जङ्गलबाट प्राप्त गर्नका लागि एक्यापको स्वीकृति तथा प्रशासनिक व्यवस्थाको कारणले गर्दा थकाली जातिको धर्म संस्कार सम्पन्न कार्यमा असर गरेको छ।[11]

**प्रथाजनित कानुन र प्रथाजनित संस्था**

थकाली आदिवासीको प्रथाजनित शासन पद्धति घम्प (तेह्र मुखिया) र प्रथाजनित कानुन क्रियाशील छ। यस प्रथामा विगत केही दशक देखि राज्यको प्रभावमा पारिएकोले मिरमुखिया, उप-मिरमुखिया र तहबिल मुखिया र मुखिया भन्न थालिएको छ तापनि घम्प (मुखिया) हरू सबैको उत्तिकै जिम्मेवारी र महत्व हुन्छ।[12]

थकाली सेवा समिति (थ.से.स.) नेपाली वि.सं. २०४० मा दर्ता भएको हो।[13] यो गैर प्रथाजनित प्रतिनिधिमूलक संस्था हो तर यसले घम्पमा आधारित प्रथाजनित संस्थालाई कमजोर बनाउने काम गरेको देखिन्छ। विगतमा एक जना महिला पनि अध्यक्ष भए तापनि केन्द्रीय कार्यकारिणी समितिमा पुरुष थकालीको वर्चस्व रहेको छ। साथै थकालीको चार जात (ट्हिम्चन, साल्गी, च्योकी र प्हुर्की) को आ-आफ्नो क्ह्यूमा पनि पुरुष नै ठूलो (मुख्य व्यक्ति) हुने र क्ह्यूको अन्य पदाधिकारीमा पनि पुरुषको नै वर्चस्व रहेको छ।

घम्प प्रणाली अत्यन्तै लोकतान्त्रिक तरिकाले सञ्चालन गरिएको हुन्छ, गाउँमा आएका विवाद तथा मुद्दा घम्पले नै सुल्झाउने कारणले गर्दा प्रहरी, जि.प्र.का. र अदालतमा कम वा शून्य उजुरी पर्ने गरेको छ।

**स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (एफपिक)**

कुनैपनि विकास परियोजनाको लागि तयार गर्ने योजना, निर्णय, कार्यान्वयन तथा अनुगमन गर्नु पूर्व

राज्य पक्षले घम्पहरूसँग सल्लाह गर्ने गरेतापनि स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी कहिले पनि प्राप्त गरेको छैन । साथै, थकाली महिलाहरूसँग एफपिकको प्रक्रियागत छलफल गरिएको छैन, समाजका केही भद्र भलादमीहरूमा अधिकांश पुरुषको सहभागितामा छलफल गर्ने गरेको देखिन्छ । नेपाल सरकारको संसद, कुनै पनि मन्त्रालय, विभाग वा संरचनाहरूले आदिवासी जनजातिसँग सम्बन्धित योजना तर्जुमा र कार्यक्रमका योजनाको चरणहरूमा एफपिकलाई अवलम्बन गरेको छैन ।[14]

**सहभागिता र प्रतिनिधित्व**

मैताङको थासाङ गाउँपालिकामा र घरपझोङ गाउँपालिकामा छ जना थकाली महिला जनप्रतिनिधि (उपाध्यक्ष र सदस्य) रहेका छन् । घम्प प्रणालीमा दुई जना महिला मुखिया कार्यरत रहेको छ । थकाली सेवा समिति नेपाल (केन्द्र) को कार्यकारिणी समितिमा सात जना महिला (अध्यक्ष, उपाध्यक्ष र कार्यकारिणी समितिको सदस्य) रहेका छन् । थकाली सेवा समिति नेपालको क्षेत्रीय समितिका बीस जनामध्ये दुई जना महिला अध्यक्ष रहेका छन् ।[15] थकाली सेवा समिति अन्तर्गत थकाली महिला परिवार (केन्द्र) स्थापना भइ नेपालको १७ वटा क्षेत्रबाट प्रतिनिधित्व हुने गरी थकाली महिलाहरू यसमा आबद्ध छन् ।

**आदिवासी महिलाको आर्थिक सशक्तिकरणको अवस्था**

थकाली महिलाहरूको पाक कलालाई विशेष बजार प्राप्त भएको अवस्थामा थकाली महिलाहरूको आर्थिक सशक्तिकरणको अवस्था राम्रो रहेको छ तर गैरथकाली समुदायबाट थकाली भान्साघर खोलेर थकाली खानाको मौलिक स्वादको गुणस्तरमा कमी आएको गुनासो थकाली महिलाहरूको छ । आदिवासी प्रविधिबाट जङ्गलमा पाइने च्याउ, जिब्रे साग, जङ्गली लसुन, जिम्बु, भलु फूल आदि टिपेर ल्याउने र तिनलाई उचित तापक्रममा सुकाइ प्याकिङ गरेर बिक्री वितरण गर्ने पनि गर्दछन् ।[16] थकाली महिलाहरू पर्यटन व्यवसाय विशेषगरी होटल तथा रेष्टुरेन्ट व्यवसायमा संलग्न भएका छन् ।

**मातृभाषा**

हाल लगभग ३५ सय जतिले थकाली भाषा बोल्छन् र थकाली भाषा विस्तारै लोप हुने अवस्थामा पुगेको छ । तर विगत केही वर्ष यता काठमाडौंमा थकाली सेवा समिति काठमाडौं क्षेत्रीय समितिको पहलमा थकाली महिलाहरूलाई थकाली भाषाको कक्षा सञ्चालन गरेकोले पहिला थकाली भाषा नबोल्ने धेरै थकाली महिलाहरूले अब राम्रोसँग बोल्न थालेको छ । नेपाल सरकारबाट सञ्चालित जनक शिक्षा सामाग्री केन्द्रले प्राथमिक कक्षाको पाठ्यपुस्तक थकाली विज्ञसँग मिलेर तयार गरेको

छ। त्रिभुवन विश्वविद्यालयको भाषा विभागको प्राध्यापकहरू दानराज रेग्मी, अम्बीका रेग्मी र स्वर्गीय ओमकार प्रसाद गौचनले तयार गर्नु भएको थकाली व्याकरण जर्मनीबाट प्रकाशन भएको छ।

**संस्कृति र साँस्कृतिक सम्पदाहरू**

सख्खर माटोले लिपेको थकालीको मौलिक धिम (घर) लाई जस्ता पाता र आरसिसि ढलानले विस्थापन गरेको छ। आधुनिक घरको निर्माणसँगै थकालीहरूको धिम (घर) को मुल स्थान जस्तै "फुयुङ" (पूजा गर्ने स्थान) र "घुङ्सेर्धा" (मुल खामो) जस्ता परम्परागत स्थानहरू पनि विस्थापित भएको छ। बाटोको विस्तार र प्राकृतिक विपद्को असरसँगै थकालीहरूको खिमि घर (मृत्यु पश्चात अस्तु राखिने विशेष घर) रहेको स्थान पनि जोखिममा परेको छ।

**जलवायु परिवर्तन**

वनमा पाइने सामाग्री सहजै उपलब्ध नहुने, आयातमा भर पर्नु पर्ने, स्थानीय उत्पादनले वर्षभरी खाद्यान्नको माग पुरा गर्न नसक्ने र स्थानीयहरू कृषि पेसा बाट पलायन हुँदै गएकाले थकाली महिलाहरूको खाद्य सुरक्षाको स्थिति थप चुनौतीपूर्ण बन्दै गएको छ। हरेक वर्ष भारी वर्षा हुने, तापक्रममा वृद्धि हुने जस्ता कारणले गर्दा थाकखोल क्षेत्रमा स्याउ उत्पादन घट्नुसँगै[17], नयाँ रोग किराको सङ्क्रमणले गर्दा उवा, फापर, गहुँ र आलु जस्ता बालीहरूको बिउबिजन पनि लोप हुदै गएको छ। पहिला नउम्रने नफल्ने फलफूल, सागसब्जीहरू पनि उब्जिन थालेका छन्। जलवायु परिवर्तनको असरले गर्दा विभिन्न रोगहरू जन्डीस, टाइफाइड भित्रीएको छ। झिँगा र लामखुट्टे आदि किराहरू पनि भित्रीएको छ।

**अनुकूलन र न्यूनिकरणका लागि भएका प्रथाजन्य र आधुनिक प्रयासहरू**

थकाली महिलाहरूले आधुनिक प्लाष्टिक टनेलहरूको प्रयोग गरी तरकारीहरू उत्पादन सुरुवात गरेका छन्। घम्पहरूले जलवायु परिवर्तनको असरमा ध्यान दिएर समुदायका व्यक्तिहरूलाई अनियन्त्रित वन पैदावारको उत्खनन् र प्रयोगलाई नियन्त्रण, पानीको मूलको संरक्षण, नियमित पानीको मूलको अनुगमन, वृक्षारोपण, डढेलो नियन्त्रण, सरसफाइ कार्यक्रम जस्ता क्रियाकलापहरूमा सक्रिय छन्। कोरोनाको माहामारी रोक्न मुस्ताङको नाउरीकोटमा बाहिरबाट मानिस आउन र भित्रबाट अन्यत्र जान घम्प मुखियासहितको समुदायको बैठकबाट स्थान हद जारी गरिएको छ। उक्त नियम उल्लङ्घन गरिएमा जरिवना गर्ने निर्णय गरिएको छ।[18]

**महिला आन्दोलन**

नेपालको मुलधारे महिला आन्दोलनले महिलाभित्रको विविधतालाई आत्मसात् गरेको छैन । नेपालको महिला आन्दोलनले सबै महिलालाई समरूप सामाजिक वर्गको रूपमा प्रस्तुत गरेको छ ।[19] महिलाको पहिचान, पहुँच र प्रतिनिधित्वलाई मुल मुद्दाको रूपमा अगाडि बढाइएको छ तर यसमा विभिन्न जातजाति तथा पहिचान भएका महिलाको सवाललाई प्राथमिकता दिइएको छैन । महिला आन्दोलनले उठाएका कतिपय सवालहरूमा उपलब्धि हासिल भएतापनि सोको लागि सिमित वर्ग र जातिका महिलाहरूको प्रभुत्व रहेको छ ।[20]

**आदिवासी महिला आन्दोलन**

आदिवासी महिला आन्दोलनले मुलधारको महिला आन्दोलनलाई कमजोर बनाउने, महिलाबिचको एकीकरण घटाउने र गुट उपगुट स्थापना गर्ने जस्ता आरोपहरू लागेको छ । आदिवासी जनजाति महिलाहरूको प्रतिनिधिहरू राज्यको तहमा भएतापनि आदिवासी जनजातिको सवाल र मागहरूलाई नउठाउदा आदिवासी जनजाति महिला आन्दोलन प्रभावित बनेको छ ।

**लेखकः** *कृशु गौचन, थकाली महिला संघको महासचिव हुनुहुन्छ ।*

# थामी महिला (थाङ्मी चामइचा)

**परिचय**

दोलखा जिल्ला थामीहरूको उद्गमस्थल हो । परापूर्वकाल देखि नेपालको उच्च हिमाली तथा पहाडी भू-भागमा निरन्तर बसोबास गर्दै आइरहेका छन् । हालको दोलखाको बिगू, कालिञ्चोक, भि.न.पा. र सिन्धुपाल्चोकको त्रिपुरासुन्दरी, भोटेकोशी, र बाह्रबिसे न.पा. नै थामीहरूको घनाबस्ती भएका थातथलोहरू हुन । जस्तैः आलम्पू (बन्दुक लुकाउने ठाउँ), लापिलाङ्ग (लामो समयसम्म सुसेल्नु), बुईतोर्दु (थामी राजाले भूँइमा घुस्सा हानेको ठाउँ), डुम्कोट (थामी राजाको कचहरी गर्ने ठाउँ), आगेको डन्डी (थामी राजाको दरबार भएको ठाउँ), सुसुक्पा (थामीहरूको उत्पति भएको ठाउँ) आदि । थामीहरूले बसोबास गरेका अधिकांश ठाउँको नामाकरण थामी भाषामा हालसम्म यथावत् नै छ । २०६८ सालको राष्ट्रिय जनगणना अनुसार थामीहरूको कुल जनसंख्या २८,६७१ रहेको छ । त्यसमध्ये थामी महिलाहरूको जनसंख्या १५,८७५ रहेको छ । थामीहरूको पुर्ख्यौली थातथलो दोलखा जिल्लाको सुष्याक्षमावती हो । बसाइँ सराइको क्रममा थामीहरू दोलखाबाट सिन्धुपाल्चोक, रामेछाप, लगायतका जिल्लाहरूमा पनि बसोबास गर्दै आइरहेका छन् ।

थामी भाषा लोप भइहाल्ने अवस्थामा रहेको छैन । यस भाषा लेख्य परम्परातर्फ उन्मुख भाषा हो । यो भाषामा हालसम्म २ वटा शब्द-संग्रह प्रकाशन भएका छन् । यस जातिको धर्म यही नै हो भनेर हालसम्म निर्धारण गरिएको छैन । अधिकांश थामीहरू हिन्दु धर्मको दबदबामा रहेका छन् । कुनै-कुनै जिल्लाका थामीहरूले बौद्ध धर्मलाई मान्दै आइरहेका छन् । अधिकांश थामीहरूले आफनो धर्म किराँत हो भनि दाबी गर्दै आइरहेका छन् र उभौली उद्यौलीको दिन हर्षोल्लासका साथ भूमे पर्व मनाउछन् ।

थामी समुदायमा प्रथाजनित कानुनबाट सञ्चालित स्वःसरकार संस्थाहरूको ठूलो भूमिका हुन्छ । जेठाबुढा, कोठ्या, मुल्मि, गोणैचा, जैधन्या, लाङ्मी, दुरामी, स्युन्डुन, मादाल्या, मारुनी, गुरु, बार्मी आदि भएर शासकिय संरचना चलाउँदै आएको प्रमाण पाइन्छ । पछिल्लो समय हिन्दूकरणले गर्दा थामीहरूको प्रथाजनित शासकिय स्वरूप नै हराउने स्थितिमा छ । हाल संस्कारहरू खास गरेर विवाह र मृत्यु संस्कारमा मात्र प्रथाजनित कानुनहरू अवलम्बन गरेको पाइन्छ ।

## थामी (थाङ्मी) स्वायत्त क्षेत्र




### सिड, सर्ड, सिआरपिडीका सुझावहरूको कार्यान्वयनको अवस्था

*सिडको सुझावहरूको कार्यान्वयनको अवस्था*

बुँदा नं. ११ (ख) मा उल्लेख गरिए अनुसार स्थानीय तहमा वित्तीय संस्थाको स्थापना भए तापनि वित्तीय साक्षरताको कमीले गर्दा ग्रामीण भेगका थामी महिलाहरूका लागि वित्तीय सहयोग प्राप्त भएको छैन । बुँदा नं. १९ (क) मा उल्लेख भए अनुसार थामी समुदायको परम्परागत मूल्य-मान्यताहरू माथि गैर-थामीहरूले दबाउने र शोषण गर्दै आइरहेका छन् । तथापि, थामीहरूको परम्परागत व्यवहारमाथि धावा बोल्ने, हिंसा गर्ने, गिज्याउने पात्र र प्रवृतिमाथि राज्यले कारबाही गर्न सकेका छैनन् । जसको कारण थामीहरूको महत्वपूर्ण परम्परागत मूल्य-मान्यताहरू त्याग्दै जानुपर्ने अवस्था सृजना भइरहेको छ । सन् २०१५ को भूकम्पबाट सिन्धुपाल्चोक र दोलखाका थामी बस्तीहरू ध्वस्तभए, मनोरम बस्तीहरू उजाड र खण्डहरमा परिणत भए । जसलेगर्दा थामी महिलाहरूले अत्यन्तै कष्टप्रद दिनहरू विताउनु परिरहेको छ । राज्यको तर्फबाट थामी महिलाहरूको लागि भनेर कुनैपनि जनचेतना जागरणका कार्यक्रमहरू गरेन । जसका कारण थामी समुदाय तथा थामी महिलाहरू निरीह भएर बस्नु परेको तितो यथार्थता छ । वर्तमान अवस्थामा थामी महिलाहरू आर्थिक समस्याका कारण वैदेशिक रोजगारीप्रति उन्मुख हुँदै गएका छन् भने दलालबाट बेचिन लागेको खतरा पनि उत्तिकै बढ्दो छ । केही थामी महिलाहरू विदेशमा गएर नारकीय जीवन बिताइरहेको खबर सुन्नमा आएको छ । तर राज्यले हालसम्म सुरक्षाका लागि कुनै पनि उपायको अवलम्बन गरिएको छैन । यस समुदायका पुरुष

तथा महिलाहरूका लागि कुनै प्रकारको जनचेतना जगाउने कार्यक्रमहरू पनि गरेको छैन ।

सिडको सुझाव बुँदा नं. २९ (घ) मा भए अनुसार थामी महिलाहरूलाई निर्णय प्रकृयाहरूमा पूर्ण र समान सहभागिताको महत्वबारेमा राज्यले कुनै पनि चेतना जागरणका कार्यक्रमहरू गरेको छैन । बुँदा नं. ३३ (क) ले व्यवस्था गरे बमोजिम थामी शिक्षिकाहरूलाई प्रशिक्षण, विद्यालय सुधार योजनाको खाका अनुसार शिक्षामा समानता र समावेशितालाई प्रवर्धन गर्ने कार्यलाई बलियो बनाउन राज्यले थामी महिलाहरूका प्रगतिका लागि प्रेरणा जगाउने खालको कार्यक्रमहरू हालसम्म गरेको छैन । बुँदा नं. ३८ (घ) मा उल्लेख भएको सुझाव अनुसार राज्यले ग्रामीण क्षेत्रका थामी महिला र किशोरीहरूको अधिकारको लागि उजुरी गर्न प्रोत्साहनका लागि स्वास्थ्य सेवा प्रदायकहरूले गर्ने भेदभाव अन्त्य सम्बन्धी जनचेतनाका कार्यक्रमहरू गरेको छैन । राज्य र गैरथामी समुदायका महिलाहरूले व्यापक भेदभाव गरेको छ। बुँदा नं. ४१ (क) मा उल्लेख भए अनुसार राज्यले युएनड्रिप अनुरूप थामी महिलाहरूको आत्मनिर्णयको अधिकार स्पष्ट रूपमा पहिचान गर्न, थामी महिलाहरू स्थानीय तहहरूमा डेलिगेशन गए, जनप्रतिनिधिहरूसँग अन्तर्क्रिया र सम्वाद गरे तर हालसम्म स्थानीय तहबाट सो व्यवस्था गरेको छैन र संविधान संशोधन पनि गरेको छैन । वित्तीय संस्थाबाट पूँजी प्राप्त गर्न धितोका लागि थामी महिलाहरूको नाममा सम्पत्ति (घर जग्गाको लालपूर्जा नहुना) को कारणले गर्दा सो सेवाहरूबाट वञ्चित हुनुपर्ने अवस्था आएको छ। बुँदा नं. ४१ (ग) मा उल्लेख भए अनुसार राज्यले थामी महिलाहरूलाई स्वास्थ्य, शिक्षा, सरसफाइका सेवाहरू, आवास, ऋण र आयआर्जनका अवसरहरू, महिला उत्थानका लागि राष्ट्रपति कार्यक्रममा सहभागिता र समावेश गराइएको छैन ।

**संयुक्त राष्ट्र संघका जातीय भेदभाव उन्मूलन गर्ने समिति (सर्ड) ले नेपालको १७ औं देखि २३ औं आवधिक प्रतिवेदनका सम्बन्धमा २९ मे २०१८ मा दिएको निष्कर्ष सुझावको कार्यान्वयनको अवस्था**

सर्डको बुँदा नं. २३ (ख) मा संविधानको धारा ४२ अन्तर्गत सरकारी निकायहरूमा थामी महिलाहरूको सहभागी हुन पाउने अधिकारलाई सम्मान गर्ने र स्वतन्त्र रूपमा आफ्नो प्रतिनिधि छान्ने अधिकार सुनिश्चित् गर्ने भन्ने सुझाव राज्यले हालसम्म पनि कार्यान्वयन गरेको छैन । बुँदा नं. २३ (ग) आदिवासीको परम्परागत भूमि तथा प्राकृतिक स्रोतमा भएको अधिकार सम्बन्धी विवाद समाधान गर्न आइएलओ महासन्धि नं. १६९ लाई ध्यानमा राखी राज्यले कानुन संशोधन गर्ने समेतका पर्याप्त सहमतिको समाधान फेला पार्न दिएको सुझावको कार्यान्वयन गरेको छैन । अग्रिम जानकारी र मञ्जुरी नै नलिइ दोलखा जिल्लाको स्थानीय तह कालिञ्चोक गाउँपालिकाले कुरी खर्क (चरिचरन भूमि) मा केबुलकार सञ्चालन गर्न र गैर-थामीहरूलाई घर बनाउन, होटेल सञ्चालन गर्न अनुमति दिएर थामीहरूको परम्परागत प्राकृतिक अधिकारमाथि धावा बोलेको छ । केबुलकार सञ्चालनको नाममा

थामीहरूको चरिचरनको भूमि सदाको लागि खोस्ने काम गरेको छ र थामीहरूलाई विस्थापित गर्ने नीति लिएको छ। ग्रामीण सडक सञ्जाल विस्तारको नाममा स्थानीय तह कालिञ्चोक गाउँपालिकाले गरीब थामीहरूको भूमिमा डोजर चलाइ उठिबास र सुकुम्बासी बनाएको र उनिहरूलाई कमाइखाने वैकल्पिक जग्गा जमिनको व्यवस्था नगरी विस्थापन गराएको छ।

थामीहरूका पितापुर्खाहरूले परापूर्वकालदेखि भोगचलन गर्दै आएका चरिचरणको भूमि विस्थापनको बारेमा आवाज उठाउँदा पहुँच र पैसाको बलमा थामीहरूलाई झुट्टा मुद्दा लगाउने डर, धाक धम्की दिने गरेको छ। जसको अगाडि थामीहरू पशु झैं निरीह भएर बस्नु परेको दर्दनाक अवस्था छ। थामी समुदायमा गोरुको मासु खाने प्रचलन परापूर्वकाल देखि नै चलि आएको छ तर यो थामीहरूको साँस्कृतिक अधिकार पनि हो तर अहिले थामीहरूले गोरुको मासु खाएमा राज्यले थामीहरूको साँस्कृतिक अधिकारलाई दमन गर्दै आइरहेको छ। राज्यले सर्डको बुँदा नं. २४ को उल्लङ्घन गरेको छ। सर्डको बुँदा नं. २६ (क) अनुसार थामी महिला शिक्षिकाहरूलाई शिक्षाका सबै तहहरूमा आवश्यक प्राविधिक र वित्तीय सहयोग प्रदान नगरी पूर्ण समावेशीकरणको खिल्ली उडाएको छ।

**अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समितिले नेपालको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा निष्कर्ष अवलोकन**

थामी समुदाय तथा थामी महिलाहरूमा धेरै नै अपाङ्गता भएकाहरू छन्। राज्यले थामीहरूको बसोबास क्षेत्रहरूमा अपाङ्गता सम्बन्धी धेरै कार्यक्रम गरेको भएतापनि थामी अपाङ्गता भएकाहरूलाई पेसा गत प्रशिक्षणका लागि अवसर वृद्धि गर्न, शिक्षामा थामी बालबालिकाहरूको भर्ना समग्रमा वृद्धि गर्ने प्रकारका कार्यक्रमहरू गरेको छैन।

**भूमि, भू-भाग तथा स्रोत**

अन्य आदिवासीको झैं थामीको भूमि, भू-भाग र स्रोत राज्यले कब्जा गरेको जमिनहरू थामीहरूको सामूहिक स्वामित्व र नियन्त्रणमा नभएर व्यक्तिगत लालपूर्जामा गएको अवस्था छ। यसमा पनि महिलाको नाममा जग्गाको लालपूर्जा पुरुषको तुलनामा न्यूनभएको कारणले गर्दा थामी महिलाहरूको हकमा भूमिमा स्वामित्व र नियन्त्रणमा धेरै हदसम्म बन्देज लगाउने गरेको छ। थामी बस्तीहरूमा यूनिड्रिप र आइएलओ महासन्धि नं. १६९ अनुसार थामीहरूबाट स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरी नलिइ सडक सञ्जालले थामीहरूको जग्गा जमिनको क्षति पुगेको व। राष्ट्रिय गौरवको आयोजना माथिल्लो (अपर) तामाकोशी हाईड्रोपावरले सडक विस्तारको नाममा धेरै थामीहरूको जग्गा, जमिनहरूको क्षति गरेको छ। जसको असर प्रत्यक्ष थामी महिलाहरूमा परेको छ। थामी

समुदायले परापूर्वकालदेखि वन जङ्गलको मृग, झारल, घोरल र कालिज सिकार गर्दै आइरहेको थिए तर अहिले वन, जङ्गल सामुदायिक वन र राष्ट्रिय वनमा परिणत भएपछि थामीहरूको प्रथाजन्य ज्ञान, प्रविधि, अभ्यास, पेशा, व्यवसाय र जीविकोपार्जन लगायतमा धेरै नै हानी पुगेको छ ।

### आदिवासी किशोरी र महिला विरुद्ध भएका दुर्व्यवहार र हिंसाका घटना

थामी किशोरी तथा महिलाहरूमा यौन दुर्व्यवहार हिंसाका घटनाहरू धेरै भएका छन् । यसका ज्वलन्त उदाहरण सिन्धुपाल्चोक जिल्ला त्रिपुरासुन्दरी गा.पा. वडा नं. १ का **रिता थामीलाई २०७४ फाल्गुण २५ गते काठमाडौं नक्शाल निवासी बबिन सिंह गडतौलाले पढाउने भनेर ल्याएर बलात्कारगरी हत्या गरेको**, त्यस्तै दोलखा जिल्ला भि.न.पा. १ सुष्पाक्षमावतीकी **सुनिता थामीलाई २०७६ जेष्ठ १३ गते काठमाडौं धापासी निवासी सुमित मैनालीले घरायसी काम गर्दाको समयमा बलात्कारगरी मारेको** । त्यसैगरी दोलखा जिल्ला बिगु गा.पा. ७ का कक्षा ८ मा अध्ययनरत बालिका **दिल कुमारी थामीलाई २०७६ कार्तिक २६ गते शेर्पा र मगर केटाहरूले सामूहिक बलात्कारबाट गर्भधारण भएको र निज अपराधीहरू हालसम्म फरार रहेको ।** यी सबै नश्लीय दुर्व्यवहार र हिंसाका घटनाहरू हुन् । यी र यस्ता साँस्कृतिक दुर्व्यवहार र हिंसाका घटनाहरू थामी समुदाय तथा थामी महिलाहरूमा अनगिन्ति घटेका छन् । यी माथिका तमाम घटनाहरूलाई पैसा र पहुँचको बलमा अपराधीहरूले ढिसमिस गरेर पीडित थामीहरूको अधिकारको हनन गरेको छ ।

### आरोप, उजुरी र मुद्दाहरू

थामी महिलाहरूमा भएको अपराध, हिंसा, बलात्कार र ज्यान लिएको विरुद्धमा अदालत र प्रशासनमा उजुरी हालेपनि मुद्दाको फैसलाको अवस्था भने फितलो अवस्थाको रहेको छ । जस्तैः सिन्धुपाल्चोक जिल्ला त्रिपुरासुन्दरी गा.पा. वडा नं. १ का रिता थामीलाई २०७४ फाल्गुण २५ गते काठमाडौं नक्साल निवासी बबिन सिंह गडतौलाले पढाउने भनेर ल्याएर बलात्कारगरी हत्या गरेको । त्यसतै दोलखा जिल्ला भि.न.पा. १ सुष्पाक्षमावतीकी सुनिता थामीलाई २०७६ जेष्ठ १३ गते काठमाडौं धापासी निवासी सुमित मैनालीले घरायसी काम गर्दाको समयमा बलात्कारगरी मारेको । त्यसतै दोलखा जिल्ला बिगु गा.पा. ७ का कक्षा ८ मा अध्ययनरत बालिका दिल कुमारी थामीलाई २०७६ कार्तिक २६ गते शेर्पा र मगर केटाहरूले सामूहिक बलात्कारगरी गर्भधारण गराएको । यी घटनाहरूलाई पैसा र पहुँचको बलमा अपराधीहरूले मुद्दा ढिसमिस गराइ पीडित थामीहरूको अधिकारको हनन गरेको छ ।

**प्रथाजनित कानुन र प्रथाजनित संस्था**

थामी समुदायमा धेरै अघिदेखि प्रथाजनित कानुन र प्रथाजनित संस्थाद्वारा नै शासकिय संरचनाहरू चल्दै आइरहेको छ । प्रथाजनित कानुन तथा संस्कारहरूमा थामी महिलाहरूलाई नीति निर्माण र निर्णय तहमा लिने गरिन्थ्यो तर अहिले उक्त प्रथा लोपहुने अवस्थामा पुगेको छ। त्यसको संरक्षणका लागि केही प्रयत्नहरू हुन थालेका छन् । थामी अगुवाहरू जन्म संस्कार, विवाह संस्कार र मृत्यु संस्कार सम्बन्धी प्रथाजनित संस्कारहरूको संरक्षण गर्ने प्रयासमा जुटेका छन् ।

**स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (एफपिक)**

स्वतन्त्र, अग्रिम जानकारी र मञ्जुरी नै नलिइ स्थानीय तहले थामीहरूको चरिचरन भूमिमा केबुलकार सञ्चालन गर्न अनुमति दिएको र ग्रामीण सडक सञ्जाल विस्तारको नाममा थामीहरूको भूमिमा डोजर चलाइ उठिबास र सुकुम्बासी बनाएको र उनिहरूलाई कमाइखाने वैकल्पिक जग्गा जमिनको व्यवस्था नगरी विस्थापित गराएको र थामीहरूका पुर्खाहरूले परापूर्वकाल देखि भोगचलन गर्दै आएका चरिचरन भूमिको बारेमा आवाज उठाउँदा पहुँच र पैसाको बलमा थामीहरूलाई झुट्टा मुद्दा लगाउने डर, धाक, धम्की दिने गरेको छ। थामीहरूको चरिचरन भूमि कालिञ्चोकको कुरीमा केबुलकार सञ्चालन गरिएको छ। थामीहरूले आवाज उठाउदा मार्नेसम्मको धम्की दिएको थियो ।

**सहभागिता र प्रतिनिधित्व**

स्थानीय तहहरूमा थामी महिलाहरूको प्रतिनिधित्वको अवस्था कार्यपालिका सदस्य १ जना र सदस्य ५ जनामा मात्र सिमित रहेको छ भने आधुनिक संघ-संस्थाहरूमा थामी महिलाहरू सामाजिक परिचालकमा मात्र सिमित रहेका छन् ।

**आदिवासी महिलाको आर्थिक सशक्तिकरणको अवस्था**

थामी महिलाहरूको आम्दानीको स्रोत काठमाडौंमा जाँड, रक्सी बिक्री गरेर आयआर्जन गर्ने पनि हो । तर अहिले सो कार्यलाई प्रशासनबाट बन्देज गरिएको छ। यदि जाँड रक्सी बेचेको खबर पाएमा थुन्ने, दण्ड जरिबाना तिराउने, रक्सी फालिदिने, घ्याम्पा फुटाइदिने जस्ता कार्यहरू प्रशासनबाट हुने गरेको छ। यस प्रकारको व्यवहारले थामी महिलाहरूको आम्दानीको बाटो बन्द हुन पुगेको छ।

**मातृभाषा**

नेपालको संविधानको भाग ३ दफा ३२ (५) ले मातृभाषामा शिक्षा लिन पाउने अधिकारलाई मौलिक हकका रूपमा उल्लेख गरेतापनि व्यवहारिक रूपमा मातृभाषामा शिक्षा लिने नीति प्रस्ट नभएकाले

थामी बालबालिका र किशोरीहरूमा मातृभाषामा शिक्षाको व्यवस्था गरिएको छैन । यसमा स्थानीय तहले पनि कुनै चासो देखाएको अवस्था छैन ।

### संस्कृति र साँस्कृतिक सम्पदा

थामी समाजमा संस्कृति र साँस्कृतिक सम्पदाहरू जस्तैः थामीहरूको पहिचानको धरोहर भूमे पर्व र बारादेवा (नेमको देवा) को संरक्षण तथा सम्बर्द्धन गर्न कुनै ठोस कार्यक्रमहरू भएका छैनन् जसको कारण मूर्त एवम् अमूर्त साँस्कृतिक सम्पदाहरू लोप हुनेतर्फ गइरहेको छ ।

### अन्तरदेशीय सम्बन्ध

थामीहरूको हालसम्म कुनैपनि देशसँग प्रत्यक्ष अन्तरदेशीय सम्बन्ध छैन । तर अधिकांश थामी बस्ती तिब्बतसँग जोडिएको हुँदा भविष्यमा तिब्बतसँग साँस्कृतिक सम्बन्ध विस्तार गर्ने योजना रहेको छ ।

### जलवायु परिवर्तन

थामी समुदायमा जलवायु परिवर्तनका कारण खाद्यान्न कम उब्जाउ, खेतीपाती र बिउबिजन हराउँदै जाने क्रम बढेको छ । पहिलेका बिउबिजनहरू संरक्षणको लागि गाईभैंसीको मलखाद र सिँचाइहरू प्रयोग गरी जोगाउने प्रथाजन्य आधुनिक प्रयासहरू भइरहेका छन् ।

### प्राकृतिक विपद

सन् २०१५ को महाविनाशकारी भूकम्पले थामीहरूको बस्ती उजाड र खण्डहर बनाएको, करिब ९०० भन्दा बढी थामीहरूको ज्यान गएको थियो । त्यसमध्ये ५७५ जना भन्दा बढी थामी महिलाहरूले ज्यान गुमाएका थिए । विपद्को घडीमा पनि थामी समुदायलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट पर्याप्त राहत प्राप्त भएको थिएन । पहुँचवालाहरूले राहत आफनो पक्षका मानिसलाई वितरण गरेर थामीहरूलाई विभेदमा पारेको घटनाहरू धेरै छन् ।

### आदिवासी महिलाको सशक्तिकरण

थामी महिलाहरूको सशक्तिकरणका लागि सरकार, गैर-सरकारी संस्था, विकास सहयोगी निकाय र संस्थाहरूले कुनैपनि उल्लेखनीय कार्यहरू गरेको रेकर्ड छैन ।

## महिला आन्दोलन

थामी महिलाहरूले आफ्नो सवालको बारे स्थानीय तहबाट पाउने सेवा सुविधाका सम्बन्धमा धेरै पटक आवाज उठायो, स्थानीय तहहरूसँग अन्तरक्रिया र संवाद गरियो तर पनि स्थानीय तहहरूबाट हालसम्म कुनै सुनुवाइ भएको छैन ।

## आदिवासी महिला आन्दोलन

थामी महिलाहरूले निफ र नेफिनसँग मिलेर धेरै पटक आदिवासी महिलाहरूको मुक्ति आन्दोलनमा भाग लिएर आदिवासी महिलाहरूले भोग्दै आइरहेको समस्या र अधिकार स्थापित गर्नका लागि आफ्नो संस्थाको ब्यानर लिएर आफ्नो आवाजलाई उठाइरहेको छ। राज्यको हरेक तहमा थामीहरूको प्रतिनिधित्वको सवाल र थामी स्वायत्त क्षेत्रको सवाल नै थामी महिला आन्दोलनले उठाएको प्रमुख मुद्दा र सवाल हुन ।

**लेखकः** *नानु थामी, नेपाल थामी महिला समाजको केन्द्रीय अध्यक्ष हुनुहुन्छ ।*

# थारु महिला

**परिचय**

थारु जाति नेपालको तराई र भित्री तराईमा सघन रूपमा बसोबास गर्दै आइरहेका छन् । पूर्व पश्चिम तराई क्षेत्रमा सबैभन्दा बढी जनसंख्या भएको जाति हो । यो समुदायको मुल संस्था थारु कल्याणकारिणी सभा नेपाल आदिवासी जनजाति महासंघमा आबद्ध छ भने थारु महिला जागरण केन्द्र राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ) सँग आबद्ध छ ।

यो जाति नेपालको ऐतिहासिक जाति हो । थारु जातिले अरू जाति जस्तै बहादुरीका साथ लडेर मातृभूमि नेपाललाई विदेशी शक्तिहरूबाट बचाएको इतिहास पाइन्छ । यिनीहरू कैयौं वर्ष पहिलेदेखि तराईको घना जङ्गलको भित्री भागमा बसोबास गर्दै आएका छन् । दाङ बस्ने थारुहरूलाई दगौरा थारु भनिन्छ भने त्यहाँ थारुको राज्य नै रहेको प्रमाण पनि फेला परेको छ । नेपालको सन् २०११ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५०४ रहेको छ । जसमध्ये थारुको जनसंख्या कुल जनसंख्या १७,४७,४७० (सत्र लाख सतचालिस हजार चार सय सत्तरी) छ । थारु महिला संस्थाको आँकलन अनुसार थारु महिलाको जनसंख्या करिब ९,००,००० (नौ लाख) रहेको छ । नेपालको कुल जनसंख्या थारु जाति ६.६ प्रतिशत रहेको छ । थारु नेपालको जनसंख्याको तथ्याङ्कमा चौथो ठूलो जनसंख्या हो ।

ऐतिहासिक रूपमा थारुहरू यो देशको भूमिपुत्र नै हुन् । थारु जातिले आफ्नै थारु भाषा बोल्दछन् । थारुहरू प्रकृति पूजक हुन् । यस जातिले थारु भाषा बाहेक अन्य भाषा पनि बोल्ने गर्दछन् । अहिलेको पुस्तामा थारु भाषा कम बोल्ने गरेको पाइन्छ । त्यसैले थारुहरूको भाषाको संरक्षण गर्ने अहिलेको आवश्यकता रहेको छ ।

**सिड, सर्ड, सिआरपिडीका सुझावहरूको कार्यान्वयनको अवस्था**

थारु महिलाहरूलाई सरकारको हरेक निकायमा सहभागी हुने अवसर प्रदान गरेको छैन । थारु महिलाहरूमा राज्यको कानुनी र नीति निर्माणको प्रक्रियाको पर्याप्त ज्ञान छैन । हिन्दू समुदायको प्रभावले प्रथाजनित कानुनी ज्ञान मासिदै गएको अवस्था छ । थारुको प्रथाजनित संस्थालाई संरक्षण र प्रवर्धन गर्नलाई आधिकारिक मान्यता नदिएकै कारण अन्याय भोगेका महिलाहरूको गुनासा र विवादका विषय सामुदायिक तहभन्दा बाहिर लान वाध्यता रहेको अवस्था छ । यसरी नै थारु महिलाहरूलाई विभिन्न वित्तीय संस्थाहरूमा भाषाको कारणले पूर्ण रूपमा समेटन नसकेको अवस्था छ । थारु महिलाले

मातृभाषा बोलिरहेकोले वित्तीय संस्थामा कारोबारका भाषा बुझ्न गाह्रो भएकोले कारोबारमा जोडिन सकिरहेका छैनन् ।

थारु महिलाहरू वैदेशिक रोजगारमा र घरेलु कामदारको रूपमा जीवन यापन गर्न वाध्य छन् । यसैले सिड, सर्ड, सिआरपिडीका सुझावहरू थारु समुदायमा कार्यान्वयन गर्नका लागि राज्यले, गैरसरकारी संस्थाहरू, विकास सहयोगी निकाय/संस्थाहरूले वेवास्ता गर्दै आएको छ ।

२१ (क) अनुसार थारु महिलाहरूलाई लैङ्गिक आधारमा कोषमा पहुँच नभएको, प्रहरी सेवामा प्रवर्धनको लागि लक्षित सचेतना विकास कार्यक्रम गर्न नसकेको देखिन्छ । ३८ (घ) अनुसार स्वास्थ्य सेवा प्रदायकबाट भेदभावको अन्त्य भएको छैन । थारु महिलामा समलिङ्गी, द्वि लिङ्गी र पारालिङ्गी महिला, अपाङ्गता भएका महिलाहरूको कुनै किसिमको स्वास्थ्य सेवा प्रदायक नरहेको अवस्था छ । ४१ (क) थारु महिलाहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघका घोषणापत्र अनुरूप आदिवासी महिलाको अधिकार, आत्मनिर्णयको अधिकार र पहिचान गर्न संविधानमा संशोधन गरेको अवस्था नै छैन । ४१ (ग) मा रहेका हरेक सेवा, सुविधा र अवसरहरू आदिवासी थारु महिलाले कुनै सरकारी इकाईमा पहुँच नभएको कारणले विशेष अवसरहरू सम्बन्धी संवैधानिक प्रावधान अनुसार समय सीमा सहित अनुभव नगरेको अवस्था छ ।

**संयुक्त राष्ट्र संघको जातीय भेदभाव उन्मूलन समतिले दिएको सुझावको कार्यान्वयनको अवस्था**

राज्यले कमलरीहरूको उद्धार, पुनर्स्थापनासँगै शिक्षा, स्वास्थ्य, स्वरोजगारीको व्यवस्था गर्ने नीति तथा कार्यक्रम ल्याएको छ तर प्रभावकारी कार्यान्वयन नहुँदा अझै पनि केही कमलरी दासताको जञ्जिरमा छन् । थारु समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्बर्द्धन तथा थारु समुदायको सशक्तिकरण गर्नको लागि थारु आयोगको आवश्यक व्यवस्था गर्न नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

२३ (ख) मा संविधानको धारा ४२ अन्तर्गत सरकारी निकायहरूमा आदिवासी थारु महिलाहरू स्वतन्त्र रूपमा आफ्नो प्रतिनिधि छान्ने अधिकार सुनिश्चित गर्ने भन्ने सुझावको कार्यान्वयन नै नभएको अवस्था छ । २३ (ग) मा परम्परागत भूमि तथा प्राकृतिक स्रोतहरूमा भएको अधिकार सम्बन्धी आइएलओ महासन्धि नम्बर १६९ लाई कानुनी रूपमा नेपाल सरकारले कानुन संशोधन गर्न सकेको अवस्था छैन । थारु महिलाले आफ्नो परम्परागत सीप, ज्ञान, भूमि तथा प्राकृतिक स्रोतलाई आफ्नो पहलबाट बचाउन संरक्षण गर्न लागेका छन् । २३ (ङ) मा उल्लेख भए अनुसार कार्यहरू नभएको अवस्था छ । २३ (च) अनुसारको आदिवासी थारु महिलाहरूको हिंसात्मक दुर्व्यवहारको

अध्ययन, अनुसन्धान नभएको अवस्था रहेको छ । २४ (क) मा उल्लेख भएअनुसार कार्यहरू नभएको अवस्था रहेको छ ।

**अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समितिले नेपालको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा निष्कर्ष सुझावको कार्यान्वयनको अवस्था**

सुझाव ८ अनुसार अपाङ्गता भएको व्यक्तिहरूलाई परिचयपत्रको पहुँच प्राप्त नभएको, थारु महिलाहरू कुनै सेवा सुविधा, परिचयपत्रको पहुँच सरकारबाट कुनै व्यवस्था भएको छैन । सुझाव १४ राज्य पक्षले कुनै किसिमको व्यवस्था गरिएको छैन । सुझाव ४०.१४ अनुसार अपाङ्गता भएको आदिवासी थारु महिलालाई निजामती सेवाका पदहरूमा कहीं कतै स्थान दिएको अवस्था पाइँदैन ।

**भूमि, भू-भाग तथा स्रोत**

थारु समुदायको पुर्ख्यौली भूमि, भ-क्षेत्र र स्रोतहरू नेपालको तराई दक्षिणी भ-भागमा बढी रहेको छ । चितवनमा थारु समुदायलाई उनीहरूको भूमि भूभागबाट विस्थापित गर्ने माफियाको निकै चलखेलको अवस्था छ । चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण केन्द्र, सिकार आरक्षण केन्द्र, संरक्षण क्षेत्र, थारु बस्ती नजिकै भएका सामुदायिक वन, मध्यवर्ती क्षेत्र आदिले थारुको प्रथाजन्य ज्ञान, प्रविधि, पेसा र धर्म संस्कृतिमा ठूलो असर गरेको छ । जन्मदेखि मृत्यु पर्यन्त आवश्यक पर्ने जङ्गलमा पाउने सामाग्री सालको रुख, वरपिपलको पात, बेलको पात, पहेँलो लहरा, कुरिलो आदि रक्सी बनाउनको लागि प्रयोग गर्ने मर्चा र औषधि उत्पादनको लागि विभिन्न जडीबुटी, दाउरा, घाँस, काठ आदिको उपभोग गर्नबाट वञ्चित भएको छ ।

तराईको थरुहट भूगोलमा शुक्लाफाँट आरक्षण विस्तारको नाममा २०४२ सालमा थारु बस्ती रहेको करिब १४ मौजा सट्टा भर्ना दिने गरी उठाइएकोमा हालसम्म सट्टा भर्नामा दिएको जमिन सरकारले दर्ता गरिदिएको छैन । आरक्षण विस्तारका नाममा सरासर थारु समुदाय (रैथाने) धपाउने र फिरन्तेलाई बसाउने सरकारको नियत रहेको देखिन्छ । यसले गर्दा थारुहरूको भूमि अतिक्रमण भएको अवस्था छ ।

सुकुम्बासीको नाममा फर्जी भूमिहीनल्याई थारुहटको भूगोलमा बसोबास गराउने कार्य २०२७ साल देखि अहिले सम्म निरन्तर जारी छ । यसको मुख्य उद्देश्य थारुहरूको भूगोलमा मतदाताको सन्तुलन गर्नु हो । सामाजिक संरचना परिवर्तन गर्नु हो । जसले समुदायको राजनीतिक अधिकारसँगै उसको जल जङ्गलमा सीधै अतिक्रमण गर्नु हो ।

आदिवासी जनजातिको जल, जङ्गल, जमिनमा पहिलो अधिकार हो तर थरुहट भूगोलमा थारु

महिलाले त्यस अधिकारको उपभोग गर्न पाएको छैन । यसको विपरित बाहिरबाट आइ जङ्गलमा घर बनाउने र विस्तारै जङ्गल फडानी गर्दै खेत बनाएकाहरूलाई सरकारले जग्गा दर्ता गर्ने गरेको छ। हालै भूमि सम्बन्धी ऐनमा अव्यवस्थित बसोबासको नाउँमा जग्गा दर्ता गर्न थप संशोधन गरिएको छ। जसबाट थारुहरूको भूमि अधिकारको अतिक्रमण हुने पक्का छ।

थारुहरूको सघन बसोबास रहेको कैलाली र कञ्चनपुर जिल्लालाई सात नम्बर प्रदेशमा राख्नुको मुल कारण नै त्यस जिल्लाको जङ्गल हो। जङ्गल फडानी गरी फिरन्ते बसाउने मुल उद्देश्य हो। जसमा सरकार मौन छ। यस्ता उदाहरण तराईको थरुहट भूगोलमा यत्र तत्र सर्वत्र छन।

**थारु महिला हिंसाका घटना**

थारु समुदायमा हुने गरेको वादविवाद, झैझगडा, घरझगडा, वैमनस्यता आदि समस्याहरूको नियन्त्रण र मेलमिलाप गराउने बडघर, मुली र मुखियाको अभावमा समुदायमा सानाठूला कैयौं किसिमका शारीरिक मानसिक र सामाजिक हिंसा भइरहेको पाइन्छ। थारु महिलाहरूको सामाजिक र साँस्कृतिक अधिकार र स्वतन्त्रता, आत्मनिर्णयको अधिकार कुण्ठित भएको अवस्था छ।

**प्रथाजनित कानुन र प्रथाजनित संस्था**

आदिवासी थारुको परम्परागत प्रथाजनित संस्था बडघर हो। परम्परागत संस्था बडघर प्रणालीमा अनुशासित रूपमा बस्ने गर्दछन्। थारु समुदायको बडघर प्रथा सदियौंदेखि चल्दैआएको प्रथा हो। यस भित्र प्रथाजनित आफ्नै नियमहरू हुन्छन्। यसलाई गाउँ प्रमुख भलमन्सा भनिन्छ। समाजभित्र भएका, आएका समस्याहरूको समाधान गर्ने गर्दछ। महिलाहरूलाई आजसम्म भलमन्सामा राखेको छैन। राम्रो काम गर्ने भलमन्सा पुनः दोहोरिन पनि सक्छन्।

विकास निर्माणदेखि हरेक सामाजिक कार्य बडघरकै नेतृत्वमा हुन्छ। बडघर प्रथा थारु समुदायको सामाजिक प्रथा हो। राज्यले अझैसम्म कानुनी मान्यता नदिँदा, संरक्षण र प्रवर्धनका लागि कुनै ठोस योजना तथा कार्यक्रम गर्ने चासो नराख्दा बडघर प्रथा कमजोर बन्दै गएको छ। बडघर प्रथा समाज तथा मुलुकको विकासमा क्रियाशील सामाजिक प्रथा भएकोले कानुनी मान्यतासँगै बडघरलाई सामाजिक मेलमिलपकर्ताको रूपमा मान्यता पाउनु पर्दछ।

**स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (एफपिक)**

विकासका नाममा गरिने जुनसुकै परियोजना सम्बन्धी अन्तर्राष्ट्रिय कानुन र व्यवस्थाले सम्बन्धित आदिवासीको एफपिक प्राप्त गर्न अनिवार्य गरेको छ। नेपाल सरकारको संसद, कुनै पनि मन्त्रालय,

विभाग वा संरचनाहरूले आदिवासी जनजातिसँग सम्बन्धित विकास योजना तर्जुमा र विविध चरणहरूमा एफपिकलाई कार्यान्वयन गरेको छैन । विशेषगरी राज्यले थारु समुदायमा एफपिक सम्बन्धी सामान्य जानकारी समेत प्रवाह र स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरी (एफपिक) लिने कार्य गरेको छैन ।

**सहभागिता र प्रतिनिधित्व**

संघीय संसदमा थारु महिलाको सहभागिता र प्रतिनिधित्व रहेको छ। राष्ट्रिय सभामा महिला छैनन् । प्रतिनिधि सभामा महिला ६ जना र पुरुष ४ जना छन् । प्रदेश सभामा ६ जना महिला ४ जना पुरुष रहेका छन् । स्थानीय तहमा प्रमुखमा थारु महिला छैनन् र उपप्रमुखमा केही महिला छन् । थारु महिलाको जातिय जनसंख्याको हिसाबले सहभागिता नरहेको अवस्था छ। बागमती प्रदेश र लुम्बिनी प्रदेशमा थारु महिलाको सहभागिता शून्य अवस्थामा छ। राज्यको स्थानीय निकाय, प्रदेश, केन्द्र वा अन्य सरकारी एवम् गैरसरकारी संस्थाहरूले थारु महिलाको प्रतिनिधित्व र सहभागितालाई सुनिश्चित गरेको छैन। थारु महिलाको मुद्दा, समस्या राज्य संयन्त्रले अवमूल्यन गरेको छ।

**थारु महिलाको आर्थिक सशक्तिकरणको अवस्थाः**

थारु महिलाको मुख्य पेसा कृषि र पशुपालन हो । यस जातिका महिलाहरूको मौलिक परम्परागत पेसा ढकी, मौनी, मचिया र मर्चा बनाउने रक्सी, छाङ र जाँड बनाउने आदि हो। राज्यले घरेलु मदिरा ऐन, २०३१ अनुसार घरेलु मदिरा उत्पादनलाई अवैधानिक बनाएपछि थारु महिलाहरूको आर्थिक सशक्तिकरणमा वाधा पुगेको छ। वन जङ्गलमा गएर जङ्गली सागपात निहुरो, च्याउ (कालो) टिप्न, दाउरा घाँस लिन र माछा मार्न, घोंघी टिप्न जादा राष्ट्रिय निकुञ्ज ऐन, २०२९ र राष्ट्रिय वन ऐन, २०४९ ले निकुञ्ज र संरक्षित क्षेत्र भनेर जान बन्देज गरेको छ। यसबाट थारु महिलाहरूले आर्थिक सङ्कट बेहोर्नु परेको छ।

**मातृभाषाको अवस्था**

नेपालको संविधानको भाग ३ दफा ३२ (५) ले मातृभाषा शिक्षा लिन पाउने अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ। तर हालसम्म राज्यले व्यवहारिक रूपमा कार्यान्वयन गरेको छैन।

**जलवायु परिवर्तनले पारेको असर**

जलवायु परिवर्तनले गर्दा असन्तुलित तापक्रम जस्ता कारणले खोलामा माछा, घोंघी, गंगटो पाउन छाडेको छ। थारु महिलाहरू सङ्कलन गरेको विभिन्न किसिमका जङ्गली सागपात र पड्के च्याउ

आदि पाउन छोड्यो । जलवायु परिवर्तनको असरले कृषि उत्पादनमा कमी, भौतिक पूर्वाधारका लागि संरक्षण, सर्वधन नहुनु, आर्थिक उपार्जनमा समस्या भएकोले थारु समुदायमा आधारभूत आवश्यकता परिपूर्ति गर्न समस्या भएको अवस्था छ ।

**संस्कृति र साँस्कृतिक सम्पदाहरू**

थारु आफ्नै संस्कृति र संस्कारमा रमाउने जाति हो । यस जातिका मुख्य चाडपर्व माघी, तिहार, होली, यमोसा (पितृ औंसी), जितिया आदि हुन् । माघी, जितिया निकै धुमधामसँग मनाउने गर्दछन् । थारु जातिको पुरोहितलाई 'गुरूवा भर्रा पनि भनिन्छ । चाडपर्वमा पुरोहितको ठूलो भूमिका हुन्छ । कुलदेवतालाई घरको मुलीले मात्र पूजाआजा गर्ने चलन छ । 'माघी' लाई मुख्य चाडको रूपमा माघ १ गते मनाइन्छ ।

**अन्तरदेशीय सम्बन्ध**

थारुहरू सीमापारीको भारतमा पनि छन् तर दुवै राज्यका थारु महिलाहरूको अन्तरदेशीय सम्बन्ध हालसम्म भएको छैन ।

**प्राकृतिक विपद**

२०७२ सालको विनाशकारी भूकम्पले जनधनको निकै क्षति पुऱ्याएको थियो । भूकम्प पीडितलाई सरकारले राहत स्वरूप तीन लाख रूपैयाँ प्रदान गरेको छ । यो विनाशकारी भूकम्पले भौतिक क्षति हुनुका साथै आर्थिक र सामाजिक अवस्थामा पनि असर पारेको छ ।

**आदिवासी महिला आन्दोलन**

थारु महिलाहरूको मुद्दा उठाउँदै निरन्तर रूपमा आदिवासी महिलाहरूको सबै किसिमको मुद्दाहरूलाई राज्यको तीनै तहमा प्रतिनिधित्व र सहभागिता गराउनको लागि थारु महिलाले निरन्तर रूपमा सहभागी हुदै सक्रिय भूमिका निभाउँदै आइरहेको छ । मुद्दाहरूमा पहिचान सहितको आत्मनिर्णयको अधिकार, भूमि माथिको अधिकार, भाषा धर्म संस्कार संस्कृतिको संरक्षण र सम्वर्धन परम्परागत ज्ञान सीपको संरक्षण र परम्परागत संस्था तथा प्रथाजनित कानुनको व्यवस्थापन राज्यको हरेक निकायमा समानुपातिक समावेशी र अर्थपूर्ण सहभागिता, प्राकृतिक स्रोतसाधनमा पहुँच, सबै प्रकारको हिंसाको अन्त्य, गराउन सहज भएको छ ।

नेपालको संविधान २०७२ ले आदिवासीको हक अधिकारलाई कुण्ठित गरेकोले आदिवासीहरूले यसलाई कालो संविधान भनि विरोध गर्दै आएका छन् । नेपालको संविधानले महिलाको

अधिकारलाई उच्च प्राथमिकतामा राखेको छ तर आदिवासी महिला भनेर कुनै पनि कुरा उल्लेख गरेको छैन । समावेशी र समानुपातिक प्रतिनिधित्व गराउने भनेको यो आदिवासीको नामले गैर आदिवासी महिलालाई सुनिश्चित गर्नु हो। समावेशी शब्द नै गायब गरिएको अवस्था छ। नेपालको संविधान, ऐन, कानुन थारु महिलाको आर्थिक, सामाजिक, राजनीतिक, प्रथा तथा प्रथाजनित कानुन, भूमि अधिकार, साँस्कृतिक हित विपरीत रहेको छ। नेपाल सरकारले आइएलओ महासन्धिको कुनै पनि धारा र अनुच्छेदको सकारात्मक पालना गरिरहेको छैन भन्ने हाम्रो बुझाइ हो ।

**लेखकः** *फूलमति चौधरी, थारु महिला जागरण केन्द्रका अध्यक्ष हुन् तथा सहयोगी थाबिन्द प्रसाद चौधरी स्वराज अभियान नेपालका संयोजक हुन् ।*

# दनुवार महिला (दनुवार मइला)

**परिचय**

नेपालको भित्री तराईमा बसोबास गर्ने आदिवासी दनुवार महिलाको सामाजिक, शैक्षिक, आर्थिक, धार्मिक, साँस्कृतिक तथा लैङ्गिक लगायत हरेक पक्षको विकास गर्न उनीहरूलाई संगठित गरी अधिकार र न्यायको लागि पैरवी गर्ने, सामुदायिक सशक्तिकरण, सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता र स्वामित्व सुनिश्चित गर्न सहयोग पुऱ्याउने, सरसफाइ तथा वातावरण सम्बन्धी शिक्षा प्रदान गर्ने, उनीहरूको सीप विकास तथा सचेतना अभिवृद्धि गरी सामाजिक न्याय स्थापनामा सहयोग पुऱ्याउँदै समतामूलक समाज निर्माणका लागि विभिन्न सरकारी तथा गैरसरकारी संघ/संस्थासँग समन्वय गर्दै अघि बढ्ने उद्देश्यले २०६० माघ ७ गते स्थापना गरिएको दनुवार महिला समाज सुधार संघ एक मुनाफारहित, गैरसरकारी राष्ट्रिय स्तरको सामाजिक संस्था हो ।

यस संस्थाले उदयपुर जिल्ला स्थिति त्रियुगा नगरपालिका वडा नं. ९ दिपुटोलमा सरस्वती महिला क्लवको साझेदारीमा दनुवार महिला समाज सुधार संघको बजेटले आफ्नै २ कठ्ठा जग्गामा भवन निर्माण गरी केन्द्रीय कार्यालय सञ्चालन गर्दै आएको छ। यो संस्थाको प्रत्येक ३/३ वर्षमा देशभरका दनुवार महिला प्रतिनिधिहरूको भेलाबाट अधिवेशनको आयोजना गरी लोकतान्त्रिक पद्धति, विधि र प्रक्रियाद्वारा नेतृत्व हस्तान्तरण गर्ने गरिएको छ । यस संस्था राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ र समाज कल्याण परिषद्सँग आबद्ध संस्था हो । यसले स्थापनाकाल देखि नै आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, आदिवासी जनजाति महिला महासंघ र अन्य विकास सहयोगी निकाय र संघसंस्थासँगको सहकार्यमा देशभरका दनुवार आदिवासी महिलाको शिक्षा, चेतना, आय आर्जन, महिला अधिकार, कानुनी सचेतना र सामुदायिक विकास निर्माणको क्षेत्रमा काम गर्दै आएको छ ।

**ऐतिहासिकता**

विभिन्न इतिहासकारहरूको खोज अनुसन्धान अनुसार मध्यकालीन सिमरौनगढ राज्यको कर्नाटवंशी राजा नान्यदेवले डोय राज्यको रूपमा एउटा स्वतन्त्र राज्य स्थापना गरेको र उनकै सन्तान नै कालान्तरमा विभिन्न थर, उपथर तथा समूहमा विभाजित भएको अनुमान गरिएको छ । केही इतिहासकार अनुसार द्रोणचार्यका सन्तान नै दनुवार भएको मत पनि छ। संस्कृत भाषाको द्रोनिवार शब्दको नेपाली रूपान्तरण दनुवार भएको भन्ने छ। बुढापाकाहरूको किंवदन्ती अनुसार मत्स्येन्द्रनाथले खाएर बाँकी रहेको दही दुनामा राखेर खोपामा छोड्दा केही दिनपछि त्यस दुनामा एउटा कन्याको

जन्म भएको र त्यही कन्याका सन्तान नै दनुवार हुन गएको भन्ने भिन्न विश्वास पनि छ।

दनुवारहरू प्रायः आफ्नो छुट्टै गुजमुज्ज परेको बाक्लो घरहरूले ढाकेको गाउँलाई बस्ती बनाएर एकैठाउँमा मिलेर बस्छन् । यसरी एकै ठाउँमा मिलेर बस्नुको अर्थ बाहिरी मान्छेबाट हुने आक्रमणबाट बच्नको लागि सामूहिक प्रतिकार गर्ने र एकआपसमा गाह्रोसाह्रो परेको बेला विभिन्न सरसहयोग, अैंचोपैचोको लागि सजिलो होस् भन्ने उद्देश्य रहेको देखिन्छ। चराहरूको सिकार, माछामासु विना दनुवारको घाँटीबाट भात जाँदैन भन्ने मान्यता छ। सग्लो माछा नपाएको बखत माछालाई सुकाइ, सिद्रा बनाएर राखेको सिद्रालाई भुटी पिसेर सितन बनाइ खानामा खाइन्छ। नेपालको पुरानो आदिवासी समुदाय दनुवार जातिको मुख्य उत्पति थलो एकै ठाउँमा भएपनि भौगोलिक बासस्थानका कारण यो समुदायको आफ्नो भिन्न भाषा, संस्कृति र जीवन परम्पराहरू छन् । तर पछिल्लो तथ्याङ्कलाई हेर्ने हो भने उनीहरूको विविधता माथि अतिक्रमण बढ्दै गएको देख्न सकिन्छ। युवा पङ्क्तिको ठूलो संख्यामा अर्काको देखासिकी गर्ने बाह्य संस्कृतिको नक्कल गर्ने प्रवृति समेत बढ्दै गएको छ।

दनुवारहरू आफ्नो ठाउँको मौसम अनुसारको कपडा लगाउँछन् । दनुवार पुरुषले नैनसुतको लगौंटी, कमिज, पटुका, टोपी (ढाका), स्टकोट लगाउँछन् भने महिलाहरू मखमली चोली, पटुका, बुट्टे सारी र गहनामा पाता सुन, छापे सुन, कर्नाफुली, हँसुली, गलहरी, चाँदीको चुरा, जन्तर माला, सिक्रि, हारी, सेली औंठी, कल्ली, ढुङ्ग्रे फुली लगाउने गरेको चलन छ। तर आजभोली बढ्दो सहरीकरणले प्रायः दनुवार युवा, युवतीहरू अन्य पोशाकहरू पनि लगाउन थालेका छन् । प्रायः जेष्ठ नागरीकहरू आफ् नो परम्परागत भेषभूषामै गाउँघरमा देख्न सकिन्छ।

**बसोबासको स्थिति**

नेपालको आदिवासी जनजाति समुदायमध्ये दनुवार जाति कम जनसंख्या भएको अति सीमान्तकृत अल्पसङ्ख्यक समुदाय हो । दनुवार समुदायको कुल जनसंख्या ८४,११५ रहेको छ जो नेपालको कुल जनसंख्याको ०.३१ प्रतिशत हुन आउँछ । पछिल्लो राष्ट्रिय जनगणनाको तथ्याङ्क-२०६८ अनुसार दनुवारहरू देशको ३० जिल्लामा फैलिएर रहेका छन् । दनुवारको मुल थलो पूर्वको उदयपुर, सिराहा, सप्तरी हुँदै धनुषा, सर्लाही, सिन्धुली, दोलखा, मकवानपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र ललितपुर जिल्ला हुन् भने झापा, मोरङ, सुनसरी, महोत्तरी, रौतहट, बारा, धादिङ र चितवन जिल्लामा समेत दनुवार जातिको उल्लेख्य बसोबास रहेको छ।

बसोबासको हिसाबले ठाउँ विशेष अनुसार उनीहरूलाई राई दनुवार, कछाडे दनुवार र सिंह दनुवारको रूपमा चिनिन्छ। कछाड अर्थात पहाडको फेदीमा बस्ने भएकोले कछाड भएको हो भने पहाडे अर्थात राई समुदायको संसर्गबाट राई दनुवार हुन गएको मान्यता छ। राजपुतको संसर्गबाट तराईमा बस्ने

मधेशी सिंह दनुवार बनेको मत छ । तर राई दनुवारहरू आफूलाई राई नभनी पहाडे दनुवार भएको दाबी गर्छन् । सिंह दनुवार नेपालको तराई क्षेत्र सिराहा, सप्तरी, धनुषा, सर्लाही, महोत्तरी लगायतका जिल्लामा बसोबास गर्दछन् भने कछरिया दनुवार सिन्धुली, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही र राई दनुवार काभ्रेपलाञ्चोक, मकवानपुर, नुवाकोट, ललितपुर, धादिङ लगायतको पहाडी जिल्लामा समेत बसोबास गर्दछन् । उनीहरूको बोलीचाली, रहनसहन, भेषभूषा र संस्कृतिमा केही सामान्य भिन्नता पाइन्छन् ।

**सिड, सर्ड, सिआरपिडीका सुझावहरूको कार्यान्वयनको अवस्था**

सिडको सुझाव, संयुक्त राष्ट्र संघको जातीय भेदभाव उन्मूलन गर्ने समिति (सर्ड) ले नेपालको १७ औं देखि २३ औं आवधिक प्रतिवेदनका सम्बन्धमा २९ मे २०१८ मा दिएको निष्कर्ष सुझाव तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समितिले नेपालको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा निष्कर्ष सुझावको कार्यान्वयनको अवस्थाका सम्बन्धमा दनुवार महिलाको सन्दर्भमा ती कुनै पनि सुझावहरू कार्यान्वयन नभएको अवस्था छ ।

**भाषा, धर्म र संस्कृतिको अवस्था**

हाल यो दनुवार जातिको मातृभाषा बोल्ने थोरै संख्यामा मात्र वक्ताहरू भेटिन्छन् । यस भाषाको लिपि विकास हुन सकेको छैन । सिन्धुली जिल्लाको जिल्लागत तथ्याङ्कको स्थान अनुसार यस भाषा बोल्नेको संख्या तेश्रो स्थानमा रहेको देखिन्छ । दनुवारी भाषा भारोपेली परिवार अन्तर्गत मगधी परिवारमा पर्दछ । नथुनी सिंह दनुवारको अनुसार दनुवारले नागरिक लिपि चलाएको र तिरहुत राज्यमा दनुवार भाषा शासकीय भाषा रहेको दाबी गरिएपनि अहिले यहाँको दनुवार भाषाको लिपि छैन । कुल जनसंख्याको ४५,८२१ अर्थात ५४.४७ प्रतिशतले मात्रै दनुवार भाषा बोल्ने गरेको पछिल्लो तथ्याङ्कले प्रष्ट्याएको छ ।

आफुलाई प्रकृति पुजक हौ भनेर दाबी गर्ने दनुवार समुदायको कुल जनसंख्याको ८३.६५ प्रतिशत अर्थात ७०,३६८ जनाले हिन्दू धर्म मान्दछन् भने ९७० जना (१.१५ प्रतिशत) क्रिस्चियन र १२,५४१ (१४.९० प्रतिशत) प्रकृति पुजक छन् । यो समुदायले सदियौं देखि नेपालको तराई र पहाडको बीच भाग भित्री मधेश (खोँज अर्थात दुन क्षेत्र) त्यसमा पनि नदी, खोलाको किनारको भूगोललाई आफ्नो मुख्य थलो बनाउँदै आएका छन् । प्रकृति रिसाएमा समाजमा बिघ्न बाधा, अनिकाल, महामारी हुन्छ भन्ने विश्वास गर्ने यो समुदाय खोला, कोशी, कुवा, बनजङ्गल, सर्प, डिहीघरको पूजा गर्छन् ।

मकै गोड्ने बेलामा सामूहिक रूपले थकान महसुस नहोस भनि रामदल गीत गाउने संस्कृतिलाई

विशेषगरी दनुवार जातिहरूले कोदालो नचाएर रामदल संस्कृतिको रूपमा यस नाचलाई विकास गरेका छन् । कछाडे दनुवारहरू भने धुमरा नाच्छन् । मंसीरमा नयाँ चामल खाने दिनलाई उनीहरू न्वाँगी खाने भन्दछन् । त्यसदिन नयाँ चामलको टीका लगाउने, ठूलो मान्छेबाट टीका लगाएर नाता र उमेरमा सानोलाई आशिष र दक्षिणा दिने मीठो खाने चलन छ । माघे सङ्क्रान्तिमा खोलामा हाँस, कुखुराको बली दिइ पूजा गर्छन् । चैते दशैं, माघे सङ्क्रान्ति, ठूलो एकादशी जस्ता पर्व पनि मान्दछन् तर दशैंमा हिन्दूहरूको नक्कल गरेर जमरा राख्न थालेका छन् ।

**प्रथाजनित पेशा**

घर नजिकको खोलामा माछाको लागि घरूवा थाप्नु, खोला छेकेर दुहाली थुन्नु, सिकारको लागि जङ्गलमा जाल थाप्नु र माछा बस्ने कुरढुङ्गामा ठूलो घनले हानेर माछा मार्नु उनीहरूको पेसा को आफ्नै पुर्खाले अपनाउँदै आएको विशिष्ट कला हो । उनीहरू माछा मार्दा खोलामा बिष हाल्ने, करेन्ट लगाउने जस्ता काम गर्दैनन् किनकी यसबाट माछा नासिने कालान्तरमा माछा लोप हुने तथा स्वास्थ्यलाई समेत हानी पुग्छ भन्नेमा यस समुदाय सचेत छन् । उनीहरू जङ्गलमा कहिलेकाँही सिकार खेल्न जान्छन् तर सिकार खेल्दा ठूलो जालमा पासो थापेर सिकार खेल्ने चलन छ । सिकार खेल्दा बन्दूकको प्रयोग कहिल्यै गर्दैनन् । जालमा परेको सिकारमा कुनै सानो बच्चा अथवा गर्भिणी जनावर परेमा उनीहरू त्यसलाई ठूलो भएर जनावरको संख्यामा वृद्धि होस् भनेर छाडि दिन्छन् । विस्तारै जङ्गल र जलमा गैर आदिवासी समुदायको पहुँचसँगै दनुवार समुदायको यी दुवै पेसा सङ्कटमा परिसकेको छ । त्यसकारण अहिले माछा मारेर जीविकोपार्जन गर्ने दनुवारहरू २, ४ जनाको संख्यामा मात्र छन् । जसले लोकल माछा भनेर हाट बजारमा लगेर बेच्ने र त्यसबाट प्राप्त भएको रकमबाट घरखर्च टार्ने गर्छन् । अहिले दनुवारहरू जग्गा जमिन हुनेले खेती गर्ने, घरपालुवा पशुपालन गर्ने र नहुनेले अर्काको खेतबारी, बजारमा ज्याला मजदुरी गर्छन् । उनीहरूको परम्परागत मुख्य खानामा चाडपर्व वा पाहुना जाँदा कोसेलीको रूपमा चिचौरी चाम्रे लैजाने चलन छ । त्यसैगरी अण्डी धानको चामलबाट जाँड बनाएर कम्तिमा ६ महिना सम्म माटोको घैंटोमा मुख टालेर राख्ने र त्यसबाट निकालिने निगार विभिन्न शुभकार्यमा प्रयोग गर्छन् । अण्डीको निगार दनुवार समुदायमा प्रख्यात छ तर उचित संरक्षण हुन नसक्दा यो चलन लोप हुने अवस्थामा रहेको छ । भर्खरै दनुवार महिला समाज सुधार संघ लगायत दनुवार संस्थाहरूको पहलमा अण्डीको निगारलाई कानुनी मान्यता दिने सम्बन्धमा त्रियुगा नगरपालिका कार्यालयले नीति समेत पारित गरेको छ । अण्डीको निगारको अत्यधिक माग बढनुले यसलाई दनुवार महिलाहरूको आय आर्जनको लागि व्यवसायका रूपमा प्रवर्धन गर्न सकिने सम्भावना देखिन्छ ।

## आर्थिक तथा शैक्षिक स्थिति

प्रकृतिसँग सम्बन्धित रहेर सामान्य कृषि तथा पशुपालन गर्ने यो समुदाय अझै आधुनिक कृषि प्रणालीमा जान सकेको छैन । उनीहरूको जमिनमा पहुँच एकदमै कम छ । जमिनमाथिको स्वामित्व कम भएकोले गर्दा यस समुदाय दैनिक ज्याला मजदुरीमा बढी आश्रित हुनु परेका छन् । अझ कमाइ गर्ने दनुवार महिलाको संख्या ज्यादै न्यून देखिन्छ । उनीहरू जङ्गली बाँसबाट डाली, मान्द्रो, ढक्की लगायत अन्य सजावटका सामाग्री निर्माण गरेर स्थानीय हाट बजारमा बिक्री गरेर जीविकोपार्जन गर्छन् । जेष्ठ नागरिकहरू जोरबिटे पंखा, माछा मार्ने ढडिया, चित्रा, जाल बनाउने जस्ता परम्परागत पेसा अपनाउँदै आएको भएतापनि जङ्गलमा बाँस लोप भएसँगै उनीहरूको पेसा पनि सङ्कटमा पर्दै गएको छ ।

नेपालका आदिवासी जनजाति समुदायमध्ये दनुवार जाति अल्पसङ्ख्यक तथा अति सीमान्तकृत समुदायमा पर्दछन् । कुनै कालखण्डमा दनुवार जातिहरू यस क्षेत्रमा सयौ बिगाहा जमिनका मालिकहरू थिए । तर बदलिँदो समयसँग चल्न नसक्नु, नयाँ समुदायको नाजायज प्रलोभनमा पर्नु, गैर दनुवार समुदायको आगमन र नेपाल सरकारले बेलाबेलामा जारी गरेको ऐन तथा कानुनको बारेमा अनभिज्ञ रहनु आदि कारणले ती जमिनहरू दनुवारको स्वामित्वबाट विस्तारै खोसिदै गए । दनुवार महिलाको नाममा जग्गा जमिन अझ कम मात्रामा रहेको छ । आदिवासी जातिको मुख्य सम्पतिको रूपमा रहेको जमिन, जल र जङ्गलसँगको सम्बन्धबिच्छेदसँगै उनीहरूको हरेक अवस्थालाई प्रभावित तुल्याएको छ । परिणाम छोराछोरीलाई उचित शिक्षादीक्षा दिन सकेनन् । समाजले आफ्नो भिन्न पहिचानको रूपमा रहेको मौलिक भाषा, संस्कृति, परम्परालाई त्याग्ने क्रम बढ्यो । समाज परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्ने युवाहरू नै जाँडरक्सी, जुवातास जस्ता कुलतमा फस्दै गयो । घरको मुली पुरुषहरू समाज निर्माणको कार्यमा जुट्न नसकेपछि महिलाहरू समेत आय आर्जनको कुनै काम नगरी घरमै बसेर दिन बिताउने भयो । उमेर नपुगी बालविवाह गर्ने समस्या पनि त्यस्तै छ । यसले गर्दा यस समुदायको राजनीतिक, सामाजिक, साँस्कृतिक, आर्थिक, शैक्षिक स्थिति दिनप्रतिदिन खस्कँदै गइरहेको देख्न सकिन्छ । उनीहरू राज्यको कुनैपनि नेतृत्वदायी भूमिकामा नहुनु पनि एउटा ज्वलन्त उदाहरण हो ।

यस जातिको शैक्षिक क्षेत्रमा एकदमै कमजोर पहुँच रहेको छ । कुल जनसंख्याको ३५ प्रतिशत जनसंख्याभन्दा बढीले शिक्षामा पहुँच राख्न सकेका छैनन् । आफ्नो मातृभाषामा पढ्न पाएका छैनन् । त्यसमा पनि ७० प्रतिशतले प्राथमिक तह, १८ प्रतिशतले निम्न माध्यमिक तह, १० प्रतिशतले माध्यमिक तह र २ प्रतिशत विद्यार्थीले मात्र उच्च तहको शिक्षा हासिल गर्न सकेको देखिन्छ । तह बढ्दै जानेक्रमलाई विश्लेषण गर्ने होभने जति उच्च तह बढ्दै जान्छ त्यति नै पढाइ छाड्नेको दर

बढ्दो छ । त्यसमा पनि दनुवार महिलाको शिक्षा हासिल गर्नेको दर अझ शून्यतामा झर्दै गएको छ ।

**संस्थाले हालसम्म गरेका मुख्य कामहरू**

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको सहयोगमा सन् २०१५मा केन्द्रीय कार्यालयमा आदिवासी जनजातिका सामूहिक अधिकार, साँस्कृतिक सम्पदा तथा विकासका लागि प्रभावकारी जनवकालत गर्ने चेतनामूलक एवम् क्षमता विकासको कार्यक्रम सञ्चालन गर्ने गरेको छ । क्षमता विकास कार्यक्रममा २० जना दनुवार महिलाहरूको सहभागिता रहेको थियो ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सहयोगमा सन् २०१६मा २ महिना संस्थाको केन्द्रीय कार्यालयको हलमा दनुवार महिलाहरूको सीप विकास गरी उनीहरूको जीविकोपार्जनमा सहजता ल्याउन सिलाइकटाइ सम्बन्धी व्यवसायिक तालिम सम्पन्न गऱ्यो । यस तालिमबाट उदयपुर जिल्लाका २२ जना दनुवार महिलाहरू लाभान्वित भएका थिए । साथै दनुवार महिला समाज सुधार संघको सिफारिसमा प्राविधिक तथा सीप विकास तालिम केन्द्र भैंसेपाटी ललितपुरमा २० जना महिलालाई सिलाइकटाइ तालिममा सहभागी गराइयो । अहिले ती सबै महिलाहरू आफ्नै गाउँमा टेलरिङ सेन्टर सञ्चालन गरी आत्मनिर्भर बनेका छन् ।

जिल्ला खेलकूद विकास समितिको कार्यालय उदयपुरको सहयोगमा उदयपुर जिल्लाको सिद्धिपुर गाविसमा सन् २०१६मा बाख्रा पालन सम्बन्धी तीन दिवसीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो । यस तालिम कार्यक्रममा दनुवार समुदायको १३ महिला र १० जना पुरुष समेत २३ जनाले भाग लिएका थिए । तालिमबाट बाख्रामा लाग्नसक्ने विभिन्न रोगहरूको पहिचान, उपचार तथा बाख्राको लागि उपयुक्त खोर निर्माण र घाँस सम्बन्धी जानकारी पाए । त्यस तालिमबाट लाभन्वित दनुवार महिलाहरूले बाख्रा, बोका, खसी पालनबाट आम्दानी गरिरहेका छन् ।

यसैगरी स्थापनाकाल देखि नै दनुवार महिला समाज सुधार संघले यस समुदायको विकृति, विसङ्गति, र हानिकारक परम्परागत अभ्यासहरूलाई हटाउन सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । घरेलु हिंसामा परेका दनुवार महिलाहरूलाई कानुनी उपचार र उनीहरूलाई न्याय दिलाउन समेत यस संस्थाले छुट्टै महिला सेलको गठन गरी काम गरिरहेको छ ।

यससँगै यस संस्थाले दनुवार समुदायको भूमि अतिक्रमण, सामुदायिक अधिकार रक्षाको लागि अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ र आदिवासी जनजाति संयुक्त राष्ट्र संघीय घोषणापत्र सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू समेत सञ्चालन गर्दै आएको छ ।

अन्तमा

दनुवार महिला समाज सुधार संघले स्थापनाकाल देखि हालसम्म सञ्चालन गरेका कार्यक्रमहरूबाट समुदायमा केही सुधार आएतापनि ती पर्याप्त भने छैनन् । अझै दनुवार जातिको सीमान्तताको अवस्थामा सुधार ल्याउन उनीहरूको राजनीतिक, सामाजिक, साँस्कृतिक, आर्थिक, शैक्षिक हरेक क्षेत्रमा काम गर्नुपर्ने देखिन्छ । उनीहरूमा सामाजिक, साँस्कृतिक, संवैधानिक र कानुनी सचेतनाको माध्यमबाट आफ्नो अवस्था र बदलिँदो परिस्थितिको बारेमा बुझाउनु जरुरी छ । यसरी क्रमशः दनुवार युवा, युवतीहरूको नेतृत्व क्षमताको विकास गराइ समाज विकासको लागि परिचालन गर्न योग्य र सक्षम बनाउन आवश्यक रहेको छ । दनुवार बालबालिकाहरूलाई विद्यालय भर्ना तथा छात्रवृतिको व्यवस्था गरी शिक्षा क्षेत्रमा पहुँच बढाउने र आर्थिक अभावमा पेसा विहीनभएर रहेका दनुवार महिलाहरूलाई समेत सीप, आयमूलक कार्यक्रममा सरिक गराउने र मासिक बचत कार्यक्रममा सहभागी गराउँदै उनीहरूको हरेक अवस्थालाई सुदृढ बनाउँदै लानु पर्नेछ ।

**लेखकः** *सञ्जाकुमारी दनुवार, दनुवार महिला समाज सुधार संघ केन्द्रीय समितिको संस्थापक अध्यक्ष तथा प्रदेश नं. १ को प्रदेश सभा सदस्य हुनुहुन्छ ।*

**सन्दर्भ सामाग्री** :


१. *सूची उन्मुख आदिवासी जनजातिहरूको सङ्गालो* (२०७०), आदिवासी जनजाति गैर सरकारी संस्था महासंघ नेपाल, काठमाडौं ।

२. दनुवार यमन, डोने भाषाक सिना शब्दकोष परिचय (२०७२), संघीय राज्य साप्ताहिक उदयपुर ।

३. गोले मोहन, *तथ्याङ्कमा आदिवासी जनजाति* (२०७२), आशामाया तामाङ उदयपुर, गाईघाट ।

४. *आदिवासी जनजाति दनुवार समुदायबारेमा गरेको अध्ययन प्रतिवेदन* (२०६६), उदयपुर सेवा समाज काठमाडौं ।

५. *आदिवासी जनजाति मुखपत्र* (२०६४), नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् उदयपुर ।

६. दनुवार महिला समाज सुधार संघको वार्षिक *प्रतिवेदनहरू २०७२, २०७३, २०७४, २०७५, २०७६ ।*

७. *दनुवार राजकुमार, उदयपुर जिल्लाको दनुवार जातिको सङ्क्षिप्त चिनारी* (२०७५) दनुवार जागरण समिति उदयपुर ।

८. पाण्डेय मधुसूदन, *नेपालका जनजातिहरू* (२०७५), पैरवी प्रकाशनका लागि प्रवन्ध निर्देशक पदम शिवाकोटीद्वारा प्रकाशित ।

# दरै/दराई महिला (दरैनी बेटी)

**परिचय**

नेपाल सरकारबाट ५९ जातिलाई सूचीकृत आदिवासी जनजातिहरू मध्ये दरै/दराई जाति सीमान्तकृत समूहमा पर्ने अल्पसङ्ख्यक अति विपन्न वर्गमा पर्दछ । नेपालमा मानव बस्तीको विकास क्रममा दरै जाति पुस्तौंदेखि हालसम्म चितवन, तनहुँ, धादिङ, नवलपरासी, गोरखा, बाँके, बर्दिया, स्याङजा, कपिलवस्तु, मकवानपुर, सुनसरी, मोरङ (विराटनगर), झापा गरी १२ जिल्लामा बसोबास गर्दै आएको छ । मुलतः उर्वर भूमिमा प्रायः खोला नदीनालाको किनार, समथर भूभाग, समतल, वनजङ्गलको नजिककैको स्थानमा सघन बस्ती वसेको पाइन्छ । कृषिलाई मुख्य पेसा को रूपमा अङ्गाल्दै प्राचीन कालदेखि कृषि प्रणालीमा पर्म (निशुल्क सहयोग) आदि चलन गरिन्थ्यो भने घरायसी सामान पैंचो लिनेदिने, वस्तुहरूको साटफेर (वस्तु विनिमय) गरी दैनिक आवश्यकता (गर्जो टार्ने काम) लाई परिपूर्ति गरिन्थ्यो । आफ्नै मौलिक भेषभूषा, शृङ्गारका साधन, गहना, भाषा, धर्म, रहनसहन, संस्कार र संस्कृति चलन चल्तीमा रहेको पाइन्छ । शारीरिक रूपमा हृष्टपुष्ट, गहुँ गोरो, छोटो कद भएको झट्ट हेर्दा मङ्गोलियन वर्णको जस्तो देखिने प्रकृति पुजक अत्यन्तै निष्कपट र मिलनसार व्यवहार भएको, शङ्कोच मान्ने, सरल जीवनयापन गर्ने, इमान्दार, आवश्यक सामाग्री आफैं निर्माण गर्न सक्ने, जडीबुटीबाट बन्ने औषधिहरू आफैं उत्पादन गर्ने, शिल्पकला भएको, मौलिक ज्ञान, सीप र अभ्यासमा दखल यस जातिको विशेषताहरू हुन् । यी जातिको मुख्य पेसा कृषि हो भने मुख्य चाड तिहार (सोहोराई) हो ।

नेपाल सरकारको सन् १९९१ को राष्ट्रिय जनगणना अनुसार दरैहरूको जनसंख्या महिला ५,३८२ र पुरुष ५,३७७ गरी कुल जनसंख्या १०,७५९, वि.सं.२०५८ सालको राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्या १४,८५९ रहेको र जसमध्ये चितवन जिल्लामा मात्रै ७,२०८ रहेको थियो । सन् २०११ को राष्ट्रिय जनगणना अनुसार महिला ८,९५३ पुरुष ७८३६ गरी कुल जनसंख्या १६,७८९ रहेको छ । जसमा हिमाली क्षेत्रमा ३९, पहाड ६२५८, तराईमा १०,४९२ छन् ।

**भूमि, भू-भाग, तथा स्रोत**

राज्यबाट देश र जनताको समृद्धिको लागि चालिएको राष्ट्रिय गौरवको जलविद्युत परियोजना, विद्युत प्रसारण लाईन लगायत जिल्ला सदरमुकाम निर्माण हुँदा भूमि, भू-भाग क्षयीकरण हुनुको साथै अत्यन्तै न्यून मुआब्जा उपलब्ध गर्नु र त्यो पनि वर्षौंपछि पाउनु मुआब्जा नै नपाउनु आदिले गर्दा दरै महिलामा स्रोतमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । जस्तैः तनहुँ जिल्लाको सदर मुकाम बन्दीपुरबाट

दमौलीमा सर्दाको अवस्थामा आजका मितिसम्म मुआब्जा प्राप्त नभएकोले मुआब्जाको लागि मन्त्रायलयमा धाइ रहनु परेको ज्वलन्त उदाहरण छ ।

नेपाल सरकारबाट पर्यटकीय विस्तार तथा वन्यजन्तुलाई संरक्षण गर्नको लागि राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण केन्द्र, सिकार आरक्षण केन्द्र, संरक्षण क्षेत्र, सामुदायिक वन, मध्यवर्ती क्षेत्र आदि निर्माण गर्दा दरै समुदायको वन्यजन्तुबाट लगाइएको खेतीवाली अत्यधिक मात्रामा नष्ट हुने र अर्को तर्फ वर्षभरी समय अनुसार प्राप्त हुने फलफूल, तरकारी, माछा, मासु र खुल्ला रूपमा गाई भैसीको चरीचरन, घाँस दाउरा माथि पूर्ण प्रतिबन्ध हुनु, जङ्गली जनावरबाट मानवीय क्षति भइरहनुले दरै समुदाय र यस समुदायका महिलाहरूलाई जीवन निर्वाह गर्न धेरै कष्टप्रद भएको छ ।

**किशोरी र महिला विरुद्ध भएका दुर्व्यहार र हिंसाका घटना**

संरक्षणको आवरणमा तैनाथ भएको सुरक्षा निकायका कर्मचारीहरूबाट किशोरी तथा महिलाहरूले यौन दुर्व्यहार र हिंसाका घटना खेप्नु पर्ने बाध्यता रहेको छ ।

**सहभागिता र प्रतिनिधित्व**

नेपालमा २०७२ सालमा जारी भएको संविधानमा महिलाहरूको सहभागिता सम्बन्धमा कोटा सुनिश्चित गरिएको भएतापनि व्यवहारमा गैर आदिवासी महिलाहरू र त्यसमा पनि राजनीतिक दलका प्रमुख नेताहरूको श्रीमतीहरू र नातेदारहरूको लागि कोटा आरक्षित हुन पुगेको छ । आदिवासीहरूको सघन बस्तीमा धेरै संख्यामा राजनीतिक दलले स्थान हासिल गर्नका लागि विभिन्न राजनैतिक दलले दरै जातिलाई प्रयोग गरेको स्थिति मात्र रहेको छ । विगतमा सम्पन्न भएका स्थानीय निकायको निर्वाचनमा चितवन, तनहुँ, गोरखा र धादिङ जिल्लामा ७ जना महिला वडा सदस्यमा निर्वाचित भएका छन् । त्यसमध्ये २ जना कार्यपालिका सदस्य रहेका छन । अन्य नगरपालिका, सरकारी निकाय, प्रदेश सरकार र संघीय सरकार), निजी व्यापारी कम्पनी, गैरसरकारी संस्था, विकास साझेदार संस्थाको विकासे परियोजना आदिमा आदिवासी महिलाको सहभागिता र प्रतिनिधित्वको अवस्था शून्य स्थिति रहेको छ ।

**आदिवासी महिलाको आर्थिक सशक्तिकरण**

खासगरी दराई समुदाय खोलानाला वनजङ्गलको छेउछाउमा बस्ती हुने भएकोले करीव वर्षभरी नै मौसम अनुसारको विभिन जङ्गली फलफूल तथा तरकारीहरू निकुञ्ज वा संरक्षित वन जङ्गलबाट (निउरो, कोचे, जलुको, बलया, परेवार, पाटाउ) सङ्कलन गरी जीविकोपार्जन गर्ने गर्दथे । तर वर्तमान समयमा संरक्षणमा खटिएका कर्मचारी र सेनाबाट धरपकड गर्ने, तर्साउने, थुन्ने, दण्ड तिराउने, यौन हिंसा

र दुर्व्यहारको सिकार भइरहने अवस्था रहेको छ । दराई महिलाहरू अशिक्षित भएको कारण अन्य रोजगार, व्यापार व्यवसाय गर्न समेत चेतना र ज्ञान, सीपको अभावमा त्यो पनि संभव नभएको हुँदा महिलाको आर्थिक सशक्तिकरण हुन सकिरहेको अवस्था छैन ।

**मातृभाषा**

दरै समुदायको मातृभाषा रहेको तर लिपि नभएको कारण र मातृभाषामा पाठ्यपुस्तक, शिक्षक आदिको व्यवस्था नभएको हुँदा देशभरीको कुनै पनि विद्यालयमा मातृभाषामा पठनपाठन भएको छैन । राज्यले मातृभाषामा शिक्षा दिने व्यवस्था लगायत कुनै पनि सुविधा उपलब्ध नगर्नुले आदिवासी बालिका तथा किशोरीहरू शिक्षाको अवसरबाट वञ्चित हुनु परेको छ ।

**संस्कृति र साँस्कृतिक सम्पदा**

मानिस सामाजिक प्राणी भएको हुँदा समाजमै जन्मन्छ, हुर्कन्छ र समाजमै जीवनयापन गर्दछ र जुन संस्कृतिमा हुर्कन्छ सोही अनुसारको संस्कारको विकास तथा आचरण हुने गर्दछ । दरै समुदायको मौलिक मूल्य मान्यता, संस्कृति र साँस्कृतिक सम्पदालाई हेर्नेहोभने यस जाति सम्पन्न देखिन्छ । तर यसलाई उचित संरक्षण, सम्वर्द्धन र प्रवर्धन गर्ने राज्यको नीति तथा योजना नहुँदा लोप हुने अवस्थामा पुगेको छ । मुलतः राज्यबाट युनेस्कोको मापदण्डमा रहेर संस्कृति र साँस्कृतिक सम्पदालाई प्रवर्धन गर्नका लागि अध्ययन अनुसन्धान गरी सोको आधारमा यस समुदायका युवापुस्ता, महिला, पुरुषहरूलाई तालिम, गोष्ठि, अभिमुखीकरण, अध्ययन भ्रमण, सचेतनाका अभियानहरू सञ्चालन गरी संरक्षणकार्यलाई बजेट विनियोजन गर्न अत्यन्तै जरुरी भएको छ ।

**जलवायु परिवर्तन**

दरै समुदायको प्रकृतिसँग घनिष्ट सम्बन्ध रहेको पाइन्छ । यस समुदायको जीविकोपार्जन र जीवन यापनका उपायहरू प्राकृतिक स्रोतमा नै आधारित रहेको देखिन्छ । यस जातिले आफ्नो पहिचानलाई प्रकृति पुजकको रूपमा पनि स्थापित गर्दै आएको देखिन्छ । खासगरी जल, जङ्गल र जमिन माथि दरै समुदायको एकाधिकार रहदै आएकोमा राज्यबाट आइएलओनं. १६९ विपरित विस्तारै छिन्नभिन्न पारेको अवस्था छ । आधुनिक विकासको नाममा साँस्कृतिक सम्पदा, प्राकृतिक स्रोत र साधनलाई मास्ने कार्य द्रुत गतिमा बढ्दै गएको छ । जसको प्रत्यक्ष असर जलवायु परिवर्तनमा देखिन्छ भने त्यसको प्रत्यक्ष असर यस जातिले भोग्नु परेको देख्न सकिन्छ । पृथ्वीमा पटकपटक आउने भूकम्प र त्यसका पराकम्पनहरू, बाढी पैह्रो, खडेरी, सुख्खा पैह्रो, प्रचण्ड गर्मी, अति चिसो, आगलागी विभिन्न प्रकोप तथा महामारी फैलने र बीउ बिजन मासिदै जाने भएको छ । बालीनालीमा परेको असरले उब्जनीमा ह्रास आएको छ भने जसले गर्दा यस समुदायले खाद्यन्न सङ्कट खेप्नु परेको छ । यस

समुदायका युवापुस्तालाई रोजगारी नहुनु उनीहरूको भूमिमा सरकारले विभिन्न नाममा अतिक्रमण गर्नुले बसाइँ सराइको क्रम बढदो छ। त्यसगरी राज्यले गरेको लैङ्गिक तथा जातीय विभेदबाट यस समुदाय पनि प्रताडित हुन परेको उदाहरणहरू प्रसस्त रहेका छन् ।

**प्राकृतिक विपद**

सन् २०१५ को विनासकारी महाभूकम्पले नेपाललाई क्षतविक्षत बनाएको छ। भूकम्पको प्रकोपमा धादिङ र गोरखा जिल्लाका दरै समुदायको धनजनको ठूलो क्षति पुगेको थियो। त्यस महाविपत्को घडिमा तनहुँ र चितवन जिल्लाबाट क्रमश : गोरखा तथा धादिङ जिल्लामा नगद र जिन्सी सामाग्री उपलब्ध गराइ मानवीय उत्थान कार्यमा प्रत्यक्ष सहयोग पुऱ्याएको थियो ।

**महिला आन्दोलनमा दरै महिलाहरूको सहभागिता**

आदिवासी महिला महासंघको आन्दोलनले उठाएका राष्ट्रिय (संघीय), प्रदेश र स्थानीय तथा अन्तर्राष्ट्रिय तहहरूमा उठाएका आदिवासी महिलाका सवालहरू जायज छन । आन्दोलनबाट केही उपलब्धि प्राप्त गरेको छ भने त्यस उपलब्धिको यथोचित कार्यान्वयन हुन सकेको छैन । त्यस्तैगरी आदिवासी महिलाले उठाएको कतिपय मागहरू अझै पनि राज्यबाट सम्बोधन हुन सकेका छैनन् । विगतमा आदिवासी जनजाति महिला महासंघले घोषणा गरेको आन्दोलन तथा अभियान र आदिवासी जनजातिसँग सम्बन्धित सबै आन्दोलनमा दरै महिलाबाट संस्थागत रूपमा ऐक्यबद्धता जनाउदै सहभागिता गरेको थियो। त्यसैगरी आउदा दिनहरूमा पनि सशक्त महिला तथा आदिवासी आन्दोलनहरूमा दरै महिलाको सहयोग र ऐक्यबद्धता रहनेछ ।

**दरै महिला समुदायमा समस्या तथा संस्थागत उपलब्धिहरू**

मुख्यतया दरै समुदाय पुरानै कृषी प्रणालीमा आधारित रहेर जीविकोपार्जन गर्नु पर्ने बाध्यात्मक परिस्थिति र शिक्षा क्षेत्रमा उचित फड्को मार्न नसक्दा समाजमा समयसापेक्ष आर्थिक, राजनैतिक तथा सामाजिक पक्षमा समृद्धि हुन सकेको अवस्था छैन। जसको परिणाम वर्तमान अवस्थामा विभिन्न समस्यामा बाच्न बाध्य हुनु परेको छ। नेपाल दरै महिला समाज वि.सं. २०६१ सालमा गठन भएको १६ वर्ष पार गरिसकेको छ। यति लामो समय पार गरिसक्दा यस संस्थागतको उपलब्धि सामान्य रहेको छ। यस संस्थाले समाजमा सचेतनाका साथै केही शुक्ष्म परिवर्तनका कार्यहरू सञ्चालन गर्न सफल भएका छन। समयसँगै जति प्रगति र परिवर्तनका कार्यहरू गर्नु पर्ने हो त्यो भने हुन सकिरहेको छैन ।

**लेखकः** *मङ्गलराम दराई, नेपाल दरै उत्थान समाजको केन्द्रीय कार्य समितिको केन्द्रीय अध्यक्ष हुनुहुन्छ ।*

# दुरा महिला (दुरा मिसानिमेहे)

**परिचय**

दुरा जातिको ऐतिहासिक थातथलो लमजुङको खजेगाउँ, तुर्लुङकोट (दुराडाँडा) हो। दुराहरू दुराडाँडामा कहाँ र कहिलेबाट आएर बसोबास गरेका हुन् भन्ने विषयमा विभिन्न समयका जानकारहरूले आ-आफ्ना विचारहरू लेखेका छन् । त्यस सम्बन्धमा ऐतिहासिक प्रमाणहरू नभेटिएको सन्दर्भमा यसको बृहत्तर सामाजिक र मानवशास्त्रीय अध्ययन भने हुन बाँकी छ । दुरा आफ्नै संस्कृति, परम्परा, रीतिरिवाज र पृथक चालचलनको जीवनशैली सहितको सामूहिक जीवन पद्धति भएको सीमान्तकृत आदिवासीको रूपमा परिचित छ । कुल जनसंख्या ५,३९४ जना (नेपालको कुल जनसंख्याको ०.०२० प्रतिशत) मध्ये २,९८४ जना महिला रहेको सरकारी तथ्याङ्कले देखाउँछ ।[21]

२०६५ साल भाद्र ३१ गते विधिवत स्थापना भएको दुरा महिला समाज नामक संस्थाले दुरा महिलाका प्राथमिकताका विषय, आफ्ना चासो, चिन्ता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महिला सरोकारको विषयमा विमर्श गर्ने मञ्चको रूपमा क्रियाशिल रहेको छ ।

**सिड, सर्ड, सिआरपिडीका सुझावहरूको कार्यान्वयनको अवस्था**

सिड, सर्ड, सिआरपिडीले दिएको सबै निष्कर्ष सुझाव कार्यान्वयन नभएको अवस्था छ । दुरा महिलाहरूले निर्वाहमुखी व्यवसायका रूपमा घरेलु मदिरा (जाँड रक्सी) उत्पादन गरी आफ्ना दैनिकी चलाउने थुप्रै संख्यामा रहेको पाउन सकिन्छ । नियमनकारी निकायबाट घ्याम्पो नै फोड्ने जस्ता दुर्व्यवहार दुरा समुदायका महिलाकै हकमा भएको नदेखिएतापनि अन्य समुदायमा भएको घटनाको मनोवैज्ञानिक असर यस समुदायको परम्परागत पेसामा समेत परेको छ । यस्ता परम्परागत उत्पादनलाई राज्यले हानिकारक परम्परागत व्यवहार मानि निषेधको नीति अवलम्बन गर्दा दुरा समुदायका महिलाहरूले निर्वाध रूपमा यस्ता परम्परागत ज्ञान, सीप र उत्पादनलाई उद्यमशिलतासँग जोड्न सकेका छैनन् ।

ग्रामीण किशोरीहरूलाई बेचबिखनको खतरा, सम्भावित यौन हिंसा तथा अपराधिक क्रियाकलाप सम्बन्धी सचेतना जगाउने कार्य दुरा समुदाय लक्षित गरी कुनै पनि निकायबाट हालसम्म हुन सकेको छैन ।22 महिला र किशोरीहरूको अधिकार र उजुरी गर्न प्रोत्साहन गर्ने सम्बन्धमा महिला सामुदायिक स्वास्थ्य स्वयम् सेवकहरूको सहयोगमा सेवा प्रदायकहरूले चेतना जागरण जस्ता कार्यक्रमहरू समेत गरेको देखिएन । त्यस्तै गरी सिडको सुझाव अनुसार प्रहरी सेवामा आदिवासी महिलाहरूको सहभागिता बढाउन सचेतना जागरण विकास गर्ने जस्ता कार्यक्रमहरू पनि हुन सकेको छैन ।

**भूमि, भू-भाग तथा स्रोत**

दुरा आदिवासीको ऐतिहासिक थातथलो तत्कालिन ६ वटा गा.वि.स. समेटिएको सिंगो मौजा "दुराडाँडा" हाल देश संघीयतामा गइसकेपछि यी गा.वि.स. हरूलाई सुन्दरबजार नगरपालिका मध्ये नेपाल नगरपालिका र मर्स्याङ्दी गाउँपालिकामा विभाजित गरेसँगै दुरा जातिको हकमा विखण्डनकारी मात्रै बनेन उक्त ऐतिहासिक थातथलोको अस्तित्व नै समाप्त पार्ने प्रपञ्चको जालोमा फस्दै गएको छ।[23] हाम्रा पुर्खाको बलिदान, अग्रजले कमाएको पहिचान रक्षा गर्न सकेनौं, कुनै वादको सिकारहुँदै दुराडाँडाको ऐतिहासिक विरासत समाप्त पारिएको छ। साथै नश्लीय, जातिवादी संविधान भन्ने गरिएको पृष्ठभूमिमा दुरा आदिवासीको पहिचान नै समाप्त हुने गरी भएको उक्त प्रशासनिक विभाजनले सिंगो समुदायलाई विभक्त बनाएको छ।

**किशोरी र महिला विरुद्ध भएका दुर्व्यवहार र हिंसाका घटनाको अवस्था**

दुरा समुदायका महिला र किशोरीहरू प्रति जघन्य प्रकृतिका अपराधिक र दुर्व्यवहारका घटनाहरू सतहमा नदेखिएको तर कतिपय स-साना पारिवारिक बेमेल र सम्बन्धहरूमा आउने खटपटहरू भने परिवारमा नै सीमित हुने आफ्ना आन्तरिक मामिलाहरूमा बाह्य मध्यस्थकर्ताको उपस्थिति भन्दा आत्मकेन्द्रीत र आत्मनियन्त्रित पद्धतिलाई अङ्गिकार गर्ने दुरा महिलाका परम्परागत स्वभाव भएकाहरूको बाहुल्यता रहेको अवस्था छ।[24]

**आरोप, उजुरी र मुद्दाहरू :**

घरेलु हिंसा, जातीय दुर्व्यवहार, अंश, महिला भएकै कारण आफुले भोग्नुपरेको लैङ्गिकतामा आधारित विभेदहरू, दुष्कृतिका घटनाहरू लिएर मुद्दा झमेलामा लाग्ने, न्यायिक उपचार खोज्न सम्बन्धित निकायसम्म पुग्ने गरेको दृष्टान्त पाइदैन। विद्यमान कानुनी व्यवस्थाको संरचना अन्तर्गत महिलाहरूले यस्ता कुनै पनि समस्या परेमा स्थानीय निकायमा (न्यायिक समिति), प्रहरी कार्यालयमा, राष्ट्रिय महिला आयोग तथा नियमित अदालतसम्म उजुरी गर्न सक्ने प्रबन्धहरूका बारेमा कानुनी साक्षरताको अभाव, समुदाय स्तरमा विभिन्न सचेतनामुलक कार्यक्रमहरू हुन नसक्नु तथा आत्मनियन्त्रित परम्परागत सोचकै कारण दुरा महिलाहरूमा न्यायिक उपचारको खोजी गर्ने अभ्यास थालनी हुन नसकेको अवस्था छ।[25]

**प्रथाजनित कानुन र प्रथाजनित संस्था**

युवापुस्ताकाहरू बेलाबखत कामको थकान बिसाउन, मनभित्रका कुण्ठाहरू पोख्न, दुःख/सुख तथा माया पिरती साटासाट गर्न अक्सर जम्मा हुने घर "रोदीघर" अझै पनि यस समुदायमा जीवन्त छ।

सोही रोदीघरका आमालाइ सगुन स्वरूप रक्सी लगेर दिने परम्परा रही आएको छ। निज आमालाई रक्सी आमा नामाकरण गरेको पाइन्छ।

त्यसैगरी गाउँ समाजमा संस्कार, संस्कृति, परम्परा, चालचलन आदि प्रचलन गराउने सिलसिलामा कुनै द्विविधा वा अड्चन आइपरेमा मार्गप्रशस्त गर्ने जानकारको भूमिकामा मुखिया मान्ने परम्परा समेत दुरा समुदायमा चलिआएको छ।

बैबाहिक सम्बन्धमा दरार आए "सिन्को भाँच्ने" प्रथाजनित कानुन दुरा समुदायमा रहेको छ।[26] विवाहेत्तर दम्पत्तीमा सम्बन्धको अन्त्य गर्नुपर्ने अवस्था आइपरेमा आपसी सहमतिमा आफुलाई जिविकोपार्जन गर्न केही सहज हुनेगरी पुरुषतर्फबाट नगद वा जिन्सीमा क्षतिपूर्तिलिइ महिलासँग सम्बन्धविच्छेद गर्ने परम्परा रहेको छ। तत्कालिन मुलुकी ऐनमा भएको कानुनी व्यवस्था मानोचामल छुट्याउने, जिउनी लिने जस्ता चलन यस समुदायमा कायमै रहेको छ।

**सहभागिता र प्रतिनिधित्व**

सामाजिक रूपमा पछाडि पारिएका र सीमान्तकृत महिलाकाबारेमा सूचकको निर्धारण नै नगरी सम्पूर्ण महिला तथा सम्पूर्ण आदिवासी जनजातिलाई एकै डालोमा राखी सार्वजनिक निकायले पदपूर्ति गर्ने गरेको नीति नेपालको संविधानको धारा ४२ मा गरिएको सामाजिक न्यायको हकको सिद्धान्त र मर्म विपरित छ। राज्यले कानुन नै नबनाइ गरेका यस्ता अपरिपक्क र विवेकशून्य निर्णयको चक्रव्यूहमा सीमान्तकृत आदिवासी समुदाय, आदिवासी महिला र अन्य पछाडि पारिएका वर्ग, समुदाय, लिङ्ग, धर्मका अन्य जातजाति परेका छन। त्यसैले वैधानिक रूपमै सरकारले दुरा लगायतका आदिवासी प्रति अन्याय गरिहेको छ। यसको ज्वलन्त उदाहरण दुरा महिलाको प्रतिनिधित्व र सहभागिता नीति निर्माण र कार्यान्वयन तहमा, सार्वजनिक प्रशासनमा वा न्यायालयमा सबै तह र तप्कामा शून्य प्राय छ। त्यसैले दुरा समुदायका महिलाहरूको श्रीवृद्धिमा समावेशी प्रावधान सारथी बन्न सकेको छैन।

अर्कोतर्फ महिलाहरूको हक हितसँग सम्बन्धित कानुन, अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वय भए नभएको अनुगमन गर्ने, प्रभावकारी पालनाको उपायहरू खोज्न परिकल्पना गरिएको संवैधानिक आयोगहरूले २०७२ सालदेखि २०७७ सालसम्म आइपुग्दा पदाधिकारी नियुक्ति र गठन प्रक्रियामै अलमल हुनुले दुरालगायतका लक्षित आदिवासी लाभान्वित हुन नसकी कागज (Black Letters Law) मा मात्रै रमाउनुपर्ने अवस्था विद्यमान रहेको छ।

**दुरा महिलाहरूको आर्थिक सशक्तिकरणको अवस्था**

आफनो भूमि, भू-भाग र स्रोतबाट विमुख अधिकांश दुरा महिलाहरू परिवारको पुरुष सदस्यमा आश्रित

जीवन बिताइ रहेको पाइन्छ। यस समुदायका विवाहित महिलाहरूको श्रीमान विभिन्न मुलुकमा सेनामा, वैदेशिक रोजगारीमा र छिटपुट व्यापार व्यवसायमा देश विदेशमा हुँदा महिलाहरू पारिवारिक व्यवहार सम्हाल्ने काम, छोराछोरीको पालनपोषण, शिक्षा दीक्षा लगायत घरायसी कामकाजसँग पैंठेजोरी खेल्दै वित्दा स्वतन्त्र र स्वैच्छिक आर्थिक क्रियाकलापमा एकाध बाहेक लाग्न सकेका छैनन् ।

सामूहिक जीवन पद्धतिबाट हिन्दूकरणमा परेकोले पैत्रिक सम्पत्तिको हकदार छोराहरू मात्र हुने, छोरीहरूको नाममा जग्गाधनी पुर्जा नरहेकोले गर्दा पैत्रिक सम्पत्तिमा महिलाको स्वामित्व नहुने र त्यसको उपभोग गर्ने, बेचविखन गर्ने जस्ता निर्णायक प्रक्रियामा सहभागिता नरहनुले महिलाको आर्थिक सशक्तिकरणमा अवरोध रहेको देखिन्छ । पैत्रिक सम्पत्तिमा समान हक हुने संवैधानिक व्यवस्था बनिसकेको भएतापनि यस समुदायका महिलाहरूको अधिकार स्थापित हुन सकेको छैन ।

ग्रामीण क्षेत्रमा गठित महिला बचत समूह, आमा समूह, खुत्रुके बचत, सहकारी संस्थाहरूमा आबद्धता, ढुकुटी प्रचलन जस्ता सामूहिक गतिविधिहरूमा दुरा महिलाहरूको चासो बढीरहेको देखिएतापनि सरकारको तर्फबाट महिला लक्षित कार्यक्रमहरू यस समुदायमा सञ्चालन नहुनु, व्यवसायिक ज्ञानको अभाव, जोखिम वहन गर्ने सुरक्षण संयन्त्रहरूको कमजोर अवस्थाका कारण दुरा महिलाहरू घरायसी खर्च व्यवस्थापन गर्ने मात्र स्थितिमा रहनुले त्यसभन्दा माथि उठ्न सकेको देखिदैन ।

धानको पराल तानमा राखी गुन्द्री बुन्ने, मकैको खोसेल्टोबाट विभिन्न कलात्मक चकटी/थर्कटी, ढकिया, ठेउको बुन्ने, डोरीधागोबाट नाम्लो बुन्ने जस्ता परम्परागत सीपहरू ग्रामीण भेगका अधिल्लोपुस्ताका दुरा महिलाहरूमा अझै पनि देख्न सकिन्छ। यस्ता परम्परागत सीपहरूलाई व्यवसायिक रूपमा प्रवर्धन गर्न नसक्दा नयाँ पुस्ताले परम्परागत सीपलाई चासो नदिनुले परम्परागत सीपहरू ओझेलमा परेका छन् ।

लमजुङको भोर्लेटारमा लोक कुमारी हस्तकला उद्योग स्थापना गरी अल्लोबाट कोटको कपडा बुन्ने, जातीय पहिचान झल्काउने भाङ्ग्रा, पछेउरी लगायतका कपडा तयार पार्ने काममा जुटेकी लोक कुमारी दुरा उद्यमशील दुरा महिलाका प्रतिनिधि पात्र हुन् । यस्ता उदियमान उद्यमी महिलाहरूलाई सरोकार निकायहरूबाट कम्तीमा उत्पादित वस्तुको बजार व्यवस्थापन, सहुलियत दरमा ऋण सहायता प्रदान, तालिम र मनोवल उच्च पार्ने सामाजिक पहिचान प्रदान गर्नेजस्ता क्रियाकलापहरू गर्न सके दुरा महिलाहरूलाई थप उर्जा मिल्ने थियो ।[27]

**मातृभाषा**

दुरा भाषाको समृद्ध व्याकरण, शब्दकोष र यसको सारभूत अध्ययन प्राज्ञिक स्तरबाट भइ नसकेतापनि

दुरा जातिको नितान्त मौलिक चालचलन, समुदायको परस्परको अन्तरतात्विक जीवन्तता झल्किने जस्ता जनजिब्रोको पृथकपना आदिलाई समेटिएका शब्दवली र शब्दशिलाहरू सङ्कलन गरिएका छन् । त्यस्ता दुरा समुदायमा बोलिने परम्परागत लवजलाई दुराका कुरा भनिन्थ्यो ।[28] मातृभाषाकै रूपमा जनजिब्रोमा समृद्ध बनि नसकेतापनि आफ्नो अलग्गै परम्परागत चालचलन र व्यवहारहरूमा अभ्यस्त भएका दुरा महिलाहरू मुलधारमा आउन खसभाषिहरूको तुलनामा पछाडि परिरहेका छन् ।

खस भाषिहरूको सदियौं देखिको अभ्यासमा रहेका धार्मिक संस्कार, परम्परा आदिको प्रभाव, राज्यले भाषिक विविधतालाई सन्तुलित रूपमा स्थान नदिनु, यस जातिका मौलिक परम्परा, चालचलन, रीतिरिवाजहरूलाई मुलधारको पाठ्यपुस्तकमा नसमेटिनुले दुरा जातिका बालबालिका र महिलाहरूको सिकाइ र सरकारी सेवाको प्रतिस्पर्धा लगायत सरकारी कार्यालयबाट लिने सेवा आदिमा वञ्चित हुनु परेको छ ।

**अन्तरदेशीय सम्बन्ध**

दुरा समुदायको अन्तरदेशीय सम्बन्ध अत्यन्तै न्यून रहेको छ । यस समुदायको युवाहरू १८ औं शताब्दी तिर सुरु भएको गोरखा भर्तिमा संलग्नता रहेको पाइएता पनि तत्कालिन समयमा भर्तिका लागि छनौट प्रक्रियामा सहजता हुननसक्दा अधिकांश दुरा युवाहरूले आफ्नो थर गुरुङ लेखाएको थियो । समयक्रममा आफ्ना पारिवारिक अभिलेखहरू दुरामै पहिचान गराउने सचेतनाको वृद्धि हुन थाल्यो । तत्कालिन समयको नोकरी अभिलेख र गोरखा सेनाका श्रीमतीहरूको नागरीकतामा उल्लेख भएका नाम, थर फरक पर्नगएकोले त्यस्ता सैनिकहरूको हकवालाहरूको पेन्सन स्थानान्तरण गर्ने प्रक्रियामा धेरै दुरा महिलाहरूले हालआएर दुःख भोगिरहनु परेको छ ।

लमजुङ जिल्ला सुन्दरबजार न.पा. वडा नं. १ का भूतपूर्व भारतिय सैनिक स्व. भिमबहादुर दुराका हकवाला दुईजना श्रीमती पुण्टीमाया दुरा र टोपली दुराले विगत २० वर्ष देखि पेन्सन सुविधा पाउन सकेका छैनन् भने सोही न.पा. वडा नं. १ को सुकमाया दुराले १२ वर्षपछि हालै मात्र पेन्सन पाउन थालेकी छिन । इतिहासका रक्तरञ्जित समय भोगेका ती सैनिकहरूका हकवालाहरूले पाउनुपर्ने सुविधा लिन कठिनाइ भोग्न परिरहेका छन् ।

**दुरा महिलाको सशक्तिकरण**

२०७२ साल देखि २०७६ सालको बिचमा दुरा महिला समाजको गतिविधिलाई केलाउँदा, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सहयोगमा २०७३ बैशाख १६ गते दुरा महिला समाजद्वारा काठमाडौंमा भूकम्प सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरेको पाइन्छ । त्यसैगरी २०७४ बैशाख

२४ देखि २०७४ आषाढ ७ सम्म दुरा महिला समाजद्वारा काठमाडौंको बसुन्धारामा १० जना दुरा महिलाहरूलाई सिलाइ बुनाइ तथा कटिङ सम्बन्धी प्रशिक्षण दिइएको थियो । आजको आधुनिक समयमा दुरा महिला समाजका गतिविधिहरूलाई हेर्दा दुरा महिलाहरू राज्यका कथित मुलधारमा आउन, उद्यमशिलताको विकास गर्न, आदिवासी महिलाको हक अधिकार स्थापित गरी कार्यान्वयनमा ल्याउन, आत्मनिर्णयका अधिकार सहित स्वतन्त्रताको सिद्धान्तलाई आत्मासात् गरी विकास र परिवर्तनको गतिमा तीब्रता ल्याउनु पर्ने देखिन्छ ।[29]

पढ्ने लेख्ने रहर हुँदा हुदै पनि पढ्दा पढ्दै बैवाहिक जीवनमा बाँधिनु, छोरीले अक्षर चिने मात्र पुग्छ भन्ने मान्यता रहनु, छोरीहरूको दैनिकी ढिकी, जाँतो, मेलापात, घाँसदाउरा, चुलोचौको, घरपरिवार र दाजुभाइको रेखदेख गर्दैमा पढ्ने उमेर घर्किनु, विवाह पश्चात विभिन्न उपमा (श्रीमति, बुहारी, भाउजु, आमा) को भूमिका निर्वाहमा खरो उत्रिनु पर्ने परम्परागत परिवेशहरू महिला शिक्षा, महिला सशक्तिकरण र महिलाहरूको नेतृत्व विकासका लागि मुख्य बाधक तत्वहरू हुन ।[30]

**महिला आन्दोलन**

समावेशी तथा समानुपातिक प्रतिनिधित्वको वस्तुगत हिस्सा, शैक्षिक, राजनीतिक, र आर्थिक सवलिकरण गर्न सीमान्तकृत समुदायका महिलाहरूका निम्ति विशेष कोटा र संरक्षण योजना तथा कार्यक्रमहरू हुनुपर्ने तर हुन नसकिएको बारेमा दुरा महिलाहरूको चासो, चिन्ता र सवालहरू हुन् । दुरा महिलाहरूले छुट्टै पैरवी कार्यक्रम र आन्दोलन चलाएको नदेखिएतापनि विभिन्न समयमा हुने आदिवासीहरूको साझा मुद्दाहरूमा भने ऐक्यबद्धता जनाउँदै आइरहेको छ ।

**अन्त्यमा**

शिक्षाले चेतनाको ढोका खोल्दछ । त्यति मात्र होइन शिक्षाले हरेक क्षेत्रमा प्रतिस्पर्धाका निम्ति योग्य बनाउदछ । जब महिला कुनै प्रतिस्पर्धामा खरो उत्रिन सक्दछ तब उसको मनोबल उच्च हुन्छ र उसलाई स्वनिर्णयको स्तरसम्म पुऱ्याउदछ । त्यसैले सर्वप्रथम सीमान्तकृत दुरा महिलाहरूका निम्ति शिक्षामा जोड दिने योजना तथा कार्यक्रमहरू सञ्चालन गर्न जरुरी छ । अन्यथा संविधानमा राखिएका प्रावधान र विभिन्न कानुनी व्यवस्थाहरू सादा कागजको पन्ना बराबर हुनपुग्ने छ । दुरा महिलाहरूको जीवनमा गुणात्मक र निर्णायात्मक परिवर्तनका निम्ति शिक्षा नै एक बलियो अस्त्र हो ।

**लेखकः** *खेमबहादुर दुरा, दुरा सेवा समाज, काठमाडौं उपत्यका समितिको सचिव हुनुहुन्छ ।*

# धिमाल महिला (धिमाल वेवालाई)

**परिचय**

धिमालहरूको ऐतिहासिक थातथलो झापा, मोरङ र सुनसरी जिल्ला हो । धिमाल महिलाहरू आफ्नो ऐतिहासिक थातथलो नेपालको पूर्वी तराईका जिल्लाहरू झापा, मोरङ र सुनसरीमा बसोबास गर्दछन् । हिजोआज कतिपय धिमालहरू इलाम र काठमाडौं उपत्यकामा बसाइँ सरेर बसोबास गर्ने गरेका छन् भने नेपालको अन्य जिल्लाहरूमा पनि छिटफुट मात्रामा छरिएर रहेका छन् । वि. सं. २०६८ सालमा लिएको नेपालको जनगणना अनुसार धिमाल जातिको कुल जनसंख्या २६,२९८ रहेको छ । धिमाल जातीय विकास केन्द्रको तथ्याङ्क अनुसार पुरुष २४,००० र महिला २६,००० गरी जम्मा ५०,००० जनसंख्या रहेको दाबी छ ।

धिमालहरूले बोल्ने मातृभाषा धिमाल भाषा (राउ) हो । धिमालहरूको मौलिक धर्मप्रकृति धर्म हो । हालसम्म पनि धिमालहरूको परम्परागत संस्था माझी वाराङ र प्रथाजनित कानुन जीवितै रहेको छ । यस समुदायको गैरप्रथाजनित मुल संस्था धिमाल जातीय विकास केन्द्र नेपाल आदिवासी जनजाति महासंघमा आबद्ध छ भने धिमाल महिला संघ वि. सं. २०६३ सालमा स्थापना भइ राष्ट्रिय आदिवासी जनजाति महिला महासंघमा आबद्ध भएको छ । धिमाल जातीय विकास केन्द्र नेपाल झापामा र धिमाल महिला संघ मोरङ जिल्ला प्रशासनमा दर्ता भएका छन् ।

सबै धिमाल महिला आफैंले प्रथाजनित धिमाल पोशाक बोना (पेटानी), आल्गी धावा (तन्ना) तथा खादा बुन्ने गर्दछ । धिमाल महिलाले आज सम्म आफैंले बुनेको बोना लगाउने गर्दछ । विवाह संस्कार र धिमालको राष्ट्रिय चाड जातिरी मेलामा आफ्नै पोशाक बोना र गर-गहनाहरू लगाउने गर्दछन् । धिमाल महिलाहरूको जीवन दिनदिनै कष्टकर बन्दै गइरहेको पाइन्छ यसको कारक तत्वको रूपमा शिक्षालाई लिन सकिन्छ । शिक्षाको कमीले चेतनाको विकासमा अवरोध पैदा गर्दछ । तान बुन्नु, जाँड पकाउनु, घरको काम र खेती गर्नु उनीहरूको दैनिक जीवन चर्या हो । आजकल यस समुदायका महिलाहरू खाडिमुलुकमा घरेलु कामदारको रूपमा पनि जान थालेका छन् ।

**सिड, सर्ड सिआरपिडीका सुझावहरूको कार्यान्वयनको अवस्था**

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ), राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च (निफ), राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ नेपाल (निडवान), आदिवासी महिला कानुनी सचेतना समूह (इन्वोल्याग) लगायतका चार संस्थाको सहकार्यमा २०७५ कार्तिक २३ मा

नेपालको आदिवासी महिलाको अवस्थाबारे सिड समितिलाई जेनेभामा छैठौं आवधिक प्रतिवेदन बुझाएको थियो । सो आवधिक प्रतिवेदन बुझाउँदा धिमाल महिला संघले पनि राष्ट्रिय आदिवासी महिला महासंघको सदस्य संस्था भएकोले ऐक्यबद्धता जनाएको थियो र जेनेभामा भएको नेपालको आवधिक प्रतिवेदनमा सिडले छलफलगरेको सत्रमा नागरिक समाजको तर्फबाट आदिवासी महिलाको प्रतिनिधिमण्डलको सदस्यको रूपमा भाग लिएको थियो । सिडले उक्त प्रतिवेदनको आधारमा नेपाल सरकारलाई ५३ वटा सुझाव दिएको छ तर अहिले सम्म उक्त सुझावको बुँदा ४१ को (क) मा युएनड्रिपमा आदिवासीको आत्मनिर्णयको अधिकार तथा आदिवासी महिलाका सबै अधिकार स्पष्ट देखिने गरी संविधान संशोधन गर्न भनेकोमा आजका मिति सम्म स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार तथा राजनितिक दलहरूले केही गरेको छैन । बूँदा ११ (ख) मा उल्लेख भए अनुसार बोलिने भाषाहरूमा कानुनी सहायता नभएको अवस्था रहेको छ । बुँदा १९ (ख) मा उल्लेख भए अनुसार सबै प्रकारका हानिकारक परम्परागत व्यवहारहरू निषेधित गर्न काम कारबाही नभएको अवस्था छ । धिमाल आदिवासीको आध्यात्मिक, सामाजिक, साँस्कृतिक, आर्थिक महत्व भएको जाँड रक्सिको उत्पादन र प्रयोगलाई अपराधिकरण गर्दै आएकोले जाँड रक्सीको घ्याम्पा फुटाउने र फाल्ने काम भइरहेको छ । बुँदा २१ (क) अनुसार धिमाल महिलाहरूलाई लैङ्गिक आधारमा महिला हिंसाको कोषमा पहुँच नभएको, प्रहरी सेवामा प्रबर्द्धनको लागि लक्षित सचेतना जागरण विकास गरिएको छैन ।

बुँदा २५ (क) मा उल्लेख भए अनुसारको कार्यहरू भएको छैन । बुँदा २९ (घ) मा उल्लेख भए अनुसारको कार्यहरू नभएको । बुँदा २५ (क) मा उल्लेख भए अनुसारको कार्यहरू नभएको । बुँदा ३८ (घ) मा उल्लेख भएको सुझाव अनुसार स्वास्थ्य सेवा प्रदायकले गर्ने भेदभावको अन्त्य भएको छैन । प्रत्येक वर्ष १ हजार भन्दा बढी धिमाल महिलाहरूले भेदभाव तथा दुर्व्यवहारहरू सहदै आइरहेको छ । कामको सिलसिलामा सरकारी कार्यालयहरूमा जादा जातिको आधारमा केही जान्दैन भनेर काममा आलटाल गर्ने, धिमाल महिलाले अन्य जातिसँग विवाह गर्दा मानसिक यातना चरित्रमाथि आक्षेप लगाई घरबाट निकाला गर्ने, धिमाल पुरुषले पनि महिलालाई प्रजनन अधिकारबाट वञ्चित गरेर मनमुटाव भइ सम्बन्ध विच्छेद भएको, राष्ट्रिय राजनीतिक अधिकारबाट वञ्चित गरेका अवस्था सिर्जना भएको छ । शनिश्चरे इलाका प्रहरी कार्यालयमा मुद्दा, उर्लावारी इलाका प्रहरी कार्यालयमा मुद्दा, गत संविधान सभाको चुनावमा धिमाल महिलाका प्रतिनिधित्व शून्य हुनु ।

बुँदा ४१ (क) मा उल्लेख भए अनुसारको आत्मनिर्णयको अधिकार स्पष्ट रूपमा पहिचान गर्न संविधान संशोधन नभएको अवस्था रहनु ।

बुँदा २५ (ग) मा भए अनुसार सिड समितिले नेपाल सरकारलाई दिएको सिफारिसहरू कुनै पनि लागू नहुनु ।

**संयुक्त राष्ट्र संघको जातीय भेदभाव उल्मूलन गर्ने महासन्धिको सुझावहरूको कार्यान्वयन**

बुँदा २३ (ख) मा उल्लेख भए अनुसारको स्वतन्त्र रूपले प्रतिनिधि छान्ने अधिकार धिमाल महिलालाई मात्र नभइ समुदायलाई दिएको छैन । बुँदा २३ (ग) मा उल्लेख भए अनुसारको परम्परागत भूमि तथा प्राकृतिक स्रोतमा भएको अधिकार सम्बन्धी आइएलओ महासन्धि नं. १६९ लाई ध्यानमा राखि कानुन संशोधन भएको छैन । बुँदा २३ (घ) मा उल्लेख भए अनुसारको कुनै पनि कार्यहरू सुरुआत गर्दा सम्बन्धित धिमाल महिला मात्र नभइ धिमाल आदिवासीबाट पनि एफपिक प्राप्त गरेको छैन । नेपाल सरकारले गरेको मिति २०७५ कांकरभित्ता देखि कोशी सम्मको रेलमार्गको सर्वेक्षण तथा जग्गा नापी गर्दा सम्म पनि विना जानकारी झापा दमकको सोम बहादुर धिमाल, मोरङ रिंगुवाको खन्द्रि धिमाल लगायत उक्त कार्यबाट प्रभावित लगभग १,००० घरधुरीबाट एफपिक प्राप्त गरेको छैन । बुँदा २३ (ङ) मा उल्लेख भए अनुसारको कार्यहरू धिमाल महिलाहरूमा नभएको अवस्था छ । बुँदा २३ (च) मा उल्लेख भए अनुसारको धिमाल महिलाहरूको हिंसात्मक दुर्व्यवहारको अध्ययन, अनुसन्धानभएको छैन । बुँदा २४ (क) तथा २६ (क) मा उल्लेख भएको सुझाव कार्यान्वयन नभएको अवस्था छ ।

**अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समितिले नेपालको प्रारम्भिक प्रतिवेदनका सन्बन्धमा निष्कर्ष प्रतिवेदन**

सुझाव ८ अनुसार अपाङ्गता भएको व्यक्तिहरूलाई परिचय पत्रको पहुँच पर्याप्त नभएको तथा डाटा नभएको अवस्था छ ।

सुझाव १४ अनुसार केही ध्यान दिएको अवस्था रहेको छ। अपाङ्गता भएको व्यक्तिले अपाङ्गता परिचय पत्र प्राप्त गरेर स्थानीय तहबाट भत्ता प्राप्त गरेको छ ।

सुझाव ४०.१४ अनुसार राज्य पक्षले अपाङ्गता भएका आदिवासी महिलाहरूलाई निजामति सेवाका पदहरूमा स्थान दिएको पाइदैन ।

**भूमि, भू-भाग तथा स्रोत**

भूमि, भू-भाग तथा स्रोतहरूमा ५ प्रतिशत धिमाल महिलाहरूमा मात्र स्वामित्व, नियन्त्रण र पहुँच रहेको छ । अन्य राष्ट्रिय गौरवशाली योजनाहरू हालसम्म निर्माण नभइसकेको अवस्था रहेको छ । सामुदायिक वन, साझेदारी वन र वैज्ञानिक वनले धिमाल महिलाको परम्परागत सीप धिमाल महिलाले लगाउने कपडा बोना बुन्दा धागो रङ्गाउने जडीबुटी जङ्गलबाट ल्याउन सहज छैन, जडीबुटी पहिचान नगरी धिमाल समुदाय सहभागी वैज्ञानिक वनको नाममा फडानी गर्ने, धिमाल

समुदायमा भएको जन्डिस, रेबिजको औषधि, निमोनियाको औषधि, पिसाव इन्फेक्सन आदि हुँदा धिमाल समुदायले उपयोग गर्दै आएको घरेलु उपचारका वनस्पति नष्ट भएको छ। धिमाल समुदायले जङ्गली जनावरको छालाबाट तयार गर्ने बाजाहरू ढोल, उर्नि आदि बनाउनबाट वञ्चित भएको छ।

**आदिवासी किशोरी र महिला विरुद्ध भएका दुर्व्यवहार र हिंसाका घटना**

२०७२ देखि २०७६ सम्ममा लगभग १,००० धिमाल महिलाहरू र ५०० किशोरीहरू दुर्व्यवहार र हिंसाका सिकार भएका छन् । यसबारेमा राज्यले अनुसन्धान गरी कारबाहीका कुनै पनि प्रक्रिया अवलम्बन गरेको छैन । धिमाल पुरुषले धिमाल महिलालाइ गर्भवति बनाएर अर्कैसँग विवाह गरेर नागरीकता र बच्चा जन्मदर्ताबाट वञ्चित, झापा गौरादहको घटना, धिमाल टोल रिंगुवा, मोरङ्गको धिमाल महिला नेवार जातिसँग विवाह गरी चरित्रमा आक्षेप लगाइ घरबाट निकाला भएकोमा पथरी शनिश्चरे इलाका प्रहरी कार्यालयमा मुद्दा चलिरहेका छ १८ वर्षका किशोरीलाई हप्ता दिन सम्म यौन हिंसा गरी तामाङ थरका युवाले छोडेका अवस्था, धिमाल महिला सोझो हुन्छ भनि जिस्काउन खोज्ने आदि हिंसा तथा दुर्व्यवहारका उदाहरण हुन ।

**आरोप, उजुरी र मुद्दाहरू**

धिमाल महिलाहरूलाई २०७२ देखि यता बोक्सिको आरोप ५० जनालाई, गाली बेज्जती २०० जना, बेश्याको आरोप ५० जनालाई र महिला यौन हिंसाको घटनाहरू पनि रहेको तर उजुरी कसैले नगरेको अवस्था छ। धेरैजसो धिमाल समुदायभित्र एक आपसमा झैझगडा हुदा बोक्सिको आरोप लगाउने गर्दछन। धिमाल समुदायका धिमाल महिलाले नेतृत्व गरेको लक्ष्मी धर्म छ। यस धर्म मान्ने सबै धिमाल महिला बोक्सि भनि गैर आदिवासीहरूले आरोप लगाउने गरेको छ। यस घटना मोरङ जिल्लामा घटेको हो। यो बोक्सिले मेरो नातेदार, मेरो परिवारलाई खाइदियो भनेर समुदायभित्र प्रचार गर्ने र आरोप लगाउने गर्दै आएको अवस्था रहेको छ। शारीरिक र मानसिक यातनाको प्रत्यक्ष यातना दिएको छैन धामी झाँक्री लगाएर बकाउने नाममा कुटपिट गर्ने गरेको छ। यस्तो घटना प्रायः धिमाल समुदाय बस्दै आएको विकट गाउँहरूमा घटेको पाइन्छ । यस्ता घटनाको आरोप लागेका धिमाल महिलाले धिमाल समुदायकाहरूलाई उजुरी गर्न पाउने चलन रहेको छैन ।

**प्रथाजनित कानुन र प्रथाजनित संस्था**

धिमालहरूमा अझै पनि प्रथाजनित संस्थाहरू माझी वाराङ कार्यरत रहेको छ । प्रत्येक धिमाल टोलमा एक एक जना माझी वाराङ हुन्छ। १०३ वटा धिमाल टोल अथवा गाउँहरूमा १०३ जना माझी वाराङ मध्ये ३ मोरङको धिमाल गाउँमा (कारिकोसि, सुनझोडा आदि) धिमाल महिला (सीता देवी धिमाल, प्रतिमाया धिमाल) र झापामा एक जना महिला माझी वाराङ प्रथाजनित

संस्था सञ्चालन गरिरहेका छन् भने अरू ९९ वटा गाउँहरूमा पुरुष माझी वाराङले प्रथाजनित संस्था सञ्चालन गरिरहेको छ । स्थानीय तहका सरकारबाट प्रथाजनित संस्थामध्ये पहुँचहुनेहरूले साँस्कृतिक र ऐतिहासिक पहिचान बोकेका परम्परागत भूमि **ग्रामथानको** जग्गाको पुर्जा लिएको अवस्था छ भने धेरैजसो धिमाल गाउँमा रहेको यस्ता ऐतिहासिक महत्वको जग्गा सरकारबाट अतिक्रमण गरेको अवस्था रहेको छ । केही स्थानीय तहबाट धिमाल जातिलाई प्रथम नागरिकको घोषणा गरेको पाइन्छ । यसका उदाहरणहरू दमक नगरपालिका, बेलबारी नगरपालिका, पथरी शनिश्चरे नगरपालिका रहेका छन् । तर आवश्यकता अनुसार कार्यक्रम र आर्थिक सहयोग कसैले पाएको अवस्था छैन । प्रदेश र संघीय सरकारबाट खासै सहयोग पाएको छैन । प्रदेशको नामाकरणमा विवाद भइराखेको बेला धिमालहरू पहिचानको आन्दोलनमा सशक्त भइ होमिए तापनि कम जनसंख्या भएको धिमाल समुदायले आफ्नो साँस्कृतिक र ऐतिहासिक महत्व सम्बन्धी अधिकार खोसिदै जानुले यस जातिको मानव अधिकार र सामूहिक अधिकार प्राप्त हुन सकिन्छ भन्नेमा खासै विश्वास गर्ने अवस्था देखिँदैन ।

### स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (एफपिक)

धिमाल महिलाहरूसँग स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (एफपिक) प्राप्त गर्ने कार्य हाल सम्म भएको छैन । आदिवासी संघसंस्थाले धिमाल समुदायमा कार्यक्रम गर्दा पनि एफपिक गरेको थाहा छैन ।

### सहभागिता र प्रतिनिधित्व

स्थानीय सरकारमा धिमाल महिलाहरूको ५ प्रतिशत सहभागिता र प्रतिनिधित्व रहेको छ । प्रदेश र संघीय सरकारमा यस समुदायको महिलाको प्रतिनिधित्व शून्य रहेको छ । विगत देखि वर्तमान सम्म एक जना पनि धिमाल महिलाहरू संसदमा प्रतिनिधित्व हुन सकेको छैन ।

### आदिवासी महिलाको आर्थिक सशक्तिकरणको अबस्था

धिमाल महिलाहरूले परम्परागत ज्ञान, सीप र अभ्यासमा आधारित रही आम्दानी गर्ने व्यवसाय गरेको पाइन्छ । त्यसका केही उदाहरण तान बुन्ने, विभिन्न किसिमका धिमाल पोशाकहरू तयार गर्ने, आलिग धाबा (तन्ना बुन्ने), बर्को, खादा, चौधरी तथा राजवंशी पोशाक बुन्ने, जाँड, रक्सी पार्ने तथा बेचेर आम्दानी गर्ने, खेती गर्ने, घरमा पेवाको रूपमा पशु (सुङ्गुर, लोकल कुखुरा र हाँस) पालन गर्ने गर्दछन् । उल्लेखित घरेलु पेसा बाहेक सरकारका तर्फबाट योजनाबद्ध अन्य कुनै औद्योगिक व्यवसाय सञ्चालन हुन सकेको छैन । धिमालको भूमि, भू-भाग तथा स्रोतहरूमा मा राज्यले कब्जा जमाएको र साँस्कृतिक महत्वका प्रथाजनित र परम्परागत संरक्षित वनहरू सरकारले सामुदायिक वन तथा

साझेदारी वनमा परिणत गरेपछि यस समुदायको स्वामित्वमा रहेका त्यस क्षेत्रका प्राकृतिक स्रोतहरू जल, जङ्गल र जमिन उपभोक्ता समूहको स्वामित्वमा हस्तान्तरण गरिनुले वन जङ्गलबाट सङ्कलन गरी प्रथाजन्य पेसा बाट आर्थिक आर्जन गर्दै आएको कार्य ठप्प हुनुले यस समुदायका महिलाहरूको जीवन यापन कष्टप्रद बन्दै गएको छ ।

### मातृभाषा

धिमाल जातिको मातृभाषालाई राउ भाषा भनिन्छ । यस भाषाको लिपि प्राप्त नभएकोले गर्दा यस भाषालाई देवनागरिक लिपिमा लिपिबद्ध गर्दै आएको छ । यस जातिको लागि नेपाल सरकारले मातृभाषाको कक्षा ५ सम्मको पुस्तकहरू प्रकाशन गर्न तथा धिमाल भाषा विद्यालय समेत बनाउन सहयोग गरेको छ । झापाको कृष्ण मन्दिरमा रहेको कृष्ण प्रा.वि. र मोरङको अठ्याबारीमा धिमाल भाषाको पढाइ सञ्चालन भइरहेको छ । दुवै सरकारी विद्यालयहरू हुन ।

### संस्कृति र साँस्कृतिक सम्पदाहरू

धिमालको संस्कृति र साँस्कृतिक सम्पदाहरू लोपोन्मुख अवस्थामा रहेको छ । बाजा, ढोल, उर्नी, तुन्जाई मुख्य वाध्यवादनका साधनहरू हुन् । यस जातिको साँस्कृतिक र ऐतिहासिक (मूर्त तथा अमूर्त) सम्पदाहरू जोखिममा परेको छ । त्यस्तै झापाको भद्रपुर न.पा. ३ मा अवस्थित धिमाल धुरा, विर्तामोड नगरपालिकामा अवस्थित धिमाल गढी (गोह्री) र भोगटेनी गा.वि.स. को राजारानी धिमालको सम्पदाहरू हुन । नेपाल सरकारको नागरीक उड्डयान तथा पर्यटन मन्त्रालयद्वारा २०७३ अमूर्त संस्कृतिको डकुमेन्ट्रीको लागि दुई लाख रुपैँयाँ सहयोग प्राप्त गरेको थियो ।

### अन्तरदेशिय सम्बन्ध

यस जातिको थातथलो छिमेकी देश भारत लगायत कुनै पनि देशमा रहेको छ भनेर उल्लेख गरेको पाइदैन । धिमालहरू नेपालबाट बसाइँ सरेर भारतमा बसोबास गरेको र उनीहरूले भारतमा **मल्लिक** थर लेखाएर चिनाएको छ । यस समुदाय भारतको हातिगेसा, जलपाइगुडि आदि ठाउँमा बसोबास गरिरहेका छन् । नेपालको धिमाल महिलाहरूको भारतमा बसोबास गरेर बसेका धिमाल महिलासँग अन्तरदेशिय सम्बन्ध रहेको देखिदैन ।

### जलवायु परिवर्तन

धिमाल महिलाहरूले भोगेका जलवायु परिवर्तनको नकारात्मक असरहरू बालीहरूमा किरा लाग्ने, राखेको अन्नमा किरा लाग्ने, समयमा पानी नपर्ने र अन्नबाली नसप्रने र बालिनालीको लागि उत्पादनको लागि रासायनिक मल प्रयोग गर्नै पर्ने अवस्था रहेको छ । साथै, अन्य असरहरूमा यस

समुदायमा बिरामी हुने रोग र धिमाल महिलाहरूले लगाउने पोशाकको लागि आवश्यक रहेका कच्चा पदार्थ पोशाक बुन्दा रङ्गाउने रङ्ग जङ्गलमा पाउन छोडेको अवस्था छ ।

**प्राकृतिक विपत**

वि.सं. २०७५ र २०७६ सालमा आएको बाढीले १० जना धिमाल महिलाको ज्यान जानुको साथै २० घर परिवार विस्थापित भएको थियो । झाडा पखालाबाट वर्षेनी ५,००० भन्दा बढि संख्यामा धिमाल प्रभावित भएका छन् । त्यसैगरी ५,००० धिमालले दैनिक रोजगारी गुमाएका छन् ।

**आदिवासी महिलाको सशक्तिकरण**

केही धिमाल महिलाहरूले राष्ट्रिय आदिवासी महिला महासंघद्वारा आदिवासी महिलाको सशक्तिकरण र र प्रजनन् स्वास्थ्य सम्बन्धी तालिम प्राप्त गरेका थिए ।

**महिला आन्दोलन**

आदिवासी जनजाति महिलाले उठाएको महिलाका मुद्दा र आन्दोलनमा धिमाल महिलाहरूको ऐक्यबद्धता र सहभागिता रहेको छ । धिमाल महिलाले विभिन्न सवालका लागि उठाएका आन्दोलन र अभियान पहिचान स्थापित गर्न, राजनैतिक अधिकार, भाषिक अधिकार, सामाजिक, साँस्कृतिक अधिकार, निर्णायक तहमा राज्यको हरेक निकायमा समान रूपमा सहभागिता, महिला हिंसा विरुद्धको एकताबद्ध ।

**आदिवासी महिला आन्दोलन**

आदिवासी महिला आन्दोलनको कारणले स्थानीय तहमा आदिवासि महिलाको अधिकार र कार्यक्रमको बारेमा आवाज उठाउन सजिलो भएको छ । राजनैतिक चेतनाको विकास हुन आवश्यक छ, आदिवासी जनजाति महिलाको अधिकारको बारेमा सचेत हुन जरुरी देखिन्छ । संविधान तथा कानुनमा व्यवस्था गरेका प्रावधानहरूबारेमा सचेततापूर्वक स्थानीय तहको विभिन्न वार्षिक योजनाहरू तर्जुमागर्ने बैठकहरूमा सहभागी भएर आदिवासी महिलाको लागि कार्यक्रम तथा बजेट छुट्याउनको लागि आवाज उठाउन आवश्यक छ ।

**लेखकः** *धिमाल महिला संघका अध्यक्ष, मिना धिमाल र सचिव, मन्जु धिमाल हुनुहुन्छ ।*

# नेवाः महिला (नेवाः मिसा)

**नेवाः (नेवार) आदिवासी महिला**

**परिचय**

नेपालको सन् २०११ को जनगणना बमोजिम १३,२१,९३३ (५.%) र मातृभाषा बोल्ने ८,४८,५५७ (१४.१%) (४१४४९१ पुरुष र ४३४०६६ महिला) रहेका नेवाःहरू शैवसनातनी र बौद्धमार्गीभित्र राजोपाध्याय/बज्राचार्यदेखि द्यःलासम्मका २६ खलक (Clan) १५२ थर र करिब ७०० उपथरहरूले सामूहिक प्रथाजन्य संस्थाको अधिनमा रहेको सिंगो प्रणाली हो । गुठी र गुठी-प्रणालीहरू, विधिहरू प्रकृति, पर्यावरण, प्राकृतिक स्रोत साधन संयमित परिचालन, उपभोग र संरक्षणका प्रथाजनित संहिताबाट निर्देशित छन् । बहुलता र सामूहिकतामा आधारित रही कृषि, कृषि उद्यम, व्यापार व्यवसाय तथा कला कौशलहरूलाई जीवन यापनको इलम र आधार बनाई नेवाः भूमि, भाषा, पेसा र साँस्कृतिक सम्पदाहरू सहित नेवाः आफैंमा “राष्ट्र” को पहिचान हो ।

**सिड, सर्ड, सिपिआरडीका सुझावहरूको कार्यान्वयनको अवस्था**

*सिडको सुझावहरूको कार्यान्वयनको अवस्था*

बुँदा ११ (ख) का सम्बन्धमा “सामान्यतया बोलिने भाषाहरू” भनेको आदिवासीहरूको मातृभाषा नै हो र अन्यथा सामान्यतया बोलिने भाषाभन्दा राज्यले खस नेपाली (सरकारी कामकाजको भाषालाई लिने गरेको) भाषालाई भनिए तापनि नेवाःले गर्दै आएको उनीहरूको मातृभाषाको पहिचान नै रहेको थियो । तर हालसम्म पनि नेपाल सरकारले कुनै पनि कानुनी प्रकृया र सहायता नगरेको र विगत देखि नै खस नेपाली भाषा नै लादिएको अवस्था छ । नेपालको संविधान, २०७२ ले आदिवासीहरूको प्रमुख मुद्दाहरूमा चुकेकाले संविधान संशोधनको आन्दोलन जारी नै रहेको छ ।

बुँदा १९ (क) का सम्बन्धमा “कुमारी” हानिकारक प्रथाको नाममा सर्वोच्च अदालतमा परेको मुद्दा उपर यस खलः ले प्रतिरक्षात्मक रिट दायर भएको र सम्मानित अदालतले राष्ट्रको पहिचान र आस्थाका रूपमा स्थापित जीवित देवीका रूपमा मानी आएको नेवाः (शाक्य कन्या) “श्रीकुमारी” संस्कृतिको उपर कुनै रिट नलाग्ने गरी विगत धेरै वर्ष अगाडि नै मुद्दा किनारा लगाएको र श्रीकुमारीलाई श्रीपदमा रहदा र निवृत जीवनभर राज्यले विशिष्ट नागरीकको रूपमा सम्मान, शिक्षा, भत्ता सुविधा प्रदान गर्ने गरी भएको फैसला विगतका वर्षहरूदेखि श्रीपदमा रहनु भएका र निवृत्त श्रीकुमारीहरू (श्रीकुमारी,

श्रीगणेश र श्रीभैरव) लाई राज्यले (स्थानीय सरकार) बाट सुविधा र भत्ता जीवनपर्यन्त प्रदान गर्ने व्यवस्था भएको छ ।

बुँदा २५ (क) का सम्बन्धमा राज्यले निश्चित गरेको देशहरू बाहेक अन्य देशहरूमा प्रतिबन्ध हटाएको अवस्था रहेको र विकास साझेदार निकाय तथा गैससहरूको संलग्नतामा राज्यले सुरक्षित वैदेशिक रोजगारीका लागि सचेतना, महिला कामदारमा हुने हिंसा, महिला र किशोरीहरूमा हुने यौन हिंसा, अपमान, दुरुपयोग तथा बेचबिखनको खतरा र त्यस्तो अवस्थामा परेको अवस्थामा पीडितको लागि न्यायमा पहुँचका लागि सचेतना तथा उपचारको काम गर्दै आएको पाइन्छ । तर कति नेवाः महिला प्रभावित छन् भन्ने तथ्याङ्क उपलब्ध भएको छैन ।

बुँदा २९ (घ) का सम्बन्धमा राजनैनिक दलहरूले नेवाः महिला उपर विभेद गरेको छ। स्वतन्त्ररूपले निर्णायक प्रक्रियामा पूर्ण र समान सहभागी हुन आफ्नो प्रतिनिधि छान्न नपाउने गरी दलका कार्यकर्ता आदिवासी महिलालाई "महिलाको सिटमा" मनोनयन गरी आदिवासी नेवाः महिलालाई सबै महिलाको परिभाषा भित्र राखी उनीहरूको विशिष्ट पहिचान र सामर्थ्यको अवमूल्यन गरिने गरेको छ । उदाहरणका लागि काठमाडौं महानगरपालिकाले महिला मेयर पाउने अवसर गुमाएको ज्वलन्त उदाहरण महिलालाई "उप" मेयरपदमा सीमित राखिनुले प्रष्ट पारेको छ। जसले गर्दा नेपालको कुल जनसंख्याको ५१.०८ प्रतिशत महिलाहरूको अवमूल्यन र नारी शक्तिको दुरुपयोग गर्दै "भोट बैङ्क" बनाएको स्पष्ट छ ।

लोक सेवा आयोगको निजामति सेवाको प्रवेश विधि र प्रकृयामा समान सहभागिताको लागि नेवाः महिलाहरूको समावेशी अधिकार कुण्ठित रहेको स्थिति छ। सरकारी सेवामा प्रवेश गर्नको लागि मात्र लागू हुने समावेशीताको प्रावधानले आदिवासी जनजाति नेवाः महिलाको चौतर्फि वृत्ति विकासमा सहयोगी हुन नसकेको परिस्थिति रहेको छ। ब्ल्याङ्केट नीतिले नेवाः महिलाको निर्णायक प्रक्रियामा पूर्ण र समान सहभागिता गौण बनेको छ। संवैधानिक प्रावधानलाई व्यवहारमा उतार्न घर, सडक र सदनबाट दबाबमूलक कार्यक्रम सञ्चालन गर्न जरुरी भएको र सही रूपमा समान र पूर्ण सहभागिताको लागि सार्वजनिक पदाधिकारीहरू र समग्र समाजको पितृसत्तात्मक तथा पूर्वाग्रह सोच प्रमुख चुनौती रहेको छ। यसले गर्दा नेवाः महिलाको न्यायमा पहुँच पुग्नको लागि अदृष्य तगारो बनेको छ।

बुँदा ३३ (क) का सम्बन्धमा निरन्तरको जनस्तरको प्रयास र दबाब तथा संविधान प्रदत्त अधिकारले हाल स्थानीय निकायहरूले आफ्नो क्षेत्रमा मातृभाषा शिक्षालाई स्थानीय पाठ्यक्रममा राख्ने प्रयास हुँदै आएको छ । विद्यालय शिक्षक/शिक्षिका तालिम र विद्यालय क्षेत्र सुधार कार्यान्वयनको अनुगमनका साथै पाठ्यक्रम विकास, पाठ्य पुस्तक प्रकाशनको काम थालनी भएको छ ।४

बुँदा ३८ (घ) का सम्बन्धमा स्वास्थ्य-सेवा प्रदायकहरूले गर्ने भेद्भावको अन्त्य गर्ने विषयमा सूचना उपलब्ध नभएको ।

बुँदा ४१ (क) का सम्बन्धमा आत्मनिर्णयको अधिकार स्पष्ट रूपमा पहिचान गर्न संविधान संशोधन नगरेको अवस्था छ । बुँदा ४१ (ग) का सम्बन्धमा राज्यले केही गरेको पाइदैन ।

**संयुक्त राष्ट्र संघको जातीय भेदभाव उन्मूलन गर्ने समिति (सर्ड) ले नेपालको १७ औं देखि २३ औं आवधिक प्रतिवेदनका सम्बन्धमा २९ मे २०१८ मा दिएको निष्कर्ष सुझाव**

बुँदा २३ (ख) मा संविधानको धारा ४२ अन्तर्गत सरकारी निकायहरूमा आदिवासीहरू सहभागी हुन पाउने अधिकारलाई प्रभावकारी सम्मान गर्ने र आदिवासीहरूले स्वतन्त्र रूपमा आफ्नो प्रतिनिधि छान्ने अधिकार सुनिश्चित गर्ने भन्ने सुझावको कार्यान्वयनको अवस्था सम्बन्धमा लोक सेवा आयोगको सेवा प्रवेशमा (निजामती सेवा ऐन २०६३ ले गरेको ४५% समावेशी आरक्षण सिटको व्यवस्था र संविधानको धारा ४२ लाई लोक सेवा आयोगले ५१५ वटा स्थानीय निकायको लागि पदपूर्ति सूचना (२९ मे २०१९) ९,१६१ पदको ४५% मध्ये नेवाः समेत सबै आदिवासी महिलाले पाउने ३३%, सहित सबै समावेशी आरक्षित सिटलाई बेवास्ता गरेको विरोधमा र्‍याली, जनदबाब र धर्ना कार्यक्रमको बेवास्ता गरेको अवस्था छ ।

बुँदा २३ (ग) आदिवासीको परम्परागत भूमि तथा प्राकृतिक स्रोतहरूमा भएको अधिकार सम्बन्धी विवाद समाधान गर्न आइएलओ महासन्धि नं. १६९ लाई ध्यानमा राखी कानुन संशोधन गर्न पर्याप्त सहमतिको समाधान फेला पार्न दिएको सुझावको कार्यान्वयनको अवस्थाको सम्बन्धमा यो सुझाव कार्यान्वयन भएको छैन, त्यसको विपरित आदिवासी र स्थानीय जनतालाई पीडा दिने काम भएका छन् ।

बुँदा २३ (घ) मा आदिवासीको परम्परागत भूमि तथा स्रोतको प्रयोग र विकासमा असर पार्ने कुनै पनि परियोजना स्वीकृति गर्नु पूर्व आदिवासीको स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी नभइ कार्यान्वयन भएका विकास आयोजनाहरूका सम्बन्धमा हालसम्ममा करिव दुई दर्जन स्थानमा सडक विस्तारका नाममा नेवाः बस्ती, संस्कृति र साँस्कृतिक सम्पदा अतिक्रमण र विस्थापनका घटना मध्ये केही उदाहरणार्थ देहाय अनुसार छ ।

- नागढुङ्गा - कलंकी - कोटेश्वर सडक विस्तार, जोरपाटी-साँखु सडक विस्तार आदि । सडक विस्तार पीडित समूहको भनाइमा “हामी सडक विकासका विरोधी होइनौं तर यसले निजी सम्पतिको हनन हुनु हुदैन”।[१]

- जोरपाटी-साँखु सडक विस्तार आयोजनाले नेवाः तथा स्थानीय जनताले आफ्नो FPIC अधिकारको लागि आन्दोलन गर्न बाध्य भए । “हामीलाई कुनै अग्रिम सूचना र जानकारी दिइएन, एकै पटक डोजरले धकेल्न आए” ।[२] यो र यस्ता घटनाहरू काठमाडौंमा मात्र होइन भक्तपुरमा पनि उस्तै देखियो । स्थानीय प्रभावित नीलनारायण कोजुका अनुसार “घर भत्काउ तर पर्याप्त क्षतिपूर्ति प्रदान गर्नु पर्छ” ।
- सातदोबाटो-गोदावरी सडक विस्तारको क्रममा जलः (हरिसिद्धिं) मा ९० वर्षे जेष्ठ नागरिक दम्पती सहितको घरमा बुलडोजर प्रयोग भएको ।
- ख्वना (खोकना) को प्रस्तावित सुख्खा बन्दरगाह, द्रुतमार्ग, बाह्य चक्रपथ, वागमती करिडोर, स्याटलाइट सहर तथा हाइटेन्सन विद्युत प्रसारण लाइन
- पशुपति क्षेत्र विकास आयोजनाले नरः (ग्वलः) क्षेत्रको नेवाः जीवन सम्पदा, साँस्कृतिक सम्पदा सहितको नेवाः बस्ती उठाउने ।
- बालाजु बाइपास सडक विस्तार आयोजना-७ वर्षभित्र ४८ वटा घर छानिछानी भत्काएको ।
- पुरातात्विक तथा सम्पदा क्षेत्रमा कतै सडक विस्तार, कतै सैनिक मुख्यालयको नाउँमा टुँडिखेल अतिक्रमण, भद्रकाली फाँट अतिक्रमण ।
- विकास आयोजनाहरू सञ्चालन गर्ने क्रममा थातथलो, कृषि भूमि र साँस्कृतिक सम्पदामा राज्यबाट बारम्बार दमन र अतिक्रमण हुँदै आएको ।
- ख्वना (खोकना) बासिन्दाले सरोकारवालाहरूसँग छलफल नगरी जबरजस्ती आयोजना सञ्चालन गरेको, अन्यायपूर्ण तवरले क्षतिपूर्ति कम तोकेको, पुरातात्विक, साँस्कृतिक सम्पदा, परम्परा तथा आदिवासी नेवाःको जीवनशैलीको चरम अपहेलना तथा स्थानीय आदिवासीको दीगो जीविकोपार्जन जस्तो गम्भीर सवालमा दुरदृष्टि नराखेको आदि सवालका सम्बन्धमा खोकना सरोकार समितिले नौ वर्ष अगाडि (सन् २००७) देखि संघर्षमा रहेको ।
- काठमाडौं उपत्यकामा सडक विस्तार आयोजनाहरूबाट ९९% नेवाःहरू पूर्ण रूपमा विस्थापित हुन सक्ने । नेपालमा कुनै पनि आयोजनाहरूले वातावरणीय प्रभाव मूल्याङ्कनको लागि मात्र “सार्वजनिक सुनुवाइ” गर्दछ र तर परियोजना स्वीकृति गर्नु पूर्व आदिवासीको स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी प्राप्त गरेको होइन । प्रभावित नेवाः/स्थानीयको प्रतिनिधिमूलक “सहमति” लिने गरिएको छैन ।

बुँदा २३ (ङ) मा विस्थापनका कार्य अन्तर्राष्ट्रिय मापदण्ड अनुसार ग्यारेण्टी गर्ने सम्बन्धमा कानुनी लगायत आवश्यक सबै उपायहरू अवलम्बन गर्ने र विस्थापनमा पारिएकालाई उपचार र पर्याप्त वैकल्पिक बासस्थान दिने सम्बन्धमा हालसम्म केही पनि व्यवस्था गरेको छैन ।

बुँदा २३ (च) मा आदिवासी जसलाई सरकारले एजेण्टहरू र/वा व्यक्तिहरूबाट धम्की, दुर्व्यवहार रोक्ने सम्बन्धमा द्रुतमार्गको वातावरणीय प्रभाव मूल्याङ्कनको लागि सन् २०१२ मा जिल्ला प्रशासन कार्यालयको अनुमति लिएको तर सो अनुमतिले पुरै आयोजना सञ्चालनको लागि स्वीकृति पाएको [tantamount] भन्ने दाबी रह्यो । जसले जनतालाई राज्यले भुक्याएको स्पष्ट भएको छ ।

बुँदा २४ मा समितिले राज्य पक्षलाई आदिवासी जनजातिहरूले आफ्नो साँस्कृतिक/धार्मिक अधिकारहरू स्वतन्त्र रूपमा उपभोग गर्नका लागि आदिवासीको परम्परागत संस्कृतिहरूलाई अपराधीकरण गर्ने कानुनहरू फिर्ता लिन आमन्त्रण गर्दछ, भन्ने सुझाव कार्यान्वयन गरेको छैन । तर आफ्नो समाज र गुठीहरूले परिवर्तित अवस्थामा विभेद् र विकृत देखिने व्यवहार/प्रचलनहरू (बालविवाह, महिनावारी हुदा महिलाहरूलाई गर्ने छुवाछुत, विवाहित एकल महिला प्रति हुने तिरस्कार, दाइजोको तामझाम र भड्किलो विधि व्यवहार) सचेतना र सहमतिमा रोक्दै आएको पाइन्छ । "इहि" (बेलविवाह) संस्कारले नेवाः समाजलाई बालविवाह मुक्त बनाएको छ । नेवाः समाजमा दाइजो माग्ने र दाइजो अंश लाग्ने व्यवस्था छैन । विवाहित एकल महिलालाई तिरस्कार गर्ने प्रचलन छैन तर कट्टरपन्थी धर्मान्धहरूको सोच र चेतनाको कारण भेदभाव गरेको देखिन्छ ।

बुँदा २६ (क) मा आदिवासी नेवाः बालकहरूलाई पूर्ण समावेशिताका लागि र विशेषगरी आदिवासी नेवाः महिलालाई शिक्षक पदलगायत शिक्षाका सबै तहहरूमा आवश्यक मानविय सहयोग, प्राविधिक र वित्तीय सहयोग गर्न दिएको सुझावको कार्यान्वयनका सम्बन्धमा सूचना उपलब्ध भएको छैन ।

**अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समितिले नेपालको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा निष्कर्ष अवलोकनको कार्यान्वयनको अवस्था**

सुझाव ८ अनुसार राज्य पक्षले ग्रामीण क्षेत्रका आदिवासी र आदिवासी अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गता परिचय पत्रहरूमा पहुँचका सम्बन्धमा भोग्न परेका सबै अवरोधहरू हटाउन उपयुक्त उपायहरू अवलम्बन गर्ने सम्बन्धमा राज्यले ग्रामीण/सहरी नेवाः बालिका/महिला/किशोरी/जेष्ठ नागरिकहरू लक्षित नीति लिएको देखिदैन ।

सुझाव १४ का सम्बन्धमा अपाङ्गता भएका नेवाः बालिका/महिला/किशोरीहरूको प्रतिनिधिमूलक संस्था बनेको छैन तर आदिवासी अपाङ्गता सम्बन्धी सवाललाई समग्र सवाललाई संवोधन गर्ने

महिलाको संस्थाले प्रतिनिधित्व गर्ने अवस्था रहेको छ ।

सुझाव ४०.१४ अनुसार राज्य पक्षले अपाङ्गता भएका आदिवासी महिलाहरूलाई निजामती सेवाका पदहरूमा ५ प्रतिशत आरक्षण मध्येबाट पूर्ति गर्नका लागि तथ्याङ्क सङ्कलन गर्न र मापदण्ड विकास गर्नका साथै ती सरकारी सेवामा संलग्नहुनेहरूको गुणस्तर र खास गरेर आदिवासी महिलाको पृष्ठभूमिबाट आएकाहरू समेतका बौद्धिक र/वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई बेरोजगार भएकाहरूको तुलनामा फाइदा पाए भन्ने सम्बन्धमा बृहत् मूल्याङ्कन गर्न उपयुक्त उपायहरूका सम्बन्धमा संयुक्त राष्ट्र संघले सन् १९८० देखि "अपाङ्ग" नभनेर "फरक क्षमतावान" भन्ने प्रस्तावलाई राज्यले सर्वव्यापी स्वीकार गरिएको छैन । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ अनुसारको विविधतालाई राज्य उत्तरदायी भएको देखिदैन भने शारीरिक अपाङ्गता बाहेक अन्यलाई समावेश हुने अवसर प्राप्त भएको छैन ।

संविधान, ऐन, नियमावलीले पूर्ण अधिकार दिएपनि व्यवहारमा सबै प्रकारका अपाङ्गता भएका व्यक्ति तथा समुदाय खासगरी आदिवासी नेवाःले लाभान्वित हुन सक्ने आधार तय नगरिएको ।

**भूमि, भू-भाग तथा स्रोत**

नेवाः भूमि तथा गुठीहरूको सम्पति उपर खोटो नियतले जारी गरेको गुठी विधेयकको विरुद्धमा २०७५।३।४ मा थापाथली मण्डलामा मानव सागर उर्लेको थियो । काठमाडौं कालीमाटी सडक विस्तारका नाममा उठीबास विरुद्धको आन्दोलन जारी छ । पशुपति विकास गुरुयोजना (पशुपति विकास कोष) ले नेवाः आदिभूमि ग्वल क्षेत्रका नेवाःहरूको उठीबास विरुद्धको आन्दोलन जारी छ । नेवाः बुद्धिष्ट सम्पदा क्षेत्र (पलेस्वांपुखु), ठमेलको छाँयादेवी कम्प्लेक्स निर्माण गर्न दिएको स्वीकृति विरुद्धको मुद्दा सर्वोच्च अदालतमा कायमै छ । विकास आयोजनाहरूबाट त्रसित/पीडित नेवाःभूमिका लागि खोखना, साँखु तथा काठमाडौंका आन्दोलन आदिले गर्दा नेवाः महिलाको नियन्त्रणमा रहेका र नेवाः जातिको अधिकार र भोगी आएको जग्गा जमिनसँग सम्बन्धित साँस्कृतिक सम्पदा तथा आर्थिक स्रोत विहिन बनाइ उपत्यका भित्रेका आप्रवासीको लागि आदिवासीलाई सुकुम्बासी बनाउन राज्य उद्यत देखिन्छ । आक्रमक ढङ्गले भएको सडक विस्तार आयोजनाहरूले डेढलाखभन्दा बढी नेवाःलाई दुष्प्रभाव परेको छ । परियोजना स्वीकृति गर्नु पूर्व आदिवासीको स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी प्राप्त नगरिएको र न्यायपूर्ण क्षतिपूर्तिको व्यवस्था गरिएको छैन । स्वपहिचानका धार्मिक साँस्कृतिक सम्पदा स्थल भत्काउने विगार्ने, शान्तिपूर्वक जीउने हकको हनन् दुर्व्यवहार, दबाब, जबरजस्ती बस्तीकै उठीबाससम्मका गम्भीर प्रकारका मानव अधिकार हनन् भएको छ । सानु श्रेष्ठको मुद्दा उपर २०७४।६।२ (१७ सेप्टेम्वर २०१७) मा सम्मानित सर्वोच्च

अदालतले अन्य विकल्प नभएका अवस्थामा घरहरूको सुरक्षामा असर पर्ने गरी भएका सबै काम रोक्ने निर्देशनात्मक आदेश भएको नजिर छ । फैसलाले जग्गा अधिग्रहण ऐन, नियमहरूको आधारमा स्थानान्तरण, स्थापनान्तरण भएको ठाउँमा समतामूलक रूपमा घर निर्माण खर्च र आयोजनाको लाभ र क्षेतिपूर्ति सहित वातावरणीय र पुरातात्विक सम्पदाको संरक्षणमा विशेष ध्यान दिन आकर्षित गरेको थियो । नेपाल दुरसञ्चार संस्थानका कर्मचारी युनियनले नेपालको सडक विस्तार आयोजना विरुद्धको मुद्दा जुन ११, २०१८ मा सर्वोच्च अदालतले आइएलओ नं. १६९ को पालना भए/नभएको समीक्षार्थ त्रिपक्षिय कमिटी गठन गर्ने निर्णय गरेको र सडक विस्तार आयोजना पीडित नेवाःसमुदायले अझै न्याय पर्खेको अवस्था छ ।

**आदिवासी नेवाः किशोरी र महिला विरुद्ध भएका दुर्व्यवहार र हिंसाका घटना**

नेवाः मातृभाषा त्यागी खस शुद्ध बोल्न र लेख्न सिक्नको लागि भएको बाध्यकारी निरन्तरतामा गुरुजन र साथीहरूबाट “भैंसी खानेहरूको बोली” भन्नेजस्ता अपमानित अलङ्कारहरू लगाएर बोल्ने र राज्यको असन्तुलित भाषा नीति र शिक्षामा बढ्दो अङ्ग्रेजी भाषाको मोह र बाहुल्यताले भाषिक हिंसा र दुर्व्यवहारका घटनालाई उत्साहित गरेको छ । मातृभाषा बोल्नेहरूलाई कमसल दर्जाका बनाइएको छ भने नेवाः महिलाको चित्रण गर्दा अन्ति बोकेका महिलालाई चित्रित गरिनु साँस्कृतिक हिंसा र दुर्व्यवहारकै प्रतिक हो ।

**प्रथाजनित कानुन र प्रथाजनित संस्था**

गुठी संस्थानको नाममा राज्यले नेवाः गुठीहरूको काठमाडौंको जग्गा जमिन (अचल सम्पति) हड्पेपछि साँस्कृतिक धार्मिक कृयाकलापहरूको निरन्तरतामा सङ्कट आएको र तत्कालिन गुठी व्यवस्थामा तोकिएको रकम दिन गुठी संस्थाले गुठी सञ्चालकलाई दुखःकष्ट दिने गरी काठमाडौंमा नियन्त्रण गर्दै आएको क्रममा गुठी संस्थानको खारेजीको माग सहित आन्दोलनहरू भएको छ । इन्द्रजात्रा पर्व एक हो “न्यारले भैंसी खान पाएनन्” भन्ने जस्ता कुण्ठीत सोचले नेवाः, राष्ट्रिय पर्व/संस्कृतिप्रति अपमान मात्र होइन कतै जातीय विखण्डन ल्याउने प्रयास त होइन भन्ने शङ्का उब्जेको छ । यस प्रतिवेदन अवधिमा राज्यकोषले रोकेका विभिन्न साँस्कृतिक कार्यहरू सञ्चालन गर्ने गुठीहरू पुनजीवित भएका छन् । जस्तै कार्तिक नाच, पाटन (करिव ६०/७० वर्ष अघिसम्म एक महिना हुने, पछि एक दिने भयो र अहिले सो नाच सप्ताहव्यापी बनाउन नेवाः गुठीहरू समर्थ भएको, माघ महिनामा माधव नारायण पर्वको समयमा “माघःखः” निकाल्ने काम फेरी सुरु भएको, नवदुर्गा नाच, भक्तपुर पुनःव्यवस्थित भएको केही नमूना हुन् । नेवाःहरूको कुनैपनि गुठी पर्व राज्य कोषबाट सञ्चालित हुने होइन । आफ्नो पुर्खाको सम्पति भित्र्याएर कथित व्यवस्थापनको

नाउँमा संस्कृति मास्ने काम भइ आएको मात्र हो । ती आन्दोलन र विद्रोहको कार्यक्रममा नेवाः महिलाहरूको सहभागिता उल्लेख्य रह्यो । गुठी, पर्व, पूजा आदि सबै पारिवारिक संयन्त्र, जातीय परम्परा र गुठीगानाहरूमा उनीहरूको अहम् भूमिका र दायित्व सहित प्रतिनिधि भइ सहभागी हुने परम्परा सुनिश्चित गरिएका छन् । तथापि, गुठीयारको रूपमा लास उठाउने र जलाउने जस्तो काममा भने बन्देज रही आएको छ ।

**स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी** (एफपिक)

नेपालको संविधान (असोज ३, २०७२) सँग बाझिएका पुराना ३३९ ऐनहरू मध्ये १७४ वटा पुनःनिर्माण वा खारेज हुनु पर्ने पहिचान भएको र संविधानको धारा ३०४ अनुसार संघीय संसदको पहिलो बैठकले एक वर्षभित्र ती सबै ऐन कानुन पुनर्लेखनको घोषित अन्तिम मिति मार्च ५, २०१९ रहेको । यी नयाँ कानुन, नीतिहरू बनाउदा, संशोधन पारित र/वा लागू गर्दा संयुक्त राष्ट्र संघको घोषणापत्र र आइएलओ महासन्धि नं. १६९ मा प्रावधान गरिए बमोजिम कुनै पनि कार्य वा परियोजना स्वीकृति गर्नु पूर्व आदिवासीको स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी प्राप्त गर्ने (FPIC) सम्बन्धमा राज्य जिम्मेवार नदेखिएको । कुनै संस्था वा आयोजनाहरूले स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC) अनुसार प्रतिनिधिमूलक आदिवासी नेवाः महिलासँग मञ्जुरी लिने नगरेको । राज्यले अहिलेसम्म नेवाः परम्परागत प्रतिनिधिमूलक संस्थाहरूलाई मान्यता नदिनु र त्यसका लागि संयन्त्र तयार नगरिनु नेवाः समुदायको लागि जोखिम र चुनौती दुवै रहेको छ ।

**सहभागिता र प्रतिनिधित्व**

स्थानीय निकाय (वडा, गाउँपालिका, नगरपालिका र अन्य सरकारी निकाय) प्रदेश सरकार र संघीय सरकार), निजी व्यापारी कम्पनी, गैरसरकारी संस्था, विकास साझेदार संस्थाको विकासे परियोजना लगायतका राज्यको कुनै तहमा पनि नेवाः महिलाको प्रतिनिधिमूलक उपस्थिति छैन । संयोगले कुनै एक नेवाः महिलाको “टिके” उपस्थिति/मनोनयनले सही अर्थमा नेवाः महिलाको प्रतिनिधित्व भएको मानिदैन । निजी व्यापारिक प्रतिष्ठान, कम्पनी, गैसस वा विकासे आयोजनामा भएका नेवाः महिलाको उपस्थिति प्रतिस्पर्धालाई प्रतिनिधित्व भन्न सकिन्न ।

नेवाः संस्कृतिमा जात्रा, पर्व, स्रोतको उपभोग र संरक्षणार्थ छुट्टाछुट्टै “गुठी” हरू रहेका छन् । पुरुष घरमुलीले परिवारको प्रतिनिधित्व गर्दछन् । गुठीयारको तहमा महिलालाई राख्ने प्रचलन छैन । नेवाः देय् दबू लगायतका आधुनिक संघ सस्थाहरूले महिलाको भगिनी संगठन जस्तो बनाए पनि स्वतन्त्र निर्णयको अधिकार र उत्साहजनक भूमिका विहीन देखिन्छन् ।

### आदिवासी महिलाको आर्थिक सशक्तिकरणको अवस्था

नेवाः महिलाको प्रथाजनित ज्ञान, सीप, प्रविधि र अभ्यासहरूले गर्दा सीप भएका उद्यमीका रूपमा पनि परिचित छन् । यही सीप, ज्ञान र जाँगरले उनीहरूले पुरुषहरू माथि पर्ने आर्थिक दायित्वको आधा हिस्सा बोक्ने गरेको पाइन्छ र पनि आर्थिक योगदानको कदर र मूल्याङ्कन गर्ने संयन्त्रको अभावलाई हालैका दिनहरूमा महिलाको आर्थिक योगदानको मापन हुनु पर्ने बोध गरेको पाइन्छ । नेवाः महिला सीपयुक्त मानिन्छन् उनीहरूमा विभिन्न प्रथाजनित ज्ञान, सीप, प्रविधि र अभ्यास मध्ये तानबुन्ने, रङ्ग गाउने, तथा विभिन्न प्रकारका मना (मर्चा), जाँड र रक्सी बनाउने जैविक प्रविधिले आय आर्जन हुने परम्परागत सीपलाई विभेदपूर्ण परिभाषा दिइ सामाजिक विकृति र अपराधिक क्रियाकलापलाई मद्धत पुर्‍याउने रूपमा प्रस्तुत गरेको पाइन्छ । ढल र नालीमा बगेको "कट" को गन्ध सुँघेर जाँड रक्सी पारेको घर खोजी नेवाः महिलालाई दुखः दिने अपमान गर्ने काम प्रशासनबाट हुने गरेको पाइन्छ । नेपालमा विदेशबाट मदिराजन्य वस्तुको आयातले राष्ट्रको मौलिक ज्ञान र सीपको ठाडो अपमान भएको छ भने विदेशी विनिमयको ठूलो अंश खर्चेको पाइन्छ । ती सीप ज्ञान र जाँगरलाई उद्यमशीलता र व्यापारिक गतिविधिको रूपमा ब्रुयिङ्ग र डिस्टीलिङ्गलाई "ब्राण्ड" नामबाट नेवाः महिलाको ज्ञान सीपलाई राष्ट्रिय अर्थतन्त्र र आर्थिक उपादेयताको आधिकारिकता सुनिश्चित गरिनु पर्छ अन्यथा राज्यलाई विदेशी मुद्रामा जाँड रक्सी चुरोट जस्ता वस्तु आयात गर्ने अधिकार रहनु हुदैन भन्ने नेवाः महिलाको आवाज छ ।

### अन्तरदेशिय सम्वन्ध

नेवारहरू नेपालमा मात्र होइन विश्वका विभिन्न मुलुकहरूमा छरिएर रहेका छन् । छिमेकी देश भारतको दार्जलिङ, सिक्किम, कलकत्ता, विहारको बेतिया नेवाः बाहुल्यता भएकोमा हाल भारतका विभिन्न राज्यहरूमा बसोबास फैलिँदै गएको र उत्तरी छिमेकी देश तिब्बत ल्हासा नेवारको व्यापारिक क्षेत्र हालपनि कायम रहेको र नेवाः जातिको बसोबास रहदै आएको छ । पछिल्ला केही दशकहरूदेखि विश्वका धेरै देशहरूमा नेवाःको बसोबास फैलिँदै गएको अवस्था छ । छिमेकी भारत र ल्हासा सँगको सामाजिक आर्थिक साँस्कृतिक सम्बन्ध घनिष्ट रहेको र अन्य पश्चिमी मुलुकहरूमा रहेका नेवाःहरूले "Global Newah Organization/विश्व नेवाः संगठन" स्थापना गरी नौ वटा देशमा राष्ट्रिय/सदस्य शाखा ११ वटा देशमा सहित २२ वटा आबद्ध सदस्य देश/संस्था क्रियाशील रहेको सम्बन्धित देशहरूबाट मान्यता पाएको अवस्था छ । ती नेवाः बसोवास रहेको देशहरूसँग घनिष्टमैत्री सम्बन्ध रही आएको पाइन्छ । स्वदेशमा रहदा विदेशी संस्कृति प्रति आकर्षित नेवाः युवाहरू विदेशमा पुग्दा स्वदेशको माया र आफ्नो जातीय संस्कार संस्कृतिको महत्व बुझी मौलिक पहिचानका पर्वहरूलाई

भव्यताका साथ सामूहिक रूपमा मानी “हलिमय् न्ह्याथाय् च्वसां भ्की नेवाः” अवधारणालाई अङ्गाली इ.सन्को २७ मार्चलाई “विश्व नेवाः दिवस” को रूपमा मनाइ आएको छ ।७

**मातृभाषा**

जनस्तरबाट स्थापित पहिलो नेवाः विद्यालय (जगतसुन्दर ब्वनेकुथि) निरन्तर सञ्चालनमा रहेको । नेवाः भाषालाई राष्ट्रिय भाषाको मान्यता प्रदान गरियो । मातृभाषामा शिक्षाको अवस्था सुधार्न संविधानले बाटो दिएको छ तरपनि व्यवहारिक स्तरमा कार्यान्वयनमा राज्यको यथेष्ट ध्यान र पहल नपुगेको पाइन्छ ।

सरकारी तहको आम सञ्चार माध्यमहरूमा समेत हुने श्रव्यदृष्य प्रस्तुतिहरूले नेपालभाषा र नेवाः जातिको मौलिक स्वभाव र बोलीलाई हाँसोको विषय बनाइ गर्ने विभेद र अपहेलनाका घटनाहरू थुप्रै छन् । नेवाः भूमिबाट नेवाः जातिलाई उठीबास गराउने खालका आयोजनाहरूले गैर आदिवासी भूमिमा स्थानान्तर गराइदा बाल बालिका र अभिभावकहरूले मातृभाषा त्याग्नै पर्ने र नेवाः हुनुको कारण विभेद र अपमान खप्नु पर्ने बाध्यता प्रति राज्य गम्भीर नभएको दुःखद अवस्था छ ।

संविधान प्रदत्त भाषा आयोग गठन भएको छ । स्थानीय निकायले केही सामुदायिक र संस्थागत विद्यालयमा मातृभाषाको माध्यमबाट संस्कृति र सम्पदाबारे पाठ्यक्रम लागू गर्ने केही सत्प्रयासको सुरुआत भएको छ । नेवाः जनस्तरको प्रयासबाट १०० वटा विद्यालयमा मातृभाषामा पठन पाठन सुरु गराएको छ । शिक्षक शिक्षिकाहरूले स्वयम् सेवा प्रदान गरेको अवस्था छ । विद्यालय स्तरका मातृभाषा शिक्षक/शिक्षिका तालिम र पाठ्यपुस्तक छपाइका काम भइ रहेको छ । निम्न माध्यामिक तहको नेपाली विषयमा “शंखधर साख्वाः” का विषयमा पढाउने गरिएको छ ।[३]

नेवाः महिला/पुरुष दुवैले नेवार मातृभाषा बोल्ने कारण गैर नेवाः खास गरी बाहुन र क्षेत्रीबाट प्रभावित समुदायबाट अपमान र विभेद भएका घटना थुप्रै छन् । भाषिक विभेद र अपमानले वि.स. १९९७ साल देखि स्पष्ट रूपमा राजनैतिक स्वरूपको नेपालभाषा आन्दोलनको सुरुआत भएको ऐतिहासिक पृष्ठभूमि रहेको छ । अभिभावकहरूले भोगेका पीडाको भोगाइ आफ्ना सन्तानले पनि भोग्न नपरोस् भन्ने हेतुले छोराछोरीका सामु समेत मातृभाषा नबोली खस भाषा रभ अङ्ग्रेजी भाषा बोल्न परेको तितो यथार्थ थुप्रै छन् । यही भाषिक विभेदले गर्दा मातृभाषा प्रयोगमा दिनानुदिन ह्रास आएको छ । नेपालको शिक्षा नीति र अङ्ग्रेजी भाषा प्रतिको मोहले भाषिक विभेद मात्र नभइ दिर्घकालमा नेवाः बालबालिकाहरूलाई नेवाः स्वभाव, समाज र सामाजिकिकरणबाट विच्छेद हुने चुनौतीको सिर्जना भएको छ भने नेवाः भाषा लोप हुने खतरा पनि बढ्दो छ । सरकारी तहको आम सञ्चार माध्यमहरूमा समेत हुने श्रव्यदृष्य प्रस्तुतिहरूले नेपालभाषा र नेवाः जातिको मौलिक स्वभाव

र बोलीलाई हाँसोको विषय बनाइ गर्ने विभेद र अपहेलनाका घटनाहरू थुप्रै छन् । नेवाः भूमिबाट नेवाः जातिलाई उठीबास गराउने प्रकारका आयोजनाहरूले गर्दा नेवाः भूमिलाई गैर आदिवासी भूमिमा स्थानान्तरण गराउँदै जानुले बालबालिका र अभिभावकहरू नयाँ ठाउँमा घुलमिल हुनुपर्ने परिस्थिति सिर्जना हुदा मातृभाषा छुट्दै जाने, नेवाः हुनुको कारण विभेद र अपमान खप्नु पर्ने बाध्यता प्रति राज्य गम्भीर नभएको दुःखद अवस्था छ ।

**संस्कृति र साँस्कृतिक सम्पदा**

संस्कृति र साँस्कृतिक सम्पदाहरू लोप हुँदै जाने अवस्थामा रहेको छ। बाह्य साँस्कृतिक अतिक्रमणलाई राज्यको भाषा नीतिले पृष्ठपोषण गर्नुले विदेशी संस्कृतिको बिगबिगी र त्यसप्रति युवा पुस्ताको आकर्षण मौलिक मूर्त अमूर्त साँस्कृतिक सम्पदाहरूको संरक्षण र सम्बर्धनका लागि व्यक्तिगत वा सामूहिक प्रयास भएपनि राज्य यस विषयमा संवेदनशील देखिदैन ।

नेपालको संविधान २०७२ देशलाई “धर्म निरपेक्ष” बनाएको छ । पछिल्लो समयमा नेवाः संस्कार संस्कृति अबलम्वन गरिरहन सकिन्न भनी धर्म परिणत गर्ने तथा नेवाः युवाहरूको बढ्दो विदेश पलायनले नेवाः समाजमा ज्येष्ठ नागरिकहरूले कुल संस्कार चलाउन कठिन भइ कुलवंशले धार्मिक परम्परागत रूपले संरक्षण गर्नुपर्ने मठमन्दिर, महाविहार, विहार, चैत्य, चिबहाः, चोक, चिहान, घाट, जग्गा जमिन, ख्यः (चउर) पोखरी, कुवा, इनार आदि प्राकृतिक/साँस्कृतिक सम्पदा तथा स्रोतहरू को सुरक्षा र संरक्षण हुन नसक्दा नेवाःइत्तरको अतिक्रमण र नियन्त्रणमा पुगेको छ। ती सम्पदाहरूको संरक्षण र सोको आम्दानीबाट चलाइने धार्मिक, साँस्कृतिक र सामाजिक पर्व/क्रियाकलापहरूमा गम्भीर असर परेको छ ।

**प्राकृतिक विपद**

वि.सं. २०७२ को विनासकारी भूकम्पले नेवाः, ताम्सालिङ, वल्लो किराँत, किराँत, तमुवान क्षेत्रका करिव ८८१० जना आदिवासीले ज्यान गुमाएको र २२,३१० जना गम्भीर घाइते भएको थियो ।[४] आफ्नो जातीय विशिष्ट पहिचान, भाषा र जीवन शैलिको आधारमा सामाजिक, आर्थिक, साँस्कृतिक धार्मिक र मनोविज्ञानमा आघात परेको आदिवासीहरूले राज्यले गरेको विभेद सहन बाध्य भएको थियो । आपतकालको राहत, उद्धार, पुनस्थापना र भूकम्प पछिको प्रभावितहरूको आवश्यकता पहिचानको लागि गठन भएको समितिमा नेवाः लगायत कुनै पनि आदिवासीको प्रतिनिधिमूलक संस्थाहरूसँग परामर्श लिने, प्रतिनिधित्व नगराइनु, आदिवासी सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता, प्रतिबद्धता तथा FPIC को अवमूल्यनप्रति खेद प्रकट गर्नुको विकल्प केही नरहेको स्थितिको सामना गर्नु परेको छ। वैदेशिक सहयोगी निकायसँग (२५ जुन २०१५) को बैठकमा समेत भूकम्प

प्रभावित आदिवासी समुदायहरूको प्रतिनिधिमूलक संस्थाहरूलाई सहभागिता गराएन ।[५] काठमाडौं उपत्यका र नेपालमण्डल क्षेत्र अति प्रभावित भएको अवस्थामा उद्धार, खोजी, राहत, पुनस्थापना, पुनःनिर्माण कार्यमा अन्तर्राष्ट्रिय सहयोगी निकाय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोग सूचीमा काठमाडौं उपत्यका समावेश थिएन । ध्वस्त भएका उपत्यका र नेपालमण्डल भित्रका जनजीवनले हिँउद/वर्षाहरू टहरो मै काट्न अझै बाध्य छन् र स्थिति यथावतै रहेको उपत्यकाको भित्री सहरका खोखना, बुगमती आदि उदाहरणहरू हुन् ।

**आदिवासी महिलाको सशक्तिकरण**

लोक सेवा आयोगको सेवा प्रवेशमा निजामती सेवा ऐन, २०६३ अन्तर्गत पहिलो पटक ४५% समावेशी स्थान/कोटा सुनिश्चित गरिएको र नेपालको संविधान, २०७२ दफा ४२ ले सामाजिक न्यायको आधारमा थप बल पुऱ्याएको भएपनि लोक सेवा आयोगले ५१५ वटा स्थानीय निकायको लागि पदपूर्ति गर्ने सूचना (२०७६।२।१५) ९१६१ पदको ४५% मध्ये नेवाः समेत आदिवासी महिलाको ३३%, आदिवासीको २७%, (मधेसी २२%, दलित ९%, अपाङ्गता भएका व्यक्तिको लागि ५%, र पछाडि पारिएका क्षेत्रहरूको लागि ४%) आरक्षित सिट बेवास्ता गरेको विषयमा आदिवासी जनजाति महासंघको अगुवाइमा विरोध ऱ्याली, जनदबाब र मन्त्रालयमा धर्नाहरूको बाबजुद पनि बेवास्ता गरेको अवस्था छ । उल्लेखित कार्ययोजना तथा आवधिक योजना तथा प्राथमिकता प्राप्त विकास आयोजनाहरूमा आदिवासी नेवाः महिला भनी स्पष्ट पहिचान सहित उल्लेख गर्ने प्रचलन छैन । त्यस्तै तीनै तहका सरकार देखि वैदेशिक सहयोगी निकायले "स्थानीय/प्रभावित जनता" भन्ने गर्दछन्, "आदिवासी" शब्दको प्रयोगको लागि थप दबाब सिर्जना हुनु पर्ने क्षेत्र रह्यो ।

**महिला आन्दोलन**

कथित "मूलधार"का महिला आन्दोलनहरूले नेवाः आदिवासी महिलाको सवालको वेदनालाई अनुभूत गर्न सकेका छैनन् । अन्य आदिवासी महिलाहरू जस्तै नेवाः महिला पनि "देखाउने भिड" को पात्रको रूपमा हेर्न सकिन्छ । सत्ता नजिकका मूलधारका महिलाहरूले नेवाः महिलाको स्वभाव र सवाललाई गलत सम्प्रेषण गर्ने र खसभाषाको दखललाई कमजोर आधार बनाइ नेतृत्वदायी भूमिकामा हत्तोत्साहित गर्ने हुदा एक्ला एक्लै सञ्चालन गरिने आन्दोलनहरूको प्रभावकारीता नहुने भनी मूलधारको आन्दोलनमा सहभागी हुन दबाब परेको र "हामी पनि आदिवासी" भनी आदिवासी महिलाको सरलता, सामार्थ्य र प्रतिबद्धतालाई व्यक्तिगत हितमा प्रयोग भइ आएको पाइन्छ । सही रूपमा समावेशीता अवलम्बन गर्न नसकी राज्यले विभेदलाई कायमै राखेकोले नेवाः महिलाको आन्दोलन निस्तेज पार्ने गरेको ठम्याइ रहेको छ ।

**आदिवासी महिला आन्दोलन**

आदिवासी महिला आन्दोलनले उठाएको राष्ट्रिय (संघीय), प्रदेश र स्थानीय तथा अन्तर्राष्ट्रिय तहहरूमा उठाइएका आदिवासी महिलासँग सम्बन्धित सवालहरू, उपलब्धि र भोगेका समस्याहरू यस प्रकार छन्ः

- नयाँ संविधान २०७२ ले छोरीलाई पनि सन्तानको हैसियत प्रदान गरेको ।
- नयाँ संविधानले नेवाः तथा अन्य सबै आदिवासी महिलाहरूको सवालहरूलाई सम्बोधन नगरेको ।
- राज्यका सबै तहमा महिलाहरू बीचको विविधता र समावेशिताको सवालका लागि सञ्चालन गरेका धेरै आन्दोलनहरूका बाबजुद दलहरूले यी "नेवाः महिला" भनी दलिय कार्यकर्तालाई नेवाः महिला (आदिवासी महिला) भनी देखाउने गरेको । तर ती नेवाः वा आदिवासी महिलाको प्रतिनिधि होइनन् । उनीहरूले नेवाः महिलाको विषयमा बोल्ने अधिकार र हिम्मत राख्दैनन् । तसर्थ, आदिवासी महिलाको सामूहिक र नेवाः महिलाको एकल जातिय सवालहरू राज्य तहबाट सम्बोधनका लागि मागलाई पैरबी गर्दै हिँडेको अवस्था हो -
    - राज्यपक्ष रहेका सबै अन्तर्राष्ट्रिय प्रतिबद्धता/सामाजिक आर्थिक प्रतिज्ञापत्रहरूको अवलम्बनको सुनिश्चितता ।
    - विशिष्ट पहिचान र आदिवासी मान्यताको सुनिश्चितता ।
    - व्यक्तिगत अधिकार र सामूहिक अधिकारबीचको अन्तरविरोधको अन्त्य ।
    - आत्मनिर्णयको अधिकार सहित स्वायत्तता र स्वशासनको सुनिश्चितता ।
    - स्वतन्त्र, पूर्व जानकारी, सहमति र मञ्जुरीको अधिकारको सुनिश्चितता ।
    - पुर्ख्यौली भूमि र प्राकृतिक स्रोतमा स्वामित्व, उपभोगको अधिकारको सुनिश्चितता ।
    - राज्यका सबै तह र निकायमा पूर्णसमावेशी, समानुपातिक प्रतिनिधित्व तथा त्यसरी समानुपातिक प्रतिनिधित्वले समेट्न नसक्ने क्षेत्र र सवालहरूमा सकारात्मक विभेद/विशेष व्यवस्थाको सुनिश्चितता ।
    - विकास र निर्माणका कार्यहरूमा पहुँच, अवसर, नियन्त्रण र लाभको वितरण (benefit sharing) व्यवस्थाको सुनिश्चितता ।

○ हिमाल पहाड तराईका दुर्गम क्षेत्र र लोपोन्मुख, अति/सीमान्तकृत वर्गमा परेको नेवाः महिलाका सशक्तिकरणको लागि विशेष कार्यक्रमको सुनिश्चितता ।

○ प्रथाजन्य न्यायिक प्रणालीलाई पुनःस्थापना र सुरक्षाको सुनिश्चितता । बेचबिखन, यौनजन्य हिंसा लगायत नेवाः महिला विरुद्धका सबै प्रकारका विभेद र हिंसाको अन्त्य ।

○ नेवाः महिलाबाट संरक्षित अमूर्त सम्पदाको संरक्षण, विकास सम्बर्द्धन र अभिलेखन सहित परम्परागत ज्ञान र सीपको संरक्षण र प्रवर्धन सुनिश्चितता ।

○ महिलाको लैङ्गिक अधिकार र आदिवासी जनजाति महिलाको अधिकारबीचको अन्तरविरोधको अन्त्य ।[६]

**अन्य महत्वका विषयः**

नयाँ संविधानमा समावेश हुनु पर्ने आदिवासी महिलाका सामूहिक सवाल नसमेटिएका सबै सवालहरूको सम्बोधन गर्ने मूल महत्वका विषय थाति नै छन् ।

**लेखकः** *मंगला कारंजित, नेपालभाषा मिसा खलःको अध्यक्ष (संस्थापक) र स्वतन्त्र परामर्शदाता हुनुहुन्छ ।*

**स्रोत सामग्रीः**


१ सुमन सायमी, संयोजक, काठमाडौं सडक विस्तार सरोकोर समिति, २०१६

२, सानुबाबु बिसुन्खे, संयोजक स्थानीय सरोकार समिति ।

३ सरस्वति तुलाधर, शिक्षिका परोपकार उच्च मा.वि. ।

४ नेपाल सरकारको डाटा, ७ जुन २०१५

५ जुन २३, २०१५ मा भएको नागरिक समाज, आदिवासी जनजाति संघसंस्था, राजनैतिक दलका आदिवासी जनजाति नेताहरू, प्रभावित क्षेत्रका आदिवासी जनजातिहरूको भेलाको निर्क्यौल ।

६ राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको मागपत्र ।

७. http://www.global newah organization. org

# डोल्पो महिला (डोल्पो भूईमेड)

**परिचय**

डोल्पो (धोल्पो) राष्ट्रको अर्थ प्राकृतिक विरामृत निधि वा वरदान हुन्छ । भावार्थमा यस क्षेत्रमा रहेका मानव लगायत सम्पूर्ण जैविक विविधतालाई समग्रमा डोल्पो भन्ने बुझिन्छ । विशेषगरी डोल्पो भनेको डोल्पो समुदायको आदि थलो/भू-क्षेत्र (Teritory) र यहाँ बसोबास गर्ने निवासी दुवैको आफ्नो पहिचान हो । नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचिकृत आदिवासी जनजातिहरू मध्ये यस डोल्पो समुदाय पनि एक हो । यस समुदायको ऐतिहासिक थातथलो कर्णाली प्रदेश डोल्पा जिल्लाको उत्तरी छार्का भोट डोल्पो क्षेत्रको पूर्व ७ गा.वि.स. र वर्तमान ३ गाउँपालिकाहरू शे-फोक्सुन्डो, डोल्पो बुद्ध र थार्का च्याङस्योङको सबै क्षेत्र डोल्पो (धोल्पो) थातथलो भूमि हो । यस डोल्पो समुदायको अग्रज (पूर्वज महासिद्ध योगी डोल्पो बुद्ध (धोल्पो साँगे) को मातृभूमि पनि भएको कारणले डोल्पोको महिमा, गरिमा र प्रसिद्धिको पहिचान विश्वव्यापी हुन सकेको हो । २५६४ वर्ष अघि भगवान बुद्धले सूत्र पिटकमा भविष्यवाणी गरे अनुसार १२ औं शताब्दीको अन्त्यमा भेन्जाङ कायोरीमा मेरो नाम गरेको एक डोल्पो बुद्ध नामक महायोगीको जन्म हुनेछ । हिमाली भोट क्षेत्रमा बुद्धशासन फैलाउने छ । उक्त महायोगी डोल्पो बुद्धको जन्मस्थान भेन्जाङ कायोरी वर्तमान डोल्पो जिल्ला डोल्पो बुद्ध गाउँपालिका वडा नंः ६ पु गुम्बामा पर्दछ ।

डोल्पोहरूको पूर्वज सर्वज डोल्पो बुद्ध यहाँ जन्मनु भएकोले यस गाउँपालिकाको नाम सगौरव डोल्पो बुद्ध राखेको हो । उहाँले परशून्य सिद्धान्तको प्रतिपादन गरी भगवान बुद्धको मानव मुक्ति **सद्धमो** शिक्षालाई डोल्पो समुदाय लगायत सम्पूर्ण हिमाली भोट क्षेत्रमा व्यापक प्रचार प्रसार अभियान सञ्चालन भएको कारण वर्तमानमा बुद्ध शिक्षा विश्वव्यापी हुनुमा उहाँको अतुलनीय भूमिका रहेको छ ।

यस समुदायको भाषा डोल्पो भोट भाषा हो । यसको लिपि संभोटा हो र धर्म संस्कृति बोन र बौद्ध दुईवटा नै रहेको छ ।

राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार यहाँको जनसंख्या १२५६८ रहेको छ ।

**सड, सर्ड, सिआरपिडीका सुझावहरूको कार्यान्वयनको अवस्था**

सिडको सुझाव, संयुक्त राष्ट्र संघका जातीय भेदभाव उन्मूलन गर्ने समिति (सर्ड) ले नेपालको १७ औं देखि २३ औं आवधिक प्रतिवेदनका सम्बन्धमा २९ मे २०१८ मा दिएको निष्कर्ष सुझाव

तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समितिले नेपालको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा निष्कर्ष सुझावको कार्यान्वयनको अवस्थाका सम्बन्धमा डोल्पो महिलाको सन्दर्भमा ती कुनै पनि सुझावहरू कार्यान्वयन नभएको अवस्था छ ।

**प्रथाजनित कानुन र प्रथाजनित संस्था**

यस संस्थाको प्रथाजनित कानुन घापु/ढेहु अर्थात जेठो/बुढो (मुखिया) पद्धति हो । प्रत्येक गाउँमा दुई प्रकारको घापु/मुखिया हुन्छ । एक चौथारी घापु अर्थात स्थायी मुखिया र अर्को अस्थाई मुखिया चौथारी घापु अर्थात स्थायी मुखिया वंशपरम्परा र घापु घर नेवर अनुसार १ वर्षे कार्यकालको लागि पालैसँग मनोनयन गरिन्छ । घुल्की घापु छोक्या अर्थात गाउँ मुखिया समितिमा ५ जना सदस्य रहने व्यवस्था गरिएको छ । पाँच जनामध्ये ३ जनाको मनोनयनमा एक जना महिला अनिवार्य र बाँकी २ जना समाजको हरेक क्षेत्रमा योगदान पुऱ्याएका प्रतिष्ठित व्यक्तिहरूमध्ये बाट चयन गरिन्छ । यस समितिले हरेक दुःख सुखका साथै भैपरी आउने सबै प्रकारको समस्याको निराकरण गर्ने अख्तियार प्राप्त गरेको हुन्छ । गाउँ मुखिया समितिको कोषाध्यक्ष अनिवार्य महिला बनाउने प्रचलन भएकोले डोल्पो समाज मातृप्रधान समुदाय हो ।

डोल्पोको प्रथाजनित बहुपति प्रथा भन्नाले २ देखि ६/७ वा जतिसुकै दाजुभाईहरूको बिचमा एउटी श्रीमती बिबाह गर्ने प्रचलनलाई बहुपति प्रथा भनिन्छ । यो प्रचलन डोल्पो समाजको एउटा विशेषता हो । २०३५ वर्षअघि सम्म यो प्रचलन डोल्पो समाजको लागि वरदान सिद्ध थियो किनभने त्यसबेला सम्म यातायातको सुविधा थिएन र जीवन निर्वाह गर्न अत्यन्तै गाह्रो थियो । जनताको आर्थिक अवस्था अत्यन्तै कमजोर थियो । लामो समय सम्म यहाँको पेसा व्यवसाय मिश्रीत थियो । यस समुदायले कृषि, पशुपालन र व्यापार सबै नगरी जीवन धान्न सकिने स्थिति थिएन । एकल व्यवसायले जीवन धान्न कठिन थियो । एक भाईले कृषि, अर्को भाईले पशुपालन र अन्यले व्यापार गर्नु पर्ने भएकोले महिनौ दिन पछि मात्र २/४ दिन घरपरिवारसँग भेटघाट हुन पाउँथ्यो । प्रायः जसो काम विशेषले अलग अलग ठाउँमा समय व्यतित गर्नु पर्ने बाध्यताले परिवारमा झगडा हुदैनथ्यो । एक आपसमा ठूलो परिवार मिलेर बस्दथे । एक भाई व्यापारका लागि तिब्बत (भोट) हिउरो औलो अनाज र वर्षायाम नुन र ऊनको लागि भोट महिनौ समय परदेशमै समय लाग्थ्यो भने अर्को भाई वर्षभरी गोठमा र हिउँदमा पनि गोठमा बिताउनु पर्थ्यो । अरू भाईहरू खेतीपाती घरबुना लुगा बुन्ने धागो काटने व्यवसाय हुन्थ्यो ।

जब बाटोघाटो बन्न थाल्यो एक ठाउँबाट अर्को ठाउँमा आवातजावत (यातायात) गर्ने सुविधा हुदै आयो । आर्थिक अवस्थामा पनि बन्दव्यापार जडीबुटीको व्यापार व्यवस्थापनले प्रगति हुदै आएपछि

मानिसहरूमा फुर्सदको समय बढी भएपछि मानसिक स्वतन्त्रताको अनुभूति गर्न थाल्यो । बिस्तारै बहुपति प्रथा कुरीतिमा परिणत हुन पुग्यो हाल यस प्रथालाई अपनाइरहनेहरू औंलामा गन्न सकिने वा लोपोन्मुख अवस्थामा पुगेको छ ।

डोल्पोको प्रथाजनित वैवाहिक प्रचलनमा 'मामाकी छोरी खोजी खोजी, फुपूकी छोरी रोजी रोजी' भन्ने चलन रही आएको छ । मामा र फुपूकी छोरा बाहेक अन्यत्र सँग बिहे गर्न पाइदैन । यदि मामाको छोरा र फुपूको छोरी नभएको अवस्थामा मात्र नजिकको अन्यत्र सँग बिहे गर्ने अनुमति हुन्छ । मामा र फुपूकी छोरी जन्मनासाथ यो मेरो बुहारी हो भनेर अग्रिम पक्का गरी चिनो र मङ्गलको प्रतिक टाशी चारका टाउकोमा घिउको टीका लगाउने गरिन्छ । मागी विवाह, प्रेम विवाह, अनमेल र बाल विवाह सबै प्रकारको हुने गरेको छ । बैबाहिक सम्बन्ध राखिने परिवार मुख मिल्ने र नमिल्ने अर्थात जुठो चल्ने र नचल्ने कस्तो छ त्यसका बारेमा यस समुदायले धेरै विचार गरिन्छ । अपवादको अवस्थामा बाहेक अन्तरजातिय विवाह हुदैन । विवाहमा केटा केटी बिच लगन मिल्ने नमिल्ने बारे चन्द्र ज्योतिष शास्त्र अनुसार लामा गुरुलाई हेराउने चलनलाई प्राथमिकता राखेको हुन्छ ।

डोल्पोको प्रथाजनित मृत्यु संस्कार चन्द्र ज्योतिष शास्त्र अनुसार मृतकको शवलाई कुन दिशातर्फ लैजाने अग्नि र जल दहन एवम् गिद्धलाई दान आदि कुनै पनि तरिका द्वारा दहन वा दान गर्ने गरिन्छ । महामारी रोगबाट मृत्यु भएका बाहेक सामान्यतया शवलाई जमिनमा गाडिदैन ।

**सिड, सर्ड, सिपिआरडीका सुझावहरूको कार्यान्वयनको अवस्था**

सिड, सर्ड, सिपिआरडीका सुझावहरूको कार्यान्वयनको सम्बन्धमा डोल्पो आदिवासी महिलाको सन्दर्भमा कुनै पनि सुझावहरू कार्यान्वयन नभएको अवस्था छ । आदिवासी जनजाति, मधेसी, महिला, दलित र अन्य उत्पीडित जाति, वर्ग, क्षेत्र, लैङ्गिक समानताका लागि जारी गरिएका संयुक्त आन्दोलन र संघर्षको उतार चढाउको बीच दुई पटक संविधान सभाको गठन पछि ८ वर्ष लगाएर राज्यकोषको खरबौ रकम खर्च गरेर अनेक नाटक र षडयन्त्रको बाबजुद अन्तिममा आएर ४/५ जना हिन्दु अतिवादी, ब्राम्हणवादी नेताहरूले सुनियोजित तरिकाले फास्टट्र्याक (द्रुत गति) को बाटोबाट संविधान सभाको ६०० सभासदलाई उल्लु बनाएर एउटा बन्द कोठामा बसेर संविधान सभाको नाममा विभेदकारी हिन्दु एकात्मक संविधान २०७२/६/३ मा निषेधित आज्ञा लगाइ नेपाली जनतालाई लादियो । संविधान जारी भएकै दिन उक्त संविधान आन्दोलनकारीहरूले जलाइयो ।

उत्पीडित जाति वर्ग, क्षेत्र, लिङ्गका संघसंस्था र हिन्दु बाहेकका सबै धार्मिक संघसंस्थाहरूको संयुक्त आन्दोलन महिनौ सम्म जारी रह्यो । त्यसपछि पनि आवश्यकता अनुसार समय समयमा आन्दोलन आजसम्म पनि जारी नै रहेको छ । आन्दोलनकारी आदिवासी जनजाति महासंघ र राष्ट्रिय आदिवासी

जनजाति महिला महासंघ मधेशी, दलित संस्थाहरू र सरोकारवालाहरू बिच पटक पटक भएको ९ बूँदे, १५ बूँदे र २० बूँदे सम्झौतालाई राज्यले कार्यान्वयन नगरी धोका दिदै आएको छ ।

सर्व स्वीकार्य संविधान संशोधनको निम्ति आदिवासी जनजाति महिला लगायत सरोकारवाला सबै नै आन्दोलनरत रहेको छ । संविधानमा व्यवस्था भएको आदिवासी जनजातिहरूको आफ्नै ऐतिहासिक थातथलो (भू-क्षेत्र) छ । तिनीहरूको लागि विशेष क्षेत्र, संरक्षित क्षेत्र र स्वायत्त क्षेत्रलाई गठित निर्वाचन क्षेत्र निर्धारण आयोगले वदनियत पूर्वक कार्यान्वयन नगरेको उक्त व्यवस्था संविधानको पानामा सीमित राखेको छ ।

**शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जः**

डोल्पाको शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जले यसको मध्यवर्ती क्षेत्र फुसुल्दो साम्दाङ, भिजेर र धोतारापका विशेषगरी महिलाहरूको जो यार्सा गुम्बा सङ्कलन र दाउरा घाँसपात गर्न जाँदा सेना र निकुञ्जका कर्मचारीहरूले थुनछेक र दण्ड जरिवाना गरी दुःख दिने गरिरहेको छ ।

**राज्यबाट आदिवासी महिला सीपको अपहेलनाः**

डोल्पो समुदायको आफ्नो मौलिक सीप जाँड रक्सी बनाएर घरमै प्रयोग गर्ने र बेचबिखन गर्ने कामलाई सरकारले गैरकानुनी मान्यता दिएर विदेशी चीन र भारतका हानिकारक शीलबन्दी रक्सी र बियरलाई कानुनी मान्यता दिएर आदिवासी महिलाको ज्ञान, सीपबाट तयार गरी परिवारको जीविकोपार्जन गर्ने घरेलु व्यवसायलाई जोखिममा पारेको छ । सीप जोखिममा मात्र नभएर डोल्पो समाजका महिला अनावश्यक कानुनी दण्ड सजाएको दुःख हैरानी खेप्नु परिरहेका छन् । विदेशी नक्कली हानिकारक रक्सी बियरलाई छुट दिइ आफ्नै मुलुकको जाड विशुद्ध रक्सीलाई प्रतिबन्ध लगाइ पटक पटक प्रहरीले ठूलो संख्यामा जाँड रक्सी जफत गर्ने र जरिवाना लगाउदै आएको उदाहरण तल प्रस्तुत गरिएको छ ।

- २० नोभेम्बर २०१६ मा डोल्पा जिल्ला छार्का ढाङस्योङ २ का याङ्गी गुरुङ, रिक्साङ्ग घले, जोम्पा डोल्पो, कार्मा लामा, साम्तेन लामा ५ जना महिलालाई जनही रु. ५,०००/- का दरले जरिवाना ।
- २६ अगस्त २०१६मा डोल्पा जिल्ला शे-फोक्सुण्डो गाउँपालिका ६ का कुन्साङ लामु, रिन्जेन लामा, पासाङ लामा र कार्मा डोल्पो ५ जनालाई जनही रु. १०,०००/- जरिवाना ।
- २८ जनवरी २०१७ मा डोल्पा जिल्ला डोल्पो बुद्ध गाउँपालिका ५ का रिन्जेन लामु, पासाङ डोल्पो, कार्छेन लामा, फूर्वा ल्हामु खाडो र दिकी ६ जनालाई जनही रु. ८,०००/- जरिवाना ।

**गाईगोरुको आयात निर्यातमा प्रतिबन्ध**

सन् २०१५ को नेपालको नयाँ गणतान्त्रिक संविधानमा गाईलाई राष्ट्रिय जनावर घोषणा गरी निरन्तरता दिएकोले राज्यले गाई काट्ने कामलाई रोक्नको लागि गाई गोरुलाई एक ठाउँबाट अर्को ठाउँमा लैजान प्रतिबन्ध लगाएको कारण डोल्पो समुदायको सुत्केरी आमाहरू गाईगोरुको मासुखानबाट वञ्चित भएका छन् । डोल्पोहरूको प्रचलन अनुसार सुत्केरीलाई गाई गोरुको मासु नभइ नहुने पोषिलो खाद्य वस्तुमा पर्दछ । यस समुदायका जनताहरू विशेषगरी सुत्केरी महिलाले गाईको मासु खान पाउनु पर्ने न्यूनतम मानव अधिकारबाट वञ्चित हुन परिरहेको छ । साथै डोल्पोहरू गाईगोरुको मासु खान नपाएर उनीहरूको खाद्य संप्रभूताको अधिकार राज्यले संरक्षण गरिनु पर्नेमा खोसिएको अवस्था छ । त्यति मात्र हैन गाईगोरु आयात निर्यात गर्ने मानिसहरूलाई प्रहरी प्रशासनबाट छेक थुन, जरिवाना र कुटपिट समेत गरी अनेकन दुःख दिएका छन् ।

आम्ची वैद्य स्वास्थ्य विज्ञान पद्धति अनुसार गाईगोरु र भैंडाको मासुमा विशेष प्रकारको पौष्टिक तत्व पाइन्छ भनेर सिद्ध गरेको छ । यसको मासु सुत्केरी महिला, ज्येष्ठ नागरिकहरू, बिरामी र बालबालिकाको लागि अधिक लाभदायक हुन्छ । गाईगोरु र भैंडा च्याङ्ग्राको टाउको र खुट्टा सुत्केरी महिलाको लागि नभइ नहुने खाद्य वस्तु हो । टाउको र खुट्टा र हाडखोरको सुप (झोल) सुत्केरी महिला, ज्येष्ठ नागरिकहरू र बालबालिकाको स्वास्थ्यको लागि अत्यन्तै फाईदा जनक हुन्छ ।

**यार्सागुम्बा सङ्कलनमा प्रतिबन्ध**

हिमाली क्षेत्र मध्ये सबैभन्दा धेरै र गुणस्तरिय दुर्लभ यार्सागुम्बा डोल्पो भू-क्षेत्रमा पाइने र विगत २० वर्ष अघि देखि सङ्कलन गरी प्रति किलो नेरु.१५ लाख देखि २५ लाखको मूल्यमा बिक्री गरी जीवन निर्वाह गर्दै आएको यस क्षेत्रको उत्तम पेसा व्यवसाय हो । यार्सागुम्बा टिप्नमा प्रतिबन्ध नलाग्दा पुरुषभन्दा महिलाहरू बढी लाभान्वित हुने गरेको थियो । महिलाले यार्सागुम्बा टिपेको रकम घर खर्चको लागि दिन नपर्ने आफ्नो पेवाको लागि सुरक्षित गर्ने अवसर हुन्थ्यो । यस्तो सुनौलो अवसर आज गुमेको छ । महिलाले कम्तीमा पनि प्रति वर्ष यार्सागुम्बाको सङ्कलनबाट नेरु. ५ देखि १५ लाख सम्म आम्दानी गर्ने गर्छन् ।

**लेखकः** *नोर्भु घले डोल्पो, डोल्पो महिला संघको सल्लाहकार हुनुहुन्छ ।*

# पहरी महिला (पिहि म म)

**परिचय**

पहरी आदिवासी सीमान्तकृत आदिवासीमा पर्दछ । पहरीहरू काठमाडौ, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, बारा, पर्सा, रौतहट लगायतका ४१ वटा जिल्लामा छरिएर बसेका छन् । यस जातिको प्रायः भाषा, रीतिरिवाज, धर्म, चाडपर्व लोपभइसकेको अवस्थामा पुगेको छ । यस जातिलाई अन्य जाति र सरकारबाट सम्मानपूर्वक जातीय पहिचान नदिदा यस जातिले थर परिवर्तन गरेर पहरी भनेर चिनाउन नचाहानु, खुलेर बोल्न नसक्ने, शिक्षा, सचेतना र गरिबीको कारण पछाडि परिहेको विद्यमान अवस्था रहेको छ । यस जातिको कुल जनसंख्या १४ हजार छ, त्यसमध्ये महिलाको जनसंख्या ६,१०२ रहेका छन् ।

पहरी आदिवासीको मुख्य भूमि थलो काभ्रेपलाञ्चोक र ललितपुर हो । काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछापमा पहरीहरू धेरै छन् । त्यहाँका पहरीहरू भौगोलिक दृष्टिले पछाडि पारियो । हामी ललितपुरका पहरी नेपालको राजधानी नजिक भएतापनि गरीबी, अशिक्षा, चेतनाको कमी, सामाजिक, राजनीतिक तहका आफ्नो जातिको पहुँच नभएको कारणले बत्ती मुनिको अध्यारो जस्तै गरी पछाडिपारिएका छन । पहरी जातिको धर्म संस्कृति, रीतिरिवाज, भेषभूषा, प्रथाजनित संस्था, गुठी, विशेष चाडवर्प, कात्तिक पूर्णिमा, द्यो पूजा, चल्या (चैतको पूर्णिमा) हुन । ललितपुर जिल्लाको गोदावरी नगरपालिकाको बडिखेल ४ (कोङ्कु), लेले पाडे, वडा ५, शिखर्पा ६, छम्पी ईटाहिटी र सलिन्टार वडा ९ मा आफनै मातृभाषा सबै लोप हुन नदिन पहरी जातिलाई बचाउन नेपाल पहरी महिला विकास संघ हरपल सक्रिय भइ वडा नगरपालिका अन्य संघसंस्थाहरूमा प्रपोजल राखी सहकार्य गर्दै कार्यक्रम गर्दै आएका छौं । महिला महासंघ, जनजाति प्रतिष्ठान, महिला मञ्च, लाहुर्निप, पहरी विकास संघ, वडा, नगरपालिकाको सहयोग साथमा कार्यक्रमहरू भइरहेका छन् ।

**सिड, सर्ड सिपिआरडिका सुझावहरूको कार्यान्वयनमा सिडको सुझावको कार्यान्वयनको अवस्था**

बुँदा ११ (ख) मा महिलाका लागि लक्षित वित्तीय सहयोग र सामान्यतः बोलिने भाषाहरूमा कानुनी सहायता प्रदान गरेको छैन । बुँदा १९ (क) मा अनुसन्धान र कारबाही गर्ने पर्याप्त दण्ड दिने र उत्पीडितलाई क्षतिपूर्ति दिने विधेयकको अनुग्रहण छिटो गरेको छैन । बुँदा २५ (क) मा आदिवासी र दलित महिला तथा किशोरीहरूलाई बेचबिखनको खतराबारे र अपराधिक प्रकृतिको बारेमा थोरै सचेतना जगाउने कार्य भएको अवस्था छ । बुँदा २९ (घ) मा आदिवासी महिला लगायत समाजका सबै समूहका महिलाहरूको निर्णायक प्रक्रियामा पूर्ण र समान सहभागिता केही रहेको छ । तर

निर्णय गर्नेमा भने पुरुषहरू नै हुन्छ । बुँदा ३३ (क) मा योजनाको खाका र सुझाव तयार पारेको छ । तर राम्ररी कार्यान्वयन र अनुगमन द्धारा शिक्षामा समता समावेशीतालाई प्रवर्द्धन गर्ने र कार्य बलियो बनाएको छैन । बुँदा ३८ (घ) मा आदिवासी महिलाका लागि दुर्गम मात्र होईन सुगम ठाउँमा भेदभाव अन्त्य भएको छैन । बुँदा ४१ (क) मा आदिवासी अधिकार घोषणा पत्र अनुरूप आदिवासी महिलाको अधिकार र आत्मनिर्णयको अधिकार संविधान संशोधन गरेको छैन । बुँदा ४१ (ग) मा आदिवासी महिलामा पहुँच अभिवृद्धि कार्यक्रम पनि छैन । विशेष अवसरहरू पनि पहुँचवालाहरूले मात्र पाएका छन् । उल्लेखित परिस्थितिहरूले गर्दा पहरी महिलाहरू अवसरबाट वञ्चित हुन परेको यथार्तता झल्किन्छ ।

**संयुक्त राष्ट्र संघको जातीय भेदभाव उन्मूलन गर्ने समिति (सर्ड) नेपालको १७ औं देखि २३ औं आवधिक प्रतिवेदनका सम्बन्धमा २९ मे २०१८ मा दिएको निष्कर्ष सुझावको कार्यान्वयनको अवस्था**

बुँदा २३ (ख) मा सरकारी निकायहरूमा आदिवासीहरू सहभागी हुन पाउने तर स्वतन्त्र रूपमा प्रतिनिधि छान्ने अधिकार सुनिश्चित गरेको छैन । बुँदा २३ (ग) मा आदिवासीको परम्परागत भूमि तथा प्राकृतिक स्रोतमा भएको अधिकार सम्बन्धी विवाद समाधान गर्न आइएलओ महासन्धि नं. १६९ मा दिएको सुझावको कार्यान्वयन भएको छैन । बुँदा २३ (घ) मा आदिवासीको परम्परागत भूमि तथा स्रोतमा प्रहरी चौकी बनाउने योजना गोदावरी नगरपालिका वडा नंः ९ छम्पी सलिन्टारमा त्यहाँका आदिवासी पहरी जातिलाई अग्रिम जानकारी र मञ्जुरी नलिइ चौकी बनाउने सिडियोबाट स्वीकृति भएको भन्दा स्थानीय बासिन्दा नेपाल पहरी महिला विकास संघका कार्यकारिणी समिति र कर्मचारी सहित भेला भइ छलफल गरी वडा कार्यालय र जिल्ला प्रशासन कार्यालयमा पत्र पठाएका छौं । बुँदा २४ मा आदिवासी जनजातिको साँस्कृतिक तथा धार्मिक अधिकारहरू स्वतन्त्र रूपमा उपभोग गर्न पाएका छैनौं । बुँदा २६ (क) मा आदिवासी बालकहरू र महिला शिक्षक शिक्षाका सबै तहहरूमा आवश्यक मानव प्राविधिक र वित्तीय सहयोग गर्न दिएको सुझावको कार्यान्वयन भएको छैन ।

**अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समितिले नेपालको प्रारम्भिक प्रतिवेदनको सम्बन्धमा निष्कर्ष सुझावको कार्यान्वयनको अवस्था**

सुझाव ८ अनुसार आदिवासी अपाङ्गता भएका व्यक्तिलाई परिचय पत्रमा पहुँच सम्बन्धमा भोग्नु परेका सबै अवरोधहरू हटाउने उपायहरू अवलम्बन नगरेको ।

**भूमि, भू-भाग तथा स्रोत**

भूमि भू-भाग तथा स्रोतमा आदिवासी महिलाको अधिकार नियन्त्रण र पहुँच केही उपयोग भएको

देखिएतापनि पहरी समुदायले उपभोग गर्दै आएका प्राकृतिक स्रोत साधन सरकारले नियन्त्रणमा लिदै गएको स्थिति रहेको छ ।

**आरोप उजुरी र मुद्दाहरू**

पहरी समुदायका दिदी बहिनीहरू अशिक्षित, गरीब र चेतनाको कमीले गर्दा महिलाहरू अत्यधिक हिंसा र विभेदमा परेको छ । यस समुदायका महिलाहरूलाई संविधान र कानुनमा महिलाको अधिकारका बारेमा के व्यवस्था छ त्यसबारे जानकारी नहुनु, यस समुदायका पुरुषहरूले श्रीमतीलाई भुक्याएर घरबाहिर दोस्रो श्रीमती ल्याएर बस्ने, घरेलु हिंसा, यौन हिंसा, सासूहरूबाट बुहारीहरू अपमानित र प्रताडित हुनुपरेको, श्रीमान र सासूबाट अनेकौं प्रकारका यातना भेल्नुपर्ने स्थिति रहेको छ । त्यस्तैगरेर अन्य गैर पहरी जातिको अपमान, हेपाइ सहेर बस्नु पर्ने अवस्था, विभिन्न प्रकारका हिंसा, अपमान, तिरस्कारको सम्बन्धमा चुप लागेर बस्नु पर्ने जस्ता अवस्था रहेको पाइन्छ ।

प्रथाजनित संस्था पहरी जातिको गुठी हो । ललितपुर जिल्लाको गोदावरी नगरपालिका कोड्कु बडीखेल वडा नं. ४, लेले पाडे वडा नंः ५, शिखर्पा वडा नं ६, छम्पी ईटाहीटी र सलिन्टार वडा नं. ९ मा परम्परादेखि गुठी राख्ने चलन छ । गुठीयारहरूमध्ये उमेरमा वरिष्ठ व्यक्तिलाई थकाली भनेर मानिन्छ ।

प्रथाजनित संस्थामा आदिवासी महिलाको सहभागिता कम हुँदै देखिन्छ । नीति तथा निर्णय तहमा पनि पुरुषहरू नै रहेका हुन्छन् ।

**लेखकः** *बिना पहरी, पहरी महिला विकास संघको अध्यक्ष हुनुहुन्छ ।*

# बनकरीया महिला

**परिचय**

सन् २००२ को आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन अनुसार लोपोन्मुख समूहमा पर्ने प्रकृति पुजक वनकरीयाहरूको आफ्नै मातृभाषा, संस्कृति, थातथलो, भेषभूषा र बसोबास क्षेत्र थियो भने हाल उल्लेखित सबै नै यस समुदायमा लोप भएको अवस्था पाइन्छ। २१ घरधुरी र ८३ जनसंख्या भएका वनकरीयाहरूमा ४५ जना महिला र ३८ जना पुरुषको जनसंख्या रहेको छ। नेपालको ७७ जिल्ला मध्ये एक मात्र जिल्ला मकवानपुर, एक मात्र गाउँपालिका मनहरी र एक मात्र वडा ४ नं. मा बसोबास गरेको देखिन्छ। परापूर्वकालमा चुरेको जङ्गल क्षेत्रभित्र मात्र घुमफिर गरी खोला, खोल्साको छेउछाउमा बसोबास गर्ने, काठ र स्याउलाले बारेको छाप्रोमा बसोबास गर्ने, अन्य बाहिरी समुदायसँग घुलमिल गर्न लजाउने स्वभावका रहेका थिए। यस जातिले जङ्गली कन्दमुल कुरीलो सिस्नो र अन्य जङ्गली वनस्पतिहरूमा आश्रित भएर खाद्यान्नको परिपूर्ति गर्दथे। यस जातिको जीविकोपार्जनको स्रोत वन जङ्लमा नै आधारित कुरीलो र बाबियोबाट कुचो, डालो तयारगरी त्यसलाई बिक्री गरेर अत्यन्तै कष्टकर जीवन यापन गरिरहेका छन्।

वनकरीयाहरूलाई सन् २००५/२००६ मा विभिन्न संघसंस्था, आदिवासी विज्ञ, पत्रकार र सरकारको पहलमा हालको पर्सा राष्ट्रिय निकुञ्जको मसिने शान्ति कबुलियत वनमा २० वर्षको लागि अस्थायी बसोबास गराइएको छ। सरकारले बसोबासको लागि ठाउँ दियो तर जीविकोपार्जनका लागि केही व्यवस्था नहुदा वनकरीया पुरुष, महिला र बालबालिका दैनिक ज्यालादारी, गलैंचा कारखाना, ग्यारेजहरूमा श्रमिकको रूपमा काम गरेको पाइन्छ। यसरी बालबालिकाहरू दैनिक ज्यालादारीमा काम गर्नुपर्दा उनीहरू शिक्षाबाट वञ्चित हुन परेको अवस्था रहेको थियो। हाल आएर विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्था र व्यक्तिको सहयोगमा यस समुदायका बालबालिकाहरू विद्यालय जान थालेका छन्। यद्यपि, विद्यालय जाने उमेरका केही बालबालिकाहरू परिवारको जीविकोपार्जनका लागि गलैंचा कारखाना र ग्यारेजहरूमा कामदारको रूपमा काम गरिरहेका छन्। यस समुदायका प्रायः सबै नै बेरोजगार छन्। आर्थिक र शिक्षाको कमीले गर्दा रोजगारीमा पहुँच छैन जसलेगर्दा यस समुदायको जीवन यापन अत्यन्तै कष्टकर बनेको छ। नेपाल सरकारले यस जातिलाई उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ताले केही राहत मिलेको छ। वनकरीया महिलाहरूमा स्वास्थ्य सचेतनाको कमीले धेरै महिलाहरूमा प्रजनन् स्वास्थ्य समस्याहरू देखिएको छ। रोजगारीको वैकल्पिक उपायहरू नहुदा यस जातिको आर्थिक आर्जनको कुनै सुनिश्चितता छैन।

### सिड, सर्ड, सिआरपिडिका सुझावहरूको कार्यान्वयनको अवस्था

सिडको सुझाव, संयुक्त राष्ट्र संघका जातीय भेदभाव उन्मूलन गर्ने समिति (सर्ड) ले नेपालको १७ औं देखि २३ औं आवधिक प्रतिवेदनका सम्बन्धमा २९ मे २०१८ मा दिएको निष्कर्ष सुझाव तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समितिले नेपालको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा निष्कर्ष सुझावको कार्यान्वयनको अवस्थाका सम्बन्धमा वनकरीया महिलाको सन्दर्भमा ती कुनै पनि सुझावहरू कार्यान्वयन नभएको अवस्था छ ।

शिक्षा र अन्य सरकारी सहयोग र सेवाको बारेमा जानकारी नहुदा लोपोन्मुख आदिवासीको अधिकारलाई उपयोग गर्नबाट वञ्चित रहेको अवस्था छ । नेपाल सरकारको तर्फबाट वनकरीया समुदायका महिलाहरूलाई उनीहरूको जीवन स्तर उकास्ने कार्यक्रम सञ्चालन गरेको छैन । स्थानीय निकायहरूमा वनकरीया महिलाहरूमध्ये ज्येष्ठ नागरिक, असक्त महिला, अपाङ्गता भएका महिलाहरूले सरकारी कागज पत्रको अभावमा लोपोन्मुख जातिको अधिकार उपभोग गर्न पाएको छैन । वनकरीया महिलाहरूले प्राप्त गरेको सामाजिक सुरक्षा भत्ता अन्य जातिसँग विवाह गरेको भनी कटौती गरेको अवस्था छ । ंस्थानीय निकायले स्वास्थ्यको विषयमा कार्यक्रमहरू ल्याएको तर महिला अधिकारबारे कार्यक्रमहरू नभएको अवस्था छ । महिलाहरूलाई रोजगारीमा जादा पुरुषलाइभन्दा कम पारिश्रमिक दिने र पुरुषहरूलाई पनि अन्य जातिलाईभन्दा कम पारिश्रमिक दिने गरिन्छ ।

### भूभि, भू–भाग तथा स्रोत

हाल वनकरीयाहरूले भोगचलन गर्दै आएको वा उपभोग गरिदै आएको भूमि उनीहरूको आफनो स्वामित्वमा नभइ कवुलियत वनको अधिनमा रहेको छ र समुदायको नाममा प्राप्त गर्न सामूहिक निवेदन स्थानीय सरकार र सरकारका प्रतिनिधिहरू समक्ष पेश गरेकोमा उनीहरूको मतैक्यता नरहेको (दुई मत छ कोही तिमीहरूलाई अन्यत्र स्थानान्तरण गरिन्छ भन्छन भने कोही यही मिलाउछौ भन्ने आश्वासन दिने गरेको छ) छ । यस सम्बन्धमा यस समुदायको माग व्यक्तिको नाममा नभइ समुदायको नाममा सामूहिक जग्गाधनी पूर्जा पाउनको लागि पहल गरिरहेको छ । समुदायले बसोबास गरेको कबुलियती वनमा उनीहरूको प्रतिनिधित्व नरहेको र सो वनलाई प्रयोग वा उपभोग गर्न पनि वनको नीतिनियमले समस्यामा पारेको छ । धेरै जसो दैनिक जीवन यापनको लागि वनसँग नजिक रहेको समुदाय भएकोले वनमा जान प्रतिबन्ध लगाएपछि रोजीरोटीको लागि अन्यत्रै जानु पर्ने बाध्यताले गर्दा यस समुदायको जल, जङ्गल र जमिन (भूमि) माथिको स्वामित्व खोसिने सम्भावना बढेको छ ।

कबुलियत वनको नीतिनियमले वनकरीयाहरूको जीवीकोपार्जनको लागि अन्यत्र जानु पर्दा उनीहरू विस्थापितभइ यस जातिको भाषा, धर्म, संस्कारमा प्रत्यक्ष असर परेको हो भन्ने प्रमुख कारण

बनेको छ । वनकरीया समुदायलाई वनमा जान रोक लगाएपछि परम्परागत उपचार विधिको लागि जडीबुटीको प्रयोगमा समस्या भोग्नु परेको छ । प्रथाजनित कानुन र प्रथाजनित संस्था वनकरीयाहरूको प्रथाजनित कानुनको नामाकरण नभएपनि उनीहरूको वनमा रहदाको अवस्थामा समुदायको एउटा अगुवा हुन्थ्यो भने समूहमा रहने यो समुदायले उसैको निर्देशन पालना गर्ने चलन रहेको थियो ।

**स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी**

यस समुदायको अधिकारहरूको बारेमा जानकारी नभएको अवस्था रहेको पाइन्छ । नेपाल सरकारको होस या सामाजिक विकासका कार्यक्रमहरू होस् हाम्रो सहमति, इच्छा वा आवश्यकताको बारेमा हामी वनकरीयाहरूसँग परामर्श र मञ्जुरी लिएको छैन ।

**सहभागिता र प्रतिनिधित्व**

अहिलेको अवस्थामा नेपाल सरकारको संघसंस्था ऐन अनुरूपको वनकरीया विकास नामको संस्था रहेको छ । यस समुदायमा राम्रो पक्ष भनेको महिलाहरू जहिले पनि अगाडि देखिन्छ जुनै पनि कार्यक्रमहरूमा सहभागी हुदा महिलाहरू अग्रपङ्तिमा रहदै आएका छन र यो समुदायको माउ संस्थाको संस्थापक देखि हाल सम्म पनि महिलाले नै नेतृत्व सम्हाल्दै आएको छ । शिक्षाक्षेत्रमा पनि महिला नै अगाडि देखिन्छ हाल सम्म २ जना महिलाले एस.इ.इ पास गरेको छ भने पुरुषको संख्या शून्य रहेको छ । यस समुदायमा सबै निर्णय महिलाको रहने हुदा घरेलु हिंसा र महिला हिंसा कम भएको पाइन्छ । अहिले सम्म यो समुदायबाट कुनै पनि प्रकारको स्थायी रोजगारी र निजामति सेवामा प्रवेश पाएको छैन ।

वनकरीया महिलाहरूमा शिक्षा र चेतनाको कमीले गर्दा रोजगारीमा पहुँच छैन । परम्परागत सीपमा आधारित सामाग्रीको बजार व्यवस्था छैन भने आधुनिक सीप प्राप्त गर्ने कुनै सूचना र तालिम लिने अवसर छैन । यस समुदायमा कुनै पनि दीर्घकालिन व्यवसायिक पेसा को अवसर नहुदा जीविकोपार्जनको आधार परम्परागत कृषि, तरकारी खेती, घाँसदाउरा बिक्री गरेर जीवन यापन गर्नुपर्ने अवस्था मात्र हुनुले वनकरीया महिलाहरूको आर्थिक स्तर उन्नती हुन सकेको छैन ।

**मातृभाषा**

वनकरीयाहरूको मातृभाषाको अवस्थालाई उल्लेख गर्नुपर्दा अहिलेका युवा पुस्ताका कुनै पनि व्यक्तिले मातृभाषा प्रयोग गरेको पाइदैन । यस वनकरीया समुदायको रीतिरिवाज लगायत धेरै चालचलन चेपाङ जातिसँग मिल्ने हुदा नेपाल चेपाङ संघले वनकरीया समुदायलाई चेपाङ भएको दाबी गर्दै आएका छन् । तर यस दाबी प्रति वनकरीयाहरूको असहमति रहदै आएको छ । वनकरीयाको नयाँपुस्ताबाट

भाषा संरक्षणको अभियान वा कार्यक्रम नगर्ने हो भने यससँग जोडिएको संस्कार, संस्कृति लोपहुने लोप हुने खतरा देखिन्छ । यसका साथै यस समुदायमा विवाह गर्न किशोरहरूको अभावको कारण किशोरीहरूले अन्तरजातीय वैवाहिक सम्बन्ध राख्नुपर्ने क्रम बढदै जानुले पनि लोपोन्मुख वनकरीया समुदाय लोप हुनसक्ने अर्को सम्भावना रहेको छ । त्यसैगरी रोजगारीको लागि अन्यत्र बसोबास गर्नु पर्ने बाध्यताले गर्दा बाध्यभएर आफ्नो भाषा बोल्न नपाउदा भाषा हराउन थालेको हो । त्यसैले यो सिद्ध हुन्छ, भाषा लोप हुनु भनेको नै जाति लोप हुनु हो ।

**संस्कृति र साँस्कृतिक सम्पदा**

पहिला पहिला त वनकरीयाहरूको धर्म भनेको अन्य आदिवासीको सरह प्रकृतिक पुजक नै हो उनीहरूको पितृहरूको पूजा गर्ने गर्थे भने प्रकृतिको पूजा गर्दा साल वा बेलको फेदमा ढुङ्गा राखेर सिमेभूमे सम्झेर पूजा गर्ने चलन थियो यी कामहरू पुरा भइसकेपछि सबै जना एक ठाउँमा बसेर खाने र रमाउने गरिन्थ्यो । तर पछिल्लो ५ वर्षमा केही वनकरीयाहरूको धर्म परिवर्तन गर्नेको संख्यामा वृद्धि हुन थालेको छ । धर्म परिवर्तनको कार्यमा कमी ल्याउन र आफ्नो परम्परागत धर्मलाई संरक्षण गर्नको लागि आवश्यक कार्यहरू गर्न जरुरी छ ।

**जलवायु परिवर्तन**

जलवायुको परिवर्तनले गर्दा वनकरीया महिला लगायत समुदायलाई धैरै अभाव सिर्जना हुने गरेको छ । जलवायु परिवर्तनले समयमा पानी नपर्दा वगरको खेतीहरू सुख्खा हुदा अन्न उत्पादनमा ह्रास आउने र वर्षा वढीहुदा खोलामा आउने बाढीले बालीनालीमा क्षति हुने हुदा उनीहरूको जीविकोपार्जन र जीउने शैलीमा नकारात्मक असर पर्दा परिवार र समुदायमा विभिन्न समस्याहरू भोगेको अवस्था पनि छ ।

पर्यवरण अनुकूलन र न्यूनिकरणका लागि भएका प्रथाजन्य र आधुनिक प्रयासहरू छन् । वनकरीया समुदायका सबै महिलाहरूलाई जलवायु परिवर्तनले पारेको असर भनेर थाहा नभएको अवस्था रहेको छ । केहीले मात्र संघसंस्थाहरूको पहलमा यि कुराहरू बुझेको हुदा आधुनिक कृषि खेती प्रणालीमा पनि विषादीको प्रयोग कम गर्ने विधि र कम्पोष्टमल, मलमूत्र र झारपातबाट बनाएको विषादीको प्रयोग गर्न थालेर जलवायु परिवर्तनमा न्यूनिकरण गर्न सुरुआत भएको छ । वनको विभिन्न नीति र कार्यक्रमहरूले रुख विरुवा लगाउने व्यवस्था साथै नियम विपरीत वन कटानी फडानी गर्नेलाई दण्ड सजायको कानुनी व्यवस्थाबारे सचेतना कार्यक्रमहरू प्रभाव ।

**प्राकृतिक विपद**

वनकरीयाहरू ट्वाग्रा खोलाको बगरमा बसोबास गर्नेहुदा कहिले काही वनकरीयाहरूको घरसम्म बाढी पुग्ने हुदा वनकरीयाहरू कहिले बाढीको र कहिले खडेरीको चपेटामा परिरहन्छन् । घरमा खाने अन्न नहुँदा पछि काम गरिदिन्छु भन्दा पनि साहुहरूले अन्न दिन नमानेको तितो अनुभवहरू पनि यस समुदायसँग प्रसस्त छन् ।

**लेखकः** *सन्तोषी वनकरीया, वनकरीया महिला संघको सदस्य हुनुहुन्छ ।*

# बराम महिला (बालवाङ्ङ उमै)

**परिचय**

बराम आदिवासीको आफ्नै पहिचानः भाषा, पुर्ख्यौली भूगोल, संस्कार तथा रीतीरिवाजहरू छन् । नेपाल सरकारले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ द्वारा ५९ वटा आदिवासी जनजातिलाई सूचीकृत गरी ५ समूहमा वर्गिकरण गरिएको छ ।[1] त्यसमा बराम समुदाय अतिसीमान्तकृत समुदाय अन्तर्गत पर्दछ ।

यादव तथा उनका साथीहरूले बराम जातिलाई बुझाउन ब्राह्मु, बरामु, बराम, बरामो शब्दहरू प्रचलनमा आएको पाइन्छ भनी बताएका छन् । त्यस्तैगरी विगतमा बराम जातिलाइ चिनाउन हड्सन (१८४७) र ग्रियसर्न (१९०९) ले भ्रामु र ब्राह्मु दुई शब्दहरू प्रयोग गरेका थिए भनी बताएका छन् तर वास्तवमा बरामहरू आफुलाई बालबाङ् भनेर चिनाउन चाहान्छन् ।[2]

नेपालको राष्ट्रिय जनगणना (२०६८) अनुसार बरामहरूको कुल जनसंख्या ८१४० छ । सोही तथ्याङ्क अनुसार कुल जनसंख्याको ८२.९ प्रतिशत बराम जनसंख्या गोरखा जिल्लामा बसोबास गर्दछन् । त्यस बाहेक यस जातिको बसोबास मकवानपुर, ललितपुर, धादिङ, चितवन, नुवाकोट आदि ठाउँहरूमा पनि छरिएर रहेको पाइन्छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको जनसंख्या २६४९४४२३ रहेको छ । जसमध्ये महिलाको जनसंख्या १३६४५४६३ रहेका छन् । कुल जनसंख्याको ५१.५ प्रतिशत महिला हुन आउँछ । त्यसमा आदिवासी जनजातिहरूको जनसंख्या ३७.५ प्रतिशत रहेको छ । जसमा आदिवासी जनजाति महिलाहरूको जनसंख्या ४३,१७,२७७ (५०.५) रहेकोमा बराम महिलाहरूको जनसंख्या ४,४४९ रहेको छ ।

कुनै पनि जाति वा समुदायको आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक विकासका लागि आधाभन्दा बढी हिस्सा ओगटेको महिलालाई पन्छाएर सम्भव छैन । यही तथ्यलाई मनन् गर्दै नेपाल बराम महिला संघको स्थापना २०६८ सालमा भएको हो । स्थापनाकालदेखि हालसम्म यस संस्थाले बराम महिलाको हक, हित र अधिकारको बारेमा प्रशिक्षण तथा आवाज उठाउँदै आएको छ ।

---

1 आदिवासी जनजाति उत्थान, राष्ट्रिय ऐन, २०५८ हेर्नुहोस् ।

2 यादव तथा उनका साथीहरू (२०६२) ले राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठानको सहयोगमा तयार पारिएको बराम-नेपाली-अङ्ग्रेजी आधारभूत शब्दकोष हेर्नुहोस ।

**महिला भेदभाव विरुद्ध विकास गरिएका अन्तर्राष्ट्रिय सन्धिहरू र नेपालको प्रतिबद्धताको कार्यान्वयनको अवस्था**

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १८ डिसेम्बर, १९७९ जसलाई नेपालले १९९१ मा अनुमोदन गऱ्यो । त्यस्तैगरी आदिवासीहरूको अधिकार सुनिश्चत गर्ने सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र तथा सिआरपिडि जस्ता अन्तर्राष्ट्रिय महासन्धिहरूमा प्रतिबद्धता जनाइ सकेको छ । साथै नेपालको संविधान, २०७२ ले पनि जातीय र लैङ्गिक विभेद गर्न पाइँदैन भनी मौलिक हकमा नै उल्लेख गरेको छ । यद्यपि, समग्रमा यसको कार्यान्वयन पक्ष कमजोर देखिन्छ ।[3] उदाहरण लागि बारपाक सुलिकोट जहाँ बरामको सबैभन्दा घना बस्ती छ । त्यहाँ सेभ द चिल्ड्रेनको साझेदारी संस्था स्वारा सदन मार्फत १०० यौ जना कर्मचारी परिचालन गरी भूकम्पको समयमा परियोजन सञ्चालन गरियो तर एक जना बरामले पनि रोजगारी पाएनन् । त्यस्तैगरी अन्य गैर सरकारी क्षेत्रका, सञ्चार क्षेत्रका, राजनैतिक दलमा आवद्ध महिलाहरू, महिला सशक्तिकरणका परियोजनाहरू, लघुवित्त, राजनीति तथा सामाजिक संस्थाहरूमा पनि बराम समुदायको अर्थ पूर्ण सहभागिता देखिदैन । त्यसमा पनि बराम महिलाको सहभागिता झनै नगण्य देखिन्छ ।


**भूमि, भू-भाग तथा स्रोत**

बरामहरू वर्तमान बसोबास गरिरहेको स्थलमा कहिले र कहाँबाट आयो भन्ने कुनै लिखित इतिहास नभए पनि डा.योगेन्द्र यादव तथा उनका साथीहरूले हड्सन (१८४०), ग्रियर्सन (१९०३), विष्ट (१९०३) लाई साभार गर्दै यस जाति नेपालमा आदिमकाल देखि नै बसोबास गर्दै आएको जाति हो र ग्रिम्स (१९९२) को अनुसार बराम जाति गोर्खा जिल्लाको उत्तरी क्षेत्र दरौंदी खोला र यसका शाखा उपशाखाको क्षेत्रमा बसोवास गर्दछन् भनी व्याख्या गरेका छन् जुन भनाइ वास्तविकतासँग मेल खान्छ । त्यस्तैगरी बराम समुदायले उपभोग गर्दै आएको किपटभूमीको ताम्रा पत्र तथा बराम बस्तीका गाउँ, वन जङ्गल तथा विभिन्न स्थलहरूको नाम बराम भाषामा राखेकोले पनि बराम जाति नेपालको आदिवासी हो भन्ने प्रष्ट्याउँछ र गोरखा जिल्ला नै यो जातिको प्रमुख वसोवास स्थल हो ।[4] क्षेत्री-बाहुन महिलाको तुलनामा यस समुदायका महिलामा भाषिक स्वतन्त्रता देखिन्छ तर पैतृक सम्पतिको हस्तान्तरणमा यस जातिमा पनि पितृसत्ताको प्रभाव छ । घर, जग्गा जमिनमा पुरुषको स्वामित्व र पेवापातको सम्पतिमा मात्र महिलाको स्वामित्व रहेको सतहको अध्ययनमा पाइन्छ । तर हालसम्मको अध्ययनको कमीले भूमि तथा स्रोत महिलाको नियन्त्रणमा कति छ भनेर यकिन गर्न सकेको छैन । यसको लागि थप अनुसन्धानको आवश्यक छ ।

3 डा. कृष्ण भट्टचन (२०६८) द्वारा लेखिएको कानुनमा आदिवासी जनजातिको अधिकार भन्ने पुस्तक हेर्नुहोस ।

4 भद कुमारी बराम (२०६६) द्वारा लेखिएको बराम जातिको संस्कृति पृष्ठ....) हेर्नुहोस ।

**बराम समुदायको थातथलो देखाउने नक्शा**




यस जातिले उपभोग गदै आएको वन जङ्गल सामुदायिक वनमा परिणत हुँदा गौचरन[5]को क्षेत्र कमी भएको छ । चरन क्षेत्र र वन जङ्गलको उपभोगको कमीले गाई, भैंसी, बाख्रा कम पाल्न थालेका छन् । तिनै पशुपङ्क्षी बेचबिखन गरेर आउने सम्पति नै महिलाका नियन्त्रणमा रहेका प्रमुख सम्पति हुन । पशुपालनको कमीले गर्दा बराम समुदायका महिलालाई दैनिक गुजारा टार्न समेत कठिन हुँदै गएको छ ।

**आदिवासी बराम किशोरी र महिला विरुद्ध भएका दुर्व्यहार र हिंसाका घटना**

आदिवासी जनजाति महिलाहरू तेहेरोमार (महिला, आदिवासी जनजाति र आदिवासी जनजाति महिला) मा परेका छन् । त्यसमा पनि आदिवासी जनजाति भित्रका अतिसीमान्तकृत आदिवासी जनजातिका महिलाहरू चौब्बर मारमा परेका छन् । संख्यात्मक रूपमा थोरै हुनाले पनि अन्य जातिको महिलाको तुलनामा बराम महिलाको समस्या फरक छन् ।

सन् २०११ को राष्ट्रिय जनगणना अनुसार यस समुदायमा पुरुषको तुलनामा महिलाको संख्या ७५८ ले बढी छ । यसरी एकातिर पुरुषको तुलनामा महिलाको संख्या बढी हुनु अर्कोतिर युवायुवतीको आफ्नो जोडी छनौट गर्ने क्षेत्र (जनसंख्या) सानो हुनु, छोरीलाई वर खोज्न जाने संस्कार नहुनु आदि कारणले यस समुदायमा अविवाहित महिलाको संख्या बढ्दो देखिन्छ । यसरी बराम समुदायका महिलाको लागि बैबाहिक सम्बन्धको सवाल पनि जटिल बन्दै गइराखेको छ ।

---

5 वस्तुभाउ (गाई, भैंसी, बाख्रा) चराउने क्षेत्रलाई गौचरन भनिन्छ ।

बराम समुदायका महिलाहरू सोझा, छलकपट गर्न नजान्ने र मिहेनती हुन्छन् । सोझोपनलाई यौन दुर्व्यवहार र यौन हिंसा गर्नेहरूले त्यसलाई दुरुपयोग गरेर यौन हिंसाका घटनाहरू घटाउने गरेको पाइन्छ । यस्तैगरी समयक्रम अनुसार अन्तरजातीय विवाहको असर यस जातिभित्र बढ्दो देखिन्छ । माथिल्लो जात भनाउँदा क्षेत्री, बाह्मणसँग विवाह गर्दा यस जातिका केही महिलाहरूले जातीय हिंसाको सिकार हुन पुगेको छ । त्यसका उदाहरणमा बारपाक सुलिकोट ८ की संगिता बराम एक हुन जसले बगालेसँग विवाह गरेको र आमा बाबुले नस्वीकारेको कारण अहिलेसम्म घरमा जान पाएको छैन । साथै सोही युवतीमाथि सौता ल्याउन युवतीको श्रीमानलाई दोश्रो विवाह गर्न प्रेरित गरिरहेको पाइन्छ । कुनै युवती यौन उपभोगको सिकार भएर जीवन बरबाद भएको घटना पनि छ । त्यसमध्येमा बारपाक सुलिकोट-६ की कान्छी बराम हुन । जसलाई २ लाख रुपैयाँ दिएर सम्बन्ध विच्छेद गर्न लगाएर अहिले विचलित अवस्थामा छन् । यी घटनाहरू प्रतिनिधिमूलक घटनाहरू मात्र हुन यस्ता घटनाले बराम युवतीहरू अत्यधिक मात्रमा पीडित छन् । त्यस्तैगरी भाषा अशुद्धता, लवाइ, खुवाइको भिन्नताले पनि यस समुदायका युवायुवतीहरूले आफुलाई हेपेको महसुस गर्छन् । जातीय विभेदको कारणले पनि यस जातिका मानिसहरू हेपिनु परेको छ । क्षेत्रीबाहुन भन्नेहरूले घरभित्र सुटुक्क खाँदा भान्सा मिले पनि गाउँघरको भोजभतेरमा अझै पनि बाहुन भान्सा/बराम भान्सा राखेर जातीय विभेद भइ राखेको पाइन्छ । यसरी जातिय तथा लैङ्गिक विभेदको बारेमा जति सुकै राम्रा कानुन बनेपनि कार्यान्वयन पक्ष कमजोर नै देखिन्छ ।

**प्रथाजनित कानुन र प्रथाजनित संस्था**

बराम समुदायमा गैर बरामबीच (पानी चल्ने जात) मा विवाह गर्दा ४ पैसा जरिवाना र समाजका भलाद्मीहरूलाई भोज दिनुपर्ने चलन थियो जसलाई भाते कारबाही भनिन्छ । तर यो प्रचलन हालमा छैन । जसले गर्दा अन्तरजातीय विवाहको प्रचलन बढ्दो छ बराम समुदायमा । त्यस्तैगरी विवाहको पारपाचुके, झैझगडा मिलाउन मुखियाको रोहोबरमा समाजका भद्र भलाद्मीहरू बसेर छलफल गरेर मिलापत्र गर्ने चलन छ जसलाई कचहरी प्रथा भनिन्छ । यो चलन हालमा पनि प्रचलनमा छ । जारी विवाहलाई यसै प्रथाद्वारा मिलाउने चलन छ ।

**स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरी** (एफपिक)

बराम समुदाय बसोबास क्षेत्रमा सरकारी परियोजना तथा गैरसरकारी परियोजनाहरू लागू भएतापनि बराम समुदायलायलाई सहभागी तथा मञ्जुरी लिइएको पाइँदैन । त्यसमा पनि बराम समुदायका महिलाहरूले त्यसको बारेमा जानाकारी पनि पाउँदैन र हुनेले पनि चासो राख्दैन ।

## सहभागिता र प्रतिनिधित्व

संयुक्त राष्ट्र संघका जातीय भेदभाव उन्मूलन गर्ने समिति (सर्ड) ले नेपालको १७ औं देखि २३ औं आवधिक प्रतिवेदन सम्बन्धमा २९ मे २०१८ मा निष्कर्षको सुझावको बुँदा नं. २३ को (ख) मा संविधानको ४२ अन्तर्गत सरकारी निकायहरूमा आदिवासीहरू सहभागी हुन पाउने अधिकारलाई प्रभावकारी सम्मान गर्ने र आदिवासीहरूले स्वतन्त्र रूपमा आफ्नो प्रतिनिधि छान्न पाउने अधिकार सुनिश्चित गर्ने भन्ने सुझाव दिएतापनि यसको कार्यान्वयन बराम समुदायमा भएको पाइँदैन। वर्तमान सम्मको स्थितिलाई हेर्दा बराम समुदायको प्रतिनिधित्व केन्द्र र प्रदेशमा शून्य छ। स्थानीय तहमा वडामा २ जना प्रमुख, जिल्ला समन्वय समितिको सदस्यमा २ जना र गाउँपालिकामा ४ जना वडा सदस्य तथा ३ जना महिला सदस्य रहेको देखिन्छ। त्यस्तैगरी राजनीति दलको कार्यकारिणी समितिको संरचनालाई हेर्दा केन्द्रीय समितिमा बराम समुदाय रहेको पाइँदैन । यसरी समावेशी सिद्धान्तमा आधारित संविधानले पनि बराम समुदायलाई छुन सकेन भने महिलाको प्रतिनिधित्व हुने स्थिति नै छैन।

## आदिवासी महिलाको आर्थिक सशक्तिकरणको अवस्था

बराम जातिको मुख्य पेसा कृषि हो । सरकारी सेवामा संलग्न हुनेहरूको संख्या ज्यादै कम छ । खेती तथा पशुपालनका अतिरिक्त यस समुदायका महिलाहरूले जाँडको जडीबुटी, रक्सी बेचेर आय आर्जन गर्ने र घर खर्च टार्ने गर्दछन्। हाल आएर जाँड-रक्सी बेचबिखनमा सरकारी तबरबाट नै रोक लगाएपछि निम्न आयस्तर भएका बराम महिलाहरूलाई दैनिक घरखर्च टार्न नै कठिन हुँदै गएको छ। यस समुदायका महिलाहरूले समूहमा बसेर आर्थिक क्रियाकलाप सञ्चालन गर्ने अभ्यासको थालनी गरेका छन। शिक्षा, प्रजनन स्वास्थ्यमा सचेत भएको देखिन्छ।

## मातृभाषा

बराम जातिले बोल्ने भाषालाई बराम भाषामा बालकुरा भनिन्छ। भाषानीति सुझाव आयोग, २०११ ले यस भाषालाई मृत भाषाको रूपमा सूचीकृत गरेको छ। हाल बराम भाषाको ५०० शब्दको बराम नेपाली अङ्ग्रेजी शब्दकोष तयार भएको छ[6]। त्यस्तै गरी पाठ्यक्रम विकास केन्द्रको सहयोगमा ९० घन्टे आधारभूत अनौपचारिक भाषा कक्षा सञ्चालन भएको छ। तर हालसम्म औपचारिक पठनपाठन भने हुन सकिएको छैन। राष्ट्रिय जनगणना (२०५८) मा यस भाषा बोल्नेको संख्या ३५० थिए भने

---

6 यादव तथा उनका साथीहरू (सने २०११) ले केन्द्रीय भाषा विज्ञान विभाग, त्रि.वि.वि. तथा यूनिभर्सिटी अफ ओरियन्टल एन्ड अफ्रिकन स्टडिज अन्तगर्तको लोपोन्मुख भाषाको अभिलेखीकरण कार्यक्रम अन्तगर्त लन्डन यूनिभर्सिटीको आर्थिक सहयोमा तयार भएको बराम भाषा शब्दकोष बराम-नेपाली-अङ्ग्रेजी शब्दकोष हेर्नुहोस ।

सन् २०११ को राष्ट्रिय जनगणना अनुसार बराम भाषा बोल्नेको संख्या १५५ मा झरेको छ।[7] भएका भाषिकाहरू पनि सबै ५० वर्ष माथिका छन् । यसले यो सङ्केत गर्छ की यस भाषालाई राज्यले समयमा नै संरक्षण गर्ने योजना बनाउन नसकिएमा यस भाषा सङ्ग्रहालयमा सिमित हुन पुग्नेछ ।

**संस्कृति र साँस्कृतिक अवस्था**

बरामको अनुसार बराम आफ्नै संस्कार तथा रीतिरिवाजहरू छन्, तर यस जातिको संस्कार तथा संस्कृतिमाथि बहुल जातिको अतिक्रमण छन् । विकासको नाममा भएको सडक बाटो निर्माणले बारपाक सुलिकोट-८, थलिबारी भन्ने ठाउँको भूमे पूजा गर्ने विशाल चट्टान नष्ट भएको छ । त्यस्तैगरी पूजास्थल वरपरका रुखको कटान भएको छ। त्यसले एकातिर बरामको आस्थाको धरोहर भूमे पूजामा असर पुगेको छ भने अर्कोतर्फ वातावरणीय असर परेको छ। त्यस्तैगरी यस समुदायको अनुमति विना सडक निर्माण गरेकाले सडकभन्दा माथिको बराम बस्ती नै जोखिममा परेको छ। (काठमाडौंको: स्थलगत भ्रमण २०७७) ।

**प्राकृतिक विपद**

सन् २०१५ को विनासकारी भूकम्पको केन्द्रविन्दु गोरखा जिल्लाको बारपाक रहेको थियो । सो स्थल बराम बस्तीको पेरीफेरीभित्र पर्दथ्यो। सो समयमा बराम समुदायको गोरखा जिल्लामा भएको सबै घर विनास हुनुका साथै २९ जनाको मृत्यु भएको थिए। राज्यको पुनर्निर्माण अभियान बमोजिम हाल प्राय सबै घरहरू निर्माण भइ सकेको छ। भूकम्पको प्रभाव अहिले सम्पूर्ण भूकम्प पीडितहरू, साहुको ऋण र बैङ्कको ऋणमा परेका छन् ।

बराम युवायुवतीहरू छिटपुट रूपमा सेना, प्रहरी, शिक्षण पेसा तथा निजामति पेसामा संलग्न रहेतापनि कृषिको अतिरिक्त जीवीकोपार्जको माध्यम ज्याला मजदुरी नै हो। बेरोजगारीको कारण घर कलह तथा घरेलु हिंसाको प्रताडन बराम महिलाहरूले बेहोर्नु परेको छ।

**महिला आन्दोलन**

नेपालको इतिहासमा राजनीतिक परिर्वनको लागि भएको आन्दोलनमध्ये विशेषगरी सन् १९५०, १९६० साल, १९९० साल र २००५ को घटनालाई महत्वपूर्ण रूपमा लिइन्छ। उक्त आन्दोलनमा नेपाली महिलाले उल्लेखनीय भूमिका निभाएका थिए । राजनीतिक परिवर्तन सँगसँगै महिला अधिकारका सवालका क्षेत्रहरू पनि बढ्दै गएको पाइन्छ। पञ्चायती व्यवस्थामा पञ्चायतको कार्यकारी पदमा १ जना महिला अनिवार्य थियो। सन् १९९१ को संविधानले माथिल्लो सदनमा ५ प्रतिशत र तल्लो

7 http://www.indigenous voice.com

सदनमा पनि ५ प्रतिशत महिलाको उम्मेदवार सुनिश्चित गरियो । त्यस्तैगरी अन्तरिम संविधान, २०६३ ले ३३ प्रतिशत महिला प्रतिनिधित्वको प्रावधान गरिएको थियो । फलस्वरूपः पहिलो संविधान सभाको चुनावमा १९७ जना महिला सभासद्हरू संविधान सभामा पुग्न सफल भए ।

समग्रमा हेर्दा सन् १९९१ अघिको महिला आन्दोलनले नेपाली महिलालाई मताधिकारको व्यवस्था गरायो । हालको महिला आन्दोलन चेलीवेटी बेचबिखन तथा महिला विरुद्धको हिंसा अन्त्य गर्ने, राज्यका नीति निर्माणका सबै तहहरूमा महिलाको ५० प्रतिशत समानुपातिक सहभागिता, विशेष व्यवस्था, लैङ्गिक मूलप्रवाहीकरण, लैङ्गिक उत्तरदायी बजेट, एकल महिला अधिकार, सिड र बेइजिङ कार्ययोजना लगायतका महिला अधिकार सम्बन्धी कार्ययोजनाहरूको प्रभावकारी कार्यान्वयन लैङ्गिक विभेदकारी र संवैधानिक र कानुनी प्रावधानको अन्त्य गर्ने जस्ता मुद्दामा केन्द्रित देखिन्छ ।

**आदिवासी महिला आन्दोलन/आदिवासी महिलाको सशक्तिकरण**

देशमा भएको राजनीतिक परिवर्तको आन्दोलनले नेपाली महिलाहरूलाई केही कानुनी अधिकार दिएको पाइन्छ । तर आदिवासी जनजाति, उत्पीडित र पछाडि पारिएको समुदायको मागलाई सम्बोधन गर्न सकेन । साथै प्राप्त भएका कानुनी अधिकारको कार्यान्वयन पक्ष पनि कमजोर रह्यो । ती सबैलाई मनन गरी आदिवासी जनजाति महिलाले आन्दोलनका साथै विभिन्न सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गर्दै आएको पाइन्छ ।

सन् २००६ मा जनआन्दोलनको चरण, २ मा र आदिवासी जनजाति आन्दोलनमा सहभागी हुँदै आदिवासी जनजाति महिलाहरूले पनि आफ्नो पहिचान सहित अधिकारका लागि "राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ" को स्थापना गर्न सफल भए । त्यसपछि विश्व आदिवासी दिवस सन् २००८ मा नेपाल आदिवासी जनजाति महासंघले जारी गरेको १९ बुँदे घोषणपत्रमा ऐक्यवद्धता जनाउँदै आदिवासी जनजाति महिलाको माग राखियो । त्यस्तैगरी सन् २०१५ को नेपालको संविधानको मस्यौदा निर्माणमा आदिवासी जनजाति महिलाहरूको पहिचान र अधिकारको एजेन्डा प्रस्तुत गरेका थिए ।

यसका अतिरिक्त आदिवासी जनजाति महिला महासंघले नेपाल सरकारले सेप्टेम्बर १४, २००७ मा अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ अनुमोदन र सेप्टेम्बर १३, २००७ मा आदिवासी जनजाति अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषण पत्र, २००७, स्वीकार, आदिवासी जनजाति महिलाहरूको मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र (१९४८), नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार

सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ आदि दस्तावेजहरूले आदिवासी जनजाति महिलाहरूलाई दिएको अधिकारहरूको बारेमा कार्यान्वयन गर्नको लागि विभिन्न सशक्तिकरण कार्यक्रम गर्दै आएको पाइन्छ ।[8]

बराम महिलाहरूले पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय मुद्दाहरूमा ऐक्यबद्धता जनाउँदै सहभागी भएको देखिन्छ । यसको अलावा बराम महिला भएकै कारणले भोग्न परेका समस्याहरूः अविवाहितको संख्या बढ्दै जानु, अन्तरजातीय विवाहको कारण भाषा लोपहुने र जातीय विभेद सहनु पर्ने समस्या लगायतका सवालहरूलाई नेपाल बराम महिला संघको आयोजनामा बराम समुदायको प्रतिनिधिमूलक संस्था 'नेपाल बराम संघ' को सहभागितामा बहसको विषय बनाउँदै आएको पाइन्छ ।

**लेखकः** *भद्र कुमारी बराम, नेपाल बराम संघको संस्थापक सचिव र हालको अध्यक्ष हुनुहुन्छ ।*

8 आदिवासी जनजाति महिला महासंघ (२०६९) द्वारा प्रथाजनित तथा परम्परागत संस्थामा आ.ज.म.को सहभागिता तथा सशक्तिकरणा कार्यक्रमको सहयोगमा आदिवासी जनजाति महिलाको क्षमता अभिवृद्धि गर्न तयार पारिएको तालिम निर्देशिका हेर्नुहोला ।

# बाह्रगुँ महिला (बाह्रगुँ बोमू)

**परिचय**

सामाजिक तथा साँस्कृतिक इतिहासको संरचना हेर्दा बाह्रगुँ आदिवासीहरूको घनत्व मुस्ताङ जिल्लाको बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिकामा बढी पाइन्छ भने रोजगार तथा व्यापारको सिलसिलामा पोखरा र काठमाडौं सहरमा पनि पछिल्लो समयमा बसोवास गरेको पाइन्छ । प्रत्येक आदिवासीहरू जीवनयापनको र जीविकोपार्जनको लागि वातावरण अनुकूल सामाजिक र साँस्कृतिक पद्धतिको विकास भए जस्तै बाह्रगुँ आदिवासी समुदायको पनि छुट्टै आफ्नो मौलिक जीवन पद्धतिको विकास गरेको पाइन्छ । राजनीतिक तथा प्रशासनिक रूपमा घेम्पा ("मुखिया") प्रथा वर्तमान समयमा पनि निरन्तर चल्दै आएको छ । बाह्रगुँलेहरू बौद्धमार्गी भएको हुनाले आफ्नो परम्परा अनुसार माहिला छोरा भए ढावा वा माहिली छोरी भए झुमा बन्नु पर्ने हुन्छ । उनीहरूको शिक्षा दीक्षा गुम्बामा बसेर बौद्ध शिक्षा अध्ययन गर्दछन् ।

बाह्रगुँ समुदायको मातृभाषा बाह्रगुँ नै भन्दछन् यो भाषा भोट-बर्मेली भाषा परिवार भित्र पर्दछ । बाह्रगुँ समुदायले आफ्नो जाति वा थरको रूपमा विष्ट, ठकुरी र गुरुङ लेख्दछन् । पछिल्लो समयमा गुरुङ लेख्ने प्रचलन बढी छ । मुस्ताङ जिल्लाको मुक्तिनाथ, कागवेनी, छुसाङ र झोङ्ग क्षेत्रलाई समेटेर बाह्रगाउँ मुक्तिनाथ गाउँपालिका नामाकरण भएको हो । त्यस क्षेत्रमा सबै बाह्रगुँ भाषामा नामाकरण भएका गाउँहरू, वनजङ्गल, खोला तथा तालहरू आदि छन् ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा २ अनुसूचीमा पर्ने बाह्रगुँ समुदायको संगठित संस्था पहिले देखि नै स्थानीय स्तरमा कार्यरत भएतापनि नेपालको कानुन अन्तरर्गत मुस्ताङ जिल्ला प्रसाशन कार्यालयमा बाह्रगाउँ समाज सेवा समिति, २०६२ स्थापना भइ आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र नेपाल आदिवासी जनजाति महासंघमा आबद्ध भएको छ । त्यसैगरी बाह्रगुँ समुदायमा महिलाहरू पनि संगठीत भएको छ । महिला हक अधिकार विशेष जनचेतना सम्बन्धी कार्यहरू गर्ने उद्देश्यले बाह्रगाँऊ छिमिघ्यार्चा महिला समाज सेवा, २०६४ सालमा संगठित भइ राष्ट्रिय आदिवासी जनजाति महिला महासंघमा आवद्ध भइ महिला अधिकारको विषयमा सक्रिय सहभागिता रहदै आइरहेको संगठन हो ।

**जनसंख्या**

बाह्रगुँ जातिलाई छुट्टै जातिको रूपमा मान्यता भए तापनि सन् २०११ को तथ्याङ्कमा भने गुरुङ जातिमा राख्दा मौलिक पहिचान गुम्ने खतरा राज्यबाट नै भएको छ । उनीहरूको थर गुरुङ लेखिए


तापनि जाति भने बाह्रगुँ हो । यस विषयमा बाह्रगाउँ समाज सेवा समिति र बाह्रगाँउ छिमिघ्यार्चा महिला समाज सेवा समितिले विषेश सावधानिका साथ सन् २०२१ को जनगणनामा आवश्यक नीति बनाउनु पर्ने देखिन्छ। व्यापार तथा नोकरीको कारण बसाइँ सरेर जिल्लाको सदरमुकाम जोमसोम तथा ठूला सहरहरू बेनी, बागलुङ, पोखरा, काठमाडौं आदि मा ठूलै संख्यामा रहेका छन् । सन् २०११ को राष्ट्रिय जनगणना अनुसार बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिकामा ७२५ घरधुरीमा १,२०९ जना महिला र १,१२१ जना पुरुष गरी जम्मा २,३३० जनसंख्या रहेको छ। बाह्रगुँको जनसंख्या तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका १. बाह्रगुँको जनसंख्या

| क्र. स. | वडा तथा गाउँ | घर संख्या | जनसंख्या | | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | |
| १ | बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका- १ मुक्तिनाथ | १९८ | ३२७ | ३०१ | ६२८ |
| २ | बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका- २ झोङ | ८५ | १४१ | ११२ | २५३ |
| ३ | बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका- ३ छुक्साङ्ग | १६८ | २६५ | २४७ | ५१२ |
| ४ | बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका- ४ र ५ कागवेनी | २७४ | ४७६ | ४६१ | ९३७ |
| | जम्मा | ७२५ | १२०९ | ११२१ | २३३० |

**बाह्रगुँ समुदायको भूगोल**

नेपालको संविधान बमोजिम प्रसाशनिक तथा राजनीतिक इकाइको रूपमा स्थापित गण्डकी प्रदेश अन्तरगत बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका बाह्रगुँ समुदायको पहिचानको आधारमा नामकरण भएको हो । समुन्द्र सहतबाट २७०० देखि ३७१० मिटरको उचाईमा रहेको बाह्रगुँ बस्तीहरूको क्षेत्रफल भने ७२७ वर्ग कि.मि. रहेको छ । यो क्षेत्र पुरै हिमाल पारीको भू-भाग हो । बाह्रगुँ समुदायका बौद्ध धर्मालम्वीहरूले मानिदै आएको पवित्र छिमिघ्यार्चालाई हिन्दू सभ्यताको दमनले मुक्तिनाथ नामकरण गरिएको हो । त्यहाँ अहिले पनि झुमा (आनी) बाट रेखदेख, संरक्षण र पूजा पाठहरू गरिन्छ । यस क्षेत्र धार्मिक रूपमा प्रसिद्ध र बाह्य पर्यटकहरू बढी आवतजावत गर्ने स्थलको रूपमा चिनिदै आएको छ ।




## सिड सर्ड सिआरपिडीको सुझावहरूको कार्यान्वयनको अवस्था

नेपालको प्रशासनिक केन्द्र र बाह्रगुँको ऐतिहासिक थातथलो रहेको यस जिल्लाको भौगोलिक भिन्नता भएकै कारण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूको न्यून प्रभाव पर्दछ। मैताङ ("मुस्ताङ") जिल्लामा अहिले पनि प्रथाजनित नियम कानुनहरू रहेको र सरकारको नीति तथा कार्यक्रमबाट छाँयामा परेको हुँदा स्थानीय भाषा, संस्कृति, संस्कार र प्रसाशनिक नियम बमोजिम चल्ने गर्दछ। महिला अधिकार सम्बन्धी केन्द्रित रहेको सिड, सर्ड, तथा सिआरपिडीका सुझावहरूको कार्यान्वयन भएको छैन।

*संयुक्त राष्ट्र संघको जातीय भेदभाव उन्मूलन गर्ने समिति (सर्ड) ले नेपालको १८ औं देखि २३ औं आवधिक प्रतिवेदनका सम्वन्धमा २९ मे २०१८ मा दिएको निष्कर्ष सुझावको कार्यान्वयनको अवस्था*

बहुजातीय राष्ट्रमा शिक्षाको अभावले गर्दा एक समुदाय र अर्को समुदाय बिचमा हुने सामाजिक सम्बन्धमा भने फरक देखिन्छ। बाह्रगुँ समुदायका केही व्यापारिक प्रतिनिधिहरू अर्को समुदायमा जादा भिन्न व्यवहार गर्ने चलन मैताङ ("मुस्ताङ") मा मात्र होइन नेपाल राष्ट्रभरी रहेको छ। कथित उच्च वर्गका समुदायका प्रतिनिधिहरू नेतृत्व तहमा एकाधिकार पहुँच बनाइराख्ने र आदिवासीहरूलाई राज्यको स्रोत साधनबाट वञ्चित गराउने कार्यमा कुनै परिर्वतन भएको छैन। प्राकृतिक स्रोत साधनको प्रयोगको विषयमा आदिवासी जनजाति समुदायमा विना परामर्श, छलफल तथा मञ्जुरी राज्यले एकलौटी रूपमा योजना बनाइ अघि बढ्ने र आदिवासीहरूको भाषिक, साँस्कृतिक अस्तित्वको संरक्षण गर्ने नीति नभइ समाप्त गर्ने नीतिको अवलम्बन गरेको पाइन्छ।

**बाह्रगुँ महिलाको भूमि भू–भाग तथा स्रोत**

बाह्रगुँ समुदायमा भूमिहिन भेटिदैन, धेरै थोरै सबैको भूमि भएतापनि उच्च भूगोल र चिसो हावापानी भएकाले उत्पादन भने अति न्यून हुन्छ। यहाँको मुख्य पेसा भेडाच्याङ्ग्रा पालन, जडीबुटी सङ्कलन र पर्यटन हो। भूगर्भविदको भनाइ अनुसार यस भूगोलमा प्रसस्त यूरेनियम पदार्थ पाइन्छ। यस खनिज पदार्थलाई विश्वमा नै बहुमूल्य पदार्थ गनिन्छ। यसको उत्खनन् गर्न सकिएमा नेपालको अर्थतन्त्रमा परिर्वतन गर्न सक्ने सम्भावना रहेको छ। पर्यटकीय दृष्टिले मुस्ताङ अति परिचित स्थल हो। नेपालमा सबै भन्दा बढी पर्यटक भ्रमण गर्ने गन्तव्य मुस्ताङ भएकोले पर्यटकीय विकासको पूर्वाधार तयार गरी कार्यन्वयन गरेमा र पर्यटकबाट प्राप्त राजस्वको निश्चित रकम यस क्षेत्रमा लगानी गर्न सकेमा बाह्रगुँ समुदायको आर्थिक सबल बनाउन सकिन्छ।

**महिला माथि हुने दुर्व्यवहार, हिंसा र समाधान**

आदिवासी जनजाति समुदाय मातृत्व प्रधान समुदाय हो। अन्य समुदायमा जस्तो महिला माथि गरिने दुर्व्यवहार र हिंसाका घटनाहरू कमैमात्रमा घटेको पाइन्छ। यस्तो प्रकारका घटनाहरू भइहालेमा बाह्रगुँ समुदायले घटनालाई हेर्दछ। यस समुदायको न्यायिक संस्था घेम्पा (मुखिया) प्रथा हो। समुदायमा चल्दै आएको राजनीतिक तथा न्यायिक प्रणाली भनेको रोलु र घेम्पा प्रथा हो। यस समुदायमा महिला विभेद र हिंसाजन्य कार्यहरू हुदैनन्, कदाचित भइ हालेमा घेम्पाद्वार सामाधान गरिन्छ। बाह्रगुँ महिला तथा युवतीहरू वैदेशिक रोजगारीमा नगन्य मात्रामा गएको पाइन्छ। प्रायः महिलाहरू घर व्यवहार र खेतीपातीमा व्यस्त हुने हुँदा बाह्य बन्द व्यापारमा र विदेशमा जाने पुरुषहरू नै बढी पाइन्छ।

**प्रथाजनिक कानुन र प्रथाजनिक संस्था**

ज्ञान तथा चेतनाको कुनै निश्चित मापदण्ड र सीमा हुदैन। हरेक समुदायमा आफ्नै ढङ्गले चेतनाको परिभाषा गरेको पाइन्छ। बाह्रगुँ समुदायमा प्रथाजनिक कानुन घेम्पा प्रथा एकदमै बलियो छ। बाह्रगुँ समुदायमा राज्य संयन्त्रको शासन न्यून रहदा घेम्पा प्रथा कायमै छ। यस समुदायमा परम्परागत प्रथाजनित २ वटा संस्था विद्यमान रहेको छ।

क) रोलु प्रथा

बाह्रगुँ समुदायमा रोलु (कटुवाल) प्रथा खेतको सिँचाइलाई व्यवस्थित र नियमित रूपले काम सम्पन्न गर्न तथा गाउँमा भैपरी आउने कामहरू निश्चित व्यक्तिद्वारा पालैपालोको आधारमा आफ्नो उत्तरदायित्व वहन गर्ने प्रथा नै रोलु प्रथा हो। यस प्रथा अनुसार एउटा गाँउमा ४ जना रोलु राख्न सकिन्छ।

ख) घेम्पा (मुखिया प्रथा)

घेम्पा प्रथा बाह्रगुँ समुदायको प्रचलित संस्कृतिमध्ये एक हो । प्रत्येक वर्षको चैत्र वा बैशाख महिनामा पर्ने तारा खेल्ने मेला लाग्दछ त्यस दिन गाउँलेहरूको सरसल्ल्लाह बमोजिम घेम्पाछी विधिद्वारा १८ देखि ६० वर्ष उमेरका पुरुषलाई घेम्पा चुनिने गर्दछ। गाउँको राजनीतिक, सामाजिक तथा साँस्कृतिक काम काज चलाउने काम घेम्पाको हो घेम्पाको निर्देशन बमोजिम रोलुले काम गर्ने गर्दछ। गाउँको मुद्दा मामिला, बैठक र गाउँ बाहिरबाट आएको सूचनाहरूको जानकारी लगायतका अन्यायमा परेकालाई न्याय दिने मुख्य काम नै घेम्पाको हो । वर्तमान समयमा २ जना घेम्पा र ४ जना रोलु राख्ने व्यवस्था गरिएको पाइन्छ ।

**सहभागिता र प्रतिनिधित्व**

राज्यको हरेक निकायमा सहभागिता र उपस्थिति हुनु जनताको नैसर्गिक अधिकार हो । नेपालको शासकीय प्रणाली नै विभेदकारी भएको हुँदा अल्पसङ्ख्यक आदिवासी जनजाति बाह्रगुँ समुदायको प्रतिनिधित्व र सहभागिता न्यून रहेको छ। आफ्नो समुदाय भित्र स्वतन्त्र र लोकतान्त्रिक विधिबाट नभइ बाहिरबाट निर्देशित प्रतिनिधि हुँदा दीर्घकालिन रूपमा सकारात्मक परिणाम आउन सक्ने देखिदैन । स्थानीय स्तरमा हुने गतिविधिहरूमा पनि यस समुदायको सहभागिता कम हुनेगरेको छ । बाह्रगुँ समुदायले संस्थागत रूपमा संर्घष गरिरहेकोले सन् २००८ को पहिलो संविधान सभा सदस्यमा एक जना निर्वाचित भएको थियो ।

**बाह्रगुँ आदिवासी महिलाको आर्थिक सशक्तिकरणको अवस्थाः**

बाह्रगुँ आदिवासी जनजाति समुदायको मुख्य पेसा कृषि नै हो । यहाँको कृषि उत्पादनबाट मात्र २ देखि ३ महिना सम्मलाई खान पुग्दछ। यहाँको खाद्यान्न कृषि उत्पादन मूलतः उवा, फापर, गहुँ र आलु हुन् । हिउँदमा हिउँ पर्ने हुनाले खेतीपाती त्यति हुदैन । ग्रिष्म मौसममा उवा, फापर, जौ, आलु, आरू, सागसब्जी आदि उत्पादन हुन्छ। यहाँको कृषि उत्पादनले बाह्रगुँलेको खाद्यान्नको आवश्यकता टार्न सक्दैन । उच्च हिमाली क्षेत्र र चिसो ठाउँ तथा हिउँ पर्ने हुनाले यस क्षेत्रमा स्याउ उत्पादन पनि हुन्छ। बाह्रगुँ बस्तिलाई अहिले स्याउ उत्पादन क्षेत्र (जोन) को रूपमा विकास गरिदै छ।

बाह्रगुँ समुदायको आफ्नो मौलिक पेसा को रूपमा स्थापित किटी, काउ, राडी-पाखी आदि तानबाट बनाउने हो। कृषि अन्तर्गत भेडाको उनबाट तयार गरिने परम्परागत पोशाकहरू बिक्रीको लागि अन्य स्थानमा पठाउने गर्दछन् ।

**मातृभाषा**

बाह्रगुँलेरु मातृभाषा भोट बर्मेली भाषा परिवारभित्र पर्दछ । आफ्नो समुदाय भित्र प्रायः सबैजसो परिवारले यस भाषामा बोल्ने गर्दछन् । व्यापार व्यवसायमा अन्य क्षेत्रमा जानेले बाहिरको भाषा पनि

सिकेका हुन्छन् भने बाह्रगुँ समुदायका वयोवृद्धाहरूले बाह्रगुँ बाहेक अन्य ठाउँको बारेमा बुझेका हुँदैनन् । बाह्रगुँले भाषाको आफ्नो लिपि छैन । भाषिक रूपमा हेर्दा राज्य तथा अन्य संघ संस्थाहरूले यिनीहरूको भाषा तथा लिपि संरक्षण तथा सम्बर्द्धनको कुनै चासो देखाएको पाइदैन । आधुनिकता र शिक्षाको नाममा बाह्रगुँ माथि नेपाली र अङ्ग्रेजी भाषाको गहिरो प्रभाव परेको पाइन्छ । खासगरी धार्मिक क्रियाकलापहरूमा लामाहरूले मौलिक भाषा प्रयोग गरेको पाइन्छ भने अन्य बाह्रगुँले भाषामा लेखिएको चलन चल्तीमा आउने लिखित दस्तावेजहरू पाइदैन । त्यसैले बाह्रगुँ भाषा र संस्कृतिलाई संरक्षण तथा सम्वर्द्धन गर्नको लागि सरकार र अन्य सहयोगी निकायहरूले तत्काल ध्यान दिनु पर्ने टड्कारो आवश्यकता रहेको छ । अन्यथा बाह्रगुँलेको मातृभाषा तथा संस्कृति एक दिन लोप हुने अवस्थामा छ ।

**संस्कृति र साँस्कृतिक सम्पदा**

बाह्रगुँ समुदायको लोक सङ्गीत, परम्परा र अन्य मौलिक संस्कृति अन्य आदिवासी जनजातिको भन्दा विशष्ट प्रकारको पाइन्छ । लोकसंस्कृति, सङ्गीत, चालचलन, परम्परा र मौलिक रीतिरिवाजहरू बाह्रगुँलेको जातीय सम्पदा हुन् । बौद्ध धर्मावलम्बी भएको हुनाले काठमाडौंको भनेको धार्मिक तथा संस्कृतिक चलन चल्तीहरू नै हुन् । आफ्नो जीवनचर्याको लागि साँस्कृतिक पद्धति र मूल्य मान्यताहरूलाई आधार बनाउँछन् । धार्मिक सम्पदामा धर्मसंस्कार, गुम्बा, पवित्र स्थल मुक्तिनाथ, लामा वा झुमा प्रथा र थरछ्याङ्ग प्रथा हुन् भने सामाजिक संस्कारमा साङ्तेव, न्यार्छाङ्ग, यार्तोङ्ग, धाच्याङ्ग, छोङगु, मानि र छ्योर्तेन पर्दछ ।

**जलवायु परिर्वतन**

मैताङ ("मुस्ताङ") लाई जलवायुबाट उत्पन्न प्रकोपको दृष्टिले उच्च जोखिममा रहेको मानिन्छ र यसको असर जीविकोपार्जन लगायत अन्य स्रोत र साधनमा भन्दा बढी देखिएको छ । त्यसमा पनि जलवायु परिवर्तनको प्रभाव कृषि क्षेत्रमा प्रत्यक्ष रूपमा देख्न सकिन्छ । जलवायु परिवर्तनले प्रमुख रूपमा पारेको प्रभाव कृषि उत्पादनमा ह्रास, खडेरी, सुख्खापन, तापक्रम वृद्धि, बाढी, पहिरो, पानी पर्ने क्रममा परिवर्तन, हिउँ कम पर्ने र हिउँ पर्ने समयमा फेरबदल आदि हुन् । जलवायु परिवर्तनका कारण बाह्रगाउँ मुक्ति क्षेत्र गाउँपालिकामा बसोबास गर्ने बाह्रगुँ समुदायको जीविकोपार्जन, रहनसहन, वनस्पति, जनावर र वातावरणमा प्रतिकूल असर परेको देखाएको छ ।

**हिउँनै जीवन**

कृषि र पशुपालन मुख्य पेसा भएको बाह्रगुँ समुदायको लागि हिउँ नै जीवन हो । हिउँलाई खानेपानीदेखि सिँचाइको लागि मुख्य स्रोतको रूपमा लिइन्छ । समयमै हिउँ परेन भने न त खेतीपाती

सप्रन्छ, न त पशुपालनको लागि आवश्यक पर्ने घाँस नै उम्रन्छ । जलवायु परिवर्तनका कारण हिउँ कम पर्दा बाह्रगुँ समुदायको जीविकोपार्जनमा समस्या थपिँदै गइरहेको छ । पहिले जुन समयमा हिउँ पर्थ्यो अहिले त्यही समयमा हिउँ पर्न छाडेको छ र पहिलेको भन्दा निकै कम मात्रै हिउँ पर्छ । यसले गर्दा यहाँको कृषि उत्पादन, पशुपालन, पिउने पानी र यार्सागुम्बाको उत्पादन र व्यापारमा समेत असर परिरहेको छ । तीन दशक अघि सेताम्मे देखिने हिमाल अहिले काला पहाड बनेको छ । हिँउ पर्न कम हुँदै गएपछि जडीबुटी र पर्यटन मात्र आम्दानीको स्रोत भएको छ ।

**प्राकृतिक विपद**

विशिष्ट भौगोलिक संरचना भएको मुस्ताङ क्षेत्रमा गोरखामा गएको भूकम्पको प्रभाव भएको पाइदैन तर प्राकृतिक विपद् भनेको समयमा हिउँ नपर्ने परिहाले पनि अत्याधिक धेरै र लामो समयसम्म पर्दा फेरी विपद् अवस्थाको सामना गर्नुपर्ने बाह्रगुँ समुदाय नै हो । राज्यबाट विगतका घटनाहरूलाई विश्लेषण गरी भावी कार्ययोजना नबनाउदासम्म बाह्रगुँ समुदायले हिँउदमा हुने प्राकृतिक विपद्बाट ठूलो क्षति व्यहोर्नु परेको छ ।

**बाह्रगुँ आदिवासी महिलाको सशक्तिकरण र आन्दोलन**

भौगोलिक विकट, उच्च हिमाली क्षेत्र र राज्यको कम उपस्थिति रहेको बाह्रगुँ समाजमा आफ्नो मौलिक परम्परामा जीवन पद्धति चलिरहेको समाजका महिलाहरू बाह्य वातावरणमा कम घुलमिल हुने गरेको पाइन्छ । अन्य आदिवासी जनजातिहरू खसआर्य समाजमा मिसिएर बसोवास गरेको हुनाले विभिन्न समस्या सिर्जना भइ संघर्ष गर्नुपरेको हुनसक्छ तर बाह्रगुँ महिलाहरू आफ्नै जातिहरू मात्र भएकोले अन्य समस्याहरू आउने र समाधान गर्नुपर्ने बाध्यताबाट मुक्त छन् । तर विस्तारै बाह्य वातावरणको प्रभाव पर्दैजाँदा महिलाहरू पनि सक्रिय रूपमा संगठित हुनथालेको पाइन्छ । बाह्रगुँ समुदायमा हुने बैठकमा महिलाको उपस्थिति कम हुने उपस्थिति भएतापनि बोल्न नहुने परम्परालाई तोड्दै वर्तमान समयमा संगठनहरूको नेतृत्व महिलाले पनि सम्हाल्दै आएको छ । महिला हक अधिकारको निम्ति संगठित स्वरूप बाह्रगाँऊ छिमिघ्यार्चा महिला समाज सेवा हो । यस समुदायका महिलाहरू यस समाजमा संगठित भइ राष्ट्रिय आदिवासी जनजाति महिला महासंघमा आबद्ध भएर आदिवासी महिलाको अधिकारको विषयमा सक्रिय सहभागिता जनाउदै आइरहेको छ ।

**लेखकः** *टसी स्हाङ्मो गुरुङसेनी, बाह्रगाउँ समाज सेवाको अध्यक्ष, नेपाल आदिवासी जनजाति महासंघको पूर्व उपाध्यक्ष, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सञ्चालक परिषदको सदस्य, २०६५ सालको संविधान सभा सदस्य तथा बाह्रगाउँ छिमिघ्यार्चा महिला समाज सेवाको अध्यक्ष हुन् ।*

# बोटे महिला (बोटे बेटी)

**परिचय**

नेपाल एक बहुजातिय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक भएको सुन्दर देश हो । नेपालमा ५९ आदिवासी जनजातिहरू रहेका छन् । जस अन्तर्गत अल्पसङ्ख्यक अति सीमान्तकृत वर्गमा बोटे जातिहरू पर्दछन् । राज्यको विभेदकारी नीति तथा संरचनाले गर्दा बोटे जातिहरू सामाजिक, आर्थिक, शैक्षिक र राजनैतिक क्षेत्रमा पछाडि परेका छन् । पुर्खौंदेखि जल, जङ्गलमा आश्रित रहि डुङ्गा चलाउने, माछा मार्ने, सुन चाल्ने, बेतबाँस, सागसिस्नो, गिठ्ठा सङ्कलन गरी जीविकोपार्जन गर्दै आएको बोटे जातिहरू आफ्नो मौलिक हक अधिकारहरूबाट दिनप्रति दिन वञ्चित हुँदै गएको अवस्था छ ।

बोटे जातिको आफ्नौ छुट्टै मौलिक परम्परा, भाषा, संस्कृति, भेषभूषा रहेको छ। नेपालको ७० भन्दा बढी जिल्लाहरूमा छरिएर बोटे जातिहरूको बसोबास रहेको पाईन्छ। वि.सं. २०६८ को जनगणना अनुसार नेपाल भरि बोटे जातिको कुल जनसंख्या १०,३९७ रहेको छ भने त्यसमध्ये महिलाहरूको जनसंख्या ५५०० रहेको छ। बोटे जातिको थातथलो भनेको नारायणी, कालीगण्डकी मरस्याँदी नदी किनारलाई मानिएको छ । चितवन, नवलपरासी, तनहुँ, मकवानपुर, पर्सा, उदयपुर, पाल्पा, सर्लाही जिल्लाहरूमा बोटे जातिहरूको सघन बस्ती रहेको पाइन्छ । चितवन जिल्लामा मुख्यतः चितवन राष्ट्रिय निकुञ्ज भित्र सुखीभार, बोटे सिमरा, खुटवा, भिमले, पदमपुर, वागमारा लगायतका क्षेत्रहरूमा निकुञ्ज बन्नु पुर्व बोटेजातिको बसोबास रहेको थियो । चितवन, नवपरासी, मकवानपुर, पर्सा जिल्लामा बसोबास गर्ने बोटे जातिहरू चितवन राष्ट्रिय निकुञ्ज, नारायणी नदी, राप्ती नदी र रीउ खोलामा निर्भर रही जीविकोपार्जन गर्दै आएका छन्। प्रत्यक्ष रूपमा निकुञ्जमा आश्रित भइ जीविका चलाउँदै आएका छन् । बोटे आदिवासी जनजातिहरूलाई पनि यस देशमा स्वतन्त्र, सम्मानपूर्वक बाँच्न पाउने अधिकार छ । पुर्खौली मौलिक पेसा गर्ने अधिकारलाई अहिलेको संशोधित राष्ट्रिय निकुञ्ज ऐन, २०७३ ले समेत व्यवस्था गरेको छ । तर संरक्षणको कारण देखाइ बोटे जातिको पुर्खौली पेसा लाई नै विस्थापित गर्दै आएको छ। यसरी सीमान्तकृत बोटे समुदायको पेसा खोसिदै जादा उनीहरू दिनप्रतिदिन गरिबीको चेपेटामा पर्दै गएका छन् ।

संरक्षण र दीगो जीविकोपार्जन दुवैलाई समान रूपमा लैजान सकेमा मात्र दीगो संरक्षणको परिकल्पना गर्न सकिन्छ । यसैले बोटेहरूलाई संरक्षणमा सहभागिता, अगुवाइ गराउँदै उनीहरूलाई वैकल्पिक पेसाको लागि लगाउँदै यस जातिका महिलाहरूलाई पनि आर्थिक सशक्तिकरण गराउन अत्यन्त जरुरी

देखिन्छ । खोला, नदीमा गएर माछा मार्ने र जङ्गलमा सागपात टिप्ने बोटे महिलाहरूको दिनचर्या नै हो । यो उनीहरूको दैनिक जीविका चलाउने माध्यम हो । समय सापेक्ष बोटे महिलाहरूको क्षमता अभिवृद्धि गरी उनीहरूलाई वैकल्पिक पेसा मार्फत आयआर्जनमा वृद्धि गरी आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक हरेक क्षेत्रको मूलधारमा लैजानु आजको आवश्यकता हो ।

**सिड,सर्ड, सिआरपिडिका सुझावहरूको कार्यान्वयनको अवस्था**

सिडको सुझाव, संयुक्त राष्ट्र संघका जातीय भेदभाव उन्मूलन गर्ने समिति (सर्ड) ले नेपालको १७ औं देखि २३ औं आवधिक प्रतिवेदनका सम्बन्धमा २९ मे २०१८ मा दिएको निष्कर्ष सुझाव तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समितिले नेपालको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा निष्कर्ष सुझावको कार्यान्वयनको अवस्थाका सम्बन्धमा गन्गाई महिलाको सन्दर्भमा ती कुनै पनि सुझावहरू कार्यान्वयन नभएको अवस्था छ ।

**भूमि, भू–भाग तथा स्रोत**

बोटे महिलाहरूको भूमि माथिको अधिकार अत्यन्त न्यून रहेको छ । उनीहरूमा चेतनाको कमी तथा बोटे जातिहरू नदी किनारमा बस्ने भएकोले भएको जमिन नदीले कटान गरेको र धेरैजना सुकुम्बासी भएकोले पनि बोटे महिलाहरूमा भूमि, भू-भाग तथा स्रोत साधनमा पहुँच र नियन्त्रणमा ज्यादै कम रहेको स्पष्ट हुन्छ ।

**आदिवासी किशोरी र महिला विरुद्ध भएका दुर्व्यहार र हिंसाका घटना**

बोटे महिलाहरू कहिलेकाही निकुञ्जमा सागपात टिप्न जादा नेपाली सेनाले अभद्र व्यवहार, कुटपिट गर्ने गरेको छ । तर महिलाहरू एकजुट भइ कारबाहीको माग गरेपछि अभद्र व्यवहार गर्ने सेनालाई कारबाही समेत भएको थियो । नेपाली सेनाको व्यवहारमा विगतमा भन्दा केही सुधार आएको पाइन्छ ।

**आरोप, उजुरी र मुद्दाहरू**

बोटे महिलाहरू निकुञ्ज तथा खोला नदीहरूमा माछा मार्न, सागपात टिप्न, सुन चाल्न, बेतबाँस काट्न, डुङ्गा चलाउन जादा सेनाले पक्रेर लगि दण्ड जरिवाना लिने गरेको छ । परम्परागत मौलिक पेसा भएतापनि राज्यको विभेदकारी ऐन, नीति, नियमको कारणले गर्दा बोटे महिलाहरूले आफ्नो अधिकार प्रयोग गर्नबाट वञ्चित भएका छन् । निकुञ्जले विभिन्न आरोप लगाई बोटे महिलाहरूलाई फसाउने, दुर्वव्यहार गर्ने गरेको छ । माछा मार्न लाइसन्स दिने व्यवस्था भए पनि निकुञ्जले पीडा दिदा बोटे महिलाहरूले निकुञ्जको विरुद्धमा कुनै उजुर गर्न सकेका छैनन् ।

**प्रथाजनित कानुन र प्रथाजनित संस्था**

बोटे समाजमा प्रथाजनित कानुन भनेको मुखिया र चौतरीयाहरूबाट सञ्चालन गरिएका प्रणालीलाई नै मान्ने गरेको छ । प्रथाजनित संस्थाको रूपमा नेपाल बोटे समाज र नेपाल बोटे महिला समाजलाई मानिदै आएको छ ।

**स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी** (**एफपिक**)

राज्य पक्षले कुनै पनि विकास निर्माण तथा आयोजनाहरू सञ्चालन गर्दा, ऐन, कानुन र नियमावलीहरू बनाउदा बोटे महिलाहरूलाई स्वतन्त्र, अग्रिम जानकारीको कुनै पनि प्रक्रिया नगरेको अवस्था छ । वर्तमान अवस्थामा पनि बोटे महिलाहरूले आफ्नो स्वइच्छाले स्वतन्त्र रूपमा पुर्खौली पेसा हरू, ज्ञान, सीपहरूलाई सञ्चालन गर्न पाएका छैनन् ।

**सहभागिता र प्रतिनिधित्व**

नेपालमा बोटे महिलाहरूको राजनैतिक अवस्थाको विष्लेषण गर्दा झनै कहाली लाग्दो छ । समग्र विकासको योजना तथा कार्यक्रमलाई प्रभाव पार्ने शक्ति राजनीतिमा नै हुन्छ तर बोटे समुदायको राजनैतिक क्षेत्रमा पहुँच समेत नभएको अवस्था छ । नेपालमा क्रियाशिल राजनीतिक दलहरूमा बोटे महिलाहरूको सदस्यता वडा तहमा मात्र भएको पाइन्छ । बोटे महिलाहरूलाई राजनैतिक दलहरूले भोट बैंकको रूपमा प्रयोग गरिरहेको पाइन्छ । जसले गर्दा बोटे महिलाहरूले आफुले पाउनु पर्ने हक, अधिकारहरू पाउन सकिरहेका छैनन् । बोटे समाजका महिलाहरू राज्यको स्थानीय तहको वडा सदस्यहरूमा न्यून मात्रामा सहभागिता रहेको पाइन्छ भने प्रदेश र केन्द्र सरकारमा शून्य सहभागिता रहेको छ । नेपालको संविधान २०७२ ले महिलाहरूलाई ३३ प्रतिशत कोटा निर्धारण गरेतापनि अति सीमान्तकृत वर्गमा पर्ने बोटे महिलालाई यस प्रावधानले कुनै पनि तह, क्षेत्र र संरचनामा प्रतिनिधित्व र सहभागिता गराएको छैन । सीमान्तकृत वर्गमा पर्ने बोटे महिलाहरूको सामाजिक जागरणमा सोचे जस्तो परिवर्तन भइसकेको अवस्था छैन । समाजको अगुवाइ गर्नुपर्छ भन्ने चेतना उनीहरूमा कम छ । तर पनि एक दशक देखि बोटे महिलाहरू समूह बनाउने, आफ्नो संगठन विस्तार गर्ने जस्ता कार्यमा लाग्नु पर्छ भनी केही महिलाहरू लागि परेका छन् ।

**आदिवासी महिलाको आर्थिक सशक्तिकरणको अवस्था**

बोटे महिलाहरूको पुर्खौली पेसा भनेको माछा मार्ने, जङ्गलमा तामा काट्ने, सागपात सङ्कलन गर्ने हो । तर हाल उनीहरूमा केही सशक्तिरण भएको हुँदा केही बोटे महिलाहरूले सिलाइ कटाइ, पशुपालन, कुखुरा पालन, किराना पसल, होमस्टे जस्ता व्यवसाय सञ्चालन गर्न थालेका छन् । बोटे

समुदायलाई माछा मार्ने लाइसन्स निकुञ्ज प्रशासनले दिने गरेतापनि महिलाहरूले भने लाइसन्स प्राप्त गरेको पाइदैन । साथै माछा, घोङ्गी, दाउरा, घाँसपात, न्युरो टिप्न जादा सेनाले समाउने, दण्ड जरिवाना लिने, थुन्ने समेत गरेको छ ।

**मातृभाषा**

बोटे जातिको आफ्नै छुट्टै भाषा रहेको छ । बोटे भाषा बोल्नेमा चितवन र नवलपरासी जिल्लमा बढी जनसंख्या रहेको छ । मातृभाषा बोटे महिलाहरूले बढी बोल्ने गर्दछन् किन भने बोटे महिलाहरू गाउँमा नै धेरै बस्ने भएकोले यसो भएको हो । उनीहरूको समुदाय बाहिर अन्यत्र नोकरी, पेसा नभएकोले पनि यस्तो भएको हो । तर पनि पहिलाको तुलना गर्दा बोटे मातृभाषा बोल्नेको संख्या भने घट्दो क्रममा रहेको छ ।

**संस्कृति र साँस्कृतिक सम्पदा**

बोटे जातिको कला संस्कृतिलाई हेर्दा लोप हुन लागि सकेको अवस्थामा पुगेको छ । विशेष गरी बोटे महिलाहरूमा अन्य समुदायको संस्कृतिको प्रभाव परेको छ । हाम्रा पुर्खा र अग्रज महिलाहरूले आफ्नै भेषभूषा पोशाक र गरगहनाहरू लगाउने गर्दथे । उनीहरू चाडपर्व, विवाह, ब्रतबन्धहरूमा आफ्नो पहिरन लगाएर उपस्थित हुन्थे । यसले उनीहरूको पहिचान र अस्तित्व जोगाउनमा महत्वपूर्ण भूमिका खेलेको छ । तर वर्तमान अवस्थामा भने यसको निरन्तरतामा कमी आएको छ । जव नेपाल बोटे महिला समाजको स्थापना भयो त्ससपछि भने यस समाजले बोटे महिलाहरूलाई संगठित गर्दै आफ्नो संस्कार, संस्कृति, भेषभूषा, जर्गेनाको लागि अभियानहरू सञ्चालन गर्न थालेको पाइन्छ । त्यस्तै बोटे जातिको भाषा लोप हुन लागेको हुदा हिमाली आदिवासी समाज नेपाल, मातृभाषा केन्द्र नेपालले बोटे जातिको वर्ण निर्धारण, व्याकरण, शब्दकोष निर्माणको लागि आर्थिक सहयोग गरेका थिए । त्यस्तै बोटे जातिको चिनारी पुस्तक प्रकाशन गरिएको छ । यस कार्यमा बोटे महिलाहरूले सक्रिय रूपमा आफ्नो भूमिका निर्वाह गरेका थिए ।

**अन्तरदेशीय सम्बन्ध**

बोटे महिलाहरूको अन्तरदेशीयको विषयमा कुरा गर्दा भारतको विहार राज्यमा भएको पाइन्छ । भारतको विहारमा नेपालको चितवन जिल्लाका बोटे महिलाहरूसँग विवाह हुने गरेको पाइन्छ । बोटे महिलाहरूको अधिकारको लागि भने नेपाल र भारत विच सम्मेलन हुन सकेको छैन । यसको लागि भने नेपाल बोटे महिला समाजले पहल गर्नु जरुरी देखिन्छ ।

**जलवायु परिवर्तन**

जलवायु परिवर्तनको असर बोटे महिलाहरूमा पनि पर्न गएको छ। किन भने बोटे महिलाहरूले पहिले जङ्गलमा विभिन्न किसिमका च्याउहरू, सागपातहरू पाउने गर्दथे भने आजभोलि जलवायु परिवर्तका कारणले पाउन छोडेको छ। बोटे महिलाहरूले घोङ्गी, माछा मार्ने कैयौ तालतलैयाहरू सुकेका छन्। जसले उनीहरूको जीविकोपार्जनमा समेत असर परेको छ। त्यस्तै धान, मकै बालीमा विभिन्न रोग र किराहरूको प्रकोप बढेको छ।

**प्राकृतिक विपद**

बोटे जातिको बस्ती खोला, नदी र जङ्गलको किनारमा भएकोले स्वभाविक रूपमा प्राकृतिक विपद् को सिकार भएका छन्। विशेष गरेर चितवनको राप्ती, रीउ, मरोठ खोला तथा नवलपरासी जिल्लामा नारायणी नदीले वर्षेनी कटान गरी बोटे बस्ती विस्थापित गरेको पाइन्छ।

**आदिवासी महिलाको सशक्तिकरण**

नेपालमा रहेका बोटे महिलाहरूमा पनि आफ्नो अधिकारको स्थापितको लागि न्यून मात्रमा सशक्तिकरण भएको पाइन्छ। उनीहरूले नेपाल बोटे महिला समाज मार्फत समुदायमा सशक्तिकरण जागरण फैलाउने गरेका छन्।

**महिला आन्दोलन**

बोटे महिला समाजले महिला आन्दोलनको लागि महिला हिंसा विरुद्धको १६ दिने अभियानमा सक्रिय रूपमा लागि पर्दै आएका छन्। साथै बोटे महिलाहरू पीडित हुदा पनि एक जुट भएर अधिकार दिलाउन समेत वकालत, आन्दोलन समेत गर्दै आएका छन्।

**लेखकः** *जगनारायण बोटे, नेपाल बोटे समाज केन्द्रीय समितिको सचिव तथा मित्रलाल बोटे, नेपाल बोटे समाज जिल्ला कार्यसमिति चितवनको पूर्व सल्लाहकार तथा पूर्व अध्यक्ष र बिना बोटे नेपाल बोटे महिला समाजको अध्यक्ष हुनुहुन्छ।*

# भुजेल महिला (प्हुगाल आमालम)

**संक्षिप्त परिचय**

नेपाल विभिन्न बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक भएको देश हो । ६९ ओटा आदिवासीहरू मध्ये सिमान्तकृत वर्गमा पर्ने भुजेल जाति पनि एक हो । सन २०११ को जनगरणा अनुसार भुजेल जातिको जनसख्या ११८६५० रहेको छ । जसमध्ये महिलाको जनसंख्या ६२४८६ र पुरुष ५६१६४ रहेको छ ।

"पुखग्याल" भुजेल भाषाको शब्द हो । यो शब्दले भुजेलको सम्पूर्ण ईतिहास बोक्दछ । यसको अर्थ हुन्छ । पुख को अर्थ प्रमुख ग्यालको अर्थ राजा दुवै शब्द जोडदा प्रमुख राजा अर्थात भुजेल हुन्छ । यस जातिका पूर्वजहरू ७ सय वर्षअघि बाग्लुङ्गको भुजीखोला र रुकुमको घर्ताकोट र घर्ताखोलामा बसोबास गरेको पाइन्छ । वि.सं. १३७२ सम्म ढोरपाटनको अर्नाकोट र देउरालीमा भुजेल राजाहरूले २२ पुस्तासम्म राज्य गरेको इतिहास पाइएको छ । यस जातिका भाषा, संस्कार, संस्कृति तनहुँ तथा नवलपरासीमा जीवन्त पाइन्छ । अहिले अस्तित्वमा घर्ती, भुजेल, खेतीपाती गर्दै घुमफिर गरेका स्थान नामहरू (घर्ताकोट, घर्ताखोला, भुजीखोला, भुजी उपत्यका, घर्तीछाप, घर्तीगाउँ, घर्तीकाचौर, खवासटोल, घर्तीटोल, भुजेलटाँरी, भुजेलधारा, घर्तीफाँट, भुजेलथान, भुजेलपानी, भुजेलमा खवास, थापाघर्ती, रानाभुजेल, रोका, जीटी, जीसी, शिवभक्ती आदि थर रहेका छन् । भुजेलहरू पशुचरन तथा रा, भुजेलखर्क, घर्तीडाँडा, रोकाय गाउँ, रोकाचौर, भुजौली, घर्तीखोर आदि ।[२]) ले ऐतिहासिक तथ्यलाई अझ पुष्टी पार्दछ । जनजातीय इतिहास, पहिचान र अधिकारको लागि भुजेलको भावनालाई सम्मान गर्दै बसोबासका आधारमा सामानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्नु आजको आवश्यकता हो ।

**सिड, सर्ड, सिपिआरडीका सुझावहरूको कार्यान्वयन**

- सिड, सर्ड, सिपिआरडीका सुझावहरूको कार्यान्वयन नभएको र सामान्यतया बोलिने भाषाहरूमा भुजेल महिलाका तथा समुदायमा लागि कानुनि सहायता कार्यान्वयन भएको छैन ।
- परम्परागत व्यवहारहरू लोप भईसकेको अवस्थामा भुजेल समुदायले आफनै विधि अनुसार संस्कार संस्कृतिको (विवाह गर्दा, जन्म, मृत्यु) सुरुवात गर्न थालिसकेको तर राज्यबाट यसलाई मान्यता नदिएको अवस्था छ ।
- भुजेल समुदायका महिलाहरलाई वैदेशीक रोजगारीका लागि सचेतना कार्यक्रमहरू नभएको कारण विदेशीनेको सख्यामा कमी आएको छैन र दिनानु दिन विभिन्न प्रकारका हिंसामा वृद्धि

भएको छ। सम्बन्धित निकायहरूबाट यसमा सचेतना जगाउने कार्यमा जोड दिनु पर्ने देखीन्छ।

- भुजेल समुदायको बाहुल्यता भएको क्षेत्रमा महिलाहरूलाई स्वास्थ्य सम्बन्धी चेतना नपाउँदा महिलाहरूको सेवा सुविधा उपभोग गर्न पाएका छैनन्।
- नेपालको कुनैपनि सरकारी निकायहरूमा सीहरूको सहभागिता हुन पाउने अधिकारको व्यवस्थालाई राज्यद्वारा हटाईएको हुँदा आदिवासी जनजाति महिलाहरू सरकारी निकायहरूमा जाने अवसरबाट बञ्चित भएका छन्।
- राजनैतिक पार्टीहरूले आदिवासी जनजातिहरूलाई आफनो स्वार्थको लागि प्रयोग गरि उम्मेदवार दिन लगाउने र आदिवासी जनजातिहरूलाई एक ढिक्का हुन नदिएको अवस्था छ।
- आदिवासीका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय कानुनहरूलाई नेपाल सरकारले अनुमोदन गरिएता पनि कार्यान्वयन गर्न चासो देखाएको छैन।

**भूमि, भूभाग तथा स्रोत**

- नेपाल सरकारले महिलाको नाममा घरजग्गा भएमा पुरुष तुलनामा महिलालाई कर कम लाग्ने भएकोले भुजेल महिलाको नाममा जग्गाधनी पुर्जा भएता पनि त्यसमा महिलाहरूको पहुँच र नियन्त्रण भने कम रहेको छ।
- भुजेल समुदायको जन्म देखी मृत्यु संस्कार संस्कृतिमा मानिने विधिमा आवश्यक सामग्री सिमलि, वाँसको स्याउला, तितेपाती, टपरी, टोटलाको फूल, काठ दाउरा आदि जंगलबाट प्राप्त गरिने हुँदा वनको नीतिले गर्दा धर्म संस्कार मान्नमा असर गरेको छ।
- सडक विस्तारका कार्यक्रमले गर्दा भुजेलको बाहुल्यता भएको क्षेत्रहरूमा बाहिरबाट आयतित सामग्री वा वस्तुहरूले गर्दा आफना परम्परागत उत्पादित सामग्रीरुहरू जस्तैः डोको, डालो, नाङलो, को उत्पादन र प्रयोगमा कमी आएको छ।

**प्रथाजनित कानुन र प्रथाजनित संस्था**

- नेपाल सरकारको संघसंस्था ऐन २०३४ अनसार भुजेल समाज सेवा केन्द्रीय समितिको दर्ता २०५२ सालमा भएता पनि उक्त समितिमा हाल सम्म पनि भुजेल महिलाले नेतृत्व गर्न सकिराखेको छैन।
- भुजेलहरूको प्रथाजनित कानुन हराईसकेको छ। लिखित र ऐतिहासीक दस्तावेज नभएको हुँदा भुजेल समुदायलाई आफनो भाषा, संस्कार संस्कृति छ भन्ने कुरा पनि थाहा नभएको हुँदा प्रथाजनीत संस्था र कानुन हराउँदै गएको छ।

**स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरी (एफपिक)**

- नेपाल सरकारबाट विकास निर्माण तथा आयोजनाका ऐन, कानुन, नियमावली र कार्यक्रमहरू संचालनको क्रममा भुजेल आदिवासी महिलाहरूलाई स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरी नलिई काम गरेको पाईएको छ ।
- विकासमा परियोजनाहरूको योजना, निर्माण, कार्यान्वयनमा भुजेल आदिवासी महिलालाई समावेश नगराई कार्य संचालन गर्ने गरेको छ ।

**सहभागिता र प्रतिनिधित्व**

भुजेल महिलाको गाउँ, जिल्ला तथा केन्द्रीयस्तरसम्मका विभिन्न संगठनहरूमा न्यून मात्रामा समावेशिता देखिन्छ । राजनीति, समाज सेवा, पेशा, व्यवसाय, गैर सरकारी संस्था, वित्तीय क्षेत्र आदिभन्दा सरकारी क्षेत्रमा अत्यन्तै न्यून मात्राको उपस्थिति देखिन्छ । सुरक्षा निकाय र शिक्षण पेशामा केही बढी संख्या कार्यरत रहेको पाइन्छ भने निजामती सेवामा कमै मात्रामा रहेको कुरा लोक सेवा आयोगका विभिन्न विवरणले सार्वजनिक गरेकै छ । हालसम्म भएका संसदीय, स्थानीय, संविधानसभा र संघीय निर्वाचनमध्ये बढी मात्रामा स्थानीय निर्वाचनमा यस जातिको समावेशीताको स्तर उच्च रहेको देखिन्छ । स्थानीय निर्वाचन बाहेक अन्य निवार्चनहरूका परिणामले यस जातिको उपस्थिति शून्यमा सिमित रहेको देखिन्छ । २०६४ सालको संविधानसभा निर्वाचनमा समानुपातिकतर्फ ४ जना (उमा भुजेल, तारा घर्ती, कमला रोक्का र भोटनीदेवी खवास) विजयी हुनु भयो भने प्रत्यक्षतर्फ १० जनाले भाग लिएकोमा १ जना मात्र महिला (गौरी रोकाया) हुनुहुन्थ्यो । २०७० सालको संविधानसभा प्रत्यक्ष निर्वाचनमा १६ जनाले भाग लिएकोमा २ जना मात्र महिला (तुलसरी घर्ती र योगमाया घर्ती) हुनुहुन्थ्यो भने समानुपातिकतर्फ ५ जनामा २ जना महिला (भोटनीदेवी खवास र अम्बिका खवास) निर्वाचित हुनु भयो । त्यसैगरी बन्द सूचिमा रहेका यस जातिका ४२ जनामा २५ जना महिला समावेश थिए ।[३]

२०७४ सालको प्रथम स्थानीय तह निर्वाचनमा भुजेल जातिको तर्फबाट उम्मेदवार भएको जिल्ला ५७ वटा थिए भने जम्मा उम्मेदवार १६९३ (महिला ५७८ र पुरुष १११५) जना रहेको देखियो । निर्वाचित भएको जिल्ला ४८ मध्ये जम्मा निर्वाचित संख्या ४६२ (महिला १२४ र पुरुष ३३८) जना अर्थात २६.८४% महिला रहेका छन् । पदाधिकारी निर्वाचित भएको जिल्ला ३९ वटामा जम्मा भुजेल पदाधिकारीहरू १७६ (महिला १३ र पुरुष १६३) जना अर्थात ७.३९% महिला छन् । त्यसैगरी अन्य सदस्यहरू २८६ (महिला १११ र पुरुष १७५) जना अर्थात ३८.८२% महिलाको सहभागिता रहेको छ । यसैमा भुजेल महिलाहरू नगरप्रमुख १, उपप्रमुख २, गापा उपाध्यक्ष ९, वडा अध्यक्ष १, महिला

सदस्य ८६ र सदस्य २५ जना रहेको अवस्था छ।[३]

**आदिवासी महिलाको आर्थिक सशक्तिकरणको अवस्था**

धेरै जसो भुजेल महिलाहरूको आर्थिक सशक्तिकरणको अवस्था दयनिय रहेको छ। परम्पराग पेशा अनुसार डोको, डालो, नाङलो बनाएर बेच बिखन गर्ने भएता पनि आधुनिकीकरणको प्रभावले गर्दा मासिदै गएको हुँदा भुजेल महिलाको आर्थिक शशक्तिकरणको अवस्था सन्तोष जनक नरहेको पाईन्छ।

**मातृभाषा**

भुजेल भाषामा विद्यावारिधी गरेका डा.दानराज रेग्मीका अनुसार भाषाका दृष्टिले यो जाति लोपोन्मुख समूहमा पर्दछ। भोट बर्मेली भाषा परिवारमा पर्ने भुजेल भाषा झण्डै चेपाङ्ग, गुरुङ्ग र मगरभाषासँग केही प्रतिशत मिल्दो जुल्दो छ र लोपवान (Endangered) भाषा पनि हो।[९] भाषागत रुपमा खाम भुजेल र भुजेल भाषामा विभाजित यो भाषा चेपाङ्भन्दा पुरानो र यसलाई घर्ती भाषा पनि भन्ने गरिन्छ[१०] तर क्रमशः घर्ती भाषाको बारेमा उल्लेख कतै पनि गरेको पाइदैन र लोप प्रायः अवस्थामा पुऱ्याइएको छ। यस घर्ती भाषाको पनि पुनर्जागरण गराउँनु पर्नेमा सोंचनीय विषय बन्न थालेको छ।

वर्तमान अवस्थामा नेपालका तनहुँ, गोरखा, चितवन र नवलपरासीमा बसोबास गरेका केही भुजेलले बाहेक अन्य जिल्लामा बसोबास गर्ने भुजेल समुदायमा आफनो मातृभाषा बोल्न बुझ्न मासिदै गएको अवस्थामा छ।

**सँस्कृति र साँस्कृतिक सम्पदाहरू**

भुजेलहरूको मंसीर पूर्णीमा उधौली र बैशाख पूर्णिमा उभौली दुवै पर्व भुजेलीको चाड हो। भुजेली पर्वमा चाहिने सामानहरू सिमाली, बाँसका सेउला (लिंगो), तितेपाति एक थानको लागि ५/५ वटा लिंगाहरू विभिन्न रंङ्गका ध्वजाहरू पाँचओटा थानहरू बनाउने। १) न्याम (सूर्य), २) हाउसिरिङ्ग (वायु), ३) ती (जल), ४) राङ्ग (जमिन) ५) फुई (जंगल), काँचो धागो, सुपारी, आवश्यक मात्रामा ढुंगाहरू र सिन्दुर, बत्ति भएको २ वटा त्रिशुल, २ वटा दियो, कलश, चामलको पिठो, फूल, एक जोर परेवा/कुखुरा/हाँस/बोका मध्ये कुनै एक भए पुग्छ। भुजेल धमी वा झाक्री वा पूजारामे वा जान्ने मान्छे जो भएपनि पूजा संचालन गर्न सकिनेछ। भुजेल, घर्ती, खवास, जीटी र यससँग सम्बन्धित थर उपथरहरू प्रकृतिपुजक मान्दछन्। हाम्रा पुर्खाहरूले प्रारम्भिक कालदेखि आफ्ना परिवार, गाई वस्तुहरू, वालीनालीहरू र मानवजातिको रक्षाका लागि सूर्य, वायू, जल, जमीन र जंगलको पुजा गर्दै आएका थिए।[८] पुर्खाहरूले गरेको प्रकृति पुजाको आधारमा समय सापेक्ष बनाउदै, सामुहकि रुपमा

हालका दिनहरूमा भुजेली पर्वका रुपमा भव्यताका साथ मनाउने गरिन्छ । लोपहुदै गएका भुजेल जातिका संस्कृतिहरूलाई अध्ययन अनुसन्धान तथा अभिलेखिकरण गर्ने प्रयास जारी भईरहेको छ ।

**जलवायु परिवर्तन**

भुजेल जातिहरूको आर्थिक उपार्जन गर्ने स्रोत डोको, डालो, नाङ्लो बनाई बेची आर्थिक उपार्जन गर्ने हुँदा जलवायु परिवर्तनले गर्दा उक्त स्रोतहरू जुटाउन समस्या परेको छ । विभिन्न जिल्लाहरूमा छरिएर मिश्रीत समुदायमा बसोबास गर्ने हुनाले कृषि पेशामा पनि संलग्न भएको हुँदा मौसम परिवर्तनका कारण अन्न उत्पादनमा पनि कमी आएको पाईन्छ ।

**प्राकृतिक विपद र महामारी**

- कोभिड १९ का कारणले गर्दा भुजेल समुदायका व्यक्तिहरूले रोजगार गुमाउनुका साथै । मजदुर गरेर दैनिकी चलाउने समुदायमा बिहान बेलुका खान लगाउन समस्या भएको छ ।
- मानसिक रोगको सिकार बन्न पुगेको छ ।
- विभिन्न संघसंस्थाहरू द्धारा वितरण गरिएका रातह वितरण पनि सुगम र सहज ठाउँमा मात्र पुगेको हुँदा भुजेल समुदायमा नपुगेको अवस्था रहेको छ ।
- बालबालिकाहरूको शैक्षिक स्तरमा समस्या रहेको छ ।
- आर्थिक अवस्था कमजोर भएकोले कोभिडको उपचार गराउन समेत नसकेको थियो ।

**महिला आन्दोलन**

नेपाल सरकारबाट सबै महिलाहरूलाई एउटै सुचिमा समावेश गरिएको हुँदा आदिवासी महिलाको पहिचान र अस्तित्व हराउदै गएको पाईन्छ । आदिवासी जनजाति महिलाहरूको हक, हीत र अधिकारलाई सुनिश्चित गर्न विभिन्न तह र तप्कामा राज्यद्वारा निर्मित ऐन, नियम र कानुन विरुद्ध आन्दोलन गर्दै आएका छौं । संविधानमा आदिवासी महिलाहरू भनेर लेख्नु पर्ने । र सरकारी कोटाहरूमा आदिवासी महिला भनेर तोकीनु पर्ने र आदिवासी महिलाको बाहुल्यता भएको स्थानहरूमा मातृभाषामा सुचना तथा शिक्षा दिनु पर्ने महिला आन्दोलनको आवाज रहेको छ । महिला विरुद्ध हुने भेदभाव उन्मुलन सम्बन्धी समितिले दिएको निष्कर्ष सुझावलाई कार्यन्वयन गर्न सरकार पक्षलाई आन्दोलन तथा ज्ञापन पत्र बुझाउनुका साथै आईएलओ, युएनड्रिपमा भएका आदिवासीहरूको हक अधिकारलाई सुनिश्चित गर्न पहल गरेता पनि कार्यन्वयनको अवस्था र महिलाको सवाललाई प्रतिनिधित्व नगरेको अवस्था छ ।

**सन्दर्भ सामग्री :**


१. भुजेल, बाबुराम र तामाङ्ग, "योञ्जन", अमृत, २०५८, भुजेल जाति र भाषा, भुजेल समाज, काठमाडौं ।

२. भुजेल जागरण, वर्ष १, अंक १, २०६२, भुजेल जाति अध्ययन मञ्च, काठमाडौं ।

३. भुजेल, अमृतसिंह, २००५/२०६२, भुजेल जाति र जीवन पद्धति, भुजेल समाज, के. स., काठमाडौं ।

४. घर्ती, विष्णु 'भनभनेली', २०६७, घर्ती/भुजेलहरू (गुल्मी जिल्लामा प्रथम खोज), भुजेल समाज, गुल्मी ।

५. भुजेल जातिको चाड तथा संस्कार विधि (२०७२) दोस्रो संस्करण

६. भुजेल जातिको पर्व संस्कार विधि, (२०६८) प्रथम संस्करण

७. भुजेल भाषा लेखन सहयोगी निर्देशिका (२०७५) प्रथम संस्करण

५. www.election.gov.np

६. www.cbs.gov.np

७. www.psc.gov.np

८. https://www.bhujelinfo.com



**लेखकः** *निर्मला भुजेल हाल राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको कोषाध्यक्ष र निवर्तमान भुजेल महिला समाज केन्द्रीय समिति सदस्य हुनुहुन्छ । र विष्णु घर्ती 'भनभनेली', भुजेल समाज केन्द्रीय समितिको पूर्व उपाध्यक्ष हुनुहुन्छ ।*

# मगर महिला

## मास्टो (१२), मेमा (१८), चिम्चा (काईके)

**परिचय**

मगर नेपालमा तेश्रो ठूलो जनसंख्या र आदिवासीमा पहिलो समूह हो । मगरहरूको प्रथम लिखित इतिहास ११०० CE रहेको पाइन्छ ।[1] नेपालको जनगणना अनुसार १,८८७,७३३ अर्थात कुल जनसंख्याको ७.१ ५ हिस्सा ओगटेको छ[2]। जसमा मगर महिला १०,१३,३१७ र पुरुष ८,७४४१६ जना छन् ।[3] मातृभाषी जनसंख्याका आधारमा मगर भाषा नेपालको सातौं स्थानमा छ । ठूलो संख्यामा मगरहरू पाल्पा, तनहुँ, म्याग्दी, प्यूठान र रोल्पामा बसोबास गर्छन् । मगरहरूको आफ्नै भाषा संस्कृति, भेषभूषा, परम्परागत सामाजिक मूल्य मान्यता छ । यसमा तीन शाखाहरू छन्-खाम, काइके र ढुट । बाह्र मगरात, अठार मगरात र डोल्पाको धार्मिक संस्कार केही भिन्न छ । मगरको मौलिक धर्म वा विश्वास पितृ पूजा र प्रकृति (भूयाँर पूजा) पूजा, धामी भ्फाँक्री, बोनमा विश्वास राखेतापनि पछि गएर बुद्ध, हिन्दु आदिबाट प्रभावित भएको पाइन्छ ।

**सिडको सुभ्फावहरूको कार्यान्वयनको अवस्था**

नेपालको संविधान २०७२ ले आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्र अनुरूप आदिवासी महिलाको अधिकार, विशेषगरी उनीहरूको आत्मनिर्णयको अधिकार स्पष्ट रूपमा पहिचान गर्न संविधान संशोधन गरेको छैन ।[4] नेपालको कुनैपनि सरकारी निकायहरूमा आदिवासीहरूको सहभागिता हुन पाउने अधिकारको कार्यान्वयन भएको छैन । स्थानीय तहको निर्वाचनमा आदिवासीहरूको समान सहभागिताको लागि कुनैपनि व्यवस्था गरिएको छैन [5]। स्थानीय तहको चुनावमा आदिवासीहरूको प्रतिनिधि भन्दापनि राजनीतिक पार्टीको स्वार्थपूर्तिका लागि आदिवासी समुदायका व्यक्तिहरूले उम्मेदवारी दिएका छन् । संयुक्त राष्ट्र संघको घोषणापत्र अनुरूप आदिवासी महिलाको अधिकार, विशेषगरी आदिवासीको आत्मनिर्णयको अधिकार स्पष्ट रूपमा पहिचान गर्न र नेपाल सरकारलाई संविधान संशोधन गर्न सुभ्फाव नोभेम्बर १४, २०१८ मा दिएको भएतापनि संविधानमा आत्मनिर्णयको अधिकार र आदिवासी महिलाहरूको कुनैपनि अधिकारलाई संशोधन गर्ने वा थप गरिएको छैन । नेपालको संविधान, २०७२ ले आदिवासी जनजातिको सामूहिक अधिकार र पहिचानको आधारमा संघीयतालाई बेवास्ता गर्दै आएको छ । नेपाल सरकारले पास गरेको संशोधन तथा विधेयकहरूले आइएलओ महासन्धि नं.१६९ र युएनड्रिपलाई आत्मसात गरेको छैन [6]।

**प्रथाजनित संस्था, ज्ञान तथा सीप**

मगरहरूको परम्परागत सामाजिक संस्था भन्नाले “सिलुवा मण्डली बराजु भेजा” लाई बुझिन्छ । पाल्पा जिल्लाको सिलुवा गा.वि.सं.४ मा १६९ घरधुरीमा प्रथम प्रधानमन्त्री भीमसेन थापाले पूजा सञ्चालनको लागि करिब २ बिगाहा (२५ रोपनी) खेत प्रदान गरेको आम्दानी मुख्य भेजामा खर्च गर्ने चलन परापूर्वकालदेखि नै गर्दै आइरहेको पाइन्छ ।[7] अठार मगरातमा “पञ्च-तालुक अथवा पञ्च-अमाल (५ जना प्रजातान्त्रिक रूपमा निर्वाचित)” हुन्छ । यी दुवैले परम्परागत धार्मिक कामहरू, सामाजिक संगठन, कृषि सम्बन्धि मेला, प्रथा, समाज सुदृढीकरण र उत्पादन, स्रोत व्यवस्थापन, विवाद समाधान लगायत सामाजिक सद्भाव कायम गर्ने काम गर्दछन् । तर मगर महिलाहरूको सहभागितामा न्यून रहेको अवस्था छ । यी परम्परागत सामाजिक संस्थाहरू आधुनिकतासँगै हराउदै गएकोले हाल आएर पुनः संरक्षण गर्दै आएको छ । साथै मगर महिलाले पनि यसको बारेमा चासो राख्दै आएका छन् ।

मगर महिलाहरूले आफ्नो परम्परागत ज्ञान र सीपलाई संरक्षण गर्दै आएका छन् । केही ज्ञान तथा सीपहरू आफ्नो परम्परागत भूमीबाट टाढिएर नासिएका पनि छन् तर नयाँ पुस्ताले ती ज्ञान तथा सीपलाई व्यवसायिक रूपमा अघि बढाएको छ । जस्तैः अल्लो र सिस्नोको सामानहरू, डोको, नाम्लो, दाम्लो, चकटी, गुन्द्री, माछा मार्ने जालर, राडी, पाखी, भाङ्ग्रो आदि बुन्ने । मगरहरूको जन्मदा देखि मृत्यु पर्यन्त सम्म आवश्यक जाँड, रक्सी तथा मर्चा बनाउने सीपको प्रयोग गरी आय आर्जनको लागि विदेशमा निर्यात गर्ने प्रयास गरिरहेको छ । साथै स्थानीय उत्पादन, कला संस्कृतिको संरक्षण पनि होम स्टे मार्फत विभिन्न ठाउँहरूमा सुरुआत गर्दै आएका छन् । जस्तैः पाल्पा, तनहुँ, नवलपरासी सुर्खेत आदि रोल्पा आदि । पाल्पा, बुटवलमा मगर महिलाको आफ्नै ढाका उद्योग स्थापना भएको छ । यसरी प्रथाजनित सीपलाई आय आर्जनको काममा प्रयोग गरी नयाँ पुस्तालाई पनि सीप हस्तान्तरण भएको छ तर सरकारको तर्फबाट यस सम्बन्धी प्रचार प्रसार गर्नका लागि र बजार व्यवस्थापनमा सहयोगको खाँचो रहेको छ ।

**भूमि, भू-भाग तथा स्रोत**

बाइसी चौबीसी राज्यको समयमा मगरहरूको पाल्पामा एउटा शक्तिशाली राज्य थियो [8]। द्रव्य शाहले अन्तिम मगर राजा मानसिंह खड्का (मगर) को राज्य गोर्खाकोट वि.सं. १६१६ भाद्र २५ गतेका दिन आफ्नो अधिनमा लिएका थिए ।[9] यसरी पहिला आफ्नै राज्य र हाल आएर उनीहरूको सोझोपनको फाइदा उठाइ पद च्युत गरी विकासको नाउँमा आफ्नै पितापुर्खाको थातथलोबाट विस्थापित हुँदै आएका छन् । जस्तैः जलविद्युत परियोजनाको नाउँमा तनहुँ जलविद्युत परियोजनाले तनहुँमा

७३५ आदिवासी जनजाति मर्कामा परेका छन् जसमध्ये अधिकांश मगरहरू रहेका छन् ।[10] पीडित मगरहरूले नेपाल मानव अधिकार आयोग, उर्जा मन्त्री, गृह मन्त्री लगायत केन्द्र, प्रदेश र स्थानीय सरकारमा ज्ञापन पत्र तथा एसियाली विकास बैंक, युरोपीयन इन्भेष्टमेण्ट बैंकको उजुरी संयत्रमा उजुरी गरी हाल कार्यान्वयनको प्रक्रियामा रहेको छ र त्यसैगरी ढोरपाटनका रैथानेले २०७५ साल चैत्रमा ६४३ घरधुरीको हस्ताक्षर सहितको ज्ञापन पत्र स्थानीय उर्जा र गृह मन्त्रालयमा बुझाएका छन् ।[11] म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङ्गमा करिब १२ वटा जलविद्युत परियोजनाहरू निर्माण भएका छन् । त्यहाँका स्थानीय मगर महिलाहरूको वातावरणीय अधिकार, भूमी माथिको आघात परेको छ । २०७३ जेष्ठ १६-१७ मा राष्ट्रिय मानव अधिकार आयोगबाट बागलुङ ढोरपाटन वन्यजन्तु आरक्षणबाट पीडितहरूको अनुगमनको लागि गरिएको थियो ।[12] साथै त्यस क्षेत्रका मगर महिलाहरूलाई जल, जङ्गल, जमिन तथा वातावरणीय असर पर्न गएको छ ।

हुनत नेपाल सरकारले ५ भाद्र २०६४ मा महासन्धि नं. १६९ र १७ भाद्र २०६४ मा आदिवासीको अधिकार सम्बन्धी संयुक्त घोषणापत्रमा हस्ताक्षर गरी अनुमोदन गरेको छ । संयुक्त राष्ट्र संघको विशेष दूत सरजेम्स अनायाबाट पनि सन् २००७ मा नेपाल भ्रमण पश्चात दिइएको सुझाव हालसम्म पनि कार्यान्वयन नभएको । आइएलओ महासन्धि नं. १६९ को लागू गर्न राष्ट्रिय कार्य योजना मन्त्रालयमा नै समीक्षाको लागि रहेको[13] भन्ने तथ्यले नै नेपाल सरकार हदैसम्म उदासीन रहेको छ भन्ने जनाउँछ ।

**स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी** (एफपिक)

स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी सम्बन्धमा नेपालको संविधान, २०७२ को दफा ५२ (ञ) को ८ मा आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने उल्लेख भएतापनि चौथो राष्ट्रिय मानवअधिकार सम्बन्धी कार्य योजना अनुसार आदिवासी जनजातिको कल्याणको लागि योजनाको उद्देश्य हालसम्म पनि पूरा नभएको[14] भन्ने प्रतिवेदनले पनि राज्यको उदासीनता आदिवासी जनजाति महिला प्रति रहेको थाहा हुन्छ । कुनै पनि विकास परियोजनाको योजना बनाउनु पूर्व, निर्णय गर्नु पूर्व, कार्यान्वयन गर्नु पूर्व तथा अनुगमन गर्नु पूर्व राज्य पक्षले मगरहरूको परम्परागत संस्थाका प्रतिनिधिहरूसँग स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी लिने गरेको छैन । साथै, मगर महिलाहरूसँग एफपिकको प्रक्रियागत रूपमा छलफल गरिँदैन, समाजका अधिकांश पुरुषको सहभागितामा छलफल गर्ने गरेको देखिन्छ । यसले मगर महिलाको सहभागिता र मञ्जुरीलाई प्राथमिकता दिएको छैन ।

**संस्कृति र साँस्कृतिक सम्पदा**

विकासको नाममा आदिवासी जनजातिलाई उनीहरूको पुर्ख्यौली थातथलोबाट विस्थापित गर्दै आएको कुरा माथि भूमि, भू-भाग तथा स्रोत साधनहरू विध्वंसा गरिदै जानुबाट नै प्रष्ट हुन आउँछ। मगरहरूले आफ्नो भूमि तथा भू-भाग गुमाएपछि परापूर्वकाल देखि अपनाउदै आएको कृषि, पशुपालन तथा परम्परागत पेसा बाट विस्थापित भएका छन् । उदाहरणको लागि तनहुँ जलविद्युत परियोजनाबाट ६९.०८४ हेक्टर उत्पादनशील भूमी ३.१६४ हेक्टर आवासीय भूमि १५ वटा सामुदायिक वन ५१५५ फलफूलका रुखहरू ६३५० रुखहरू २ वटा मन्दिर मध्ये एउटा मगरहरूले पुज्ने २ वटा पिउने पानीको **स्रोत** मध्ये एउटा मगरहरूको बस्तीमा रहेको ९ वटा घाट मध्ये २ वटा मगरले मात्र प्रयोग गर्ने ६ वटा ठाँटी जसमा एउटा मगरले मात्र प्रयोग गर्ने ७ वटा झोलुङ्गे पुल ११ वटा पैदल बाटो[15] मा असर पर्दछ। यसरी आफ्नो समुदायबाट अलग भइ गैर आदिवासी समुदायमा जादा आफ्नो भाषा, संस्कृति र साँस्कृतिक सम्पदामा अवश्य नै असर पर्दछ जसको परिणाम दोश्रो पुस्तामा देखा पर्दछ।

**जलवायु परिवर्तनले आदिवासी महिलाहरूमा परेको सकारात्मक र नकारात्मक असर**

उल्लेखित कारणहरूले गर्दा मगर तथा आदिवासी जनजाति आफ्नो पुर्ख्यौली थातथलोबाट विस्थापित भएपछि अवश्य पनि नकारात्मक असर बढी पर्दछ। उनीहरू आफ्नो पुर्ख्यौली पेसा बाट पनि विमुख हुन्छन् । नयाँ पेसा अपनाउन समय लाग्ने र सो सम्बन्धी अनुभव नभएको कारणले नकारात्मक असर पर्दछ । त्यसैगरी विकासको नाममा वनजङ्गल फँडानी तथा खेतीयोग्य जमिनमा निर्माणको काम भएपछि अवश्य नै जलवायु परिवर्तनमा असर परी बाढी पहिरो, खडेरी लगायत पृथ्वीको वातावरणमा नै असर पारेको छ। उदाहरणको लागि हालै गएको तनहुँ, बागलुङ, म्याग्दी, सिन्धुपाल्चोकको बाढीले स्पष्ट गरेको छ।

**राजनीति**

नेपालमा भएको सशस्त्र द्वन्द्वमा दुवै पक्षबाट सबैभन्दा क्षती मगर जातिलाई नै भएको थियो र त्यसपछि मगरहरूको सहभागिता राजनीतिमा देखिएको पाइन्छ। नेपालको संसदीय इतिहासमा पहिलो महिला सभामुख ओनसरी घर्ती मगर हुन् ।[16] २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा पहिलो हुने निर्वाचित ६ महिला मध्ये २ जना मगर महिला कमला रोका र बीना मगर निर्वाचित भएका र समानुपातिकबाट ७ जना मगर महिलाहरू निर्वाचित भएका थिए ।[17] जस मध्ये राष्ट्रिय सभामा २ जना, प्रतिनिधि सभामा ७ जना, प्रदेश सभामा ७ जना महिला सदस्य छन् भने स्थानीय तहमा ४९ जना प्रमुख (मगर) मध्ये प्रमुखमा महिला १ जना र उपप्रमुखमा ५० जना (मगर) मध्ये ४६ जना मगर महिला प्रतिनिधि रहेका छन् । राज्यको कुल जनसंख्यामा तेस्रो ठूलो संख्यामा रहेको मगर

समुदाय र आदिवासी जनजातिमा पहिलो ठूलो संख्यामा रहेको समुदाय भएको भएतापनि निर्णय तहमा यस समुदायको प्रतिनिधित्व न्यून रहेको स्पष्ट देखिन्छ ।

**मातृ भाषा**

मगरहरूको कुल जनसंख्याको ४१.७७ प्रतिशतले मातृभाषा प्रयोग गर्दछन् भने सन् २००१ को जनगणना अनुसार मगर मातृभाषीहरूको जनसंख्या ७,७०,११६ छ । तर यसमा मगर ढुट र मगर खाम/पाङ छुट्ट्याइएको छैन, काईके मगर भाषा बोल्नेहरू ७९४ छन् मगर भाषा बोल्नेको जनसंख्या ३.३९ प्रतिशत छ भने कुल मगर जनसंख्याको ४७.५१ प्रतिशत रहेको छ । यसरी तथ्याङ्मा हेर्दा मगर मातृभाषीहरूको प्रतिशत घट्दै गएको देखिन्छ ।[9] यसरी तथ्याङ्क हेर्दा मगर समुदायका धेरैले मगर मातृभाषा र पुख्यौली पहिचान गुमाउँदै गएको देखिन्छ। नेपाल सरकारबाट मातृ भाषामा ४ वटा प्राथमिक विद्यालय रहेका छन् । जसमध्ये रूपन्देही मदरल्याण्ड, पाल्पाको माठागढी, दाङ तुलसीपुर, रूकुमको खाम भाषा रहेका छन् । साक्षरता कार्यक्रम अन्तर्गत मगर भाषामा पनि तालिम दिइएको छ ।[18] यसमा मगर महिलाको सहभागिता रहेको छ। मगर लगायत विभिन्न २१ भाषामा आदिवासी जनजाति रेडियो कार्यक्रम मार्फत प्रचार भएको[19] ।

**लेखक**: *विनिता आले मगर, नेपाल मगर महिला संघको अध्यक्ष हुनुहुन्छ ।*

---

9 हेर्नुहोस् : आदिवासी मगरका विविध पक्षहरू,२०७१ नामक पुस्तकबाट उधृत ।

# माझी महिला (माझी दायिक)

**परिचय**

माझी समुदाय आफ्नो छुट्टै भाषा, धर्म, संस्कार, संस्कृति र परम्परा भएको नेपालको अति सीमान्तकृत आदिवासी जनजाति हुन् । खोला, नदीमा माछा मार्ने, जाल खेल्ने, डुङ्गा चलाउने, जाल, घोरल्याङ बुन्ने, बहना, डुङ्गा बनाउने, मर्चा बनाउने, मुन (जाँड) पकाउने, रक्सी पार्ने आदि जस्ता विशिष्ट परम्परागत ज्ञान र सीप भएका पृथक जाति नै माझी आदिवासी हुन् । माझीहरूको ऐतिहासिक थातथलो सप्तकोशीको सहायक नदीहरूका छेउछाउ र मध्य तथा पूर्वी क्षेत्रका भित्री मधेश हो । हाल साहानी, गोडी, मलाहा, थारु, दुसाध, हलखोर, डुम, हाडीमाझी, मुसहर, बोटे, पश्चिम नेपालका केही क्षेत्रीहरू, रायमाझी इत्यादिले पनि माझी लेख्न थालेको हुनाले माझी आदिवासीको पहिचान सङ्कटमा आइपरेको छ ।

माझीहरू प्रकृति पुजक हुन् । माझीहरू हिन्दु धर्म र हालै आएर क्रिश्चियन धर्मको प्रभावमा परेका छन् । माझी उत्थान संघको पहिलो अधिवेशनले माझी जातिको धर्म तान्त्रिक लेखाउने निर्णय गरेको हो । तान्त्रिक धर्म लोप हुदै गएकोले पुनः प्राप्ति गर्ने प्रयत्न भइरहेको छ ।

सन् २०११ मा तथ्याङ्क विभागले गरेको जनगणना अनुसार नेपालको ५८ जिल्लामा माझीको बसोबास छ । जसअनुसार कुल जनसंख्या ८३,७२७ मध्ये पुरुष ४०,७२२ महिला ४३,००५ छन् । पुरुष भन्दा महिला २,२८३ बढी छन् । माझीको मातृभाषालाई माझीहरूले माझी कुरो भन्दछन् । यो भाषा रामेछाप, काभ्रेपलाञ्चाके, ओखलढुङ्गा, खोटाङ, दोलखा, सिन्धुपाल्चोक र सुनसरी जिल्लामा बसोबास गर्ने माझीहरूले बोल्दछन् । तर अन्य जिल्लामा माझी शब्दहरू अवशेषको रूपमा भेटिन्छन् । ३३ जिल्लाका माझी भाषाको वक्ता २४,४२२ छन् त्यस मध्ये महिला बढी रहेका छन् । नेपालको संविधानको भाग ३ दफा ३२ (५) ले मातृभाषामा शिक्षा लिन पाउने अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । हालसम्म राज्यले व्यवहारिक रूपमा कार्यान्वन गर्न सकेको छैन् ।

माझीको प्रथाजनित संस्था मझेसाबा हो । माझी समुदायको न्यायिक, प्रशासनिक, आर्थिक, भौतिक, सामाजिक, साँस्कृतिक, भूमि संरक्षण र सम्बर्द्धन लगायतका सम्पूर्ण काम कर्तव्य बहन गर्ने, गराउने सामूहिक हित र मौलिक अस्तित्वको रक्षक नै मझेसाबा हो । नेपाल एकीकरण (१८२५) पछि मझेसाबा निरङ्कुश हुदै गयो । अहिले मझेसाबा गठन हुन छाडेको छ । यसका केही अवशेषहरू अझै रामेछापमा केही बढी पाइन्छ ।

**सिड, सर्ड, सिआरपिडीका सुझावहरूको कार्यान्वयनको अवस्था**

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ), राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च (निफ), राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ नेपाल (निडवान), आदिवासी महिला कानुनी सचेतना समूह (इन्वोल्याग) लगायतका चार संस्थाको सहकार्यमा सन् २०१८ मा नेपालको आदिवासी महिलाको अवस्थाबारे सिड समितिलाई जेनेभामा छैठौं आवधिक प्रतिवेदन बुझाएको थियो । सिडले उक्त प्रतिवेदनको आधारमा नेपाल सरकारलाई ५३ वटा सुझाव दिएको थियो । उक्त सुझावको ४१ को (क) मा आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्र अनुरूप आदिवासी जनजाति महिलाको अधिकार, विशेषगरी उनीहरूको आत्मनिर्णयको अधिकार स्पष्ट रूपमा पहिचान गर्न संविधान संशोधन गर्ने भन्ने सुझाव नेपाल सरकारलाई दिएको छ । तर ती सुझावहरू कार्यान्वयन गर्नका लागि हालसम्म नेपाल सरकारले तदारूकता देखाएको छैन ।

**भूमि, भू-भाग तथा स्रोत**

विगतमा लदी (नदी) किनारको आसपासमा हुस्सुले ढाकेजति सबै भूभागमा माझी समुदायको सामूहिक अधिकार र स्वामित्व थियो । उक्त भूमि माझीको प्रथाजनित संस्था मझेसाबाको शासन पद्धतिबाट सञ्चालित थियो । माझीले भोगचलन गर्दै आएको सोही भूमिलाई पृथ्वीनारायण शाहका पालामा किपट बनाइयो । पञ्चायत कालमा माझीको सामूहिक किपटलाई राज्यले व्यक्तिगत स्वामित्वमा परिणत गरेपछि माझीको सामूहिक भूमि माथिको स्वामित्व खोसियो । कथित हिन्दु राज्य व्यवस्थाले भूमिमा पुरुषको नियन्त्रण कायम गरिदिएकाले माझी महिलाहरूलाई भूमिको स्वामित्वबाट थप टाढा बनाएको छ ।

विद्युत उत्पादन, सडक निर्माण, राष्ट्रिय गौरवका आयोजनाहरूले माझी बस्ती तथा माझीको संस्कार, संस्कृति, परम्परागत प्रचलन र सामूहिक एकताबाट विस्थापित गराएका छन् । सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय परियोजना माझी समुदायको एफपिक विना परिचालन गरिएको छ । पाँच वर्षे यो परियोजनाले विस्थापित माझीलाई न्यायोचित क्षतिपूर्ति दिएको छैन । लालपूर्जा भएका ५३२ घरधुरी, ४२३४ जनसंख्या अर्थात ९० प्रतिशत माझीहरू थातथलोबाट विस्थापित हुदैछ । मन्थली नगरपालिका ६ हात्तिटारमा यस परियोजनाले सबैभन्दा ठूलो प्रभाव पारेको छ । हातिटारमा बसोबास गर्ने माझीले सदियौं देखि भोगचलन गर्दै आएको जग्गा हाल सम्म सरकारले माझीहरूको नाममा दर्ता गरी जग्गाधनी पुर्जा उपलब्ध गराएको छैन । राज्यले माझीहरूको नाममा दर्ता गर्नुपर्छ भन्ने बारे कुनै पनि जानकारी र सचेतना माझीहरूमा छैन । ऐलानी जग्गा दर्ता भइ जग्गाधनी पुर्जा हुनुपर्छ

भन्ने जानकारी भएका माझीले पनि राज्यको झन्झटिलो, खर्चिलो र लामो प्रक्रियामा जान सकेका छैनन् ।[10]

माझी समुदायको स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (एफपिक) प्राप्त नगरी सञ्चालित मेलम्ची खानेपानी परियोजनाले इन्द्रावति नदीको किनारमा बसोबास गरेका काभ्रेपलाञ्चोकको ५७६४ मध्ये १३३९ पुरुष, ४१२५ महिला र सिन्धुपाल्चोकका ६५८१ मध्ये पुरुष ३१३४, महिला ३४४७ जनसंख्या भएको माझी बस्तीको संस्कार, संस्कृति र पेसामा सङ्कट परेको छ । मेलम्ची खानेपानी परीयोजनाको प्रतिवेदनमा समेत सो क्षेत्रमा कुनै पनि आदिवासी छैन भन्ने गलत सूचना उल्लेख गरिएको छ ।[11]

माझीहरूको खोला, बगर बालुवा, ढुङ्गा गिटी आदिमा देशव्यापी रूपमा बिचौलीयाहरूको हालीमुहाली रहेको छ । उदाहरणका लागि, असार महिना देखि भदौ महिना सम्म नदी जन्य पदार्थ उत्खनन्मा प्रदेश सरकारले रोक लगाएको छ तर सिन्धुपाल्चोकमा गिट्टीबालुवा बोकेका टिफर दैनिक बाहिरिने गरेको पाइन्छ ।[12]

विशेषतः कोशी टापु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, माझी बस्ती नजिकै भएका सामुदायिक वन, मध्यवर्ती, सीमसार आदिले माझीको प्रथाजन्य ज्ञान, प्रविधि, पेसा र धर्म संस्कृतिमा ठूलो असर परेको छ । जन्म देखि मृत्यु पर्यन्त आवश्यक पर्ने जङ्गलमा आधारित सामाग्री जस्तैः टोटलाको फुल, सालको रुख, भोर्लाको पात, बाबरी, धूपीको धूलो, धूपीको हाङ् गा, भलायोको पात, कुरिलो, मुन, रक्सी उत्पादनका लागि मर्चा बनाउने विभिन्न जडीबुटी, डुङ्गा बनाउने काठ, लाठी काठ, काँस आदिको उपभोग गर्नबाट वञ्चित बनाएको छ । राज्यले माझीहरूको भूमि किपट बनाएर खोस्यो । नदिजन्य पदार्थ (बालुवा, ढुङ्गा गिटी) मा माझीहरूको स्वामित्वमाथी हस्तक्षेप गऱ्यो । माझीहरूलाई विकल्पको व्यवस्था विना विकासको नाउँमा बनेका पुल र राज्यले सञ्चालन गरेको परियोजनाहरूले उनीहरूको पेसा समाप्त भए । यसरी आफ्नो भूमि, पेसा र अधिकार माथि नै राज्यले बैमानी गरेपछि माझीहरू थातथलोबाटै विस्थापित भएका छन् । यही कारणले गर्दा पछिल्लो समय माझी महिला र पुरुष दुवै विदेशिने क्रम बढेको छ ।[13] लदी, बालुवा, ढुङ्गा गिट्टी आदिमा माझी समुदायको अधिकार हुन्छ भन्ने कुरा माझी समुदायलाई नै थाहा छैन । त्यसमा सरकारको अधिकार हुन्छ भन्ने माझी समुदायको बुझाइ छ ।

---

10 Enivronmental Impact Assessment study of Sunkoshi Marin Diversion Multipurpose Project(28.62MW), page 9 (माननीय रीता माझीबाट प्राप्त इआइएको रिपोर्टमा आधारित)

11 माझी विज्ञ धनबहादुर माझीसँगको कुराकानीमा आधारित ।

12 नेपाल लाईभ डटमा प्रकाशित ०७७, भदौ २०,२३ र २४ को अङ्क

13 माझी विज्ञ धनबहादुर माझीसँगको कुराकानी अनुसार ।

### प्रथाजनित कानुन र प्रथाजनित संस्था

माझी आदिवासीको परम्परागत जातीय संस्था मझेसाबा हो । पृथ्वीनारायण शाहले नेपाल एकीकरण १८२५ गर्नु अघि माझीहरूले भोगचलन गरी आएका लदी किनारका समथर उब्जाउ भूमी र सम्पूर्ण भू-भागमा मझेसाबाले स्वः शासन गर्दथ्यो । एकीकरण पछि पृथ्वीनारायण शाहले मझेसाबाको त्यही पद थमौती गरिदिएपछि मझेसाबा निरङ्कुश हुदै गयो । राज्यले भूमि ऐन, किपट उन्मूलन ऐन, विर्ता उन्मूलन ऐन लगायतका ऐन नियम ल्याएपछि पञ्चायत कालमा आएर माझीको भूमि वा किपट सम्बन्धी अधिकार समाप्त भयो । लाहुर्निपको आर्थिक सहयोगमा माझी महिला उत्थान संघले सिन्धुपाल्चोक स्थित इन्द्रावति गा. पा. ११ बोडगाँउ र काभ्रेपलाञ्चोक जिल्लाको मण्डनदेउपुर नगरपालिकाको वडा नं. १० माझी गाउँ चयन गरेर मझेसाबा पुनः गठनका लागि विभिन्न कार्यक्रम गर्दै आएको छ । तर यतिले मात्रै प्रथाजनित संस्थाले न्याय पाउन सक्दैन । यसका लागि राज्यको तीनै वटा तह र अङ्गले साथ, सहयोग र सक्रियता जनाउनुपर्ने हुन्छ तर अहिलेसम्म राज्यले यसतर्फ चासो देखाएको छैन ।

### स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (एफपिक)

विकासका नाममा सञ्चालन गरिने जुनसुकै परियोजना सम्बन्धी अर्न्तराष्ट्रिय कानुन र व्यवस्थाले सम्बन्धित आदिवासीको एफपिक प्राप्त गर्न अनिवार्य गरेको छ । नेपाल सरकारको संसद, कुनै पनि मन्त्रालय, विभाग वा संरचनाहरूले आदिवासी जनजातिसँग सम्बन्धित विकास योजना तर्जुमा लगायत विकास योजनाका कुनै पनि चरणहरूमा एफपिकलाई कार्यान्वयन गरेको छैन । विशेष गरी राज्यले माझी समुदायमा एफपिक सम्बन्धी सामान्य जानकारी समेत प्रवाह गरेको छैन ।

### सहभागिता र प्रतिनिधित्व

संघीय संसदमा माझी महिलाको प्रतिनिधित्व छैन् । बागमति प्रदेश सभामा अल्पसङ्ख्यकको कोटाबाट रा.प्र.पा. बाट रिता माझी र प्रत्यक्ष निर्वाचित ने.क.पा.बाट बुद्धिमान माझी प्रदेश सभा सदस्य रहेका छन् । स्थानीय तहमा दुई जना महिला गाउँपालिका उपाध्यक्ष रहेका छन् । वडा सदस्य सिन्धुपाल्चोकको २ जना, रामेछापको १ र सिन्धुलीको एक जना, काभ्रेपलाञ्चोकको एक जना गरी ४ जना छन् । दुई जना माझी महिला अधिकृत तहमा कार्यरत छन् । राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको केन्द्रीय अध्यक्षमा चिनीमाया माझीले नेतृत्व गरिरहनु भएको छ । माझी उत्थान संघ केन्द्रमा उपाध्यक्ष चिनीमाया माझी सहित ७ जना महिला सदस्य रहेका छन् । माझी महिला उत्थान संघ केन्द्रीय समितिमा १५ जना महिला सक्रिय रूपमा कार्यरत छन् । राज्यको स्थानीय

निकाय, प्रदेश, केन्द्र वा अन्य सरकारी एवम् गैर सरकारी संस्थाहरूले माझी महिलाको प्रतिनिधित्व र सहभागितालाई सुनिश्चित गरेको छैन । जसको कारण माझी महिलाको समस्या, मुद्धा र सरोकारका विषयहरूलाई राज्य संयन्त्रले अवमूल्यन गर्दै आएको छ ।

**माझी महिलाको आर्थिक सशक्तिकरणको अवस्था**

माझी महिलाको आर्थिक सशक्तिकरण कसरी गर्न सकिन्छ भन्ने विषयमा राष्ट्रिय आदिवासी जनजाति महिला महासंघले रामेछाप जिल्लाका स्थानीय जनप्रतिनिधि र कर्मचारीसँग रामेछापको मन्थलीमा अन्तर्क्रिया तथा छलफल गरिएको थियो । उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी दिलिप चापागाई, मन्थली नगरपालिकाको मेयर रमेश बस्नेत लगायत उपस्थित सबै कर्मचारी जनप्रतिनिधिहरू र उपस्थित सबैले माझीहरूले पहिले देखि नै भोगचलन गर्दै आएको खोला, कोशीको ढुङ्गा, गिट्टी, बालुवाको अधिकार माझीहरूलाई दियो भने माझीहरूको समग्र विकास हुन्छ भन्ने कुरामा जोड दिएका थिए ।

माझी महिलाको मौलिक परम्परागत पेसा मर्चा बनाउने, मोत/मुन बनाउने, रक्सी पार्ने जाल घोरल्याङ बुन्ने, ढडिया, फुर्लुङ बुन्ने आदि हो । राज्यले घरेलु मदिरा ऐन, २०३१ ले घरेलु मदिरा उत्पादन अवैधानिक बनाएपछि माझी महिलाको आर्थिक विकासमा बाधा पुगेको छ ।

माझी महिलाहरूको आर्थिक सशक्तिकरण कसरी गर्न सकिन्छ भन्ने विषयमा राष्ट्रिय आदिवासी जनजाति महिला महासंघले रामेछाप जिल्लाको मन्थलीमा गरेको अनुसन्धानमा माझी महिलाको आर्थिक सशक्तिकरणका लागि घरेलु मदिरा उत्पादनलाई राज्यले वैधानिकता दिनुपर्ने निष्कर्ष निकालेको छ ।[14]

राष्ट्रिय निकुञ्ज ऐन, २०२९ र राष्ट्रिय वन ऐन, २०४९ ले निकुञ्ज वा संरक्षित क्षेत्रमा जङ्गली साग, निउरो टिप्न, घाँसदाउरा बटुल्न, माछा मार्न प्रतिबन्ध लगाएको छ । यदि जीविकोपार्जनका लागि प्रतिबन्धित कार्य गरी हालेमा दण्ड जरिवाना तिराउने लगायतका दुर्व्यवहार भोग्नुपरेको छ । बढ्दो नदी दोहन र राज्यको नीतिले माछा मार्न असहज बनाएकाले माछा मार्नका लागि प्रयोग गरिने जाल घोरल्याङ, ढडिया, फुर्लुङ बनाउने माझी महिलाको सीप र ज्ञान मासिएको छ ।

**जलवायु परिवर्तनले पारेको असर**

जलवायु परिवर्तनले गर्दा अतिवृष्टि, अनावृष्टि असन्तुलित तापक्रम जस्ता कारणले खोलामा माछा पाइन छाडेको छ । नदी दोहनको व्यापकता र बाढी पहिरोको जोखिम बढ्दो छ, खोला र नदी किनाराका माझी बस्तीमा जग्गा जमिन बगाएर ठूलो असर पारिरहेको छ । जलवायु परिवर्तनको

14 आदिवासी महिलाको आर्थिक सशक्तिकरण, पृष्ठ ५२ ।

प्रभाव, कृषि उत्पादनमा कमी, आर्थिक उपार्जनमा समस्या भएकाले माझी समुदायमा आधारभूत आवश्यकता परिपूर्ति गर्न समेत समस्या भएको छ ।

**प्राकृतिक विपद**

२०७२ सालको भूकम्पमा सिन्धुपाल्चोकको १३४, काभ्रेपलाञ्चोकको १२ र नुवाकोटको २ जना गरी १४९ जना माझीको मृत्यु भएको छ जसमध्ये ८८ जना महिला रहेका छन् । २०७२ सालको विनासकारी भूकम्पले जनधनको क्षति गरेपछि राज्यले पुनः निर्माणको लागि देशव्यापी रूपमा नदीभित्र बालुवा निकाल्ने बाहनामा धेरै मेसिनहरू सञ्चालनमा ल्याए । विध्वंशात्मक तवरले नदी दोहन भएपछि दोलखाको तामाकोशी गाउँपालिका १ स्थित भिरकोटको तल्लो माझी गाँउका माझीहरूले दोहन रोक्नुपर्ने माग राख्दै स्थानीय प्रशासनमा उजुरी गरेका थिए । जिल्ला समन्वय समिति, गाउँपालिका, जिल्ला वन सबैतिर गुनासो पठाए पनि कसैले सुनुवाइ गरेनन् । नदी दोहनका कारण खोलामा माछा मार्न नपाएपछि भिरकोट माझी गाँउमा ३५ घर माझीहरूले ऋण गरेर ५० हजारको साझेदारीमा ७ वर्ष अगाडि आएको बाढीले बगर बनाइदिएको तामाकोशी नदी किनारमा रहेको माझीहरूको आफ्नै खेतबाट बालुवा झिक्न थालेको छ । स्थानीय प्रहरी चौकी र जिल्ला प्रहरीबाट उनीहरूलाई बालुवा नझिक्न चेतावनी आइरह्यो । माझीहरूले त्यसको प्रतिकारमा विरोध गर्दा प्रहरीले १२ जना स्थानीयलाई गिरफ्तार गर्‍यो । पक्राउ परेका सबैलाई प्रहरीले हुलदङ्गा गरेको अभियोग लगाएर सार्वजनिक अपराध ऐन अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर गर्‍यो । लक्ष्मी र सुस्मिता माझीलाई पुरुष प्रहरीले निर्घात कुटपिट गर्‍यो ।[15] *(मनोज चिमरीया, नागरीक न्यूज, मार्च २३, २०१८)*

**आदिवासी माझी महिलाको आन्दोलन**

नेपाल माझी महिला उत्थान संघको स्थापनाकाल (वि.सं.२०५७) देखि नै आदिवासी महिलाहरूसँग समन्वय गर्दै राष्ट्रिय आदिवासी जनजाति महिला महासंघले उठाएको आदिवासी महिलाहरूको मुद्दामा माझी महिलाहरूले पनि निरन्तर सहभागी हुँदै सक्रिय भूमिका निर्वाह आइरहेको छ । उठाएका मुद्दाहरूमा पहिचान सहितको आत्म निर्णयको अधिकार, भूमि माथिको अधिकार, भाषा, धर्म, संस्कार संस्कृतिको संरक्षण र सम्बर्द्धन,परम्परागत ज्ञान सीपको संरक्षण, सम्बर्द्धन र वैधानिकता, परम्परागत जातीय संस्था, प्रथा तथा प्रथाजनित कानुनको वैधानिकता र पुनर्स्थापना, राज्यको हरेक निकाय समानुपातिक समावेशी र अर्थपूर्ण सहभागिता, स्रोत, साधनमा पहुँच, आदिवासी महिला भएकै कारणले हुने गरेको सबै प्रकारको हिंसाको अन्त्य, नेपाल सरकारले हस्ताक्षर गरेको अर्न्तराष्ट्रिय कानुनको

15 मनोज चिमरीया, नागरीक न्यूज, मार्च २३, २०१८

कार्यान्वयनको माग, माझी समुदायको अधिकारको विरुद्धमा बनेको नेपालको संविधान, २०७२ र त्यसअन्तर्गत बनेका ऐन कानुन संशोधन, नेपाल सरकारले हस्ताक्षर गरेको अन्तरराष्ट्रिय सन्धि, महासन्धिको कार्यान्वयन आदि छन् । आदिवासी महिलाहरूसँग समन्वय गर्दै माझी महिलाहरूले हालसम्म उल्लेखित मुद्धाहरूलाई निरन्तर उठाउँदै आएको छ तर सो मुद्दाहरूलाई राज्यले हालसम्म कुनै पनि किसिमले सम्बोधन गरेको छैन ।

**निष्कर्ष**

नेपालको संविधान, २०७२ ले आदिवासीको हक अधिकारलाई कुण्ठित गरकोले आदिवासीहरूले यसलाई कालो संविधान भनी विरोध गर्दै आएको छ । नेपालको संविधानले महिलाको अधिकारलाई उच्च प्राथमिकतामा राखेको छ तर आदिवासी महिला भनेर कुनै पनि प्रावधानमा उल्लेख गरेको छैन र माझी महिलाको कुनै पनि अधिकार स्थापित गरेको छैन । नेपालको संविधान, ऐन, कानुन माझी महिलाको आर्थिक, सामाजिक, प्रथा तथा प्रथाजनित कानुन, भूमि अधिकार, सामाजिक, साँस्कृतिक र राजनीतिक हित विपरित छ । समग्रमा माझीहरू र विशेषगरी माझी महिलाको पहिचान र सामूहिक जीवन पद्धति लोप हुने खतरामा पुगेको छ ।

**लेखकः** *चिनीमाया माझी, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको अध्यक्ष र अनिता माझी, नेपाल माझी महिला उत्थान संघको सदस्य हुनुहुन्छ ।*

# मेचे महिला (बोडो हिन्जाउ)

**परिचय**

मेचे नेपालको लोपोन्मुख समूहमा पर्ने आदिवासी हो । मेचेहरू आदिमकाल देखि नेपालको पूर्वी जिल्ला झापाको विभिन्न गाउँपालिका, नगरपालिकामा मात्र सीमित भइ बसोबास गर्दै आएका छन् । झापामा गोयूबारि, लाउखिफारा, खुदुनाबारी, बोदोबारी, आइनाबारी, छौदरी फारा, फाराजङ्गि (गोयू बारी हाल जलथल, लाउखिफारा हाल बाहुनडागी, बोदोबारी हाल बडाबारी नामाकरण गरिएको, आइनाबारी, छौदरीफारा धाइजन-१, फाराजङ्गि हला पाराजुङ्गि नामाकरण गरिएको छ) जस्ता स्थानको नामाकरण मेचे भाषाबाट नै गरिएका हुन् । मेचे जातिको आफ्नै भाषा, धर्म, संस्कार संस्कृति रहेको छ । मेचे जातिले आफ्नो भाषालाई बोडो राउ (मेचे भाषा) भन्दछन् । मेचेहरू प्राकृतिक पुजक हुन् । प्रत्येक मेचे परिवारले आँगनको विचमा माटोको थानबनाइ सिउडी रोपेर बाथौ भनी पूजा गर्दछन् । बाथौको पूजा गरेतापनि हिन्दु धर्मको प्रभावले गर्दा गैर मेचेहरूले सोधेमा हामी हिन्दू धर्म मान्छौ भन्ने गरेको पाइन्छ । मेचे समुदायमा परम्परागत समाज सञ्चालन गर्ने “माखाल” (गाउँप्रमुख) चुनेर राख्ने प्रचलन रहेको छ । सन् २०११ को जनगणना अनुसार मेचेहरूको कुल जनसंख्या ४,८६७ रहेको छ, जसमध्ये महिलाको जनसंख्या २,६०२ र पुरुषको जनसंख्या २,२६५ जना रहेको छ । आयुर्वेदिक औषधि उपचार विधि, जातिय पोशाक तयार गर्ने, एमाउ (मर्चा) बनाउने, माछा मार्ने, रक्सी बनाउने ज्ञान सीप रहेको मेचे महिलाहरू धैरै मेहनती हुन्छन् ।

**सिडको सुझावहरूको कार्यान्वनको अवस्था**

सिडले दिएको कुनै पनि सुझाव मेचे महिलाहरूको सवालमा महिला उत्थानका लागि राष्ट्रपति कार्यक्रममा आदिवासी महिलाको लागि र विशेष अवसरहरू व्यवस्था भएतापनि कार्यान्वयन भएको छैन । स्थानीय, प्रादेशीक र संघीय सरकारले कार्यान्वन गरेको देखिदैन । झापा जिल्लामा मात्र सीमित भइ बसोबास गर्ने भएतापनि राज्यको कुनै पनि तहले विशेष गरी मेचे महिलाहरूको लागि मात्र भनी लक्षित वित्तीय सहयोग गरेको पाइदैन । राज्यपक्ष, विकास सहयोगी निकायहरूले पनि मेचे महिलाहरूको निर्णायक प्रक्रियामा पूर्ण र समान सहभागिताको बारे सचेतनामूलक कार्यक्रम गरेको छैन, जसको कारणले उनीहरू राज्यको नीतिनियम, कानुनको बारेमा अनभिज्ञ छन् ।

**सर्ड समितिले दिएको निष्कर्ष सुझाव कार्यान्वयनको अवस्था**

सर्ड समितिले दिएको सुझाव अनुसार विकासको कार्य गर्दा असर गर्ने मेचेहरू बसोबास गर्ने खोला

नदी नजिककैको ढुङ्गा, बालुवा निकाल्ने गर्ने कार्यहरूमा स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी नलिएको अवस्था छ । सर्ड समितिले दिएको कुनै पनि निष्कर्ष सुझाव स्थानीय, प्रादेशीक र संघीय सरकारले कार्यान्वयन नगरेको अवस्था छ । सर्ड समितिले दिएको सुझाव अनुरूप आदिवासीहरूको परम्परागत तथा आधुनिक प्रतिनिधिमूलक संस्थाहरूबाट स्वतन्त्ररूपले नेतृत्व छनोट गर्ने अधिकार दिएको र मान्यता दिएको पाइदैन ।

**भूमि, भू-भाग तथा स्रोत**

विगतको समयमा मेचे समुदाय वनजङ्गल फडानी गरेर बस्ने भएको कारणले गर्दा प्रशस्त भूमिहुने गर्दथ्यो तर २०२१ सालमा आएको भूमि सुधार ऐनले तोकिएको मात्रामा मात्र भूमि राख्ने व्यवस्था लागू गरेपछि सीमित जग्गाजमिन मात्र उनीहरूको स्वामित्वमा हुनपुग्यो । घना जङ्गललाई फडानी गरी खेती योग्य जमिन बनाएर उपभोग गरेको स्थानमा अन्य गैर मेचेहरू पनि विस्तारै बसोबास गर्न आउन थाले पछि भएको जग्गा जमिन पनि कम रकममा गैर मेचेहरूलाई बेच्न बाध्य भए र मेचेहरू भूमिहिनको अवस्थामा पुगेको पाइन्छ । मेचे समुदायको हालसम्म पनि वनजङ्गल र खोलानाला नजिक भएको स्थानमा नै बसोबास रहेको पाइन्छ । विगतका दिनमा निर्वाधिरूपमा वनजङ्गल गएर दाउरा तथा मौसम अनुसारको तरकारी सङ्कलन गर्दथे । हाल सामुदायिक वन उपभोक्ता समिति गठन भएपछि समितिले तोकिएको समयमा मात्र वनजङ्गल जान पाइन्छ । सुरुआतमा उपभोक्ता समितिमा केही मेचे समुदायका पुरुषहरू मात्र निर्णायक पदमा बसेर कामगर्दै आएकोमा हाल मेचे महिलाहरू पनि यसमा सलग्न भइ झापा मेचीनगर नगरपालिका वडा नं. १२ स्थित कालिका वन उपभोक्ता समितिमा १ जना महिला उपाध्यक्ष पदमा र अर्को १ जना सदस्य पदमा रही कार्य गरिरहेको अवस्थामा छन् । तथापि, मुख्य पदमा रहेका पदाधिकारीहरूले प्रस्ताव गरेको एजेन्डामा नै सहमति जनाएर निर्णय गर्ने चलन रहेको पाइन्छ ।[16]

**हिंसा र दुर्व्यहारको घटना**

सरकारले मेचे समुदायलाई २०६५ साल देखि लोपोन्मुख सामाजिक सुरक्षा भत्ता गा.वि.स. ले वितरण गर्दै आएकोमा २०७५ सालबाट प्रत्येक व्यक्तिको बैंक खाता खोल्नु पर्ने र बैंक मार्फत नै भुक्तानी हुने व्यवस्था भए पश्चात वृद्ध अवस्थाका, लेखपढ गर्न नजान्ने, खस नेपाली भाषा स्पष्ट बोल्न नजान्ने मेचे महिलाहरूलाई बैंक कर्मचारीहरूले साथै वडा कार्यालय, नगरपालिका गाउँपालिकाका कर्मचारीहरूले हकार्ने, नामलाई गिज्याउने, पर्याप्त कागजपत्र भएतापनि समयमा नविकरण नगरी दिने, प्रत्येक वर्ष नविकरण गर्न झन्झट मान्ने, विदेशमा जानेहरूको लागि रकम निकासा नगरी दिने, सहज

16 प्रत्यक्ष फोन सम्वादमा आधारित

तरिकाले नबुझाइदिने, पटक पटक बैंक धाउन लगाउने र दुर्व्यहार गर्ने गरेको पाइन्छ । यस्तो गतिविधि झापा मेचीनगर नगरपालिका, हल्दिबारी गाउँपालिका, बिर्तामोड नगरपालिकामा गर्ने गरेको पाइन्छ ।[17]

**प्रथाजनित कानुन र प्रथाजनित संस्था**

मेचे आदिवासीमा हिन्दु समाज र संस्कृतिमा जस्तो रजस्वला भएको समयमा महिलाहरूलाई अछुत मानिदैन । पूजा गर्ने बाहेक अन्य सबै काम गर्ने गर्दछन् । तथापि, माखाल चुनेर राख्ने परम्परामा महिलाको पछिल्लो समयमा उपस्थिति भएतापनि नेतृत्वभने दिएको पाइदैन । माखालले झै-झगडा मिलाउने, प्रत्येक घरमा पूजा गर्दा माखालको घरको पानी अनिवार्य हुन्छ । गाउँमा कुनै विकासको कार्य गर्नु पर्दा वा गाउँमा कुनै माखालले बैठक बोलाइ गाउँलेहरूलाई जानकारी दिनुपर्ने हुन्छ ।

**सहभागिता र प्रतिनिधित्व**

२०७४ जेठ मा भएको स्थानीय तहको निर्वाचनबाट मेचीनगर नगरपालिका वडा नं. ८ मा सदस्य पदमा खिला मेचे निर्वाचित हुनभएको थियो । त्यसैगरी २०७४ मङ्सीर ४ मा भएको संसदीय निर्वाचनमा समानुपातिक कोटाबाट मेचीनगर नगरपालिका वडा नं. १२ मा कुमारी मेचे निर्वाचित हुनु भएको थियो । मेचे महिलाहरूको दलगत सहभागिता रहेतापनि दलको ह्विप अनुसार नै काम गर्ने गरेको देखिन्छ । निर्वाचित भएको ३ वर्षमा हाल सम्म पनि मेचे महिलाहरूको हक अधिकारको लागि कुनै कार्यक्रम, योजना ल्याएको छैन ।

**आर्थिक सशक्तिकरणको अवस्था**

मेचे समुदायले विगतमा चाडपर्व र पूजामा चलाउनको लागि जौ (रक्सी) उत्पादन गर्ने गरेतापनि हाल आएर उक्त पेसा लाई नै आर्थिक उपार्जनको गर्ने गरी उत्पादन गरेर बिक्री गर्ने गरेका छन् । साथै एमाउ (मर्चा) बनाएर पनि केही महिलाहरूले आर्थिक उपार्जन गर्दछन् । उत्पादन गरेको रक्सी मेचे महिलाहरूले भारतको सीमाना पूर्वमा झापा काकडभिट्टा नजिक पर्ने पानीट्याङ्की र भद्रपुर नगरपालिका नजिक पर्ने मेची खोला पारी भारतको बजारमा लगेर बिक्री गर्ने गर्दछन् । सरकारले घरेलु मदिरा बिक्री गर्नमा रोक लगाएर प्रथाजन्य कार्यलाई अपराधिकरण गरेतापनि मेचे महिलाहरूको आर्थिक उर्पाजन गर्ने उपाय नै त्यही भएको कारणले नेपाल र भारत दुवै पक्षको प्रहरीबाट पटक पटक रक्सी फाली दिने, खोसेर राख्ने, लखट्ने, दिनभर नियन्त्रणमा राखेर बेलुका छोडिदिने जस्ता दुर्व्यवहार भोग्दै आएको पाइन्छ । यसै क्रममा २०७५ सालमा झापा हल्दिबारी गाउँपालिकाको दुई जना मेचे महिलालाई भारतीय प्रहरीले रक्सी बिक्री कार्यलाई अपराधीकरण गर्दै पक्राउ गरी ३ महिना जेल चलान गरेको थियो । ३ महिना जेल बसे पश्चात जरिवाना दिएर छुटेको र हाल उनीहरू पुनः

17 प्रत्यक्ष फोन सम्वादमा आधारित ।

त्यही व्यपार गरिरहेका छन् ।[18]

### मातृभाषा

झापा हल्दिबारी गाउँपालिकाको आर्थिक सहयोगमा २०७६ मा मेचे भाषाबाट कक्षा १ को लागि पाठ्य सामाग्री तयार गरी हल्दिबारी गाउँपालिका वडा नं. ४ स्थित दिपेन्द्र प्राथमिक विद्यालयमा पठनपाठन सुरु भएको छ । साथै दुई जना मेचे महिला शिक्षिकाले उक्त विद्यालममा अध्यापन गरिरहेका छन् । मेचे भाषामा पाठ्य सामाग्री तयारी गरी पठनपाठन भएको यो नै पहिलो घटना हो ।[19]

### महिला आन्दोलन

मेचे महिलाहरूले समग्र आदिवासी महिलाको अधिकारको निमित्त संघ, प्रदेश र स्थानीय तथा अन्तर्राष्ट्रिय तहहरूमा उठाउदै आएको सवालमा सहयोग, ऐक्यबद्धता जनाउदै उपस्थित हुदै आएको छ । राज्य संयन्त्रको सबै तह र तप्कामा आदिवासी महिलाहरूको समानुपातिक सहभागिता, समग्र महिलाभित्र पनि आदिवासी महिलाहरूको फरक पहिचानलाई मान्यता दिने अधिकार, आदिवासी महिलाहरूको परम्परागत ज्ञान, सीप संरक्षण गर्ने, आदिवासी महिलाहरूको निर्णायक तहमा अर्थपूर्ण सहभागिता, आदिवासी महिलाहरूको भूमि अधिकार स्थापित गर्ने हकहरूमा मेचे महिलाहरूले ऐक्यबद्धता जनाउदै उपस्थित भएका छन् ।

### निष्कर्ष

मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा परिवर्तन भइसकेको अवस्था छ । संविधानमा नै महिलाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको भएपनि महिला भित्रको विविधतालाई नजरअन्दाज गरिएको देखिन्छ । महिला हक, अधिकार स्थापित गर्नको लागि सिड, सर्ड, सिआरपिडीले राज्यपक्षलाई कार्यान्वयन गर्न दिएको सुझावहरू समेतलाई वेवास्ता गर्दै यथार्थमा आदिवासी महिला भित्रको लोपोन्मुख अवस्थामा रहेको मेचे महिलाहरूको आर्थिक, सामाजिक, राजनीतिक अधिकार स्थापित गर्नका लागि ठोस कार्यक्रम राज्यपक्षले गरेको देखिदैन । जसले गर्दा मेचे महिलाहरूको पहिचान गुम्ने अवस्था रहेको छ । त्यसैले आदिवासी महिला भित्रको विविधतालाई पहिचान गरी लोपोन्मुख अवस्थामा रहेको मेचे महिलाहरूलाई आर्थिक, सामाजिक, राजनीतिक र अर्थपूर्ण प्रतिनिधित्व गराउने योजना र कार्यक्रम तर्जुमा गरी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी सशक्तिकरण गर्नु पर्ने देखिन्छ ।

**लेखक**: *रोश्नी मेचे, मेचे महिला उत्थान संघको केन्द्रीय अध्यक्ष हुनुहुन्छ ।*

18 सम्बन्धित गाउँपालिका निवासीसँग फोन सम्वादमा आधारित ।

19 विद्यालयका शिक्षिकासँग फोन सम्वादमा आधारित ।

# याक्खा महिला (याक्खामा)

**परिचय**

संखुवासभा जिल्लाको दक्षिणी भू-भाग (पाँच खपन, पाँच मझिया र दश मझिया) र धनकुटा जिल्लाको उत्तरी भू-भाग याक्खाहरूको आदिम थातथलो याक्खालेन हो । नेपालमा सूचीकृत ५९ आदिवासी जनजातिहरू मध्ये याक्खा जाति सुविधाबाट वञ्चित समूहमा पर्दछ । मौलिक भाषा, संस्कार, संस्कृति, धर्म, परम्परागत प्रथा, तानमा कपडा बुन्ने, मर्चा बनाउने, जाँड पकाउने, निगार बनाउने, रक्सी पार्ने, झ्याउको परिकार बनाउने, किनामा बनाउने, बाँसको चोयाका सामानहरू बनाउने आदि जस्ता विशिष्ट परम्परागत ज्ञान, सीप र प्रविधिका धनी याक्खाहरूको विशिष्ट पहिचान छ ।




प्रकृति पुजक याक्खाहरूको धर्म किरात हो । माङ्हाङ्वा, माङ्थ्रुम्बा र छाम्बाहरूले याक्खा मुन्थुम अनुसार धार्मिक र साँस्कृतिक कार्यहरू सम्पन्न गर्छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार याक्खाहरूको जनसंख्या २४,३३६ मध्ये पुरुषको ११,८२७ र महिलाको १२,५०९ उल्लेख गरेको छ । याक्खाहरूले बोल्ने भाषालाई याक्खा भाषा भनिन्छ । याक्खाको कुल जनसंख्या मध्ये १९,५५८ याक्खा भाषा वक्ताहरू छन् । याक्खामा यापसेन याक्खा महिलाहरूको सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक र राजनैतिक हक र अधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने प्रमुख उद्देश्यका साथ वि.सं. २०६८ सालमा स्थापना भइ जिल्ला प्रशासन कार्यालय, ललितपुरमा दर्ता भएको गैर नाफामूलक सामाजिक संस्था हो ।

## सिड, सर्ड, सिआरपिडिका सुझावहरूको कार्यान्वयनको अवस्था

स्थानीय तहमा वित्तीय संस्थाहरूको स्थापना भएतापनि वित्त सम्बन्धी ज्ञानको कमी, अप्ठ्यारो बाटो र संस्थाका जटिल प्रक्रियाहरूका कारण विशेष गरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने ज्येष्ठ नागरिक र अपाङ्गता भएका याक्खा महिलाहरू वित्त प्रदायक संस्थाहरू सम्म पुगेर लाभ लिन सकेका छैनन् । वित्तीय संस्थाहरूबाट ऋण (पूँजी) प्राप्त गर्नका लागि नागरिकता, धितोको लागि महिलाको नाममा सम्पति (घर, जग्गाको लालपूर्जा) र बहुमूल्य गरगहनाहरू नहुनाले याक्खा महिलाहरू सो सेवाबाट वञ्चित हुनुपर्ने अवस्थामा रहेको छ ।

महिला सामुदायिक स्वास्थ्य स्वयम् सेवकहरूको सहयोगमा राज्यले ग्रामीण र दुर्गम क्षेत्रका याक्खा महिला र किशोरीहरूलाई स्वास्थ्य अधिकारको बारेमा उजुरी गर्नको लागि प्रोत्साहन गरेको अवस्था छैन । सामुदायिक स्वास्थ्य संस्थाहरूको भौतिक बनावट पनि अपाङ्गमैत्री छैनन् । ह्वीलचियर गुडाउने बाटो र अपाङ्गमैत्री शौचलयहरू पनि छैनन् ।

सम लिङ्गी महिला, द्वि लिङ्गी महिला, पारा लिङ्गी महिला, बलात्कृत र यौन व्यवसायमा लागेका महिलाहरूलाई अपहेलन र निच व्यवहार गर्ने र विभेद गर्ने प्रवृत्ति समुदायमा व्याप्त छ । त्यस कारण यस समूहका महिलाहरू समाजमा अपहेलित भएकाले खुलेर अगाडि आउन हिच्किचाउने र आएपनि नराम्रो भेदभाव सहनु पर्ने अवस्था छ । यौनिक र लैङ्गिक अल्पसङ्ख्यक याक्खा महिलाका अधिकारहरू संविधान (सन् २०१५) मा व्यवस्था भएपनि व्यवहारिक रूपमा कार्यान्वयनमा नभएको अवस्था छ । राज्यले याक्खा महिलाहरूलाई लक्षित गरेर निर्णायक प्रक्रियामा पूर्ण र समान सहभागिताको महत्वबारेमा याक्खा पदाधिकारी र समग्र याक्खा समाजको चेतना जागरण गर्ने कुनै कार्य योजनाहरू तर्जुमा गरेको अवस्था छैन । गरीब घर परिवार, दुर्गममा बस्ने, भाषिक कठिनाइ र अपाङ्गता भएका किशोरीहरूलाई विद्यालय गइ अध्ययन गर्न प्रोत्साहित नगरेको र विद्यालयहरूको भौतिक अवस्था समावेशी र अपाङ्गमैत्री छैन ।

सन् २०१५ को नेपालको संविधानले आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणा पत्र आदिवासी जनजाति महिलाको अधिकार विशेष गरी उनीहरूको आत्मनिर्णयको अधिकार स्पष्ट रूपमा पहिचान गर्न संविधान संशोधन गरेको छैन (सिडको छाँया प्रतिवेदन) । नेपालका कुनै पनि सरकारी निकायहरूमा आदिवासीहरूको सहभागिता हुन पाउने अधिकारको कार्यान्वयन भएको छैन । स्थानीय तहको निर्वाचनमा आदिवासीहरूको समान सहभागिताको लागि कुनै पनि व्यवस्था गरेको छैन ।

स्थानीय तहदेखि केन्द्र तह सम्म समग्र महिला र दलित महिलाको प्रतिनिधित्व वा नेतृत्वलाई अनिवार्य गरिएकोले उनीहरूको पहुँच र सहभागिता बढेको छ तर आदिवसी महिलाहरूको लागि भनेर संविधानले त्यस्तो अनिवार्य प्रतिनिधित्वको व्यवस्था गरेको छैन । त्यसैले याक्खा महिलाहरूको सहभागिता कम देखिन्छ । स्थानीय निर्वाचनमा आदिवासी जनजातिहरूको प्रतिनिधि भन्दा पनि राजनीतिक दलको स्वार्थपूर्तिका लागि मात्र आदिवासी समुदायका व्यक्तिहरूले उम्मेदवारी दिइएको अवस्था छ ।

संयुक्त राष्ट्र संघको घोषणापत्र अनुरूप विशेष गरी अदिवासीहरूको आत्मनिर्णयको अधिकार पहिचान गर्न र नेपाल सरकारलाई संविधान संशोधन गर्न सुझाव नोभेम्बर १४ सन २०१८ मा दिएको भए पनि संविधानमा आत्मनिर्णयको अधिकारलाई संशोधन गर्ने वा थप गरिएको छैन ।[20]

नेपालको संविधान २०७२ ले आदिवासी जनजातिको सामूहिक अधिकार र पहिचानको आधारमा संघीयतालाई बेवास्ता गर्दै आएको छ । नेपाल सरकारले पारित गरेको संशोधन विधेयकहरूले आइएलओ महासन्धि नं. १६९ र युएनड्रीपलाई आत्मसात गरेको छैन (भट्टचन, यशोकान्ती,२०१८) । कथित हिन्दु समुदाय र बढदो क्रिस्चियनीटीको प्रभावले याक्खाको प्रथाजनित कानुनी ज्ञान मासिदै गएको र सरकारले प्रथाजनित संस्थालाई आधिकारिक रूपमा मान्यता नदिएकाले याक्खा महिलाहरूले आफ्ना गुनासो र विवादित विषयहरूलाई सम्बन्धित निकाय सम्म लैजान सकिरहेका छैनन् । याक्खा महिलाहरूलाई लक्षित गरेर वैदेशिक रोजगार र चेलीबेटी बेचविखनको खतराबारे हालसम्म कुनैपनि सचेतनामूलक  कार्यक्रमहरू राज्यबाट सञ्चालन गरेको छैन । याक्खा समुदायमा किशोरी र बालविबाह गर्ने चलन हाल ह्वात्तै बढेको छ । यसले प्रजनन स्वास्थ्य, झैगडा, अशान्ति र विद्यालय छोड्ने दरमा प्रतिकुलअसर पुगेको छ । राज्य, गैर सरकारी संस्थाहरू, वैदेशिक सहयोगी निकायहरू, कथित मूलप्रवाहका महिला आन्दोलन र अन्य संघ संस्थाहरूले सिड, सर्ड, सिआरपिडिका सुझावहरू याक्खा समुदायमा कार्यान्वयन गर्न खासै चासो राखेको अवस्था छैन ।

**भूमि, भू-भाग तथा स्रोत**

कथित पितृसत्ताधारी हिन्दु राज्य व्यवस्थाले भूमिमा पुरुषको नियन्त्रण कायम गरी दिएकाले याक्खा महिलाहरूको नाममा जग्गाको धनीपूर्जा पुरुषहरूको तुलनामा कम हुनाले उनीहरूको भूमिमा स्वामित्व र नियन्त्रण पनि कम छ ।

विद्युत उत्पादन, ग्रमीण सडक निर्माण, राष्ट्रिय गौरवका आयोजनाहरूको निर्माण कार्यले याक्खा महिलाहरूको बस्ती, संस्कार, संस्कृति, परम्परागत प्रचलन र सामूहिक एकतालाई असर पुऱ्याएको

20 ILO convension no.169 implementation Status Report 2019 p 18.

अवस्था छ । साना जल विद्युत आयोजना र ग्रामीण सडक निर्माण आयोजनाले उत्पादन योग्य भूमि मासिदै गएकोले उत्पादनमा कमी, न्यून क्षतिपूर्ति वनजङ्गल विनासले बाढी, पहिरोको प्रकोप, मर्चा र जडीबुटी बनाउने वनस्पतिको अभाव, घाँस, दाउरा, काठ, सेउला, सिस्नो, निगुरो, जडीबुटी लगायत जन्म देखि मृत्यु पर्यन्त आवश्यक पर्ने वनस्पतिको समेत अभाव भइ याक्खा महिलाहरूको दैनिक जीवन र आर्थिक अवस्थामा प्रतिकूलप्रभाव पारेको छ ।

याक्खा जातिको बसोबास क्षेत्रको आधारमा जातीय स्वायत्तता (याक्खा स्वायत्तता) बारे नयाँ संविधानले मौलिक हकको रूपमा सुनिश्चित गरेको छैन । भूमिसँग सामाजिक र साँस्कृतिक निकट सम्बन्ध रहेपनि राज्यको भूमि सम्बन्धी ऐनहरूले गर्दा विगतमा गुमेको वा खोसिएको कयौं याक्खा भूमि (वनजङ्गल, चरन, खर्क) राज्यले फिर्ता गरेको छैन ।

**याक्खा किशोरी र महिला विरुद्ध भएका दुर्व्यवहार र हिंसाका घटना**

याक्खा समुदायमा किशोरी र महिला विरुद्ध भएका यौन दुर्व्यवहार र हिंसाका घटनाहरू छिटफुट भेटिन्छन् । याक्खा किशोरी र महिलाहरू सहभागी हुने विद्यालय, भेला, समारोह, निकाय र हाट बजारमा बोल्दा याक्खा लवज (टोन) जाने हुदा गैर आदिवासीहरूले खिसी गर्ने, भाषिक विभेद गरेर अवसर वञ्चित गर्ने हुनाले अपहेलित हुने डरले आफ्ना कुराहरू राख्न नसक्ने हुदा याक्खा किशोरी र महिलाहरू भाषिक दुर्व्यवहार सहन बाध्य छन् । याक्खा किशोरी र महिलाहरूले परम्परादेखि प्रचलनमा रहेको साँस्कृतिक नाच धाननाच नाच्दा गैह्र आदिवासीहरूले हेयको दृष्टिले हेर्ने हुनाले याक्खा समुदायमा यस मौलिक नाच लोप हुने अवस्थामा छ । याक्खा किशोरी र महिलाहरूलाई गरिने दुर्व्यवहार र हिंसाका घटनाहरू भैहालेमा उजुर गर्नको लागि अपनाउने प्रक्रियाहरूबारे राज्य र सम्बन्धित निकायहरूले परामर्श र सचेतना कार्यक्रम गरेको अवस्था छैन ।

**प्रथाजनित कानुन र प्रथाजनित संस्था**

याक्खा जातिको प्रथाजनित कानुन अहिले प्रचलनमा लोप भइसकेकोले ती प्रथाजनित कानुनलाई पुनःजीवित गर्ने प्रयास भइरहेको छ ।

याक्खाको धार्मिक र साँस्कृतिक क्रियाकलापहरू नियमित गर्नको लागि सबैभन्दा ज्येष्ठ नागरिक र गन्यमान्य याक्खाहरूको सल्लाह र सुझाव बमोजिम प्रथाजनित कानुनको पालना गर्ने चलन छ । हालसम्म लिखित रूपमा प्रथाजनित कानुनको दस्तवेजीकरण भएको छैन ।[21]

हालको अवस्थामा याक्खा जातिको प्रथाजन्य संस्था वा प्रतिनिधिमूलक संस्था किरात याक्खा छुम्मा

21 याक्खा जातिका ज्ञाता गंगाराम जिमीसँगको कुराकानीबाट साभार ।

केन्द्रीय कार्य समिति वि.सं. २०५१ मा दर्ता भएर प्रत्येक ४ वर्षमा महाधिवेशनबाट पारित भए बमोजिमका नियमहरू मानिदै आएको र समय सापेक्षा सुधार र संशोधन गर्दै आएको अवस्था छ ।[22]

**स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरी (एफपिक)**

राज्य र अन्य विकाससँग सम्बन्धित निकायहरूले विभिन्न आयोजनाहरू सञ्चालन गर्नुपूर्व याक्खा महिलाहरूसँग एफपिकको प्रक्रिया कुनै पनि अवलम्बन नगरेको अवस्था रहेको छ । छलफल गरेको भएपनि महिलाको आत्म निर्णयको अधिकार र सहभागितालाई बेवास्ता गरेर पुरुषहरूसँग मात्र छलफल र मञ्जुरी लिने गरेको अवस्था छ । नेपाल सरकारको संसद, मन्त्रालय, विभाग लगायत अन्य निकायले आयोजना निर्माण गर्ने क्षेत्रमा बसोबास गर्ने आदिवासीसँग योजना तर्जुमा र कार्यान्वयनका चरणहरूमा एफपिकलाई कार्यान्वयन गरेको छैन ।[23]

**सहभागिता र प्रतिनिधित्व**

गत स्थानीय निर्वाचनमा याक्खा बसोबास क्षेत्रका पालिकाहरूमा मुख्य पदसहित सदस्यमा १५ जना याक्खा महिलाहरूको सहभागिता र प्रतिनिधित्व रहेको छ । संघीय संसद र प्रदेश सभा कुनै पनि संरचनामा याक्खा र याक्खा महिलाको प्रतिनिधित्व छैन । राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको महासचिव पदमा याक्खामा यापसेनका सचिव जुनिता राई (शान्ति) ले नेतृत्व गरिरहेका छन् । याक्खा जातिको प्रतिनिधिमूलक संस्था किरात याक्खा छुम्माका केन्द्रीय समितिमा याक्खामा याप्सेनका २ जनासहित जम्मा ९ जना याक्खा महिलाहरूको सक्रिय सहभागिता र प्रतिनिधित्व रहेको छ । याक्खामा याप्सेन केन्द्रीय समितिमा ७ जना याक्खा महिलाहरू सक्रिय रूपमा कार्यरत छन् ।

**आदिवासी महिलाको आर्थिक सशक्तीकरणको अवस्था**

याक्खाहरूको परम्परागत ज्ञान, सीप र प्रविधिमा आधारित तानमा बुनेका कपडाहरू सर्वत्र माग बढेकोले व्यवसायिक रूपमा उत्पादन गरेर र यस्ता समाग्री सङ्कलन गरेर पनि याक्खा महिलाहरूले राम्रो आय आर्जन गरेका छन् । याक्खा महिलाहरूको विशिष्टता आदिवासी प्रविधिबाट भटमासको किनामा बनाउने, मर्चा बनाउने, जाँड पकाउने, रक्सी पार्ने र बिक्रि गरी अर्थोपाजन गर्ने परम्परागत पेसा हो । तर राज्यको घरेलु मदिरा ऐन, २०३१ ले अवैधानिक वा अपराधीकरणमा समावेश गरेकोले बिक्री वितरणमा नियन्त्रण गरेकाले याक्खा महिलाहरूको आर्थिक सशक्तिकरणमा बाधा पुगेको छ । विदेशी मदिरालाई ग्राह्यता र स्वदेशी घरेलु मदिरालाई अपराधीकरणमा समावेश गरिने राज्यको विभेदकारी नीतिले याक्खा महिलाहरूको आय आर्जनको स्रोत गुमेको छ । जङ्गलबाट

22 कि.या.छु.के. स.को वार्षिक प्रतिवेदन, २०६९ ।

23 ILO convention No.169 Implementation Report, 2019 p28.

झ्याउ, च्याउ, टिमुर, चिम्फिन, खानाक्पा, वनस्पतिजन्य जडीबुटी, सिस्नु सङ्कलन गरी परम्परागत प्रविधिबाट सुकाइ केलाइ प्याकिङ गरेर बिक्री गरेर पनि आम्दानी गर्छन् ।

**मातृभाषाको अवस्था**

सन् २०१५ को नेपालको संविधानको भाग ३ दफ ३२ (५) ले सबै बालबालिकाले आफ्नो मातृभाषामा आधारभूत शिक्षा लिन पाउने अधिकारलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ । तर राज्यको विभेदित शिक्षा नीतिका कारण मातृभाषामा शिक्षालाई कार्यान्वयन गर्न सकेको छैन ।

याक्खा मातृभाषामा कक्षा १ देखि कक्षा ५ सम्मका लागि पाठ्यपुस्तकहरू तयार गरिएको भए पनि विद्यालय र अभिभावकको अङ्ग्रेजी मोहका कारण केही विद्यालयमा पठनपाठन भइरहेको भए पनि अधिकांश याक्खा बसोबास रहेको विद्यालयहरूमा याक्खा भाषामा पठनपाठन गर्न नसकेको अवस्था छ ।

**जलवायु परिवर्तनको प्रभाव**

जलवायु परिवर्तनका कारण अतिवृष्टि, अल्पवृष्टि र अनावृष्टि हुदा कृषिजन्य खाद्य वस्तु, तरकारी, फलफूल, अलैंची, गहुँ, कोदो, तोरी, अम्रिसोको उत्पादन घटेकोले याक्खा महिलाहरूको खाद्य सुरक्षा र आयको स्थितिमा थप चुनैति बनेको छ । जलवायु परिवर्तनले गर्दा फलफूल, तरकारी, समयमा नफल्ने, नपाक्ने र जङ्गलमा पाइने झ्याउ, च्याउ, निगुरो, फल, घाँस, दाउरा, काठ, सेउला सहजै उपलब्ध नहुनाले याक्खा महिलाहरूले पशुपालन गर्न र दैनिक जीवनका आवश्यक्ताहरू पुरा गर्न गाह्रो भएको छ । बालीनाली, बिउ बिजनमा किराहरूलाग्ने, पहिला नपाइने, नफल्ने र नउम्रिने बालीबिरुवा हुनाले खास बाली र बिरुवाको जात नै मासिने त्रास बढ्दो छ । तापक्रम बढ्दै गएकोले नयाँ रोगहरू देखा परेको, लामखुट्टेको प्रकोप बढेको र अतिवृष्टिले बाढी, पहिरोको प्रकोप बढ्दो छ । प्राकृतिक प्रकोपबाट जोगिन र अन्य सेवा सुविधाका लागि याक्खाहरू आफ्नो थातथलो छोडेर अन्यत्र बसाइँ सर्ने क्रम बढेकोले भूमि बाँझो रहेको र याक्खा भाषा, संस्कार र संस्कृति समेत मासिदै गएको अवस्था छ ।

**अनुकूलन र न्यूनिकरणका लागि भएका प्रथाजन्य र आधुनिक प्रयासहरू**

याक्खा समुदायमा खाली खाल्सा जग्गामा समुदाय स्तरबाट वृक्षारोपण गर्ने, डडेलो नियन्त्रण, भूक्षय, नदी कटान र पहिरो जाने स्थानमा बाँस, सिमली, काँस रोपेर, पर्खाल र बार लगाएर रोकथामको उपायहरू अपनाएका छन् । प्राकृतिक स्रोत पानीका छाँगाहरू र पोखरीहरू संरक्षण गर्नुको साथै प्लाष्टिकका सामानको सट्टा याक्खा महिलाहरूले पातबाट दुना टपरी गाँसेर प्रयोग गर्ने, पराल र

खोष्टाको गुन्द्री र पीरा बुनेर प्रयोग गरेका छन् । रासायनिक मल, किटनाशक औषधि प्रयोग नगरी प्राङ्गारीक मल हालेर आर्गानिक कृषि उत्पादनमा याक्खा महिलाहरू सक्रिय भइ लागेका छन् । परम्परागत चुलो प्रयोग नगरी हाल आधुनिक धुँवारहित चुलो प्रयोग गरेर वनजङ्गल संरक्षणमा योगदान पुगेको छ । कृषिजन्य बिउबिजन भण्डारण गर्दा परम्परागत र आधुनिक दुवै विधि अपनाउने गर्छन् । प्रकृतिपूजक याक्खाहरूले पानीका मुहान धारा, कुवा, खोला र नदीहरू सफा र संरक्षण गर्ने साथै याक्खा संस्कार र मुन्थुम अनुसार वर्षेनी सामूहिक पूजा गर्ने जस्ता प्रथाजन्य प्रयासहरूले पनि प्राकृतिक स्रोत संरक्षण भएका छन् ।

**लेखकः** *इन्दिरा जिमी, याक्खामा यापसेन (याक्खा महिला समाज) को केन्द्रीय अध्यक्ष, किरात याक्खा छुम्माको संस्थापक सदस्य र पूर्वसचिव ।*

# योल्मो महिला (योल्मो भोमा)

**परिचय**

योल्मो क्षेत्र भन्नाले सिन्धुपाल्चोक, नुवाकोट, रसुवा जिल्लाको उत्तरी तर्फ पर्ने हिमाली क्षेत्र हो । यिनै हिमाली भू-क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजाति नै योल्मोपा जाति हो । योल्मो क्षेत्र धार्मिक, साँस्कृतिक, प्राकृतिक स्रोत साधनको दृष्टिले अति नै महत्वपूर्ण क्षेत्र हो । त्यसैले हिमाली क्षेत्र भित्र पर्ने योल्मोको आफ्नो छुट्टै स्थान र पहिचान छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार नेपालमा योल्मोपा जाति १०,७५२ रहेको छ । पुरुषहरूको संख्या ५११५ छ भने महिलाको संख्या ५६३७ रहेको छ ।

आदिवासी जनजातिहरूको आफ्नो सामाजिक, आर्थिक एवं राजनितिक संस्थाहरूको संरक्षण र विकास गर्ने अधिकार अन्तर्राष्ट्रिय मानव अधिकार, कानुन अन्तर्गतको आधारभूत अधिकार हो । पृथक सामाजिक, आर्थिक, साँस्कृतिक तथा राजनीतिक संस्थाहरूको अस्तित्व आदिवासी जनजातिको अभिन्न अङ्ग हो जस्ले आदिवासी जनजातिहरूलाई अन्य जाति र वर्गबाट अलग देखाउँछ । नेपाल योल्मो महिला संघ पनि योल्मो क्षेत्रमा बसोबास गर्ने छुट्टै भाषा, संस्कृति, संस्कार र भेषभूषा भएको योल्मोपा आदिवासी जनजाति महिलाहरूको साझा संस्था हो ।

नेपाल योल्मो महिला संघ संस्था दर्ता ऐन, २०३४ को दफा (४) बमोजिम २०६७ साल श्रावण ७ गते विधिवत रूपमा नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएको संस्था हो । यो संघ योल्मोपा महिलाहरूको हक, अधिकार र उत्थानको लागि स्थापित संस्था भएतापनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आदिवासी जनजाति महिलाहरूको सवालहरूमा ऐक्यबद्धता जनाउने कार्यमा पनि सक्रिय सहभागिता जनाउँदै आएको छ । नेपालका आदिवासी जनजाति महिलाहरूको हक हित र उत्थानको लागि क्रियाशील संघ संस्थाहरूको छाता संगठन राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको विधानमा व्यवस्था भए बमोजिम आबद्ध भइ २०६८ साल असोज १५ गते सदस्यता प्राप्त गरेको संस्था हो ।

**सिडको सुझावहरूको कार्यान्वयनको अवस्था**

योल्मो क्षेत्र हिमाली दुर्गम क्षेत्र भित्र पर्ने क्षेत्र हो । यहाँका महिलाहरू शिक्षाको पहुँचबाट धेरै टाढा छन् । देशको संविधान, ऐन, कानुन र बेलाबेलामा नेपाल सरकारबाट निर्मित विधि विधानबाट उनीहरू अनभिज्ञ छन् । उनीहरूलाई कानुनी साक्षारता गराउने कुनै पनि कार्यक्रम तिनै तहको सरकारबाट सञ्चालन गरेको छैन । स्थानीय सरकारले पनि योल्मो महिलाको न्यायमा पहुँच बढाउन

कुनै प्रकारको वित्तीय सहयोग र न्याय सम्बन्धी कानुनी सहायता प्रदान गर्नको लागि योल्मो भाषामा दोभासेको व्यवस्था गरेको पाइदैन । न्यायिक सेवा प्रदान गर्ने कार्यालयमा न्यायको लागि जाँदा खस भाषामा बोल्दा उच्चारण नमिल्दा योल्मो महिलाहरू हाँसोको पात्र बन्न परेको अवस्थामा छ। सिडको सुझावहरूलाई सरोकारवालाहरूले स्थानीय तहसम्म पुऱ्याउनु पर्ने पनि देखिन्छ।

योल्मोपा महिलाहरूको सामाजिक कार्यहरूमा लिने र गरिने निर्णयहरूमा गहन र महत्वपूर्ण भूमिका हुन्छन् । सामाजिक न्याय र कानुनको दृष्टिले उनीहरू आफ्नो निर्णय स्वतन्त्रपूर्वक लिने हक र अधिकार योल्मोपा समाजमा हुन्छन् । त्यसैले योल्मोपा समाजमा हानिकारक परम्परागत व्यवहारहरू पाइदैन । २०७२ सालको भूकम्पबाट बढी प्रभावित क्षेत्रहरूमध्ये योल्मो क्षेत्र पनि पर्दछ । धेरै भन्दा धेरै धन जनको क्षति नै योल्मो क्षेत्रमा भएको थियो । त्यस बेलामा योल्मो क्षेत्रमा कार्यरत राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाले विभिन्न किसिमबाट सहयोग पुऱ्याएको थियो । यस समुदायका महिला बसेका अस्थायी शिविरहरूमा कुनै प्रकारको लैङ्गिक हिंसा भएको पाइदैन । योल्मोपा महिलाहरू आधुनिक शिक्षाबाट वञ्चित छन् । विद्यालयहरू उनिहरूको गाउँघरबाट टाढा भएकोले पढ्न लेख्न पाएको छैन । त्यसैले योल्मोपा महिलाहरूको सरकारी जागिर लगायत शैनिक र प्रहरी सेवामा सहभागिता पाइदैन र सहभागिता प्रवर्धन गर्न कुनै प्रकारको लक्षित सचेतना जागरण कार्यक्रमहरू स्थानीय स्तरबाट सञ्चालन गरेको पनि पाइदैन ।

योल्मोपा महिलाहरू आफनो घरायसी काम कारबाहीको सवालमा स्वतन्त्रपूर्वक निर्णय लिने र कार्यान्वयन गर्ने गर्दछन् । आधुनिक शिक्षाबाट वञ्चित योल्मोपा महिलाहरू सभा, सम्मेलन र विकास निर्माणका कार्यहरूमा अर्थपूर्ण सहभागिता र स्वतन्त्रपूर्वक आफ्नो विचार व्यक्त गर्न अप्ठ्यारो मान्ने गरेको पाइन्छ । त्यसैले योल्मोपा महिलाहरूको निर्णायक प्रक्रियामा पूर्ण र समान सहभागिताको महत्व सम्बन्धी चेतना जागरणका लागि यस नेपाल योल्मो महिला संघले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र स्थानीय सरकारको सहयोगमा कार्यक्रमहरू सञ्चालन गरेको थियो । योल्मोपा महिलाहरूको सार्वजनिक पदहरूमा सहभागिता न्यून छन् । संविधान सभामा एक जना योल्मोपा महिलाको सहभागिता थियो भने यस क्षेत्रको बहुसङ्ख्यक बासिन्दा योल्मोपाहरू नै भएको हुदा स्थानीय तहमा यस समुदायका महिलाहरूको सहभागिता रहेको पाइन्छ ।

**सर्डले दिएको निष्कर्ष र सुझाव कार्यान्वयनको अवस्था**

संविधानको धारा ४२ अन्तर्गत सरकारी निकायहरूमा आदिवासीहरू सहभागी हुन पाउने अधिकारलाई प्रभावकारी कार्यान्वयन गरेको पाइदैन । यस सम्बन्धी सरोकारवाला र अधिकारकर्मीहरूले पनि आवाज उठाएको अवस्था छैन । आदिवासीहरूले स्वतन्त्ररूपमा आफ्नो प्रतिनिधि छान्ने अधिकार सम्बन्धी कार्यान्वयनको लागि कुनै पनि जागरण कार्यक्रमको लागि प्रयास भएको पाइदैन ।

आदिवासीको परम्परागत भूमि तथा प्राकृतिक स्रोतमा भएको अधिकार सम्बन्धी विवाद समाधान गर्न आइएलओ महासन्धि नं. १६९ लाई ध्यान राखी स्थानीय स्तरमा कानुन संशोधन गरेको पाइदैन । योल्मो क्षेत्रबाट अन्यत्र बसाइँ सर्दा परम्परागत जमिन बेचबिखन गरेको पाइन्छ । योल्मो क्षेत्र हिमाली दुर्गम क्षेत्र र विकासको दृष्टिले पछाडि पारिएको क्षेत्र हो । यस क्षेत्र जडीबुटीको भण्डार भएको क्षेत्र हो । यस क्षेत्रमा जडीबुटीको खेती गर्ने र प्रशोधन गर्ने योजनाहरू सञ्चालन गरेको छैन । हाल स्थानीय सरकारले जनुसुकै वस्तुमा कर लगाएको कारणले पनि आदिवासीहरूको परम्परागत पेसा धारासायी र विस्थापित भएका छन् ।

हाल विकासको नाममा गाउँमा जताततै विना स्वीकृति सडक निर्माण कार्यले पनि यस समुदायको परापूर्वकाल देखि भोगचलन गर्दै आएको पुस्तैनी जमिन विना मुआब्जा हडप्ने कार्य भएको छ । त्यसरी विस्थापित भएकाहरूलाई वैकल्पिक बासस्थानको व्यवस्था पनि गरेको पाइदैन ।

योल्मो क्षेत्र धार्मिक तथा साँस्कृतिक दृष्टिले धनि क्षेत्र हो । योल्मोपा संस्कार संस्कृति हिमाली बौद्ध धर्मबाट प्रभावित संस्कार, संस्कृति हो । आफ्नो संस्कार, संस्कृतिलाई स्वतन्त्ररूपमा उपभोग गरेको पाइन्छ । योल्मोपा महिलाहरूमा शिक्षाको महत्व भरखरै मात्र थाहा पाउन थालेका छन् । योल्मो क्षेत्रमा भएका केही विद्यालयहरूमा योल्मोपा महिलाहरूलाई शिक्षक पदमा बहाली गरेको पाइन्छ ।

**भूमि भू–भाग तथा स्रोत**

योल्मो क्षेत्रमा योल्मोपा आदिवासी आदिम काल देखि नै बसोबास गर्दै आएका जाति हुन् । यसै भू-भागमा योल्मोपा पुर्खाहरू बसेका थिए र उनीहरूको इतिहास ज्ञान जीविकोपार्जनको अभ्यास र विकास भएको थियो । त्यसैले योल्मोपा जातिको योल्मो क्षेत्रको भूमि र भू-भागसँग विशेष सम्बन्ध छ । अन्य क्षेत्रमा जस्तै योल्मो क्षेत्रमा पनि गाउँ गाउँमा सडक निर्माण कार्य तीव्र रूपमा भएका छन् । यसरी सडक निर्माण गर्दा समुदायको विना स्वीकृति निर्माण गर्ने भएको हुँदा परम्परा देखि खेती गरेको जमिनमा खेती गर्न नपाउने र मुआब्जा पनि नदिने हुनाले जग्गाको लाग्ने कर पनि तिरी रहनु पर्ने बाध्यता छ । घाँस, दाउरा, स्याउला यी सबै वन जङ्गलबाट प्राप्त हुन्छ । योल्मो क्षेत्रमा भएका परम्परागत वन जङ्गललाई अहिले सामुदायिक वनमा परिणत गरेका हुन् । लाङटाङ राष्ट्रिय निकुञ्ज यसै योल्मो क्षेत्र भित्र नै पर्दछ । विना स्वीकृति सामुदायिक वनमा जान नपाउने हुनाले यसबाट ठूलो असर परेको छ । आवश्यक काठहरू पनि वनबाट नै प्राप्त हुने भएकोले काठ ल्याउनु पर्दा सम्बन्धित संस्थालाई निश्चित कर तिरेर मात्र प्राप्त हुन्छ । योल्मो क्षेत्रमा वन जङ्गल जाँदा महिला विरुद्ध यौन दुर्व्यवहार र हिंसाको घट्ना भएको देखिँदैन । साथै योल्मोपा किशोरी र महिला विरुद्ध झुठा आरोप र फैसला भएको घटना छैन । योल्मो क्षेत्रको वडा तहमा योल्मोपा महिलाको सहभागिता र प्रतिनिधित्व देखिन्छ ।

**योल्मोपा महिलाको आर्थिक सशक्तिकरणको अवस्था**

योल्मोपा समाजका महिला र पुरुष दुवै अति सीपदार र परिश्रमी हुन्छन् । हस्तकलाको क्षेत्रमा महिला र पुरुष दुवै अति नै निपूर्ण हुन्छन् । योल्मोपा महिलाहरू परम्परागत सीप र कलाबाट सम्पन्न हुन्छन् र यिनीहरू आफुलाई आवश्यक आर्थिक उपार्जन आफै गर्दछन् । गलैंचा, राडी, पाखी र आफुले लगाउने स्यामा पोङस्यो आफै बुन्ने र विक्रि वितरण पनि गर्ने गर्दछन् । त्यसैले सीप र कलाले गर्दा योल्मोपा महिला निकै सशक्त र बलिया हुन्छन् । अर्को कुरा योल्मोपा समाज जेण्डर (लैङ्गिक) को अवधारण नभएको समाज हो । महिला पुरुषमा कामको दृष्टिले विभेद छैन समानता छन् । प्रथाजनित ज्ञान, सीप नै योल्मोपा समाजको पहिचान हो । योल्मोपाको अर्थतन्त्रको आफ्नै पद्धति र नीति रहेको छ । सोही अनुसार यस समुदाय आर्थिक व्यवस्थापनमा आत्मनिर्भर रहेको देखिन्छ । तर क्रमशः योल्मोपाहरूको आर्थिक पद्धतिलाई बाहुनवादी शासन पद्धतिले विस्थापित गर्दै लगेको छ । त्यसैले यस समुदायको आत्मनिर्भर आर्थिक विकासको प्रणालीलाई लोप हुन नदित यस समुदायको सीप र कलालाई संरक्षण सम्बर्द्धन गर्नु अति आवश्यक छ । योल्मोपा समाजमा जाँड रक्सीको प्रचलन भएतापनि बिक्री वितरणको लागि बनाउने गरिदैन ।

**मातृभाषा**

योल्मोपा जातिले आफुले बोलिने मातृभाषालाई योल्मो भाषा भन्दछन् । यो भाषा मूलत तिब्बती बर्मन भाषा परिवार भित्रको भाषा हो । यस भाषा सम्भोटा लिपिमा आधारित रहेको छ । प्रत्येक जातिका बालबालिकाले आफ्नो मातृभाषामा शिक्षा पाउनु मौलिक अधिकार पनि हो । शिक्षाले नै व्यक्तिलाई आफ्नो व्यक्तित्व र क्षमताको पूर्ण विकास र समाजमा प्रभावकारी सहभागिताको लागि सहयोग अभिवृद्धि गर्छ । तर योल्मो मातृभाषामा सरकारको कुनै तहका निकायले योल्मो भाषामा पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरेको छैन । त्यसैले योल्मो मातृभाषामा कुनै स्थानमा पठन पाठन भएको छैन । घर परिवारमा र साथी सङ्गीनीहरू बिचमा मातृभाषा बोल्ने र विद्यालयमा खस भाषामा पठनपाठन हुनाले योल्मोपा बालबालिकालाई शिक्षा हासिल गर्न अत्यन्त कठिनाइ भएको अवस्था छ । मातृभाषाको कारणले नै यस समुदाय विभेदमा परेको छ ।

**संस्कृति र साँस्कृतिक सम्पदा**

योल्मो क्षेत्र धार्मिक, साँस्कृतिक तथा प्राकृतिक सम्पदाले भरिपूर्ण अति नै महत्वपूर्ण क्षेत्र हो । योल्मोपा संस्कार, संस्कृति बौद्ध धर्मबाट प्रभावित संस्कार संस्कृति हो । आफ्नो छुट्टै संस्कार, संस्कृति, भेषभूषा र भाषाको कारणले गर्दा नै यो अन्य जाति भन्दा पृथक जाति हो । यही नै योल्मोपा जातिको पहिचान पनि हो । योल्मो क्षेत्र मूर्त र अमूर्त सम्पदाले सिँगारिएको सुन्दर क्षेत्र हो । योल्मो क्षेत्रको मूर्त सम्पदाहरूमा पुरातात्विक महत्वका गोन्पा, गोन्पामा स्थापित मूर्तिहरू, भित्ते चित्रहरू,

थाङ्का, चैत्य, स्तूपाहरू हो भने अमूर्त सम्पदाहरूमा परापूर्व कालदेखि नै योल्मो क्षेत्रमा प्रचलित संस्कार, संस्कृति हो । परापूर्व काल देखि नै योल्मोपा पुर्खाहरूले निर्मित पुरातात्विक सम्पदाहरूको संरक्षण सम्बर्द्धन भएकोमा २०७२ सालको भूकम्पले भत्किएकोले पुनः निर्माण गर्न सकेको छैन । पुरातात्विक महत्वका गोन्पा, भित्तेचित्र, चैत्य, स्तूप, लहरेमणि र छ्योर्तेन काङ्नी आदि विनास हुने अवस्थामा पुगेको छ । नेपाल सरकार, बौद्ध दर्शन प्रवर्द्धन तथा गोन्पा विकास समितिको सिफारिसमा हाल भूकम्प पुनः निर्माण प्राधिकरणले योल्मो क्षेत्रको केही गोन्पाहरू पुनः निर्माणको लागि बजेट विनियोजन गरेको भनिएतापनि निर्माणको कार्य प्रारम्भ नभएको अवस्था छ । यस नेपाल योल्मो महिला संघले योल्मो क्षेत्रमा प्रचलित स्याब्रु गीत र नृत्य तथा मणि मोन्लाम सम्बन्धी प्रशिक्षण सञ्चालन गर्दै आएका छन् । यसले गर्दा नयाँ पुस्ताका सन्ततिहरूले पनि रूचिपूर्वक सिकेका छन् । यस कार्यले योल्मो अमूर्त सम्पदाको संरक्षण, सम्बर्द्धन तथा विकासमा ठूलो टेवा पुगेको छ ।

सामाजिक रूपमा योल्मोपा महिला सशक्त र दरो देखिएतापनि शिक्षाको दृष्टिले उनीहरू धेरै पछाडि परिएका छन्, यसका कारण योल्मोपाहरू आधुनिक समाजबाट टाढा रहन पुगेका छन् । । राज्यको विभिन्न तहमा उनीहरूको सहभागिता शून्य अवस्थामा नै पाइन्छ । समानता (महिला र पुरुष) को आधारमा निर्मित योल्मोपा समाजलाई हिन्दू धर्ममा आधारित रहेको नेपालको संविधान, ऐन-कानुन, नीति-नियम र शासन व्यवस्थाले उनीहरूको भावना, चाहना र समस्यालाई सम्बोधन गरेको पाइदैन । योल्मोपा जातिको परम्परागत ज्ञान, सीप र कलालाई राज्यले मान्यता दिनुपर्छ । उनीहरूसँग भएको व्यवहारिक ज्ञान, सीप र कलालाई स्तर निर्धारण गरी प्रमाण-पत्र दिनुपर्छ । नेपाल योल्मो महिला संघले आदिवासी जनजाति महिला र योल्मोपा महिलाहरूको हक, हित र अधिकारको लागि प्रशस्त कार्य गरेका छन् । अब यस संघले योल्मो क्षेत्रमा रहेका महिलाहरूलाई सशक्त बनाइ शिक्षित र सक्षम बनाउनु आवश्यक छ । उनीहरूलाई आफ्नो समाजसँग मात्र होइन बाहिरी समाजसँग पनि घुलमिल गराइ ज्ञान दिनुपर्छ । उनीहरूमा समाजको लागि केही गर्नु पर्छ भन्ने जोश र जाँगर प्रशस्त देखिन्छ । उनीहरूलाई नेपालको संविधान, ऐन-कानुन र नीति-नियममा रहेका प्रावधान सम्बन्धी शिक्षित बनाउनु पर्छ । अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९, आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणपत्र, आदिवासी विश्व सम्मेलनबाट पारित गरिएका सुझाव तथा निर्णयहरू, जातीय भेदभाव विरुद्धको महासन्धि, नेपालमा विद्यमान तीन तहको सरकारले संरचना, नीति तथा कार्यक्रम सम्बन्धी प्रशिक्षण दिनु आवश्यक छ । वर्तमान अवस्थामा स्थानीय तहमा सञ्चालन हुने योजना तथा कार्यक्रमको बजेट स्थानीय सरकारबाट उपलब्ध हुने हुँदा उनीहरूलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धी पनि ज्ञान दिनु आवश्यक देखिन्छ ।

**लेखकः** *ल्हाटिन डोल्मा योल्मोपा, नेपाल योल्मो महिला संघको संस्थापक अध्यक्ष, तथा राष्ट्रिय आदिवासी जनजाति महिला महासंघका सचिव हुनुहुन्छ ।*

# राई महिला (किरावा मेछाछा)

**परिचय**

सरकारले औपचारिक रूपमा पहिचान गरेको ५९ आदिवासीहरूमध्ये राई एक आदिवासी हो । राई आदिवासीको मुख्य पुर्खौली थातथलो सोलुखुम्बु, भोजपुर, खोटाङ, उदयपुर, संखुवासभा र ओखलढुङ्गा हो[20] भने त्यस लगायत धनकुटा, इलाम सुनसरी, ताप्लेजुङ, तेह्रथुम, पाँचथर, मोरङ र झापामा समेत धेरै संख्यामा यस जाति बसोबास गर्दछन् । राईहरू भित्र ३२ भन्दा बढी भाषिक समूहहरू छन् र २८ भन्दा बढी चलन चल्तीका भाषाहरू छन् ।[24] नेपालको राष्ट्रिय जनगणना, २०६८ अनुसार राई जातिहरूको जनसंख्या महिला ३ लाख २६ हजार ९९ जना र पुरुष २ लाख ९३ हजार ९ सय ७ जना गरी कुल ६ लाख २० हजार ६ जना रहेका छन् । यस जातिको भाषा, संस्कार र संस्कृतिमा विविधता रहेको छ ।

**महिला विरुद्ध भेदभाव उन्मूलन समिति (सिड)**

नेपालको आदिवासी महिलाको अधिकारको अवस्थाबारेमा नेपालको छैठौं आवधिक प्रतिवेदनका लागि छाँया प्रतिवेदन सिडको ७१ औं सत्रमा मिति २०७५।७।५ गते राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ) भित्रको ४३ जातीय सस्थाहरूमध्येमा किरात राई महिला संघ लगायत, राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च (निफ), राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला महासंघ (निडवान), आदिवासी महिला कानुनी संचेतना समूह (इन्वोल्याग) ले बुझाएका थिए । सो प्रतिवेदन बुझाएपछि आदिवासी महिलाहरूको अधिकारका लागि १५ वटा बुँदाहरूमा राज्यलाई सुझाव आएको छ । तर राज्यले अहिलेसम्म सो सुझावहरूको कार्यान्वयनमा ध्यान दिएको छैन् ।

सो सुझावहरूको कार्यान्वनको लागि सन् २०२० को फेब्रुअरी महिनामा राष्ट्रिय महिला आयोग, भृकुटी मण्डप काठमाडौं र महिला तथा बालबालिका जेष्ठ नागरिक मन्त्रलायमा गएका थिए। किरात राई महिला संघले सन् २०१५ मा कोशी बाढी पीडितलाई राहत बाडेका थिए। मिति १८ डिसेम्बर २०१८ मा सीमान्तकृत महिलाहरू माथि हुने हिंसा न्यूनिकरणका उपायहरू विषयक अन्तर्क्रिया कार्यक्रम गरी राई महिलाहरूलाई समेत चेतना जगाउने र उनीहरूको क्षमता अभिवृद्धि गराउने गरेका थिए। ९ अगष्ट २०१९ मा बलात्कार तथा लैङ्गिक हिंसा अन्त्य विषयक अन्तरक्रिया कार्यक्रम गरी महिला तथा बालबालिकाहरू माथि हुने हिंसा रोक्न सक्ने र त्यसको उपचारका उपायहरू सम्बन्धी राई महिलाहरूलाई सचेत गराएका थिए।

**भूमि, भू-भाग तथा स्रोत**

24 राई जाति एक परिचय वृत्तचित्र, प्रकाशन मितिः २४ जनवरी, २०१६

राईहरूको ऐतिहासिक थलो सागुरी गडी, धनकुटा, चौदण्डी गडी र उदयपुर राईहरूको ऐतिहासिक थातथलो भएको हुनाले किरात राई महिला सुम्निमा संघ, इटहरी, सुनसरीबाट राई महिलाहरू ऐतिहासिक अवलोकनका लागि गएका थिए । दुवै गडीलाई राज्यले संरक्षण नगरिएको र सागुरी गडी जाने बाटो बनाइएको छ तर भग्नावशेषलाई भने संरक्षण गरिएको छैन त्यसैगरी उदयपुरको चौदण्डी गडीमा गणेशको मन्दिर बनाएर पूजा गरेको भेटिएको छ । यसको संकेत भनेको राई जातिको पहिचानसँग जोडिएको गडीलाई हिन्दूकरणको सुरुआत हो भनी किरात राई महिला सुम्निमा संघ, इटहरीले यो दुई गडीहरूको बारे किरात राई यायोक्खा केन्द्रीय समिति काठमाडौंलाई जानकारी गराउदै त्यस सम्बन्धमा संरक्षण गर्ने प्रस्ताव राखिएको छ ।[21]

परियोजनाहरूको कारणले राई महिलाहरूको मानव अधिकार हनन् हुने गरी घटनाहरू घट्ने गरेका छन् । अरूण तेश्रो परियोजनाले राईहरूको पुर्खौली थातथलो संखुवासभाको मकालु गाउँपालिकाको धेरै घरजग्गाहरू माथि क्षति पुऱ्याएको छ । क्षतिपूर्ति बापत मुआब्जा दिए तर ती मुआब्जामा धेरै जसो ब्यक्तिलाई चित्त बुझेको छैन । त्यसैगरी परियोजनाले सडक बनाउन जमिन खनेको र डोजर प्रयोग गरेकोले सडकको माथि र सडकको तल्लो भागमा पटक पटक पहिरो गइरहेको छ । पहिरो गइरहने हुनाले धान, अलैंची र मकै आदि रोपेको जमिनलाई सोहोरेर लैजाने, कहिले माथिबाट पहिरो झरेर पुरी दिने, कहिले रोप्नलाई तयार गरी ठिक्क बनाएको खेती पहिरोले बगाइ लगि दिने जस्ता प्रकोपले हानी नोक्सानी भइरहेको छ । सो हानी नोक्सानी बापत क्षतिपूर्ति गरी पाउ भनी सरोकार मञ्च मार्फत तथा व्यक्तिगतरूपमा निवेदन पेश गरिरहेको छ तर सुनुवाइ भएको छैन ।

**आदिवासी किशोरी र महिला विरुद्ध भएका दुर्व्यवहार र हिंसाका घटना**

यी अरूण तेश्रो परियोजनाका कारण बाहिरबाट धेरै किसिमको मानिसहरू आउजाउ गर्ने भएकोले गाउँ, टोलमा युवाहरू होहल्लाह गरी हुलदङ्ग मचाउने, महिलाहरूलाई जिस्काउने, महिलाहरू माथि कुदृष्टि लगाउने जस्ता व्यवहारले महिलाहरूको जीवन जोखिममा पर्ने सम्भावना बढेको छ । राई महिलाहरू माथि तीन पटक यौन दुर्व्यवहार घटना घटिसकेको छ जसमध्ये एउटा घटना अरूण तेश्रोको ठेकेदारबाट एक जना राई महिला माथि श्रीमान नभएको अवस्थामा बलात्कारको प्रयास गरेको र सो सम्बन्धमा प्रहरी कार्यालयमा उजुर परेको तर प्रहरी कार्यालयमा नै मिलाइएको थियो ।[25]

त्यसैगरी भोजपुरको जरायोटारमा सडक बनाउने क्रममा सडकको काम भइरहदा मान्छेहरू गाडीमा आउ जाउ गर्ने, अन्य ठाउँको मानिसहरू आउने जाने गरिरहन्थे । एक दिन जरायोटारको एक महिला सीता राई (परिवर्तित नाम) लाई नचिनेको मानिसले उनको घरपरिवारलाई जानकारी नदिइ गाडीमा घुमाउने, राम्रो काम लगाइदिने भनी पोखरामा लगेर एक साधारण चिया पसलमा काम लगाई दिएका

25 टिका माया, सदस्य, महिला सशक्तिकरण समूह, मकालु गा.पा.वडा नं. ५ नुम संखुवासभा मिति २०७७।६।८ गते

थिए । त्यहाँ खाजा, खाना आउने एक जना मानिसले सीता राईलाई राम्रो कमाइ हुन्छ भनी साउदी अरबमा घरको काम गर्नका लागि पठाइ दिएका थिए । काम गर्ने घरको मालिकले नै उनीमाथि पटक पटक यौन दुर्व्यवहार गर्ने प्रयास गरेका थिए । त्यसैले सो घरबाट भागेर अर्कै घरमा काम गरी तीन वर्ष ६ महिनापछि नेपाल फर्किने क्रममा मितिः २०६९।८।३ गते नेपाल एयरपोर्ट अध्यागमन विभागले पासपोर्टको वायोपेज शङ्कास्पद भएको भनी बयान गराइ रु. २०,०००।- धरौटी लिइ अनुसन्धानको लागि तारिखमा राख्ने निर्णय गरेका थिए । नपढेकी गाउँकी एउटी सोझी केटी केही थाहा थिएन, उनी साउदी अरब जादा पोखराबाट भारतको दिल्ली हुँदै गएकी रहिछिन् । तर फर्किदा काठमाडौंबाट फर्किनु पर्दा उनको लागि काठमाडौं अपरिचत ठाउँ थियो ।

यस्तो अवस्थामा अध्यागमन विभागको कर्मचारीहरू परशुराम बस्नेत र सोमनाथ खनालले उनलाई तिम्रो पासपोर्टमा अर्कैको नाम रहेछ अब तिमिसँग के कति पैसा छ माथिको राजस्वलाई बुझाउनुपर्छ नत्र भए तिमी जिन्दगीभरी हतकडी लगाएर बस्नुपर्नेछ भनी डरत्रास देखाए । अध्यगमन विभागको कर्मचारीहरू प्रहरी जवान परशुराम बस्नेत, सोमनाथ खनाल, शाखा अधिकृत टिकाराम पोखरेल तथा राम प्रसाद कोईराला गरी जम्मा ४ जनाले मिलोमतो गरी तीन वर्ष ६ महिना दुःख गरी कमाएको साउदी रियाल ९,३००।- र झोलामा भएको अन्य सरसमानहरू समेत भागबण्डा गरी लगेको थियो । पैसा नभएपछि सीता रुन थालिन, परशुराम बस्नेतले म तिम्रो दाजु जस्तो हो, तिमीलाई म मेरो पैसाले बसको टिकट काटी घर पठाईदिन्छु भनि संगै लगे तर परशुराम बस्नेतले आजको बसको टिकत छैन रैछ भोलि पठाईदिन्छु भनि गेष्टहाउसमा लगि राखे १८ नोभेम्बर २०१२ को राती जाडरक्सी खाएर आई जबरजस्ति करणी गरे । त्यसैले जबरजस्ति करणी गर्ने प्रहरी जवान प्रशुराम बस्नेत विरुद्ध ११ जनवरी २०१३ मा जबरजस्ति करणी मुद्दा काठमाडौं जिल्ला अदालतमा दर्ता गरी २२ अप्रिल २०१३ मा पाँच बर्ष ६ महिना कैद र ५०,०००। क्षतिपुर्ति हुनेगरी फैसला भएको छ । ती परशुराम बस्नेतलाई जेल चलान भयो तर ५०,०००। क्षतिपुर्ति बापतको रकम सिता राईले प्राप्त गर्न सकेको छैन ।

प्रहरी जवान परशुराम बस्नेत, नायब सुब्वा सोमनाथ खनाल, शाखा अधिकृत टिकाराज पोखरेल तथा शाखा अधिकृत राम प्रसाद कोईराला विरुद्द ठगी मुद्दा काठमाडौं जिल्ला अदालतमा दर्ता भई १९ डिसेम्बर २०१३ मा उक्त अदालतले टिकाराम पोखरेल र राम प्रसाद काईरालालाई कैद तथा जरिवाना नगर्ने भनि सफाई दिएको र परशुराम बस्नेत तथा सोमनाथ खनाललाई जनही एक बर्ष कैद र जनही पाँच पाँच हजार जरिवाना गर्ने गरी गरेको फैसलालाई नै सदर गर्ने भनि पुनरावेदन (हाल उच्च) अदालत पाटनले १ डिसेम्बर २०१५ मा फैसला भयो । सोही फैसलालाई मिलेकै छ भनि २७ फेब्रुअरी २०१८मा सर्वोच्च अदालतले पनि फैसला गरेको छ । त्यसैगरी ८ अप्रिल २०१३ मा रिसवत (घुस) लिनुखानु गरी भ्रष्टाचार मुद्दा ती चारै जना विरुद्ध विशेष अदालत, काठमाडौंमा दर्ता गरेका थिइन ।

विशेष अदालतले १३ जुन २०१४ मा सिता राईको विपक्षीहरू लाई चारै जनालाई जनही (प्रत्येक विपक्षी) लाई चार महिना कैद र जनही रू. ६९,७००। जरिवाना हुने ठहर गरी फैसला गरेका थिए, सो फैसलाले न्याय दिने प्रयाससम्म गरेको देखिन्छ । तर सर्वोच्च अदालतबाट २७ फेब्रुअरी २०१८ मा चार जना मध्ये शाखा अधिकृतहरू राम प्रसाद कोईराला र टिकाराज पोखरेलको हकमा सफाई पाउने गरी गरेको फैसलाले सिता राईलाई पूर्ण रूपमा न्याय दिन सकेन । अध्यागमनको मुख्य जिम्मेवारी पद धारण गरेको कर्मचारी (राष्ट्र सेवक) हरू शाखा अधिकृतहरू टिकाराम पोखरेल र राम प्रसाद कोइरालालाई सर्वोच्चले सफाई दिएको र नायव सुब्बा र प्रहरी जवानलाई मात्र कैद सजाय र जरिवाना गर्ने गरी गरेको फैसलाले सिता राईलाई न्याय दिन सकेन । सिता राईले न्यायलयबाट न्याय पाउने विश्वास र भरोसामा ५ बर्षसम्म मुद्दा लडिन तर न्यायको महशुस गर्न पाइनन् । उनले आंशिकरूपमा त न्याय पाएकी हुन । तर फैसला कार्यन्वयनको लागि गएको देखिन्न । उनले न्यायलय प्रति राखेको विशवास र भरोसा टुटी सकेको हो वा भोजपुरको जरायोटारदेखि काठमाडौंसम्म आएर मुद्दा को कार्यन्वयन गर्न सम्भव नभएको हो पक्कै पनि उनलाई मुद्दा को कार्यन्वयन गर्न सजिलो छैन् ।

**आदिवासी महिलाको आर्थिक सशक्तिकरणको अबस्था**

मिति सन ११ अगष्ट २०१८ मा "Undestanding The gaps in politics in Nepal to ensure the right over land and the nutural resures of the Indigenous community" कार्यक्रम गरी राई महिलाहरू को भूमिसंग जोडिएको सम्बन्ध र जिवन निर्भारको आधार नै आदिवासीहरू को भूमि हो भन्ने सम्बन्धमा जानकारी गराईएको थियो ।[22] नेपालको आदिवासीहरू को जन्मदेखि मरणसम्मको संस्कार सस्कृतिमा चाहिने र आदिवासी महिलाहरू को परम्परागतरू पमा चलि आएको ज्ञान, शिप र प्राविधि जुन कुरा अहिले आएर रोजगारीको रूपमा प्रचलनमा रहेको आर्थिक उपर्जनको माध्यम रहेको हेङ्वा/आरखा (रक्सी) लाई मदिरा ऐन, २०३१ ले अपराधिकरण गरेकोछ । हाल आएर प्रदेश नं. १ को सांसद उषाकला राईले मिति २२ जुलाई २०२० मा भिजन नेपाल टेलिभिजन र २५ जुलाई २०२० मा ए.पी. सेन्टर टेलिभिजनमार्फत “तीनपाने रक्सीलाई ब्यान्ड होईन, ब्रान्ड बनाउनु पर्छ, यसलाई राज्यले कानुन मान्यता प्रदान गर्नु पर्छ” भनि माग गरिएको अवस्थामा उषाकला राईसमेतको सहभागितामा किरात राई यायोक्खा केन्द्रिय कार्यालय, कोटेश्वरले मिति २०७७।४।७ गतेका दिन सो सम्बन्धमा कार्यक्रम गरिएको थियो । सो कार्यक्रमको निष्कर्ष थियो, “किरात राई महिलाहरू को रोजगारी र आर्थिक सशक्तिकरणको माध्यम हेङमावा/खाबात (बान्तावा राई भाषामा रक्सी) पाटो हेङ्वा/आरखा (रक्सी) भएकोले राई महिलाहरू समेतको पेटेण्ट राईट हुने गरी कानूनी व्यवस्था हुनु पर्ने र रक्सीलाई कम्पनीको रूपमा व्यवस्थित गर्दा राई महिलाहरूको पँहुच नहुन सक्छ र राई महिलाहरूको रोजगारी र आर्थिक पाटोलाई असर पर्न जानेछ ।”[23]

किरात राई महिला सुम्निमा संघ, इटहरी, सुनसरीको महिलाहरू ले आफनो परम्परागत ज्ञान, शिप तथा प्रविधिहरूको खोजि गर्ने र अहिलेसम्म बचेका (मर्न लागेका) ज्ञान शिपलाई संरक्षण गर्नका साथै आफ्नो आफ्नो क्षमताले सकेसम्म आन्तरिक रूपमा आर्थिक सङ्कलन गरेर राई महिलाको परम्परागत शिप तथा रोजगारीलाई बचाउन केही कार्यहरू गरी रहेको छ । जस्तैः तान बुन्ने, मुचुङ्गो बनाउने, खाडीको दौरा, सुरू वाल, पटुकी, धजुरी, पेचुरी (सिकीबुङ) बुनेर बेच्ने गरेका छन । खासमा औलो (भाङरङ सिस्नु) को धागो प्रयोग गर्नुपर्ने तर ती कच्चा पदर्थ नपाउनले बजारको धागोवाट बुन्ने गरेका छन् । यो खास गरी राई महिलाको सास्कृतिसंग जोडिएको रोजगारी र आर्थिक उपार्जनको माध्यम हो । यसलाई निरन्तरता दिन र पुस्तान्तरण गर्नका लागि यसलाई फराकिलो पार्दै यसको विकास गर्न चाहेको तर आर्थिक लगानी र बजार विस्तार गर्न नसक्नाले हातमा भएको शिप ज्ञान सदुप्रयोग गर्न सकिएको छैन । त्यसैले सरकारबाट आउने नगरपालिका तथा वडामा पटक पटक बजेटको माग गरेता पनि सरकारले यसतर्फ ध्यान दिएको छैन । सरकारले महिलाहरू लाई बजेट छुटाउने गरेता पनि राई महिलाको जिविकोपार्जनलाई मिल्ने परम्परागत रोजगारी र शिपलाई बजेट दिएको छैन । उनीहरू ले आफनो कला शिप तथा प्राविधिलाई बचाई राख्नको लागि विदेशबाट आएको राई समुदायको मानिसहरू लाई फुलमाला लगाईदिई स्वागत गर्ने कार्यक्रम गरी रकम सङ्कलन गर्ने र राईको सांस्कृतिक कार्यक्रम आयोजना गरी आर्थिक सङ्कलन गर्ने गरेका छन् ।[24] त्यस्तै गरी संखुवासभाको मकालु गाउँपालिकामा पनि राई महिलाहरूले २०७४, २०७५ र २०७६ सालमा निरन्तर रूपमा राई महिलाहरूको आयआर्जनमुलक कार्यहरूको तालिम र उनीहरूको शसक्तिकरणको लागि गाउँपालिका तथा वडामा बजेट माग गरी रहेको तर अहिलेसम्म पाउन सकेका छैनन् ।[25]


यसरी राई महिलाहरूको मानव अधिकारसंग जोडिएको विषय “महिला हिंसादेखि लिएर विभेदपूर्ण कानून” र राज्यपक्षबाट हुने विभेद पूर्ण निणर्यहरू संग लडिरहनु पर्ने अवस्था छ । जस्तैः राज्यको मुल कानून संविधानले समेत आदिवासी महिलाको पहिचान नगरिदिनाले राई महिला समेतले राज्यको हरेक निकाय र तहहरूमा अन्याय भोगिरहनु परेको छ । आदिवासीहरू को मानवअधिकारसंग जोडिएको अन्तर्राष्ट्रिय दस्तावेजहरू (International Instruments) आई.एल.ओ. नं. १६९, UNDRIP, CERD, CRPD र सिड समितिले नेपाललाई दिएको सन २०११ र सन २०१८ को सुझाबहरू आदिलाई नेपाल सरकारले स्वीकार गरी सकेको अवस्था हो । त्यसैले राज्यले आदिवासी महिलाहरूसंग सहकार्य गरी एक दिन यी प्रावधानहरूको कार्यन्वयन गर्नु नै पर्नेछ ।

**लेखकः** *अधिवक्ता लक्ष्मी राई, किरात राई महिला संघ (किरावा मेछाछा हुप), काठमार्डौको कानूनी सल्लाहकार हुनुहुन्छ ।*

# ल्होमी महिला (मेन्ज्युङ भुमु)

**परिचय**

ल्होमी (शिंसावा) आदिवासीको मुख्य ऐतिहासिक थातथलो पुर्वी नेपालको संखुवासभा जिल्लाको भोटखोला गाउपालिका मुख्य रहेका छन । सन २०११ को जनसंख्या अनुसार यो समुदायको कुल जनसंख्या १६१४ जना मात्र देखाएको छ । तर एथनोलग २०१२ अनुसार यस जातिको जातिय जनसंख्या १५००० र बताएका छन । ल्होमी (शिंसावा) हरूको परम्परागत धर्म बोन बौद्ध रहेको र हाल आएर ईसाई धर्मावलम्बीहरू पनि यस समुदायमा रहेको पाईन्छ । ल्होमी महिलाहरूको व्यक्तिगत, सामुहिक,सांस्कृतिक, आर्थिक, राजनैतिक, सामाजिक हक अधिकारको सुनिस्चितता, विकास र प्रवर्द्धनका लागि २०६३ सालमा ल्होमी महिला कल्याण मंचको स्थापना भई ललितपुर जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको हो । यस संस्थाले विभिन्न सरोकारवालाहरूसंग सहकार्य गरेर ल्होमी महिलाहरूको चेतना विकास, क्षमता अभिवृद्धि, सीप विकास, नेतृत्व विकास, संजाल निर्माण, हक अधिकारको लागि पैरवी आदि कार्यहरू निरन्तर गर्दै आएका छन ।



Copyright@MoFALD

**सिड, सर्ड, सिपिआरडीका सुझावहरूको कार्यान्वयनको अवस्था**

राज्यबाट सिड, सर्ड सिपिआरडीका सुझावहरू कार्यान्वयन गर्नमा कन्जुस्याई गरेका छन । सिड

२०१८ ले दिएको राज्यको निर्णायक तहमा आदिवासी महिलाको अर्थपूर्ण सहभागिता अनिवार्य भन्ने सुझावलाई कार्यान्वयन गरेका छैनन ।

### भुमि, भुभाग तथा स्रोत

मकालुबरूण राष्ट्रिय निकुन्जको स्थापना पश्चात ल्होमी (शिङसावा) हरूको भूमि, भूभाग, जङ्गल र प्राकृतिक स्रोत माथि भएको नियन्त्रण, प्रयोग र व्यवस्थापन राज्यले मकालु (बरूणद्वारा गरेकोले ल्होमी समुदायको भूमि, वनजङ्गल माथिको अधिकार खोसिएका छ । सडक विस्तारले गर्दा स्थानीय गाउँ ठाउँ जोखिममा रहेको र त्यसले स्थानीय ल्होमी महिलाहरूको शारिरीक र मानसिक स्वास्थ्यमा असर परेको छ। ल्होमी जातिको विभिन्न संस्कारमा चाहिने जङ्गली जडीबुटी, स्थानीय आयुर्वेदिक जडीबुटी जंगलबाट प्राप्त गर्नको लागि मकालु (बरूण राष्ट्रिय निकुन्जको स्वीकृती लिनु पर्ने भएकाले यस जातिको धर्म संस्कार आदि सम्पन्न गर्न असर परेको छ ।

### प्रथाजनित कानुन र संस्था

ल्होमी (शिंसावा) आदिवासीको प्रथाजनित परम्परागत शासन पद्धती गौरूङ, गोवा, मिङो आदि लोपहुदै गएको छ । नेपाल सरकारले आधिकारीक पहिचान र मान्यता नदिएको कारण यस्ता संस्थाहरू निस्कृय भएका छन । ल्होमी शिंसा कल्याण केन्द्र, जातिय संस्थाको स्थापना भएको छ तर यसमा ल्होमी महिलाहरूको अर्थपूर्ण सहभागिता देखिदैन ।

### स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरी (एफपिक)

कुनै पनि विकास निर्माणका कार्यक्रमका योजना, कार्यान्वयन तथा अनुगमन मुल्यांकन गर्नु पुर्व सम्बनधित पक्षले स्थानीय ल्होमी (शिंसावा) समुदायसंग स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरी कहिले पनि प्राप्त गरेको छैन । त्यसमा पनि ल्होमी महिलाहरूसंग एफपिकको प्रकृयागत रूपमा छलफल गरी एको भनै छैन । नेपाल सरकारको संसद, मन्त्रालयहरू, विभाग, स्थानीय संरचनाहरू कुनैले पनि ल्होमीहरूसंग योजना निर्माण र कार्यक्रम कार्यान्वयनमा एफपिक लिएको छैन ।

### सहभागिता र प्रतिनिधित्व

राज्यको कुनै पनि निर्णायक तहमा ल्होमी महिलाहरू पुग्न सकेको छैन । गत स्थानीय निर्वाचनमा भोटखाला गाउँपालिकामा उपप्रमुख सहित २ जना ल्होमी महिलाहरू निर्वाचित भएका बाहेक अन्य तहमा शून्य प्रतिनिधित्व देखिन्छ । गैर सरकारी, जातिय आदि संघसंस्थाहरूमा पनि ल्होमी महिलाको सहभागिता र प्रतिनिधित्व न्यून रहेका छन ।

**आदिवासी महिलाको आर्थिक सशक्तिकरण**

ल्होमी (शिंसावा) महिलाहरूको मुख्य पेसा, आर्थिक स्रोत भनेको कृषि र जडीबुटी व्यापार रहेको पाईन्छ । बर्षको ८ महिना जति गाउँमा कृषि काम गर्ने र जाडो मौसममा तराईमा जडीबुटी व्यापार गरेर आम्दानी तथा जिवीकोपार्जन गर्ने गरेकोमा हाल मकालु-बरूण राष्ट्रिय निकुञ्जले गर्दा जडीबुटी सङ्कलन वजार लैजानमा समस्या दिइरहेको छ । अर्को आर्थिक स्रोत भनेको परम्परागत मदिरा प्रशोधन तथा बिक्री वितरण रहेको छ ।

**मातृभाषा**

ल्होमी जातिले बोल्ने मातृभाषालाई ल्होके भन्ने गर्दछ । पुर्ख्यौली थातथलोमा प्राय सबै उमेर समुहका मानिसहरूले आफ्नो मातृभाषा बोल्ने गर्दछन । तर बसाइसराई गरी अन्य ठाउँमा गएकाहरूले चाहि कम बोल्ने र केटाकेटीहरूफे प्राय नबोल्ने गरेको पाइन्छ । यो भाषामा अनौपचारिक कक्षाका पाठयक्रम र पाठयपुस्तक, गीती संग्रह, उखान, कविता, कथा आदिका किताबहरू प्रकाशन भएको पाइन्छ । ल्होमी महिलाहरू धैरै जसो नेपाली भाषा कम बुझ्ने छन । तर राष्ट्रिय अन्तराष्ट्रिय मानव अधिकार तथा अन्य सुचना जानकारीहरू ल्होमी भाषा उपलब्ध छैन ।

**जलवायु परिवर्तन**

जलवायु परिवर्तनका कारणले वनमा पाइने जडीबुटी सहजै उपलब्ध नहुने भएका छन जसले गर्दा ल्होमी महिलाको आर्थिक पक्षमा प्रत्यक्ष असर परिरहेका छन । कृषि पेसा मुख्य पेसा रहेका ल्होमी जातिको कृषि उत्पादन बर्षेनी भारी वा कम वर्षा हुने, तापक्रममा परिवर्तन जस्ता कारणले उत्पादन घट्ने, परम्परागत बिउविजन लोप हुदै गएको, रोप्ने र कटनीको समय नमिल्ने आदि भएका छन । कृषिमा विभिन्न रोग र किराहरू पर्ने समस्या आएका छन । जस्तै अलैंचीको उत्पादनले राम्रो आर्थिक भईरहेको थियो तर हाल रोग आएका कारणले उत्पादन ठप्प प्रायः भएको छ । जलवायु परिवर्तनका कारणले गर्दा विभिन्न रोगहरू भित्रिएका छन ।

**महिला आन्दोलन**

नेपालमा कथित “मुलधार”का महिला आन्दोलनले महिलाहरूभित्रको विविधतालाई आत्मासात गरेका छैन तर एउटै डालोमा राखेर हेर्ने गरेकाछन । महिला आन्दोलनले उठाएका कतिपय सवालहरूमा उपलब्धी हासिल भएता पनि सोका लागि सिमित वर्ग र जातिका महिलाहरू प्रभुत्व रहेको छ । ल्होमी महिलाहरू विभिन्न चरणमा विभिन्न महिला आन्दोलनहरूमा सक्रिय भई भाग लिईरहेका छन तर उपलब्धी सोचेजस्तो भएका छैन । राष्ट्रिय आदिवासी जनजाति महिला महासंघसँग मिलेर ल्होमी महिलाले आदिवासी महिला आन्दोलनमा महत्व पूर्ण योगदान दिईरहेका छन ।

**लेखकः** *छिङचीप्पा ल्होमी, ल्होमी महिला कल्याण मञ्चको अध्यक्ष हुनुहुन्छ ।*

# ब्याँसी शौका महिला (ऱ्हाङ्ङ खुतीस्या)

**परिचय**

ऐतिहासिक र पुख्यौली थातथलो दार्चुलाको ब्याँस क्षेत्र तिंकर, छाङरू, राप्ला र सितौला रहेको नेपालको उच्चहिमाली भेगमा बसोबास गर्ने तिब्बती बर्मेली परिवारका यी ब्याँसीशौका आदिवासीहरू को आफ्नै 'रं' भाषा छ। जसको कारण उनीहरू 'रं' आदिवासीका नामले पनि परिचित छन्। सन् २०११ को जनगणना अनुसार ३,८९५ कोसंख्यामा रहेको यी आदिवासीहरू तिब्बतको 'बोन पो' र भारतको 'हिन्दू' धर्मको प्रभावमा परेतापनि यी आदिवासी प्रकृति पूजक हुन्। भौगोलिक दृष्टिले कठिन जीवनयापन गरी रहेका यी आदिवासीहरू को मुख्य पेसा व्यवसाय नुन, ऊन, चौंरीको पूच्छर, गेडागुडी, दाल साथै अन्य तिब्बतीय तथा भारतीय सामानहरू को आयातनिर्यात गर्नु हो। परम्परागत रूपमा राडीपाखीबुन्ने, जाँडरक्सीबनाउनुको साथै उवा फापरको खेती गर्नु ब्याँसी महिलाहरू को जीवनशैली हो। आफ्नै विशेष प्रकारका मौलिक पहिरन 'च्यूंबाला', शिरमा 'चुक्ती', गोडामा हिमालीजुत्ता 'बप्च' को साथमा परम्परागत गहनाहरू ले सजिएर बस्ने यी ब्याँसी महिलाहरू को अरू पहिचान छुट्टै छ।




**सिड, सर्ड, सिआरपिडीको सुझावहरू को कार्यान्वयनको अवस्था**

राज्यबाट सिड, सर्ड सिपिआरडीका सुझावहरू कार्यान्वयन गरेका छैनन्। राज्यको नीति तथा योजनाहरू मा खस नेपालीभाषाको प्रयोग गर्ने र आफ्नै मातृभाषा बोल्ने ब्याँसीशौका महिलाहरू

लाई महिला लक्षित कोष लगायतका वित्तीय कारोबारले खासै फाइदा पुऱ्याएको छैन । तसर्थ राज्य तथा सरकारी गैरसरकारी संस्थाहरू आदिवासी महिलाहरू को हकअधिकार सम्बन्धी सन्धी, राष्ट्रिय संघीय घोषणापत्र लगायत राज्यपक्षबाट गरिनु पर्ने सबै नीति योजना र कार्यक्रमहरू मा ब्याँसी शौका आदिवासी महिलाहरू लाई प्राथमिकता दिएको देखिदैंन । सिड को ४९ औ सेसनमा आदिवासी महिला तथा बालबालिकालाई शिक्षामा विशेष ध्यानदिने भनि सिफारिस गरीए पनि महिलाहरू को शिक्षाको विषयमा हालसम्म तीनै तह (स्थानीय, प्रदेश र संघ) कुनै विशेष कार्यक्रम संचालन गरेको छैन । सिड को २०१८ को शेसन मा आदिवासी महिलालाई संविधानमा मान्यता दिने र आत्मनिर्णयको अधिकारको सम्मानगर्दै स्वायत्तता र स्वशासन सुनिश्चित गर्न संविधान शंसोधनको सिफारिस गरे पनि सो कार्यान्वयन भएको छैन । ब्याँसी शौका महिलाहरू ले बहुआयामिक विभेद खेपि रहेका र उनीहरू को आवाज राज्यले नसुनि रहेको अवस्था छ। यो अवस्था सिड को सिफारिस विपरित रहेको छ ।

### आरोप, उजुरी र मुद्दाहरू

अल्पसंख्यकमा सूचिकृत भएको कारण ब्याँसी शौका लगायतको आदिवासीलाई अल्पसंख्यक बनाउने सरकारको निर्णयको विरु द्धमा सर्वोच्च अदालतमा लाहुर्निपको सहयोगमा २०७४/०२/११ गतेका दिन नेपाल आदिवासी जनजातिले महासंघले दायर गरेको रिट (Writ No.073-Wo-1333) न्यायमूर्ति डा. आनन्द मोहन भट्टराईको इजलासबाट कारण देखाउआदेश भई कारवाहीको अवस्थामा छ ।

### प्रथाजनित कानून र प्रथाजनित संस्था

ब्याँसी शौका समुदायमा विद्यमान प्रथाजनीत संस्था भएतापनि प्रथा परम्परा संचालनमा ब्याँसीशौका महिलाको पनि उत्तिकै भूमिका पाइन्छ। यद्यपी यी प्रथाजनित कानूनको मान्यता विकास र संरक्षणमा राज्यपक्ष बाट कुनै कार्य भएको छैन ।

### स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी

राज्यले खासै महत्वमा नराखेको यो जिल्लामा कुनै ठूला योजना परियोजना नपरेका हुनाले ब्याँसीशौका समुदायमा एफपिकको कुनै कार्यक्रम संचालन भएको छैन ।

### सहभागिता र प्रतिनिधित्व

ब्याँसीशौका समुदायको जातिय संस्थामा महिलाको प्रतिनिधित्व रहेको तर राज्यको स्थानिय,

प्रदेश, संघीय सरकार प्राइभेट व्यापारिक कम्पनी, गैरसरकारी संस्था आदिमा ब्याँसीशौका महिलाको प्रतिनिधित्व तथा सहभागिता रहेको छैन ।

**आदिवासी महिलाको आर्थिक सशक्तिकरणको अवस्था**

ब्याँसीशौका महिला परम्परागत रूपमा बनाउँदै आएको रक्सीजाँडलाई गैरकानुनी ठहर गरे लगत्तै र सीमापारी तिब्बतबाट ऊन आयातमा रोक लगाएपछि उनीहरू को सीपमूलक कार्य ठप्पभएकोले आर्थिक स्थिती खस्किएको छ । तसर्थ राज्यले आदिवासी ब्याँसी शौका महिलाको प्रथाजनित ज्ञान र सीपलाई ध्यानमा राखी आर्थिक सशक्तिकरणका कार्यक्रमहरू तर्जूमा गरेको देखिँदैन । सर्वोच्च अदालतबाट भर्खरै घरेलु रक्सीबन्देज गर्ने बर्षमा घरेलु प्रयोजनका लागि अनुमति लिएर ३० लिटर रक्सी बनाउन नपाउने, घरेलु रक्सीले महिला हिंसा बढाएको भन्ने जगन्नाथ मिश्र विरुद्ध गृह मन्त्रालयसमेत भएको मुद्दा मा गरेको फैसलाले शौका लगायत आदिवासी महिलाको संस्कृतिलाई नकारात्मक चित्रण गरेको छ ।

**जलवायु परिवर्तन**

राज्यले परिवर्तन गरेको नयाँ नीति २०१९ मा आदिवासीको अधिकार सुनिश्चितताका लागि नेफिनले गरेको पहल कार्यक्रममा ब्याँसी शौका आदिवासी महिलाले पनि ऐक्यबद्धता जनाएको छ । साथै जलवायु परिवर्तनको असरले गर्दा हुदै गरेको खेतीपातीमा पनि असरपरी खाद्यान्नमा कमी आएको र सो कमीलाई पूर्ति गर्न राज्यको तर्फबाट कुनै उन्नत कृषि प्रणालीका कार्य योजनाहरू तर्जुमा गरिएको देखिदैन ।

**भूमि, भू–भाग तथा स्रोत**

प्रचलित कानुनमा आदिवासी ब्याँसी शौका महिलाको पनि भूमि भू-भाग र स्रोत साधनहरूमा स्वामित्व र नियन्त्रण लगायत सामूहिक अधिकार सुनिश्चित गर्न आवश्यक कानुनी सचेतना कार्यक्रमहरू राज्य तथा सम्बन्धित निकायका संघ-संस्थाहरूले गर्नुपर्ने आवश्यक पहल कार्यक्रम गरेको देखिदैन ।

**अन्तरदेशीय सम्बन्ध**

सीमा क्षेत्रमा बसोबास गर्ने ब्याँसी शौका समुदायको भारत र तिब्बतसँग हुने व्यापारिक सम्बन्धमा भारतले नाकाबन्दी गर्ने, दैनिक आवतजावतमा समयसीमा तोक्ने तथा तिब्बतले नुन, ऊन आयातमा रोक लगाएको कारणले ब्याँसी शौका महिलाले बुन्ने राडीपाखी जस्ता परम्परागत प्रचलनका सीप लोप भएको तथा आर्थिक क्रियाकलाप कमजोर रहेको छ ।

**आदिवासी महिला आन्दोलन**

समग्र आदिवासी महिलाको हक अधिकारमा नेपालको संविधानले गरेको भेदभावलाई अन्त्य गर्नुपर्छ भनेर महिला महासंघ र महिला मञ्चले गर्दै आएका सबै कार्यक्रममा ब्याँसी शौका आदिवासी महिला पनि सहभागी भइ ऐक्यबद्धता जनाएको छ ।

**प्राकृतिक विपद**

केन्द्रको विकास नीतिबाट पर राखिएको तथा वर्षेनी पर्ने वर्षाको कारण कच्चा तथा मर्मत नगरिएको सडक हुनाले गर्दा दैनिक जीविकोपार्जनका लागि सदरमुकाम सम्म आवत जावत गर्ने बाटो नै बन्द हुने भएकोले ब्याँसी शौका आदिवासी महिलाको जीवनमा पनि आर्थिक सामाजिक असरहरू परेको देखिन्छ जसलाई राज्यको तर्फबाट हाल सम्म ठोस नीति तथा योजना बनाएको देखिदैन ।

**निष्कर्ष**

महिलाको विषयलाई उच्च स्थानमा राखिएको भनिएको सम्पूर्ण आदिवासीहरूले कालो संविधान भनी घोषणा गरेको २०७२ को संविधानमा आदिवासी महिलाको त्यसमा पनि ब्याँसी शौका आदिवासी महिलाको कुनै पनि हकअधिकार सुनिश्चित गर्ने प्रावधान देखिदैन । त्यसैले आदिवासी महिलाको विशेष प्रकारको मूल्यमान्यतालाई कदर गर्दै कालो संविधान पुनर्लेखन गर्न जरुरी छ ।

**लेखकः** *पुष्पा बुढाथोकी, व्याँसी शौका महिला संघको अध्यक्ष हुनुहुन्छ ।*

# सुनुवार महिला (कोइाच मिस्य)

**परिचय**

मङ्गोल नश्लभित्रका कुनै पनि एकल मानव प्रतिपादित धर्म दर्शनका अनुयायी नरहेका हिन्दू वर्णाश्रम व्यवस्था अन्तर्गत नपर्ने नेपालको राजनीति र राज्य सञ्चालनको प्राचीन इतिहासमा किरात वंशको प्रथम राजा यलम्बरदेखि अन्तिम राजा खिगुसम्म ३२ पुस्ताले राज्य सञ्चालन गरेको र हाल ऐतिहासिक किरात भूमि रोल्वालिङ हिमश्रृङ्खलबाट दक्षिण-पूर्व भएर बग्ने लिखु, तामाकोशी, सुनकोशी र शाखा नदीहरू खिम्ती, मोलोङ नदी वरिपरिको भू-भागमा परापूर्वकाल देखि खनीखोस्नी, खोरिया फाँडेर बस्ने पहिलो बासिन्दा, किरात पुर्खा तथा प्रकृतिपुजक, मुक्दुम दर्शनमा आधारित आफ्नो विशिष्ट संस्कृति, भाषा, कला, साहित्य, परम्परागत संस्था, न्याय प्रणाली, जीवनपद्धति र लिखित अलिखित इतिहास भएका आदिवासी जनजाति भूमिपुत्र, कतै मुखिया, कतै सिकारी, कतै सुनुवार, सुनवार, सुन्वार भनी चिनिएका नेपाल सरकार, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन-२०५८ को अनुसूची १ मा उल्लेखित सुनुवार नै आदिवासी जनजाति कोइँच हुन् ।

साविक १२ किपट १६ थुम र १० किपट २४ थुमका आदिवासी कोइँच होपोहरूको सामूहिक नेतृत्वमा सञ्चालन हुने आफ्नो परम्परागत संस्था 'कोइँच चुपलुद्धे' भनिन्छ । ५५,७१२ (०.२१) जनसंख्या भएका कोइँच सुनुवारमा एकल जातीय राज्यको कारण परम्परागत संस्था नरहेपछि कोइँच महिलाको मानव अधिकारका लागि बहस पैरवी गर्न उनीहरूको प्रतिनिधिमूलक संस्था सुनुवार महिला समाजको २०५६ सालमा स्थापना गरियो । आदिवासी कोइँच महिलाहरू आफ्नो मानव अधिकारका बारेमा यही प्रतिनिधिमूलक संस्था सुनुवार महिला समाजबाट आवाज उठाइरहेका छन् । सीमान्तकृत आदिवासी कोइँच महिलाको हालसम्म राज्यको कुनै पनि नीति निर्माण तथा कार्यान्वयन निकायमा उपस्थिति वा पहुँच रहेको पाइँदैन ।

**सिड, सर्ड, सिआरपिडिका सुझावहरूको कार्यान्वयनको अवस्था**

सिड, संयुक्तराष्ट्र संघको जातीय भेदभाव उन्मूलन गर्ने समिति (सर्ड) तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समितिले नेपाललाई दिएको निष्कर्ष सुझावहरू कार्यान्वयन भएका छैनन् ।

**भूमि, भू-भाग तथा स्रोत**

जलविद्युत, सिँचाइ तथा पुल निर्माणका कारण कोइँच महिलाले यौन हिंसा व्यहोर्नु परेको अवस्था

छ । तर समाजमा लाज हुन्छ, अपमानित हुने डरले सार्वजनिकरूपमा व्यक्त गर्न नसकेको अवस्था छ । परम्परागत पेसामा असर परेको साथै सामाजिक दुर्व्यवहार खेप्नुपरेको छ । लिखु ४, लिखु ५, लिखुखोला हाइड्रोइलेक्ट्रिक प्रोजेक्ट, खिम्ती २ हाइड्रोपावर, ठोसे फलाम खानी, महादेवडाँडा ढुङ्गा खानीहरूको भूमि अधिकरण तथा प्राकृतिक स्रोतको अवैध रूपले दोहन गर्दा कोइँच महिलालाई गम्भीर असर परेको छ ।

**आदिवासी किशोरी र महिला विरुद्ध भएका दुर्व्यहार र हिंसाका घटना**

कोइँच किशोरी तथा महिलाहरू विरुद्ध अहिले चलेको सामाजिक सञ्जालमार्फत यौन दुर्व्यहार भएको घटना भएका छन् । सामाजिक सञ्जाल फेसबुकबाट भएको दुर्व्यवहारका प्रहरी समक्ष उजुरीसमेत दिन नसकेको अवस्था छ जसका कारण मृत्युवरणसमेत भएको अवस्था छ । उमाकुण्ड वडा नं. ५ की कोइँच किशोरीले सन् २०१६/२०१७ मा साइप्रासमा आत्महत्या गरेकी थिइन । १८ अक्टोबर/नोभेम्बर २०१८ मा गोलबजार वडा नं. २ को चोरपानेकी कोइँच महिलालाई यौन हिंसाको प्रयास भएको थियो । नोभेम्बर/डिसेम्बर २०१९ मा काठमाडौं जोरपाटी नयाँ बस्तीमा होटल गरी बस्ने उमाकुण्ड ७ रामेछापकी कोइँच किशोरी सामूहिक बलात्कारको सिकार भएको अवस्था छ । नोभेम्बर/डिसेम्बर २०१९ मा वडाध्यक्ष कै मिलेमतोमा त्यस्तैगरी कामनपा वडा नं. ४ मा सुकुम्बासीका रूपमा बस्दै आएकी ८२ वर्षीय वृद्ध महिलालाई ललाइफकाइ घरधुरी उठाइएको अवस्था छ ।

**आरोप, उजुरी र मुद्दाहरू**

मुख्यतः खसबाहुन महिलाहरू जस्तो कोइँच महिला खुलेर बोल्ने आँट गरेको पाइदैन । यसका पछाडि राज्यबाट गरिएका विभेदित नीति तथा व्यवहारहरू यसका मुख्य कारण हुन् । आदिवासी कोइँच महिलाको विरुद्ध झुठ मुद्दा लगाएको नपाइएतापनि आरोप लगाएर गाउँमै मिलापत्र गरेका धेरै घटनाहरू छन् तर आदिवासी महिलाको संस्थाले त्यस्ता विषयमा कही कतै उजुरी दिएको छैन ।

**प्रथाजनित कानुन र प्रथाजनित संस्था**

कोइँच चुप्लु कोइँच सुनुवारको प्रथाजनित संस्था हो । र उनीहरूको कानुनलाई थारि भनिन्छ । जब राज्यबाट १,८८२ मा कोइँच किपट हरण गरियो । ततपश्चात कोइँच सुनुवार प्रथाजनित कानुन र प्रथाजनित संस्था लोप हुँदै गयो । तर त्यसको प्रत्यक्ष अप्रत्यक्ष प्रभाव तथा कार्यान्वयन भने कोइँच सुनुवार समुदायमा भइरहेको छ । प्रथाजनित कानुन अनुसारको पदबाट सिर्जित कोइँच सुनुवार थरहरू मुलिच, गाउरोच, नासोच, डावाचहरू छदैछन् । साँस्कृतिक रूपमा सुरी नाअ्सोको भूमिका भने अझै

पनि कोइँच महिलाले निर्वाह गरिरहेकै छन् । शाँदार पिदार, सागुन पिदार, ख्यैंगु, फुसु पिदार, कास, फोल, युल्सि गर्दा कोइँच महिलाले सुरी नाअ्सोको भूमिका निर्वाह गरिरहेका छन् । त्यसैगरी के गर्न हुने के गर्न नहुने भन्ने प्रथाजनित कानुनहरू पनि साँस्कृतिक रूपमा अझै पनि जीवितरहेको छ । तर विस्तारै विश्वव्यापीकरण र राज्यको व्यक्तिवादी चरित्रका कारण सामूहिक अधिकार कुण्ठित भएर गएको अवस्था छ ।

**स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (एफपिक)**

कोइँच भूमिमा सडक विस्तार, जलविद्युत उद्योग, ढुङ्गा तथा फलम खानीले गम्भिर असर पारेको छ । कोइँच भूमिमा दोलखा, रामेछाप, सोलुखुम्बु र ओखलढुंगामा लिखु तथा खिम्ती नदीबाट जलविद्युत उद्योग सञ्चालन छ । रामेछापमा फलम खानी सञ्चालनको अध्ययन भइरहेको छ । सिन्धुलीमा सिमेन्ट कारखानाको कच्चा पदार्थ ढुङ्गाखानीको अध्ययन भएको छ ।

मुख्यत ठूला-ठूला कम्पनीहरूले स्वतन्त्ररूपमा कुनै पनि आयोजना गर्नु पूर्व कोइँच महिलालाई सूसुचित गर्ने आवश्यकता महशुस गरेको पाइदैन । सुसूचित नगरेका कारण के कस्तो आयोजना हुन गइरहेको छ भन्ने केही थाहा नभएपछि त्यसबाट पर्ने असरको बारेमा अझसम्म छलफलबहस भएको छैन । बहस नै नभएपछि मञ्जुरी लिने कुनै पनि काम भए गरेको पाइदैन । जसको कारण कोइँच महिलाको मानव अधिकारको गम्भीर उल्लङ्घन भएको वा नभएको भन्नेबारेमा नै अनभिज्ञ रहेको छ ।

**सहभागिता र प्रतिनिधित्व**

कुनै पनि सरकारी निकाय, सरकार तथा विभिन्न संघसंस्थाहरूमा कोइँच सुनुवार आदिवासी महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व भएको देखिदैन । स्थानीय सरकारमा मुस्किलले दुई गाउँपालिकामा उपाध्यक्ष सम्म भएको पाइएको छ भने वडास्तरमा १३ जना वडा सदस्य भएको देखिन्छ । स्थानीयस्तरको विभिन्न संघसंस्थामा पनि सहभागिता देखाउनको लागि मात्रै कोइँच महिलाको उपस्थिति देखाइएतापनि अहिलेसम्म उनीहरूको भूमिका अर्थपूर्ण देखिदैन र कोइँच महिला भएकै कारण सहभागिता जनाएको पाइदैन ।

**आदिवासी महिलाको आर्थिक सशक्तिकरणको अवस्था**

महिला महासंघको आर्थिक सहयोगमा सुनुवार महिला समाजले एक दिने सचेतना कार्यक्रम सञ्चालन गरेको थियो । सुनुवार सेवा समाज जिल्ला समन्वय समितिबाट काठमाडौं जिल्लामा परम्परागत

बुनाइ प्रशिक्षण र झोल साबुन बनाउने एक दिने प्रशिक्षण गरिएको छ। विभिन्न जिल्लामा परम्परागत कोइँच सिलाइबुनाई कार्यक्रम सञ्चालन भए पनि आर्थिक सशक्तिकरण भने हुनसकेको छैन। (सिरीसे बजार, लिखु तामाकोशीमा कोइँच महिलालाई घरमै आएर जाँडरक्सी बनाउन नदिएको र जाँडरक्सी बनाउने भाँडा प्रहरीले लिएर गएको छ।

**मातृभाषा**

कोइँच किशोरी वा बालिकाहरूका लागि अहिलेसम्म मातृभाषामा शिक्षाका लागि कुनै पनि सामाग्री उत्पादन तथा पठनपाठन गरेको देखिदैन। कोइँच मातृभाषामा शिक्षा दिने हो भने कोइँच महिलामा छिटो शैक्षिक उन्नति हुने देखिन्छ।

**संस्कृति र साँस्कृतिक सम्पदा**

कोइँच मूर्त तथा अमूर्त साँस्कृतिक सम्पदाहरू दिनदिनै लोप भएर गएका छन्। राज्यबाट संरक्षण भएको छैन।

**अन्तरदेशीय सम्बन्ध**

आदिवासी महिलाहरू बीच भारतको सिक्किम, दार्जेलिङ, चिनको हङकङ, बेलायतमा संगठनको प्रयास भएको छ।

**जलवायु परिवर्तन**

जलवायु परिवर्तनले कोइँच महिलामा नकरात्मक असर प्रशस्तरूपमा पारेको देखिन्छ। जलवायु परिवर्तनले गर्दा परम्परागत खेतीपातीमा उब्जाउमा कमी हुने र अति तथा अनावृष्टि हुने गरेको हुँदा बसाइँसराइ गर्नुपर्ने भएको हुँदा साँस्कृतिक तथा सामाजिक विचलन भएको पाइन्छ।

**प्राकृतिक विपद**

२०७२ सालमा गएको महाविध्वंसकारी भूकम्पमा मृत्यु भएका मध्ये अधिकांश महिलाहरू थिए। यसरी भूकम्प हुँदा सहयोगी संस्थाहरूले बोल्नेको पीठो बिक्ने र नबोल्नेको चामल पनि नबिक्ने अवस्था सिर्जना भएको थियो। सरकारी गैरसरकारी निकाय र संस्थाहरूले पनि सोही अनुसार विभेद गरेका थिए।

**आदिवासी महिलाको सशक्तिकरण**

महासंघबाट सचेतना तथा प्रशिक्षक प्रशिक्षण तालिम गरेको छ। अन्य गैर सरकारी तथा सरकारी निकायबाट सशक्तिकरणको कुनै पनि कार्यक्रम सञ्चालन गरेको देखिदैन।

**महिला आन्दोलन**

सुनुवार महिला समाजकै स्थापना अन्तर्राष्ट्रिय नारी दिवसको दिन भएको हुँदा आदिवासी महिला महासंघले जारी गरे अनुसार हरेक महिला अन्दोलनमा सहभागिता जनाइएको छ।

**आदिवासी महिला आन्दोलन**

आदिवासी महिला महासंघले जारी गरे अनुसार हरेक आदिवासी महिला अन्दोलनमा सहभागिता जनाइएको छ। आदिवासी जनजाति महासंघले आयोजना गरेका हरेक आन्दोलनमा सहभागिता जनाइएको छ।

**सन्दर्भ सामाग्रीः**

नेपाल सरकार, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन -२०५८ द्वारा प्रदत्त जातीय नाम भए पनि कोइँचहरूले भने किरात कोइँच हुनुपर्ने जिकिर गर्दै आएको छ।

कोइँचको परम्परागत संस्था कोइँच चुप्लु, उत्तमकुमार सुनुवार, श्येक्कारर्पो, सुनुवार सेवा समाज ललितपुरको मुखपत्र।


**लेखकः** *शोभा सुनुवार, जुलियट सुनुवार, महिला समाजका केन्द्रीय सचिव, सुनुवार सेवा समाज संघीय समितिको कोषाध्यक्ष तथा नेपाल आदिवासी जनजाति महासंघको संघीय परिषद सदस्य हुनुहुन्छ।*

# शेर्पा महिला (श्यावीं पूमपेज)

**परिचय**

नेपालका विभिन्न हिमाली भू-भागमा थातथलोको रूपमा बसोबास गर्दै आइरहेका आदिवासी महिला मध्येका एक आदिवासी शेर्पा महिला पनि हुन । शेर्पाहरूको पुख्यौली थातथलो श्यारखुम्बु (विशेषगरी सोलुखुम्बु जिल्लाको उत्तरी क्षेत्र दुधकोशी र सुनकोशी नदीको उपत्यकाको) हो भने हाल नेपालको पूर्वी पहाडी जिल्लाहरू ताप्लेजुङ, पाँचथर, इलाम, भोजपुर, संखुवासभा, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, उदयपुर, रसुवा र ओखलढुङ्गामा बसोबास गर्दै आइरहेको छ (पासाङ शेर्पा, २०६७) । बौद्ध धर्म र त्यससँग सम्बन्धित साँस्कृतिक परम्परामा आधारित जीवनशैली अपनाउदै आइरहेका शेर्पाहरूको मातृभाषा *सेरवी ताम्ङे* अर्थात शेर्पा भाषा हो भने लेखनमा सम्भोटा लिपि प्रयोग गरिन्छ । २०५८ सालको जनगणना आनुसार शेर्पा जातिको जनसंख्या १,५४,६२२ देखाए तापनि शेर्पा जातिको जनसंख्या करिब ४ देखि ५ लाख र त्यसको आधा हिस्सा महिला रहेको भन्ने नेपाल शेर्पा संघको दाबी रहेको छ । शेर्पा जातिको संघहरू, नेपाल शेर्पा संघ, नेपाल शेर्पा महिला संघ, हिमालायन शेर्पा साँस्कृतिक केन्द्र, शेर्पा सेवा केन्द्र, नेपाल शेर्पा विद्यार्थी संघ, शेर्पा सञ्चार समूह नेपाल, नेपाल शेर्पा युवा संघ लगायत थुप्रै किदुक र भातृ संगठनहरू रहेका छन ।

**आदिवासी शेर्पाको ऐतिहासिक थातथालोको नक्सा**




**सिड, सर्ड, सिआरपिडीका सुझावहरूको कार्यान्वयनको अवस्था**

सिड, सर्ड, सिआरपिडीका सुझावहरूको कार्यान्वयनको अवस्था सम्बन्धमा शेर्पा समुदायमा यी

सुझावहरूलाई राज्य तथा वैदेशिक विकास सहयोगी निकायले गम्भीरतापूर्वक कार्यान्वयन गरिएको देखिदैन ।

**भूमि, भू-भाग तथा स्रोत**

नेपालको हिमाली क्षेत्रमा बसोबस गर्ने शेर्पा जातिको मुख्य पेसा खेतीपाती र पशुपालन नै हो । हिमाली क्षेत्रमा एक पटक उत्पादन हुनको लागि करिब एक वर्ष कुर्नु पर्ने अवस्था र त्यहाँको मुख्य पेसा पशुपालनसँग सम्बन्ध रहेकोले पशुपालनको लागि त्यसै पनि अपुग भइरहेको अवस्थामा सरकारले गरेको जग्गाको हदबन्दी र निकुञ्जको नीतिले गर्दा हिमाली जीवनशैलीलाई अत्याधिक असर गरेको छ । यसले गर्दा हिमाली समुदायको आम्दानीको प्राकृतिक स्रोत साधन घटेको छ । त्यसैगरी पशुपालनमा किसानहरूलाई समस्या भइ पशुचौपाय बेच्न थाले । सरकारको गैर जिम्मेवारी नीतिले यस समुदायलाई परनिर्भरता तर्फ धकेली दिएको छ । यसको उदाहरणको रूपमा अहिले हिमाली क्षेत्रमा उत्पादनमा कमी आइ काठमाडौं र अन्य सहरहरूबाट खाद्यान्न लगायतका सामाग्री आयत गर्नुपर्ने बाध्यता सिर्जना भएको छ । यसले यस क्षेत्रमा रहेका शेर्पा महिलाहरूलाई प्रत्यक्ष असर परेको छ ।

निकुञ्जको नीतिले जङ्गली जनावरहरूको बिगबिगी बढेर गयो । घरपालुवा पशुचौपायलाई आक्रमण गर्ने, बालीनाली खाइदिने र कयौं मानिसहरू माथि पनि आक्रमण गर्ने लगायतका विषम परिस्थिति खडा भएको छ । जसलेगर्दा महिलाहरू झनै असुरक्षित हुन पुगेको पाइन्छ । सोलुखुम्बु जिल्लामा निर्माण सोलु साल्मी हाईड्रोको एउटा सन्दर्भले पनि महिलाहरूलाई प्राकृतिक स्रोत साधनबाट विमुख गरेको देखिन्छ । निर्माणाधिन सोलु हाईड्रोले शेयर वितरण गर्दा राजनितिक दलको पहुँचको आधारमा आफ्नो दलमा आबद्ध कार्यकर्तालाई मात्र शेयर वितरण गरेको पाइन्छ । राजनीतिक दलमा पहुँच नभएका महिलाहरू र कार्यकर्ता नभएको जनताले त्यसबाट लाभ लिन सकेनन् ।

शेर्पाहरू विशेषगरी उच्च हिमाली भू-भागमा बसोबस गर्ने जाति भएकोले अधिकांश हिमाली क्षेत्रमै बसोबास गर्छन । तर राज्यको केन्द्रीकृत नीतिको कारण त्यहाँका समुदाय बहिष्करणमा परेको छ । उच्चा शिक्षा, स्वास्थ्य र रोजगारीको निम्ती बसाइ सराई गर्नु पर्ने बाध्यात्मक अवस्था छ ।

हिमाली क्षेत्रमा शेर्पा महिलाहरूले परम्परागतरूपमा प्रयोग गर्दै आइरहेका प्राकृतिक स्रोत र भू-भागमाथिको अधिकार पनि विस्तारै खोसिदै गएको अवस्था छ । उदाहरणको लागि राज्यले राष्ट्रिय निकुञ्जको सीमा क्षेत्र घोषणा गरेपछि हिमाली क्षेत्रका धेरै शेर्पा महिलाहरूको दैनिकीमा असर पर्नको साथै रोजी रोटीको बाटो बन्द भई विस्थापनमा परेको यर्थात छ । साथै निकुञ्जमा महिला माथि दुर्व्यवहारको घटनाहरू पनि हुने गर्दछ । यसको लागि राज्यबाट कुनै उपचार पाएको देखिदैन । राष्ट्रिय

निकुञ्जको बन्देजको कारण चरन क्षेत्र र वन जङ्गल प्रवेश निषेध गरिएकोले महिलाहरूको चौरी पालनको व्यवसाय सङ्कटमा परेको देखिन्छ ।

**किशोरी र महिला विरुद्ध भएका दुर्व्यवहार र हिंसाका घटना**

तुलनात्मकरूपमा शेर्पा महिलाहरू अन्य जातिका महिलाहरूभन्दा केही अधिकार सम्पन्न र सबल देखिने केही कारणहरू पनि छन् । प्रथम कारण शेर्पा महिलाहरूलाई परम्परा देखि नै विशेष अनुशासन र परिवार प्रतिको जिम्मेवारीको अभ्यास गराएको हुन्छ र घरमा छोरीले पनि छोरा मान्छेले गर्ने प्रायः सबै कार्य गर्छिन जसले उनलाई परिवारप्रतिको जिम्मेवारी अनुभूत गराउदछ । दोश्रो कारण विभिन्न जिम्मेवारीको कारण शेर्पा महिलाहरू सहासी पनि देखिन्छन्, जसले गर्दा अन्य समाजले हेर्दा शेर्पा समाज केही मातृसतात्मक पनि हो कि भन्ने बेला बेलामा चर्चा हुने गर्दछ । घरमा आर्थिक व्यवस्थापनको निम्ति शेर्पा महिलालाई अधिकार छ भन्ने दृष्टिकोण गैर आदिवासीमा परेको भएतापनि नेपालको समग्र समाजका महिलाहरूले भोगेका पितृसत्ताको प्रभाव, असर र दबाब शेर्पा समुदायका महिलाहरूले पनि भोग्दै आइरहेका छन् । अन्य जातिका महिलाहरू जतिकै उत्पीडनका घटना र सवालहरू बाहिर नआए पनि शेर्पा महिला पनि उत्पीडनमा छन् । परम्परा देखि अनुसरण गर्दै आइरहेको संस्कार र लजालु स्वभावका कारण आफुमाथि हुने अन्याय र हिंसाका घटनाहरूलाई सकेसम्म बाहिर ल्याउन उचित ठान्दैनन र सकेसम्म जसोतसो आन्तरिकरूपमा समाधान गर्न खोज्छन । यद्यपि, घरेलु हिंसा, दुर्व्यवहार, लैङ्गिक विभेदको घटनाहरूको उजुरी शेर्पा महिला संघमा बारम्बार आउने गर्दछन् । मादक पदार्थ सेवनगरी श्रीमतीलाई कुटपिट गर्ने, घरको सम्पूर्ण जिम्मेवारी महिला/श्रीमतीलाई मात्र सुम्पेर घरको जिम्मेवारी पुरुष/श्रीमानले नलिने, महिलाले पाउने अंशबाट वञ्चित गराउने, बहुविवाह गरी अपहेलन गर्ने जस्ता घरेलु हिंसाका घटनाहरू महिनामा करिब २ देखि ३ वटा सम्म हुने गरेको पाएको छ ।

लैङ्गिक असमानता शेर्पा समाजमा अझै कायम रहेको छ । घरको व्यवस्थापनको निम्ति आर्थिक उपलब्धता गराएतापनि ती महिलाहरूलाई स्वनिरर्भता, स्वाभिमान र सामाजिक नेतृत्वको निम्ति पुरुषले प्रोत्साहन गरेको खासै पाइदैन । केही शेर्पा महिला बाहेक अधिकांश शेर्पा महिलाहरूको भूमिकालाई घरमै सीमित गराएको अवस्था छ । शेर्पा महिलाहरू पुरुष बराबरी कार्य गरेतापनि विशेष निर्णयको अधिकार पुरुषमै निहित छन् । शेर्पा महिलाहरू शैक्षिक, सामाजिक र नैतिकरूपमा जति नै सक्षम भएतापनि सभा, समारोह, चाडपर्व आदिमा यद्यपि पुरुषहरूलाई नै मान्यता दिने र मान्ने चलन छ । जातीय संघ संस्थाहरूमा पनि पुरुषको तुलनामा महिलाको प्रतिनिधित्व अति नै कम रहेको छ ।

शेर्पा महिला भएकै कारण समाजमा भाषिक र जातीय विभेदको सामाना गर्नु परिरहेको तीतो यथार्थ

कायमै रहेको पाइन्छ । शेर्पा समुदायका सशक्त महिलाहरू जो समाजलाई परिवतर्न गर्न अग्रसर भएका छन् उनीहरूले पनि आफु शेर्पा भएकै कारण विभिन्न समयमा सामाजिक विभेदहरूको सामाना गर्नु परेको बताउछन । अन्य पक्षमा सबल भएतापनि सरकारी कामकाजको भाषा शेर्पा महिलाहरूको लागि दोश्रो भाषा भएकोले भाषिक लवजलाई लिएर खिल्ली उडाउनेहुँदा शेर्पा महिलाहरूको मनोबल नै खस्ने गर्दछन । त्यसै गरी आफ्नो भेषभूषा लगाउदा हेपाइको सिकार हुनु परेको घटनाहरू पनि प्रशस्त छन । लोकसेवा लगायत विभिन्न परीक्षाहरू देवनागरी लिपि तथा खस भाषामा दिनु पर्ने बाध्यात्मक अवस्थाले गर्दा विभिन्न अवसरबाट वञ्चित गराएका छन । ठूला मानिएका सञ्चार माध्यममा पनि भाषिक लवज आएकै कारण जागिरमा अस्वीकार गरेको उदाहरणहरू छन । जस्तै हालसालै टेलिभिजन प्रस्तोताको लागि प्रतिभा भएतापनि भाषिक लवज ठेट नेपाली बोल्न नआएकोले जागिरबाट वञ्चित भएको पाइएको छ । यस्ता घट्नाहरूको लिखित तथ्याङ्क नपाएतापनि आदिवासीको भेला, बैठक वा समारोहहरूमा औसत सुन्ने गर्दछन् । नेपालको संविधानले उल्लेखित आदिवासी महिलाहरूको हक र अधिकारको कुरा वास्ताविक समाजमा कार्यान्वयन भएको देखिदैन ।

### सहभागिता र प्रतिनिधित्व

सामाजिक असमानता, नेतृत्वको अभाव र राजनैतिक चेतनाको कमीले गर्दा शेर्पा महिलाहरूको राजनैतिक क्षेत्रमा पहुँच न्यून रहेका छन । यस समुदायका महिलाहरू अन्य आदिवासी महिलाहरू जसरी नै महिला, आदिवासी र आदिवासी महिला भएकै कारणले तेहोरो विभेदमा परेका छन् । जसले गर्दा राज्यको मूलधारमा शेर्पा महिलाहरूको उपस्थिति नगण्य अवस्थामा छ । शेर्पाहरूको बाहुल्यता भएको स्थानमा पनि स्थानीय निकाय, प्रदेश र संघीय संरचनामा शेर्पा महिलाहरूको सहभागिता र प्रतिनिधित्व हुन सकेको छैन । स्थानीय सरकारमा पनि शेर्पा महिलाहरूको प्रधिनिधित्व ३० प्रतिशत भन्दा कमै देखिन्छ । सरकारको पर्वतारोहण एवम् पर्यटन क्षेत्रले शेर्पा महिलाहरूलाई अहिले सम्म स्थान दिएको पाइदैन चाहे त्यो विज्ञको रूपमा होस् या कर्मचारीको रूपमा । उदाहरणको लागि नेपाल सरकार पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड आदिवासी शेर्पा महिलाहरूको प्रतिनिधित्व हुन सकेको छैन ।

शेर्पा महिलाहरू आफैले सञ्चालन गरेका केही पर्यटकीय व्यवसायहरूमा महिलाहरूको प्रतिनिधित्व र सहाभागिता रहेका छन भने सरकारी संस्था र विकासका परियोजनाहरूमा शेर्पा महिलाहरूको पहुँच अत्यन्त न्यून रहेको अवस्था छ ।

**आदिवासी महिलाको आर्थिक सशक्तिकरणको अवस्था**

हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने शेर्पा महिलाहरूको मुख्य पेसा खेतीपाती र पशुपालन भएतापनि हाल आएर हिमाली क्षेत्रका अधिकांश शेर्पा महिलाहरू पर्यटन व्यवसाय र सानो होटल व्यवसायमा संलग्न छ । न्यून शेर्पा महिलाहरू शिक्षा, स्वास्थ्य र उद्योग व्यवसायमा पनि संलग्न छ । आफ्नो परम्परागत पेसा बाहेक आथिर्क आजर्नको लागि राज्यको कथित मूलधारमा शेर्पा महिलाहरूको पहुँच नगण्य अवस्थामा छ । विविध बाधा अडचनका कारण निजामती सेवामा शेर्पा महिलाहरूको पहुँच अझै हुन सकेको छैन । हिमाली क्षेत्र भएकोले सीमित अवसर र शिक्षाको कमीका कारण शेर्पा महिलाहरू आयआर्जनको लागि विदेशिन बाध्य छन । वैदेशिक रोजगारको सिलसिलामा विशेष गरी खाडी मुलुक, युरोपियन देशहरू र अमेरिकामा शेर्पा महिलाहरू गइरहेको अवस्था छ । राज्यले शेर्पा महिलाहरूको सीप र अवस्थामा आधारित रोजगारी सिर्जना गर्न नसक्दा धेरै महिलाहरू जोखिम मोल्दै वैदेशिक रोजगारमा जान बाध्य छन । नेपालमा हाल आएर शेर्पा महिलाहरू विशेष गरी पर्यटन क्षेत्र र होटल व्यवसायमा निर्भर छन तर विभिन्न विपद्को समयमा (भूकम्भ वा माहामारी) यी क्षेत्रहरू बढी नै प्रभावित हुने गर्दछन जसले शेर्पा महिलाहरूको रोजीरोटीमा प्रत्यक्ष असर गदर्छ । यस्तो विपद्को घडीमा आदिवासी संघसंस्था र जातीय संगठनहरू सक्रिय भएको पाइन्छ तर राज्यबाट शेर्पा महिलाहरूलाई खासै सहयोग भएको देखिदैन ।

**संस्कृति र साँस्कृतिक सम्पदाहरू**

शेर्पा जातिको संस्कृति र साँस्कृतिक सम्पदाको जर्गेना र प्रवर्द्धनमा महिलाहरूको विशेष भूमिका रहेको छ । विशेष गरी परिवारको लालनपोषण र साँस्कृतिक मूल्य र मान्यताको सिकाइमा महिलाहरू नै अग्रपङ्क्तिमा हुने भएकोले साँस्कृतिक सम्पदाको जर्गेनामा महिलाको भूमिका अतुल्यानिय छ । शेर्पा जातिको भाषा, धर्म, भेषभूषा संस्कृति हाल आएर सहरीय क्षेत्रमा केही कमी आएतापनि त्यसको जर्गेना गर्नका लागि शेर्पा महिलाहरूको योगदान कायमै रहेको छ ।

**पाद टिप्पणीः**

यस लेख देहायमा उल्लेखित शेर्पा सामाजका अग्रज, संघ संस्थाका पदाधिकारी र सञ्चारकर्मीसँगको छलफल तथा प्रकाशित लेखहरूको आधारमा तयार पारेको हो ।

१. डिमी शेर्पा, अध्यक्ष नेपाल शेर्पा महिला संघ

२. याङकिला शेर्पा, पूर्व राज्य मन्त्री तथा पर्यटन व्यवसायी

३. ल्हाक्पा शेर्पा, महासचिव, नेपाल शेर्पा संघ

४. आचार्य नुर्बु शेर्पा, पूर्व प्रधानाचार्य, मञ्जुश्री सामुदायिक विद्यालय तथा अध्यक्ष नेपाल बौद्ध महासंघ

५. डोमा शेर्पा, पूर्व अध्यक्ष, शेर्पा सञ्चार समूह तथा सञ्चारकर्मी

६. मीङमा डोमा शेर्पा, सञ्चारकर्मी तथा रेडियो प्रस्तोता, रेडियो नेपाल

७..आङ डोमा शेर्पा, वरिष्ठ उपाध्यक्ष हिमालयन शेर्पा साँस्कृतिक केन्द्र

८. प्रध्यापक पासाङ शेर्पाद्वारा लिखित शेर्पाको चिनारी पुस्तक

*लेखकः पासाङ डोमा शेर्पा, नेपाल शेर्पा महिला संघको महासचिव हुनुहुन्छ ।*